# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

उपन्यासकार ध्रुवचन्द्र गौतम (२०००) नेपाली उपन्यास परम्परामा वि.सं. २०२० को दशकदेखि सक्रिय भएका प्रतिभा हुन् । गौतमको यस औपन्यासिक यात्रामा लगभग दुई दर्जनभन्दा बढी उपन्यास प्रकाशनमा आएका छन् । गौतमले साहित्यका धेरै विधामा कलम चलाए पनि उनको विशेष प्रसिद्धि भने उपन्यास विधामा रहेको छ । गौतमले आफ्नो उपन्यास लेखन परम्परामा सामाजिक यथार्थदेखि आलोचनात्मक यथार्थसम्मको यात्रा गरेका छन् । उनको उपन्यासहरू मध्ये 'उपसंहार अर्थात् चौथो अन्त्य' (२०४८) पनि एक हो । यसमा समाजमा देखा पर्ने विविध समस्या, विकृति र विसङ्गतिप्रति आलोचना गर्दै श्यामव्यङ्ग्य प्रस्तुत गरिएको छ ।

उपन्यासका तत्वहरूमध्ये पात्रविधान पनि एक हो । पात्रले नै उपन्यासको सम्पूर्ण घटनाक्रम अगाडि बढाएर उपन्यासको सार व्यक्त गर्न सफल हुन्छन् । तसर्थ उपन्यासकार ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्रविधानको अध्ययन र विश्लेषण गर्नु प्रस्तुत शोध कार्यको मुख्य विषयवस्तु हो । गौतमको 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको अन्य पक्षका बारेमा अध्ययन भए पनि यसको पात्रविधान सम्बन्धी अध्ययन हुन सकेको छैन । यसकारण 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्रविधान एक अध्ययनीय विषय भएकाले प्रस्तुत शोधको मुख्य विषयवस्तु यस उपन्यासका पात्रहरूको विभिन्न आधारमा अध्ययन र विश्लेषण गर्नु हो ।

## १.२ समस्याकथन

'उपसंहार अर्थात् चौथो अन्त्य' (२०४८) उपन्यास ध्रुवचन्द्र गौतमको आलोचनात्मक यथार्थवादको सबैभन्दा उत्कृष्ट रचना हो । यस उपन्यासको पात्रविधानको अध्ययन-विश्लेषण नभएकाले यसबारे अध्ययन गर्नु सान्दर्भिक रहेको छ । प्रस्तुत शोधपत्रको मूल समस्या उपन्यासकार ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्रविधानमा रही त्यसको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ । यस सन्दर्भमा यसका निम्न लिखित समस्या रहेका छन् :

(क) 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा प्रयुक्त पात्रहरूलाई चरित्र विश्लेषणका तत्वहरूका आधारमा के-कसरी विश्लेषण गरिन्छ ?

(ख) 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका पात्रहरूलाई पात्रका सामाजिक, आर्थिक र शैक्षिक स्तरका आधारमा के कसरी विश्लेषण गरिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधलाई 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्रविधानमा केन्द्रित रही अध्ययन गरिने हुँदा यस शोधकार्यका उद्देश्यहरू निम्न लिखित अनुसार रहेका छन् :

(क) 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्र विश्लेषणका तत्वहरूका आधारमा विश्लेषण गर्नु,

(ख) 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका पात्रहरूलाई पात्रका सामाजिक, आर्थिक र शैक्षिक स्तरका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यास र उनको औपन्यासिक प्रवृत्तिका बारेमा चर्चा गर्ने क्रममा यस उपन्यासका पात्रका सम्बन्धमा गरिएका केही विश्लेषणहरू विभिन्न साहित्यकार तथा समालोचकहरूले प्रस्तुत गरेका छन् । विभिन्न पुस्तक, पत्रपत्रिका, आख्यानात्मक कृतिको भूमिका, समालोचनात्मक लेख आदिमा प्रकाशन भएका उक्त टीका टिप्पणी र चर्चा परिचर्चालाई निम्न लिखित  अनुसार प्रस्तुत गरिएको छ :

राजेन्द्र सुवेदीले 'सृजन विधाका परिधिभित्र ध्रुवचन्द्र गौतम' (२०५४) मा 'ध्रुवचन्द्र गौतमका उपन्यासका पात्रहरूको प्रयोगको सन्दर्भमा "अन्त्यपछि" बाट सुरु भएर 'उपसंहार अर्थात् चौथो अन्त्य' सम्म आईपुग्दा मूर्त रूप प्राप्त गर्ने गौतमले एउटै उपन्यासमा आएका पात्रहरूका भोगाइका स्थितिमा अलग-अलग विशेषता देखाएका छन् । पात्रहरू असम्वृक्त र असम्बद्ध प्राणी जस्ता लागे पनि नितान्त असम्पृक्त छैनन् । घटना र वस्तुहरू निस्पृह झैं लागे पनि यथार्थसँग अनिस्पृह छैनन् । प्रयत्नशील मान्छेका प्रयासहरू विनष्ट र निरर्थक भइरहे पनि जीवन निरर्थक र दुस्पृहनीय छैन भन्ने तथ्य उपन्यासका पात्रको जीवन भोगाइबाट स्पष्ट भएको छ भन्ने कुरा प्रस्ट पारेका छन् । माथिको सन्दर्भले के दर्शाउँछ भने गौतमका प्रायः सबै उपन्यासमा पात्रहरू अलग-अलग र विपरीत चारित्रिक विशेषताका साथ उपस्थित गराइएका छन् । यस्तै यस उपन्यासमा पनि लक्ष्मी र रवि जस्ता दुई विपरीत र पूर्णतया भिन्न प्रवृत्ति र चरित्रका पात्रहरू उभ्याइएको छ ।

लक्ष्मणप्रसाद गौतमले आफ्नो 'सान्दर्भिक समालोचना' (२०५७) नामक समालोचनात्मक ग्रन्थमा 'उपसंहार अर्थात् चौथो अन्त्य' का पात्र सम्बन्धी चर्चा गर्ने क्रममा 'उपन्यासभरि प्रायः सबै पात्रहरू शासनसत्ताका वृत्तभित्र घुम्ने झिँगाका रूपमा आएका देखिन्छन् भने एक मात्र रवि नै आदर्श, इमान्दार, सच्चरित्रवान् र प्रजातन्त्रको साँचो पहरेदारका रूपमा रहेको देखिन्छ त्यसकारण सत् पात्रका रूपमा रवि उपन्यासको नायक हो भने असत् पात्रका रूपमा लक्ष्मी प्रतिनायक हो; तर उपन्यासमा प्रयुक्त कार्यव्यापार र

केन्द्रीयताका रूपमा हेर्दा लक्ष्मीकै केन्द्रीयतामा सिङ्गो उपन्यास जोडिएको छ' भनेका छन् । यसर्थ रवि नामक पात्रले मात्र उपन्यासभर आदर्श चरित्र प्रस्तुत गरेको छ । विसङ्गत र विकृत मनस्थिति भएका पात्रका सामु पनि ऊ झुकेको छैन ।

खगेन्द्रप्रसाद लुइँटेलले आख्यानपुरुष डा ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ (२०६०) नामक कृतिको नेपाली साहित्यमा ध्रुवचन्द गौतमको योगदान शीर्षकमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा प्रजातन्त्रपूर्व र प्रजातन्त्र प्राप्तिपछि नेपाली राजनीतिक क्षेत्रमा देखा परेका विसङ्गति, विकृति, अन्याय, अत्याचार, नातावाद, कृपावाद, घुसखोरी, तस्करी, राष्ट्रघात आदिलाई निर्भिकतापूर्वक ज्यादै कलात्मक रूपमा प्रस्तुत गरिएको कुरा बताएका छन् । उल्लिखित विशेषता प्रस्तुत गर्न फरक-फरक प्रवृत्ति र आचरण भएका पात्रहरूको प्रयोग गरिएको छ । नेपाली समाजको विकृत अवस्थालाई पात्रहरूले आफ्नो जीवन्त चरित्रबाट ठूलो योगदान दिएका छन् ।

टङ्क भट्टराईले आख्यानुपुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ (२०६०) नामक कृतिको प्रकृतवादी उपन्यासका रूपमा 'उपसंहार अर्थात् चौथो अन्त्य' शीर्षकको लेखमा यस उपन्यासका पात्रहरूको चर्चा गर्ने क्रममा उपन्यासमा लक्ष्मी, रवि, शिवराम, प्रसाद राजा जस्ता पात्रहरूमध्ये रवि पात्र सच्चरित्रको छ र अरु सबै भ्रष्ट छन् । छेपारोले रङ्ग बदले जस्तै आफूलाई बदल्न सिपालु छन् । लक्ष्मीको नीच, पतीत र चरित्रहीन व्यवहारबाट यो उपन्यास प्रकृतवादी उपन्यास बन्न पुगेको छ; ऊ यस उपन्यासको खलनायक पात्र हो भनी व्याख्या गरेका छन् । यहाँ लक्ष्मीलाई उपन्यासको केन्द्रमा राखेर सारा विषयवस्तु कसरी लक्ष्मीको विकृत मनोदशाबाट अगाडि बढेको छ भन्ने कुरा उल्लेख गरिएको छ । उपन्यासका सबै पात्रको उपस्थिति सकारात्मक नभए पनि रवि एक मात्र त्यस्तो पात्र हो जो उपन्यासभर आदर्श र सत् पात्रका रूपमा रहेको छ ।

कृष्णचन्द्रसिंह प्रधानले आख्यानपुरुष डा.ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ (२०६०) नामक कृतिको 'ध्रुवचन्द्र गौतमको उपन्यासकारिता' शीर्षकको लेखमा 'उपसंहार अर्थात् चौथो अन्त्य' पुनर्स्थापित प्रजातन्त्र र त्यसका लागि सङ्घर्ष गर्ने आस्थावान् प्रजातन्त्रवादीहरूप्रति विश्वासघात गर्ने जोखिमपूर्ण अवस्थाको द्योतक हो - पूर्वसूचना । सुरुदेखि विमार्गतिर लाग्नेहरूको त्रुटिपूर्ण यथार्थप्रति संवेदनात्मक पीडानुभूतिले आक्रान्त लेखकको प्रतिबोध सबैका निम्ति सोचनीय छ, भनेका छन् । यसबाट के बुझिन्छ भने लक्ष्मी जस्तो सुरुबाट विमार्गतिर लागेको पात्र पूरै उपन्यासभर नकारात्मक चरित्रका साथ हरेक ठाउँमा सफल भएको छ तर रवि आफ्नो आदर्श जोगाउन र देशको रक्षा गर्ने क्रममा सङ्घर्षरत छ । यो तात्कालीन नेपाली समाजको तीतो यथार्थ हो । लक्ष्मी र शिवराम जस्ता श्रम शोषक र परपीडकहरूका कारणले रवि जस्ता सत् पात्रहरू आफ्नो लक्ष्यसम्म पुग्न सकिरहेका छैनन् । लक्ष्मी काखमा राखेर छुरा प्रहार गर्ने नेपाली समाजको प्रतिनिधि पात्र

हो । जो रविको मिहिनेत र कलाको ईर्ष्या गर्छ र झुटो सफलतालाई अङ्गालो हालेर सम्मानको जीवन बाँचिरहेको छ ।

ज्ञानु पाण्डेले आख्यान पुरुष डा.ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ (२०६०) नामक कृतिको उपन्यासकार ध्रुवचन्द्र गौतम विषयमाथिको एक अध्ययन शीर्षक लेखमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका विभिन्न दार्शनिक पक्षहरू बाहेक मुलुकभित्रको राजनीतिक, सामाजिक परिदृश्यमा तरङ्गत भइरहेका विडम्बनापूर्ण यथार्थलाई पनि तीक्ष्ण ढङ्गसित टिप्ने काम गरिएको कुरालाई उल्लेख गरिएको छ । यसमा उपन्यासमा अन्तर्राष्ट्रिय परिवेश र विषयवस्तु नराखी केवल देशको राजनीतिक र सामाजिक यथार्थलाई सोही विशेषता झल्काउने पात्रहरूको उपस्थिति गराएर प्रस्तुत गरिएको कुरा व्याख्या गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधानले नेपाली उपन्यास र उपन्यासकार (२०६१) मा 'उपसंहार अर्थात् चौथौ अन्त्य' उपन्यासका पात्रका बारेमा चर्चा गर्ने क्रममा उपन्यासका दुई प्रमुख पात्रमध्ये एक लक्ष्मीप्रसाद र अर्को रवि हो । दुवै परस्पर विरोधी खालका भिन्नै नेपाली चरित्रलाई प्रतिविम्बत गर्ने व्यक्ति हुन् - तिनीहरूको साधारणीकृत रूप र अत्यन्तै छट्टु, चाटुकार, निजी स्वार्थका लागि जे पनि गर्ने, जस्तो व्यवस्थामा पनि ठिक्क मिल्न सक्ने पञ्चायती चरित्रको औसत नेपालीलाई चिनाउने व्यक्ति हो लक्ष्मी अनि जनआन्दोलनमा सहभागी भई दुःख सहेर जोखिम उठाउने र देशलाई धोखा नदिने तथा अनैतिक आचरणसित कहिल्यै सम्झौता नगर्ने स्वाभिमानी पुरुष हो रवि भनेका छन् । समग्रमा रवि देश र जनताको लागि मृत्युवरण गर्ने पात्र हो भने लक्ष्मी आफ्नो स्वार्थ पूरा गर्न जस्तो सुकै कार्य गर्न पनि पछि नपर्ने पात्र हो ।

राजेन्द्र सुवेदीले नेपाली उपन्यास परम्परा र प्रवृत्ति (२०६४) मा 'उपसंहार अर्थात् चौथो अन्त्य' का पात्र सम्बन्धी चर्चा गर्ने क्रममा उपन्यासको पात्र लक्ष्मीमा निहित यौन दुश्चरित्रता र रविमा प्रेमको पवित्रता पन्पिदै गरेको, सम्पादकलाई नाघेर लक्ष्मीले मन्त्रीसम्म पहुँच बनाएका स्थितिहरू, रविको प्रतिभाको शोषण गरेर आफ्नो व्यक्तित्व बनाउन लक्ष्मीले गरेका प्रयत्नहरू, पेस्की र छलकपटबाट रविलाई नै ठग्न गरिएका प्रयत्नहरू, चन्द्रप्रसादको सम्पर्क र राजाको चाकडीमा जुत्ताको तलुवा चाट्न पुगेको, दरबारमा लक्ष्मीसँगै रवि पनि जोडिन पुगेको, रविको सृजनाचेतका कारण हीनताबोध र ईर्ष्याको जरो गाडिन पुगेको, रवि पनि दरबारसँग जोडिएको तर उसको यथार्थताले राजालाई सशङ्कित तुल्याएको कुरा उल्लेख छन् । यसबाट के प्रस्ट हुन्छ भने लक्ष्मी जस्ता देशका अपराधीहरू सर्वेसर्वा हुने र रवि जस्ता परिवर्तनको पक्षमा लागेका व्यक्तिलाई उल्टै आरोपित गराएर हत्या समेत गरेको देखाउनु विसङ्गत यथार्थको द्योतक हो ।

कृष्णहरि बराल र नेत्र एटमले समालोचनात्मक ग्रन्थ उपन्यास सिद्धान्त र नेपाली उपन्यास (२०६६) मा 'उपसंहार अर्थात् चौथो अन्त्य'को चरित्रको व्याख्या गर्ने क्रममा उपन्यासमा पात्रहरूको चरित्रकै माध्यमबाट कथानक बढाई प्रतीकात्मक रूपमा कलात्मक सन्देश प्रदान गरिएको छ । समाजमा देखा परेका विकृति, विसङ्गति र सन्त्रासको स्थितिमा बाँचिरहेका सीधा साधा सङ्घर्षशील मान्छेहरूको चिन्ताजनक स्थिति तथा छेपाराले झैं रङ्ग बदल्न सिपालु चैते अवसरवादीहरूले देशलाई चुसिरहेको प्रसङ्ग स्पष्ट पार्न पनि यसमा चरित्रको सुन्दर र विशिष्ट आयोजना गरिएको छ । लक्ष्मी, रवि, प्रसाद राजा, शिवराम आदि मुख्य पात्रहरूमध्ये रवि मात्र सत् पात्रका रूपमा देखिन्छ भने उपन्यासमा नायिकाको भूमिका निर्वाह गर्ने चरित्र नै छैन भन्ने कुरा उल्लेख गरेका छन् । वास्तवमै प्रमुख भूमिकामा नायिकाको उपस्थिति नहुँदा पनि यो उपन्यास खल्लो लाग्दैन । लक्ष्मी र रवि दुई पात्रको घटनाक्रममा सारा विषयवस्तु अगाडि बढेको छ । साथै यी दुई पात्रको सत् र असत् चरित्रको द्वन्द्वमा उपन्यासले उत्कर्ष प्राप्त गरेको छ ।

माथि उल्लिखित 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासबारे गरिएका अनेक समालोचना समीक्षा, चर्चा परिचर्चाहरूमध्ये धेरैजसो गौतमको औपन्यासिक प्रवृत्ति केलाउने सन्दर्भमा आएका छन् । उपयुक्त अध्ययनहरू सम्पूर्ण कृतिको विश्लेषण भए पनि यस उपन्यासको पात्रविधानको अध्ययनमा भएको अभावपूर्ति गर्ने प्रयास प्रस्तुत अध्ययनमा गरिएको छ । साथै यी लेख रचनामा प्रमुख पात्रको चरित्रको मात्र विशलेषण गरिएको हुनाले यस शोधकार्यमा उपन्यासका सम्पूर्ण पात्रको चरित्रको विश्लेषण गरिएको छ । साथै उपयुक्त अध्ययन विश्लेषणका निष्कर्षबाट समेत प्रस्तुत शोधकार्यमा सहयोग लिइएको छ ।

### १.५ शोधकार्यको औचित्य

ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यास नेपाली औपन्यासिक परम्परामा एक नवीनतम प्राप्ति हो । परम्परित नेपाली उपन्यासको इतिहासमा नवीन विषयवस्तु, शिल्प र चिन्तनको दृष्टिले आफ्नै मूल्य र महत्व प्राप्त गर्न सफल 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको बारेमा विभिन्न व्यक्तिहरूले विविध पक्षबाट समीक्षा गरे तापनि यसको पात्रविधानको अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । नेपाली उपन्यासमा रुचि राख्ने सम्पूर्ण पाठक र विशेष गरी यस विषयवस्तुसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्नेहरूका लागि पनि प्रस्तुत अध्ययन उपलब्धिमूलक एवं औचित्यपूर्ण रहेको छ ।

## १.६ शोध विधि

शोध विधिअन्तर्गत निम्न दुई विधिको प्रयोग गर्न सकिन्छ :

### १.६.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध मूलतः पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । यसका अतिरिक्त विषयवस्तुसँग सम्बन्धित रचना, समीक्षा, पत्रपत्रिका आदिलाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकता  अनुसार शोध शीर्षकसँग सम्बन्धित व्यक्तित्व, विशेषज्ञ आदिबाट प्राप्त जानकारीलाई पनि यथोचित रूपमा प्रयोग गरिएको छ ।

### १.६.२ विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनमा पात्रविधान सम्बन्धि आधारभूत सिद्धान्त वा मान्यतालाई प्रमुख रूपमा विश्लेषण गरिएको छ । सैद्धान्तिक ढाँचाका रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । पात्रको विश्लेषणको क्रममा मोहनराज शर्माले प्रस्तुत गरेको पात्र वर्गीकरणका आधारलाई लिएर पात्रहरूको विश्लेषण गरिएको छ । जसमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पात्रको सम्पूर्ण व्याख्या र विश्लेषण गरिएको छ र यसको विस्तृत सैद्धान्तिक ढाँचा परिच्छेद दुईमा प्रस्तुत गरिएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोध उपन्यासकार ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्रविधानको अध्ययन-विश्लेषणसँग सम्बन्धित भएकाले उपन्यासको पात्रविधानमा मात्र यसको अध्ययन सीमित गरिएको छ । पात्रविधान बाहेक अन्य तत्वहरूका आधारमा उपन्यासको विश्लेषण गरिएको छैन । यो यसको सीमा हो ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न लिखित  अनुसार परिच्छेदमा विभाजन गरिएको छ -

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोध परिचय |
| परिच्छेद दुई | : | पात्रविधानको सैद्धान्तिक आधार |
| परिच्छेद तिन | : | चरित्र विश्लेषणका तत्वगत आधारमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका पात्रहरूको विश्लेषण |
| परिच्छेद चार | : | पात्रका सामाजिक, आर्थिक र शैक्षिक स्तरको विश्लेषण |
| परिच्छेद पाँच | : | उपसंहार |

# परिच्छेद : दुई

# पात्रविधानको सैद्धान्तिक आधार

## २.१ विषय प्रवेश

आख्यानमा पात्र अनिवार्य घटक हो । जसद्वारा आख्यानकारको विचार सहज रूपमा सम्प्रेषण हुने गर्दछ । सामान्यतः आख्यानमा प्रयोग भएका मानवीय तथा मानवेत्तर प्राणीलाई पात्र भन्ने गरिन्छ जो सिङ्गो मानव समाज र सभ्यताको द्योतक हुन्छ । उपन्यास विधामा पनि प्रमुख संरचक घटकका रूपमा पात्रलाई लिने गरिन्छ । पात्र वा चरित्रको प्रयोगबिना उपन्यास बन्ने कल्पना गर्न सकिँदैन । उपन्यासको कथानकलाई डोऱ्याएर उत्कर्ष बिन्दुमा पुऱ्याउने काम पात्रले गर्दछ, कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ (बराल र एटम, २०५८:२७) । 'उपन्यासकारले उपन्यासमा पात्रका विविध विशेषता झल्काउने गरी गरिएको बहुपक्षीय चित्रणलाई पात्रविधान भनिन्छ । साथै अर्को अर्थमा उपन्यासमा प्रयोग गरिएका पात्र वा चरित्रको व्यवस्थित प्रस्तुतिद्वारा पाठकसामु खडा गराउनुलाई पात्रविधान भनिन्छ । जहाँ पात्रको चयन व्यवस्थित तरिकाले गरिएको हुन्छ, पात्रलाई सुहाउँदो भूमिकामा उभ्याइएको हुन्छ । यी सबै कार्य उपन्यासकारले कुशलतापूर्वक गरेको हुन्छ । पात्रलाई एउटा भूमिकामा राखेपछि सोही अनुरूप उसको चारित्रीकरणमा ध्यान दिने गरिन्छ' (पौडेल, २०६८:५०६) । उपन्यासमा पात्रविधानको निर्धारण गर्ने विविध आधारहरू रहेका छन् । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदिका आधारमा पात्रको अध्ययन विश्लेषण गरेर कुनै पनि उपन्यासको पात्रविधानको आधार प्रस्ट गर्न सकिन्छ । यसबाट उपन्यासका पात्रले आ-आफ्नो स्थान, परिवेश, वर्ग आदिमा रहेर के-कस्तो कार्य सम्पन्न गर्न खोजेको हो वा के-कस्तो सन्देश पाठक सामु सम्प्रेषण गर्न खोजेको हो भन्ने कुरा थाहा पाउन सकिन्छ ।

## २.२ पात्रविधानको सैद्धान्तिक परिचय

उपन्यास बन्नका लागि आवश्यक तत्वहरूमध्ये पात्र पनि एक हो । उपन्यासमा पात्रको उपस्थिति र भूमिका महत्वपूर्ण हुन्छ । पात्र मानवीय वा मानवेत्तर दुवै हुन सक्छन् । यिनै पात्र वा चरित्रहरूको भूमिका उपन्यासमा के-कस्तो छ भनेर देखाउने शैलीलाई पात्रविधान भनिन्छ । पात्रका विचार, व्यवहार, कार्यशैली, आनीबानी आदिलाई उसको चरित्र मार्फत प्रस्तुत गरिन्छ । पात्र अनुकूलका संवाद, उसको प्रवृत्ति, जीवनस्तर, संस्कार, भौतिक क्षमता, भाषिक कुशलता आदिको विस्तृति नै पात्रविधान हो ।

पात्र संस्कृत स्रोतबाट आएको तत्सम शब्द हो । अङ्ग्रेजीमा प्रचलित क्यारेक्टर शब्दको पर्यायवाचीको रूपमा यसलाई चिनिन्छ । अङ्ग्रेजी क्यारेक्टर शब्दको कोशीय अर्थ अङ्कित गर्नु, छाप लगाउनु, अभिनय गर्नु, चित्रित गर्नु, गुण वर्णन गर्नु आदि भन्ने हुन्छ । नेपाली साहित्यमा पात्रको समानार्थीको रूपमा चरित्र शब्द पनि प्रचलित छ । कोशीय अर्थलाई दृष्टिगत गर्दा पात्र शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिका स्वभाव, प्रकृति, आदत व्यवहार र चालचलन भन्ने बुझाउँछ (घर्ती, २०६७:८२) । उपन्यासमा विभिन्न किसिमका पात्रहरू आएका हुन्छन् । उपन्यासकारले पात्रमार्फत आफ्ना कुरा राख्नका लागि विभिन्न उमेर, लिङ्ग, वर्ग र प्रवृत्तिका पात्रहरूको प्रयोग गरेको हुन्छ । यी सबै खाले पात्रका उपन्यासमा आफ्नै किसिमका भूमिका हुन्छन् । आख्यान साहित्यमा पात्रको रचना, प्रयोग वा व्यवस्थापनलाई पात्रविधान भनिन्छ । पात्रलाई देखाउने ढङ्ग नै चरित्र चित्रण हो (घर्ती, २०६७ : ८३) । आख्यानकारले आफ्नो कथानकमा के कसरी पात्रलाई प्रस्तुत गराउने भन्ने कुरासँग यसले सम्बन्ध राख्छ ।

पूर्वीय काव्य चिन्तन परम्परामा पात्रलाई नेता वा नायक नायिका भनी चिनाउँदै विभिन्न भेदहरू देखाइएको छ । भरतको नाट्यशास्त्रमा नाटकको प्रमुख तत्वहरूको चर्चा गर्दा वस्तु, नेता र रस भनिएको छ । साथै नेतालाई पात्रका रूपमा प्रयोग गरेर यसका पनि विविध भेदको चर्चा भएको छ । पश्चिममा पनि एरिस्टोटलदेखि नै नाटकमा पात्रको महत्वबारे चर्चा भएको छ ।

### २.२.१ परिभाषा

उपन्यास निर्माणका प्रमुख तत्वहरू मध्ये पात्र पनि एक हो । उपन्यासमा पात्रको चरित्र अनुसार कथानकको निर्माण गरिन्छ । पात्र निर्जिव वस्तु झैं लेखकको अनुमतिमा दगुर्छ (सुवेदी, २०६४:२२) । यस्तै विशेषता भएका पात्रको रचना र प्रयोग आख्यान/उपन्यासमा गरिएको हुन्छ । उपन्यासकारले पात्रको प्रयोगको क्रममा उसको गुण र विशेषता झल्काउने प्रयास सबै पक्षबाट गरेको हुन्छ । यसरी पात्रको निजी विशेषतालाई लालीत्यपूर्ण ढङ्गले व्यवस्थापन गर्नुलाई पात्रविधान भनिन्छ । पात्रले व्यक्तिलाई र चरित्रले व्यक्तिका स्वभाव, प्रकृति, चालचलन आदिलाई बुझाउँछ । पात्र र पात्रविधानलाई स्पष्ट गराउने क्रममा पूर्व र पश्चिमका विविध विद्वानहरूले आ-आफ्ना छुट्टाछुट्टै मत प्रस्तुत गरेका छन् । ती परिभाषाहरूलाई तल क्रमशः प्रस्तुत गरिएको छ -

भामहले आफ्नो ‘काव्यालङ्कार’ नामक ग्रन्थमा पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

महाकाव्यको सन्दर्भमा पात्रबारे चर्चा गर्ने क्रममा भामहले महाकाव्यका पात्रहरू विशेषतः नायक, महान् सत् हुनुपर्दछ भनेका छन् । त्यसैगरी मन्त्र, दूत, प्रयाण आदि प्रसङ्गले पात्र बहुलतातर्फ पनि उनले सङ्केत गरेका छन् (शर्मा : २०१९) ।

दण्डीले आफ्नो 'काव्यादर्श' भन्ने ग्रन्थमा पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

महाकाव्यको सन्दर्भमा पात्रविधानको सामान्य चर्चा गर्ने क्रममा दण्डीले नायक चतुर र उदात्त हुनुपर्दछ भन्दै पहिले नायकको गुणहरूको व्याख्या गरेर प्रतिनायकको चर्चा गर्दै नायकको विजय देखाउनु नै राम्रो मार्ग हो भन्ने मत प्रस्तुत गरेका छन् । यस क्रममा तिनीहरूका वंश शक्ति, ज्ञान, कीर्ति आदिको वर्णन गर्नुपर्छ भन्ने पनि मत राखेका छन् (दण्डी : २०१५) ।

विश्वनाथले आफ्नो 'साहित्यदर्पण' नामक ग्रन्थमा पात्रलाई निम्न लिखित अनुसार चर्चा गरेका छन् -

विश्वनाथले त्यागी, कृति, कुलीन, धनी, राम्रो, जवान, उत्साही, चतुर, लोकप्रिय, तेजी, विदग्ध, सद्वृत्त आदि गुण भएको व्यक्ति नायक हो भनेका छन् । नायकका भेदहरूमा धीरोदात्त, धीरोद्वत्त, धीरललित र धीरप्रशान्त भनी उल्लेख गरेका छन् । त्यसैगरी नायिकाका पनि स्वीया, अन्या र साधारणी गरी तिन भेद हुने बताएका छन् । नायकमा सामान्य गुण यथासम्भव हुन पनि सक्छन् । नायिका पनि स्वस्त्री, परस्त्री, साधारणस्त्री गरी तिन प्रकारका नै हुने बताएका छन् (अधिकारी, २०२३) ।

पात्र सम्बन्धी आफ्नो अवधारणा प्रस्तुत गर्ने क्रममा डब्लु.जे.हार्भेले निम्न कुरा राखेका छन् -

'पात्र अवस्था, सम्बन्ध, परिस्थितिहरूको योगमा हाम्रा अनुभवहरूको समुच्चय हो' ( हार्भे, सन् १९६४:३१) ।

पात्र सम्बन्धी परिभाषा प्रस्तुत गर्ने क्रममा ई.एम.फोर्स्टरले निम्न अवधारणा राखेका छन् -

'कथानकलाई गति दिने अरु उपकरणहरूको विकास गराउने र उद्देश्यलाई सञ्चार गराउने संवाहक नै पात्र हुन्' (फोर्स्टर, सन् १९५३:३३) ।

एम.एच.अब्राम्सले पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

'पात्रले नाटकीय वा आख्यानात्मक कार्यमा व्यक्तिको प्रतिनिधित्व गर्दछन्' (अब्राम्स, सन् २००४:३२) ।

ओएम्पिएर शेलीले पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

'कुनै प्रस्तुत नाटक वा फिल्ममा भएको व्यक्ति अथवा जनावर त्यसको पात्र हो' (शेली, २००७:२४६) ।'

केशवप्रसाद उपाध्यायले पात्रलाई निम्न लिखित अनुसार परिभाषित गरेका छन् -

'चरित्रहरू ती माध्यम हुन् जसका आधारमा केही कार्य, अभिनय हुन्छन् र नाटककारले विषयको प्रतिपादन गर्दछ' (उपाध्याय, २०४०:९७) ।

मोहनराज शर्माले पात्रलाई निम्न लिखित अनुसार परिभाषित गरेका छन् -

'कथामा पाइने ती व्यक्तिहरूलाई चरित्र वा पात्र भनिन्छ, जो नैतिकता र अभिवृत्तीय गुणले युक्त हुन्छन्' (शर्मा, २०५५:३९५) ।

कृष्णचन्द्रसिंह प्रधानले पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

'मान्छेको स्वभाव, व्यवहार र उसबाट निर्मित समाजको सामाजिक रीतिस्थिति र संस्कृति आदिको प्रतिविम्ब चरित्रले उतार्छ' (प्रधान, २०६१:८) ।

राजेन्द्र सुवेदीले पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

'मानव जीवनको व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो' (सुवेदी, २०६४:२३) ।

कृष्णहरि बराल र नेत्र एटमले पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

'उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ' (बराल र एटम, २०६६:२७) ।

दुर्गाबहादुर धर्तीले पात्रलाई निम्न लिखित अनुसार परिभाषित गरेका छन् -

'उपन्यासका घटनासँग सम्बद्ध व्यक्तिलाई पात्र भनिन्छ' (घर्ती, २०६७:८३) ।

नेपाली बृहत् शब्दकोशमा पात्रको परिभाषा यसप्रकार प्रस्तुत गरिएको छ -

'काव्य, नाटक, कथा, उपन्यास आदिमा वर्णन गरिएका नायक, नायिका वा अन्य व्यक्तिहरूलाई पात्र भनिन्छ' (पोखरेल र अन्य, सम्पा., २०६७ : ७६४) ।

गोपीन्द्र पौडेलले पात्रलाई यसप्रकार परिभाषित गरेका छन् -

'पात्रहरू कथाका आधार हुन् जसले क्रियाव्यापार र द्वन्द्वमा महत्वपूर्ण भूमिका खेल्दछन् । कथानकको स्वरूप अनुसार कथामा चरित्रहरू क्रियाशील हुने गर्दछन्' (पौडेल, २०६५ : १३) ।

### २.२.२ पात्रविधान सम्बन्धी पूर्वीय र पाश्चात्य अवधारणा

जीवनको ठूलो आयाम ओगट्न सफल विधाका रूपमा विकसित उपन्यास विधाले पात्रका माध्यमबाट प्रसिद्धि कमाएको पाइन्छ । उपन्यासमा पात्रकै जीवनका विविध आयामहरूलाई घटनाक्रममा मिलाएर कुशलताका साथ प्रस्तुत गरिन्छ । तर पात्र वा चरित्र शब्दको अवधारणा उपन्यासबाट विकसित भएको भने होइन । पूर्व तथा पश्चिम दुवै क्षेत्रमा नाटक विधाबाट पात्रको चर्चा परिचर्चा गरिएको पाइन्छ । पूर्व तथा पश्चिमका पात्र सम्बन्धी अवधारणालाई निम्न लिखित  अनुसार भिन्ना भिन्नै रूपमा प्रस्तुत गरिएको छ -

### २.२.३.१ पात्रविधान सम्बन्धी पूर्वीय धारणा

पूर्वीय काव्य चिन्तन परम्परामा पात्रलाई नेता वा नायक नायिका भनी चिनाउँदै विभिन्न भेदहरू देखाइएको छ । भरतको नाट्यशास्त्रमा काव्यको प्रमुख तत्वहरूको चर्चा गर्दा वस्तु, नेता र रस भनिएको छ । साथै नेतालाई पात्रका रूपमा प्रयोग गरेर यसका पनि नायक र नायिकाका विविध भेद देखाइएको छ । पूर्वीय नाट्य लक्षण ग्रन्थहरूमा कथावस्तुपछि पात्रलाई दोस्रो महत्वपूर्ण तत्व मानेर यसका बारेमा व्यापक चर्चा परिचर्चा भएको पाइन्छ । आचार्यहरूले व्याख्या गरे  अनुसार जो कुनै पनि व्यक्ति नायक हुन सक्दैनन् । नायक पद त्यस्ता व्यक्तिको लागि हो जो नायकका गुणहरूले युक्त छ । इतिहास तथा पुराणका विशिष्ट चर्चित व्यक्तिहरूलाई नायकत्व प्रदान गर्दा रस निष्पत्तिका लागि सहायक सिद्ध हुन्छ भन्ने पूर्वीय आचार्यहरूको भनाइ रहेको पाइन्छ (थापा, २०५०:८४) । भरतले आफ्नो नाट्यशास्त्रमा पात्रका विशेषताको वर्णन गर्दै कस्ता पात्रको कस्तो अभिनयले दर्शकलाई रसास्वादनको परिपाकमा लैजान्छ भन्ने कुरा स्पष्ट पारेका छन् । जसमा पात्रको वाचिक सन्निवेश, गीतादि, अङ्गहस्त, पादमुख, नेत्रादिको अभिनय, सत्व चित्तको एकाग्रताबाट हुने सात्विक अभिनयले रसात्मक वातावरणको सृजना गर्छ । त्यस्तै धनञ्जयले नाटकका प्रमुख तत्वहरूमा वस्तु, नेता र रसलाई मान्दै पात्रलाई नेता मानेका छन् । समग्रमा पात्र सम्बन्धी पूर्वीय सिद्धान्तमा पात्रहरू सम्पन्न, रूपवान्, साहसिलो, सबैले मान्ने तथा लोकप्रिय हुनुपर्छ भन्ने मान्यता छ । सबैसँग मित्रवत् व्यवहार, मृदुभाषी, शत्रु पराजयको क्षमता भएको नायक वा पात्र हुनुपर्छ ।

### २.२.२.२ पात्रविधान सम्बन्धी पश्चिमी धारणा

पूर्वमा जस्तै पश्चिममा पनि आख्यानमा पात्रको आवश्यकता बारे चर्चा तथा परिचर्चा भएको पाइन्छ । पूर्वमा जस्तै पश्चिममा पनि साहित्यको प्रारम्भ र विकास नाटकबाट नै भएको पाइन्छ । नाटक र नाटकका पात्रका बारेमा नै सैद्धान्तिक विमर्श हुँदै आएको छ । पश्चिमाहरूको सभ्यता एवं संस्कृतिको केन्द्रविन्दु प्राचीन ग्रीकलाई मानिन्छ । यहीँबाट साहित्यको पनि प्रारम्भ भएको हो । साहित्यका नाट्यशास्त्र, कला आदिको उद्गम

स्थल पनि ग्रीकलाई नै मानिन्छ । पाश्चात्य नाट्यकलाको सैद्धान्तिक चर्चा गर्ने प्रथम विद्वान एरिस्टोटल हुन् । हुन त यिनले नाटकमा कथानकलाई पहिलो महत्व दिएका छन् । त्यसपछि मात्र पात्रको महत्व अगाडि सारेर पात्रको चर्चा गरेका छन् । एरिस्टोटलका अनुसार 'चरित्र भनेको त्यो हो जसका आधारमा हामी अभिनयकर्ताहरूमा केही गुणहरू आरोपित गर्छौं र चरित्र त्यसलाई भनिन्छ जसले कुनै व्यक्तिको रुचि अरुचिको प्रदर्शन गर्नका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ (त्रिपाठी, २०४८ : ६१-६२) । हरेक चरित्रलाई उनीहरूको मौलिक गुण र विशेषताका साथ आख्यानमा प्रस्तुत गरिएको हुन्छ ।

एरिस्टोटलले दुःखान्तको नायकको चर्चा गर्ने क्रममा नायक साधारण व्यक्तिभन्दा भिन्न, चरित्रवान्, विचारशील, निष्कपट र सुसंस्कृत हुनुपर्छ तर यति हुँदा हुँदै पनि उसको यही राम्रा पक्ष र गुणभित्र कतै न कतै, कुनै न कुनै दुर्बलता वा दोष रहिरहन्छ । यही दोषका कारण ऊ दुर्भाग्यको सिकार बन्दछ । यस्तो अवस्थामा उसका सबै सकारात्मक प्रयासहरू असफल हुन जान्छन् र नाटक दुःखान्त बन्न पुग्छ । एरिस्टोटलले पात्र असल हुनुपर्ने कुरा राख्दै पात्र वा चरित्र निश्चित उद्देश्य प्राप्तिका लागि भरपुर प्रयत्न गर्न सक्ने घटनाक्रमको सम्भाव्यतासँग आफूलाई ढाल्न सक्ने र अनुकरण गर्ने विशिष्ट प्रतिभा भएको हुनुपर्छ भनेका छन् । एरिस्टोटलले दुःखान्तकका सन्दर्भमा पात्रलाई असलका साथ साथै खराब वर्गको पनि व्याख्या गरेका छन् । ई.एम.फोर्स्टरले उपन्यासका पात्रहरूलई स्थिर र गतिशील गरी दुई भाव वा गुणमा आधारित हुन्छ र गतिशील पात्रमा जीवनको अनिश्चितता हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन । यी विभिन्न आधारमा पश्चिमाहरूले पात्र सम्बन्धी आफ्नो अवधारणा प्रस्तुत गरेको पाइन्छ ।

पश्चिमा विद्वानहरूले उपन्यासको लेखन बढ्दै गएपछि विस्तारै कथावस्तुभन्दा पात्रलाई केन्द्रमा राखेर चर्चा गर्दै आएको पाइन्छ । वर्तमानमा त झन् आख्यानमा कथावस्तुको स्थान पात्रले ओगटेको पाइन्छ । 'पात्रले आफ्नो संवाद र अभिनयका माध्यमबाट लेखकले दिन खोजेको सन्देशलाई पाठकसामु पुऱ्याउँदछन्' (अब्राम्स, सन् १९९३:२३) । यसबाट के पुष्टि हुन्छ भने लेखकको अधिनमा रहेर पात्रले आख्यानमा आफ्नो कार्य सम्पन्न गर्दछन् । पात्रहरू लेखकको इच्छा अनुसार उपस्थित भएर, आफ्नो विशेषता सहितको पहिचान प्रस्तुत गरेर उसको सन्देश प्रत्यक्ष रूपमा पाठक सामु प्रदर्शन गर्न पुग्दछन् ।

### २.२.३ पात्र वा चरित्रको वर्गीकरण

उपन्यासमा प्रयोग भएका पात्रहरू विभिन्न समाज, वर्ग, स्वभाव, कार्य आदि सन्दर्भहरूबाट लिइने गरिन्छ । यस्ता पात्र तथा चरित्रहरू कथानकको गतिका संवाहक हुन्छन् । साथै कथानकको गति र कार्य अनुरूप चरित्रको चित्रण, विकास, व्यवहार, आरोह अवरोहका क्रियाकलापहरू चरित्रीकरण हो । हरेक पात्रको चरित्रीकरणमा उसको रुचि,

अरुचि, स्वभाव, व्यवहार आदि विशेषताहरू झल्किएको हुन्छ । उपन्यासमा पात्र सर्वाधिक महत्व राख्ने तत्व हो । पात्र भनेको सामाजिक जीवनको प्रतिनिधि हो । पात्रमा चरित्रको उपस्थापना गर्ने कार्यलाई चरित्रचित्रण भनिन्छ । उपन्यासका यस्ता चरित्रहरूको विश्लेषण गर्दा सैद्धान्तिक आधारमा गर्नुपर्ने हुन्छ । पात्रहरूको वर्गीकरण गर्ने क्रममा घनश्याम नेपालले आख्यानका पात्रहरू एकै किसिमका नभई गोला र चेप्टा, सापेक्ष र निरपेक्ष, गतिशील र गतिहीन, सार्वभौम र आञ्चलिक, मौलिक र पारम्परिक तथा प्रतिनिधि र पौराणिक भनी वर्गीकरण गरेका छन् (नेपाल, २०४४ : २२) । ऋषिराज बरालले पनि गतिशील र स्थिर पात्र, गोलो र चेप्टो पात्र प्रतिनिधि र व्यक्तिपरक पात्र, अन्तर्मुखी र बहिर्मुखी पात्र गरी विभाजन गरेका छन् (बराल, २०५६:३४) । त्यस्तै बराल र एट्मले गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मखी र बहिर्मुखी, चेप्टा र गोला, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक आधारमा विभाजन गरेका छन् (बराल, एटम, २०६६ : २८) । उपन्यासका पात्रहरू विभिन्न सन्दर्भबाट प्रयोग गरिने हुँदा यिनमा विविधता हुनु स्वभाविक हुन्छ । तर माथि उल्लेख गरिएका वर्गीकरणका आधारले यी सबैलाई समेट्न नसक्ने पनि हुन सक्छ ।

माथि उल्लेख गरिएका पात्र वर्गीकरणका आधारहरू, विभिन्न विद्वानका मतहरू आ-आफ्ना ठाउँमा महत्वपूर्ण छन् तर सबै पक्षलाई समेट्ने गरी मोहनराज शर्माले प्रस्तुत गरेको पात्र वर्गीकरणको आधारलाई लिएर पात्रको वर्गीकरण र विश्लेषण गर्नु उपयुक्त हुन्छ । शर्माको वर्गीकरणको आधारलाई नेपाली उपन्यास सिद्धान्त परम्परामा उपयुक्त मानिएकाले सोही आधारहरू तल प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रको आन्तरिक र बाह्य दुवै दृष्टिकोणबाट यसले व्याख्या गर्न सघाउ पुऱ्याउँछ ।

१. लिङ्गका आधारमा - स्त्री र पुरुष
२. कार्यका आधारमा - प्रमुख, सहायक र गौण
३. प्रवृत्तिका आधारमा - अनुकूल र प्रतिकूल
४. स्वभावका आधारमा - गतिशील र गतिहीन
५. जीवनचेतनाका आधारमा - वर्गगत र व्यक्तिगत
६. आसन्नताका आधारमा - मञ्चीय र नेपथ्य
७. आबद्धताका आधारमा - बद्ध र मुक्त

### २.२.३.१ लिङ्गका आधारमा

लिङ्ग उपन्यासमा प्रयुक्त पात्रको शारीरिक जात छुट्याउने आधार हो । यो चरित्र वर्गीकरण गर्ने जैविक आधार हो । यसले पात्रको प्राकृतिक जात छुट्याउँछ । यस आधारबाट हेर्दा पात्रहरू स्त्री र पुरुष गरी दुई वर्गका हुन्छन् । उपन्यासमा मानवीय पात्र पुरुष र स्त्री दुई प्रकारका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर, नामकरण र तिनका स्वभाव एवं

तिनका लागि प्रयुक्त क्रियापदबाट यो कुरा छुट्याउन सकिन्छ । जुनसुकै आख्यानात्मक कृतिहरूमा प्रयुक्त पात्रहरूको शारीरिक प्रकृति वा बनोट छुट्याउने आधार लिङ्ग हो ।

### २.२.३.२ कार्यका आधारमा

यसअन्तर्गत पात्रले उपन्यासमा निर्वाह गरेको भूमिका तथा कार्यव्यापारलाई आधार बनाई उसको चरित्रको अध्ययन र वर्गीकरण गरिन्छ । उपन्यासमा प्रयुक्त सबै पात्रले उत्तिकै महत्वका साथ कार्य सम्पन्न गरेका हुँदैनन् । त्यसैले सबै पात्रलाई एकै किसिमले मूल्याङ्कन गर्न सकिँदैन । यसर्थ कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तिन किसिमका पात्रहरू हुन्छन् । बढी महत्व वा मूल्यको कार्य गर्ने पात्रलाई प्रमुख स्थानमा राखिन्छ, त्यसभन्दा कम कार्य गर्ने सहायक पात्र हुन्छ भने सबभन्दा कम कार्य गर्ने पात्र गौण हुन्छ । प्रमुख पात्रको भूमिका अन्य पात्रभन्दा बढी हुन्छ । प्रमुख पात्रलाई कार्य सम्पन्न गर्न सहयोग गर्ने पात्र सहायक पात्र हुन् भने न्यून भूमिका मात्र निर्वाह गर्ने पात्र गौण पात्र हुन् ।

### २.२.३.३ प्रवृत्तिका आधारमा

यस आधारमा पात्र अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् पात्र हुन् । यस्ता पात्रको लागि उपन्यासमा सकारात्मक भाव भएका शब्दहरूको बढी प्रयोग गरिएको हुन्छ । नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छ । यस्ता पात्रका लागि नकारात्मक भाव भएका शब्दहरूको बढी प्रयोग हुन्छन् । पात्रको प्रवृत्ति, कार्य र लिङ्गका आधारमा नै उपन्यासका नायक-नायिका, सहनायक-सहनायिका, खलनायक-खलनायिका आदि छुट्याउन सकिन्छ ।

### २.२.३.४ स्वभावका आधारमा

यस आधारमा पात्र गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा प्रयोग भएका पात्रहरूको स्वभाव उपन्यासभरि एकै किसिमले निरन्तर गएको पनि हुन सक्छ र घटनाक्रम  अनुसार परिवर्तन पनि भएको हुन सक्छ । उपन्यासमा कुनै परिस्थिति  अनुसार बदलिने पात्र गतिशील हुन्छ जो आफ्नो स्वभाव र सिद्धान्तलाई परिवर्तन गरी उपयुक्त पात्र बन्छ । त्यस्तै परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ । यस्ता विशेषता आदर्शवान् पात्रमा बढी पाउन सकिन्छ ।

### २.२.३.५ जीवनचेतनाको आधारमा

यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई वर्गका हुन्छन् । कृतिमा कुनै निश्चित सामाजिक वर्गको प्रतिनिधित्व गर्ने काम वर्गीय पात्रले गर्दछ । कृतिमा उसको

आफ्नो वर्ग  अनुसारको भूमिका रहेको हुन्छ । त्यस्तै व्यक्तिगत पात्रले यस प्रकारको प्रतिनिधित्व नगरेर आफ्नो निजी स्वभाव वा वैशिष्ट्यको प्रतिनिधित्व गर्दै आफ्नो छुट्टै पहिचान प्रस्तुत गर्दछन् ।

### २.२.३.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय पात्र हुन् । यस्तै उपन्यासमा उपस्थिति नदेखिने तर अन्य पात्रले नाम उच्चारण मात्र गरेका नेपथ्य पात्र हुन् ।

### २.२.३.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा पात्र बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रहरूको उपस्थिति कथानकको संरचनामा महत्वपूर्ण हुन्छ भने मुक्त पात्रको स्थान न्यून हुन्छ । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा कथानकमा खासै फरक पर्दैन । बद्ध पात्रहरू उपन्यासको विषयवस्तुसँग सम्बन्धित हुन्छन् । उपन्यासको उद्देश्य पूरा गर्न यिनीहरूको प्रमुख भूमिका हुन्छ । प्रत्यक्ष पात्रहरू बद्ध पात्र अन्तर्गत पर्दछन् । त्यस्तै मुक्त पात्रहरू अप्रत्यक्ष पनि हुन सक्छन् । कम भूमिकामा देखा पर्ने यस्ता पात्रहरूको महत्व पनि कम नै हुन्छ ।

प्रस्तुत पात्र वर्गीकरणका आधारहरू हेर्दा यी आधारहरू कुनै पनि उपन्यासका पात्रहरूलाई वर्गीकरण र विश्लेषण गरेर उनीहरूको प्रस्तुति र उपस्थितिको पहिचान गर्न उत्तम माध्यम हुन सक्छ । हुन त माथि उल्लेख गरिए  अनुसार अन्य विद्वानहरूले पनि पात्र वर्गीकरणका विविध आधारहरू प्रस्तुत गरेको पाइन्छ । तर पात्रलाई सम्पूर्ण पक्षबाट केलाउन र उसको औपन्यासिक अवस्था पहिचान गर्न मोहनराज शर्माले प्रस्तुत गरेको उल्लिखित सात आधारहरू उपयुक्त देखिन्छन् । नेपाली उपन्यास सिद्धान्तमा यही आधारलाई महत्वपूर्ण मानिन्छ । यस आधारबाट उपन्यासका पात्रहरूको व्याख्या र विश्लेषण गर्दा पात्रको सम्पूर्ण अवस्थाको जानकारी हुन्छ । उसले उपन्यासमा कस्तो भूमिका निर्वाह गरेको छ, कुन वर्गको प्रतिनिधि पात्र हो, कस्तो स्वभावको छ, उपस्थितिका आधारमा औपन्यासिक स्थान कस्तो रहेको छ आदि सम्पूर्ण जानकारी प्राप्त हुने भएकाले पात्र वर्गीकरण र विश्लेषणमा यिनै आधारहरू प्रभावकारी रहेका छन् ।

### २.२.४ उपन्यासमा पात्रहरूको उपस्थिति

उपन्यासमा घटनासँग सम्बद्ध भएर आउने व्यक्ति वा प्राणीलाई पात्र/चरित्र भनिन्छ । उपन्यासमा उपन्यासकारले विविध परिवेश, काल, परिस्थिति र देश अनुसारका पात्रहरूको समायोजन गरेको हुन्छ । यी सबै प्रकारका पात्रहरूको उपन्यासमा समान वा

एकै प्रकारको उपस्थिति हुँदैन । पात्रको कार्य र भूमिकाका आधारमा उपन्यासमा उसको उपस्थिति कस्तो छ भनेर थाहा पाउन सकिन्छ । उपन्यासमा बहुल पात्रहरूको प्रयोग गरिएको हुन्छ । उपन्यासकारले ती सबै पात्रलाई फरक-फरक धारबाट, फरक-फरक सन्दर्भको प्रयोग गरेर उपन्यासमा उपस्थित गराएका हुन्छन् । उपन्यासमा प्रयुक्त पात्रहरूको चित्रण गर्दा तिनीहरूले खेलेको भूमिकाको आधारमा चित्रण गर्नुपर्ने हुन्छ । उपन्यासकारले उपन्यासमा दुई प्रकारले पात्रहरूको उपस्थिति गराएको हुन्छ वा प्रयोग गरेको हुन्छ । यसमा प्रत्यक्ष पात्र र अप्रत्यक्ष पात्र पर्दछन् । प्रत्यक्ष पात्रलाई कथानकभर उपस्थित पात्र, संवादमा संलग्न पात्र, लेखकको सन्देशवाहक पात्र भनेर पनि चिन्न सकिन्छ । यसअन्तर्गत प्रमुख पात्र, सहायक पात्र र गौण पात्र पर्दछन् । जसलाई मञ्चीय पात्र पनि भनिन्छ । त्यस्तै अर्कोतर्फ अप्रत्यक्ष पात्र रहन्छन् । जो उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित हुँदैनन् । तर उपन्यासमा प्रयुक्त पात्र वा उपन्यासकारले कथानकमा बेला बेलामा कहीँ कतै नाम लिएको, वर्णन गरेको वा सम्झिएका हुन्छन् । यिनलाई नेपथ्य पात्र पनि भनिन्छ । उपन्यासमा प्रत्यक्ष र अप्रत्यक्ष दुई तरिकाबाट उपस्थित पात्रको तल भिन्न भिन्नै चर्चा गरिएको छ ।

### २.२.४.१ प्रत्यक्ष उपस्थित पात्र

यस प्रकारका पात्रहरूको बारेमा उपन्यासकारले सोझै वर्णन गर्दछ । पात्रका गुण, स्वभाव, दोष वा उसको चारित्रिक विशेषताका बारेमा उपन्यासकारले सिधा रूपमा पाठकलाई जानकारी दिएको छ भने त्यहाँ प्रयोग भएको त्यस पात्रको प्रत्यक्ष उपस्थिति रहेको मानिन्छ । प्रत्यक्ष उपस्थित पात्रहरू वर्णनात्मक हुन्छन् । यस प्रकारका पात्रमाथि लेखकले हस्तक्षेप गरेर आफैँले यो यस्तो चरित्र भएको पात्र हो भनेर वर्णन गरेको हुन्छ साथै सो पात्रको बारेमा आवश्यक टिप्पणी तथा उसको आचरण, व्यवहार, कार्य र भूमिकाबारे मूल्याङ्कन समेत गरिदिन्छ । यस प्रकारको पात्रको उपस्थितिले पाठकले पात्रको चरित्रको बारेमा सोझै जानकारी पात्र गर्दछन् । उपन्यासकारले पात्रको केही चारित्रिक विशेषताहरू टिपेर सूत्रात्मक तरिकाले तिनलाई वर्णन गर्दै जान्छ । प्रत्यक्ष रूपमा वर्णित पात्रहरू प्रायः सतही वा चेप्टा प्रकृतिका हुन्छन् । प्रत्यक्ष पात्रहरूलाई उनीहरूको कार्य वा भूमिकाका आधारमा सजिलैसँग बुझ्न सकिन्छ । ‘प्रत्यक्ष पात्रहरूको वर्णन गर्दा तिनको बाह्य परिवेशलाई मात्र ध्यानमा नराखी आन्तरिक मनोभावहरूको समेत निरीक्षण र पहिचान गरेर तिनलाई उपन्यासमा प्रस्तुत गराउँछन् । यस्ता पात्रहरूको आफ्नो छुट्टै पहिचान न्यून रहने गर्छ । उपन्यासकारकै रुचि र खटन अनुसार क्रियाशील हुनुपर्ने बाध्यात्मक स्थिति पनि देखिन्छ’ (पौडेल, २०६८ : ५०१) । प्रत्यक्ष उपस्थित पात्रहरू लेखकको रुचिमा निर्भर देखिन्छन् ।

उपन्यासकारले प्रत्यक्ष पात्रहरूलाई उपस्थित गराउँदा पात्रको बाह्य र आन्तरिक परिवेशलाई विशेष ध्यानमा राखेको हुन्छ । यी दुवै दृष्टिकोणले पात्रहरू पाठकका सामु

परिचित हुनु अत्यन्त आवश्यक छ । प्रत्यक्ष पात्रहरू उपन्यासको विषयवस्तु र उपन्यासकारको इच्छामा आश्रित रहेका हुन्छन् । उपन्यासकारले सम्पूर्ण रूपमा निरीक्षण गरेर मात्र निश्चित भूमिकामा उपस्थित गराएको हुन्छ । यसकारण प्रत्यक्ष पात्रको मौलिक पहिचान अत्यन्त न्यून हुन्छ । उद्देश्य पाठकसामु पुऱ्याउन उपन्यासकारले आफ्नो रोजाईको भूमिका खटाउँछ र त्यही खटन प्रत्यक्ष पात्रको भागमा पर्दछ । उपन्यासकारले यस्ता पात्रको सीमा तोकेको हुन्छ । संवाद, भूमिका, विचार आदिमा पात्र कुन हदसम्म लचिलो र कडा हुन सक्छन् भनेर पहिले नै निर्धारण गरिएको हुन्छ । यस्ता पात्रहरू उपन्यासमा प्रमुख, सहायक र गौण गरी तिन किसिमले प्रस्तुत हुने गर्दछन् । पात्रको कृतिगत कार्य वा भूमिकाका आधारमा नै उसलाई प्रमुख, सहायक र गौणको घेराभित्र राख्न सकिन्छ । कस्ता-कस्ता प्रवृत्तिका पात्रहरू प्रमुख, सहायक र गौणअन्तर्गत पर्दछन् भन्ने सङ्क्षिप्त चर्चा यसप्रकार गरिएको छ ।

### २.२.४.१.१ प्रमुख पात्र

उपन्यासमा प्रयोग गरिएका पात्रहरूको भूमिका वा कार्यका आधारमा ती पात्र प्रमुख पात्र हुन् वा होइनन् भनेर छुट्याउन सकिन्छ । उपन्यासमा प्रयुक्त सबै पात्रहरूले उत्तिकै महत्वका कार्य गरेका हुँदैनन् । केही पात्र वा कुनै एक मात्र पात्रको पनि मुख्य भूमिका हुन सक्छ । अन्य पात्रको तुलनामा कथानक उसकै केन्द्रियता घुमेको वा अगाडि बढेको हुन्छ । उपन्यासकारले आद्यान्त उसलाई प्रत्यक्ष रूपमा उपन्यासमा उपस्थित गराएको हुन सक्छ । यसरी बढी कार्य वा बढी मूल्यको कार्य गर्ने पात्र प्रमुख पात्र हुन्छ । सामान्यतः सबैभन्दा धेरैपटक नाम वा सर्वनाम पुनरावृत्ति हुने र आदिदेखि अन्त्यसम्म आउने पात्रलाई प्रमुख पात्र भनिन्छ ।

### २.२.४.१.२ सहायक पात्र

उपन्यासमा प्रमुख पात्रको तुलनामा कम महत्वका कार्य सम्पन्न गर्ने, उपन्यासको विकास र उत्कर्षमा कम भूमिका खेल्ने पात्रहरूलाई सहायक पात्र भनिन्छ । प्रमुख पात्रलाई उपन्यासभर कार्य सम्पन्न गर्न सहयोग गर्ने पात्रहरू सहायक पात्र हुन् । प्रमुख पात्रको भन्दा कम मात्रामा नाम वा सर्वनामको पुनरावृत्ति हुन्छ । सहायक पात्रले उपन्यासमा गति प्रदान गर्दछन् । प्रमुख पात्रसँगको उनीहरूको सहकार्य महत्वपूर्ण मानिन्छ । कृतिगत कार्यका आधारमा सहायक पात्रले पनि औपन्यासिक उद्देश्य पूरा गरेका हुन्छन् । कतिपय अवस्थामा सहायक पात्र पनि उपन्यासको मुख पात्र, समाख्याता, उपन्यासकारको आदर्श पात्र आदि विशेषता पनि बोकेर आएको हुन्छ । कार्य सहायक भए पनि त्यो उपन्यासलाई उत्कर्षमा पुऱ्याउन महत्वपूर्ण मानिन्छ । सहायक पात्रको प्रत्यक्ष रूपमा प्रमुख पात्रसँग सम्बन्ध रहेको हुन्छ । प्रमुख र सहायक मिलेर नै उपन्यासले उत्कर्ष प्राप्त गर्दछ ।

### २.२.४.१.३ गौण पात्र

प्रमुख पात्र र सहायक पात्रले घटनाक्रममा सानोतिनो सहयोग लिएका, थोरै भूमिका भएका, थोरै कार्य सम्पन्न गरेका पात्रहरू गौण पात्र हुन् । गौण पात्रको भूमिका उपन्यासमा कम महत्वपूर्ण हुन्छ । गौण पात्रलाई हटाई दिँदा पनि उपन्यासको कथानकमा त्यति ठूलो क्षति पुग्दैन । यिनीहरू न्यून भूमिकामा देखिए पनि कतिपय अवस्थामा यिनीहरूको उपस्थितिले उपन्यासमा हलचल पनि ल्याउन सक्छ । त्यसैले गौण पात्रहरू औपन्यासिक कार्य वा भूमिकाका आधारमा कम महत्वपूर्ण मानिन्छन् । गौण पात्रहरू स्वतन्त्र पात्रहरू हुन् । यिनीहरू कथावस्तु र अन्य प्रमुख सहायक पात्रमा आश्रित हुँदैनन् । यिनीहरूको उपस्थिति घटनावलीको विकासमा आवश्यकता अनुसार गराईन्छ । थोरै समयका लागि उपस्थित हुने यस्ता पात्रले पूरै उपन्यासको संरचनामा भाग लिएका हुँदैनन् । गौण पात्रहरू कतिपय अवस्थामा मञ्चीय हुन्छन् भने कतिपय अवस्थामा कुनै पात्रले संवादका क्रममा उच्चारण गरेको वा सम्झिएको मात्र पनि हुन सक्छ । यस्ता गौण पात्रहरू नेपथ्य पात्रका रूपमा पनि आउँछन् ।

### २.२.४.२ अप्रत्यक्ष उपस्थित पात्र

उपन्यासकारले उपन्यासमा प्रत्यक्ष पात्रको मात्र प्रयोग गर्दैन । उपन्यासको कथावस्तुको विकासका क्रममा प्रत्यक्ष पात्र बाहेक अन्य नेपथ्य वा अप्रत्यक्ष पात्रको पनि प्रयोग भएको हुन्छ । यस्ता पात्रका बारेमा उपन्यासकार स्वयंले प्रत्यक्ष व्याख्या नगरी परोक्ष रूपमा चरित्र प्रस्तुत गरेको हुन्छ । लेखकले पात्रको आनीबानी, स्वभाव, विचार आदिका बारेमा केही पनि बोल्दैन । यस प्रकारका पात्रहरू स्वतन्त्र रूपमा उपस्थित गराइएका हुन्छन् । पात्रका बारेमा लेखक मौन भए पनि क्षमतावान् पाठकले यस्ता पात्रका विचार, सामाजिक भूमिका र सम्बन्धका बारेमा पहिचान गर्दछ । 'प्रत्यक्ष पात्रका तुलनामा अप्रत्यक्ष पात्र स्वतन्त्र रूपले चलखेल गर्ने हुँदा उसले आफ्नो मौलिकताको प्रदर्शन पनि गर्न सक्छ' (पौडेल, २०६८ : ५०३) । प्रत्यक्ष पात्रहरू घटनाक्रमले र औपन्यासिक उद्देश्यले बाँधिएका हुन्छन् । उनीहरूको कर्तव्य उपन्यासलाई गति प्रदान गर्नु हो । तर अप्रत्यक्ष पात्र भने स्वतन्त्र रूपमा उपन्यासमा विचरण गरिरहेका हुन्छन् । उनीहरूको उपस्थिति प्रत्यक्ष पात्रको तुलनामा भिन्न र रोचक हुन्छ । अप्रत्यक्ष पात्र उपन्यासको घटनाक्रममा जतिबेला पनि प्रस्तुत हुन सक्छन् । अप्रत्यक्ष पात्र उपन्यासकारले प्रस्तुत गराएर छोडिदिन्छ । त्यसपछि त्यसलाई विश्लेषण गर्ने क्षमता केवल पाठकमा मात्र हुन्छ ।

यसरी उपन्यासमा दुई प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष पात्रको प्रयोग गरिएको हुन्छ । प्रत्यक्ष रूपमा उपस्थित गराइएका पात्रहरू उपन्यासकारकै वर्णनका आधारमा आफ्नो चरित्रको विकास गर्दछन् । उपन्यासको कथावस्तुको आरम्भ, विकास र उत्कर्षलाई ध्यानमा

राख्दै उपन्यासको उद्देश्य अनुरूप प्रत्यक्ष उपस्थित पात्रलाई उभ्याइएको हुन्छ । त्यस्तै अप्रत्यक्ष रूपमा पनि पात्रहरूको उपस्थिति हुन्छ । तर यिनको भूमिका स्वतन्त्र हुन्छ । यिनीहरू उपन्यासको विषयवस्तु र उपन्यासको रुचिमा बन्धित हुँदैनन् । घटनावली सँगसँगै अप्रत्यक्ष रूपमा भए पनि आफ्नो मौलिक गुण र व्यवहारको प्रदर्शन गरेर यस्ता पात्रहरूले आफ्नो पहिचान बनाएका हुन्छन् । यिनीहरूमा कार्य वा भूमिकाको सीमा लादिएको हुँदैन । एकपटक उपन्यासकारले कल्पना गरेर कथावस्तुभित्र प्रवेश गराएपछि यिनीहरू स्वतन्त्र रूपमा आफ्नो बाटो आफैँ पहिल्याएर विचरण गर्दछन् । प्रत्यक्ष वा अप्रत्यक्ष जस्तो भए पनि उपन्यासमा पात्रको उपस्थिति अपरिहार्य हुन्छ । कार्यको तरिका भिन्न होला, पाठकसामु प्रस्तुत गर्ने तरिका भिन्न होला तर उपन्यासमा यिनीहरूको उपस्थिति आवश्यक छ ।

### २.२.५ पात्रका सामाजिक, आर्थिक र शैक्षिक विश्लेषण ढाँचा

#### २.२.५.१ सामाजिक अवस्था

मानिस सामाजिक प्राणी हो । ऊ समाज, सामाजिक समूह वा समुदायमा बसोबास गर्दछ । मानिसको जीवन र समाज परस्परमा सम्बन्धित हुन्छन् । समाजमा भएको मानिसको अवस्थाले उसको सामाजिक स्तरको निर्धारण गर्दछ । विशेष गरी आर्थिक र शैक्षिक हैसियतका आधारमा समाजमा मानिसको अवस्था के कस्तो रहेको छ भनी पत्ता लगाउन सकिन्छ । 'समाज सामाजिक अन्तर्सम्बन्ध र अन्तरक्रियाको सञ्जाल हो' (राव, सन् २०११ : १२५) । समाजमा एउटै समूहमा साझा रूपमा बसेपछि व्यक्ति-व्यक्ति बिच सम्बन्ध र अन्तरक्रिया हुनु आवश्यक छ । यही अन्तरक्रियामा मानिसले आफ्नो स्तरको पहिचान अप्रत्यक्ष रूपमा दिइरहेको हुन्छ । व्यक्तिको व्यवहार, बोलचालको ढङ्ग, आर्थिक, बौद्धिक र शैक्षिक अवस्थाले ऊ कुन अवस्थामा छ पहिचान गर्न सकिन्छ । सामान्यतः सामाजिक अवस्थालाई उच्च, मध्यम र निम्न गरी तीन वर्गमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ । सोही प्रकारले उपन्यासमा पनि पात्रको भिन्न-भिन्नै सामाजिक अवस्था वा स्तर निर्धारण गरेर उपन्यासमा उभ्याएको हुन्छ । औपन्यासिक कार्य वा भूमिकाका आधारमा पात्रको सामाजिक अवस्था विश्लेषण गर्न सकिन्छ । समाजशास्त्रको भाषामा कतिपय अवस्थामा मानिसको पारिवारिक, राजनीतिक, पेशागत, धार्मिक र अन्य अवस्था वा स्तरको निर्धारण उसको व्यवहार र आचरणले गर्दछ । साथै कतिपय अवस्थामा उसको कार्यको प्रकृतिले पनि अवस्थाको बोध गराउँछ । हाकिम र कर्मचारीको सामाजिक अवस्था वा स्तर उसको कार्यका आधारमा पहिचान गर्न सकिन्छ । यसले आफ्नो समाजशास्त्र नामक पुस्तकमा सामाजिक स्तरलाई परिभाषित गर्ने क्रममा 'व्यक्तिले निश्चित सामाजिक प्रणाली अन्तर्गत रहेर, निश्चित समयमा प्राप्त गरेको स्थान नै उसको सामाजिक स्तर वा अवस्था हो' (राव, सन् २०११ : १२५) भनेका छन् । समग्रमा सामाजिक अवस्था व्यक्तिको पहिचान हो र यो पहिचान एउटै व्यक्तिको पनि फरक-फरक अवस्थामा फरक-फरक हुन सक्छ । सामाजिक

अवस्था समाजको श्रेणीगत विभाजन हो । त्यस्तै उपन्यासमा पनि पात्रहरूको चयन गर्दा उनीहरूको भिन्न-भिन्न सामाजिक अवस्थाका साथ उपन्यासकारले प्रस्तुत गरेको हुन्छ । औपन्यासिक कार्य वा भूमिका, पेशा, पहिचान आदिका आधारमा पात्रको सामाजिक अवस्था पत्ता लगाउन सकिन्छ । फरक-फरक अवस्थाका पात्रको प्रयोगले विषयवस्तुमा नवीनता आउँछ । तिनीहरूको सामाजिक विभेद र सङ्घर्षका घटनावलीहरूले कथावस्तुमा रोचकता ल्याउँछ ।

### २.२.५.२ आर्थिक अवस्था

सामान्य भाषामा अर्थ भनेको धन वा सम्पत्ति हो । तर अर्थशास्त्रको भाषामा मानिसका आवश्यकता परिपूर्तिका लागि उसले विभिन्न समयमा विभिन्न ठाउँमा गरेका क्रियाकलापमा पैसाको लेनदेन गरेको हुन्छ । यो नै आर्थिक प्रणाली हो । यही प्रणाली अन्तर्गत व्यक्तिले अर्थ उपार्जन गर्दछ । यस अन्तर्गत मानिसले आफ्नो योग्यता अनुसारको तहमा रहेर निश्चित कार्यमा पुऱ्याएको योगदान बापत रकम प्राप्त गर्दछ । यस्ता क्रियाकलापलाई आर्थिक क्रियाकलाप भनिन्छ । जुन मानिसको जीवन निर्वाहका लागि अत्यन्त आवश्यक हुन्छ । के.पी. सिंहले ए.जे. ब्राउनको अर्थ सम्बन्धि परिभाषा प्रस्तुत गर्ने क्रममा 'अर्थ एक प्रणाली हो जसद्वारा व्यक्तिले जीवन निर्वाहको आधार प्राप्त गर्दछ' (सिंह, १९८२ : १) भनेका छन् । मानिसले दैनिक जीवनमा गर्ने प्रायः क्रियाकलापहरू अर्थकै निमित्त गरिएका हुन्छन् । यही आर्थिक क्रियाकलापमा कोही उच्च अवस्थाका हुन्छन् त कोही निम्न अवस्थाका हुन्छन् । जसले धेरै भन्दा धेरै लगानी गरेर बढी उत्पादन गरी त्यसको बजार व्यवस्थापनबाट लाभ प्राप्त गर्दछ उसको आर्थिक अवस्था उच्च रहेको हुन्छ । आर्थिक क्रियाकलाप र आम्दानीको स्रोतका आधारमा व्यक्तिको आर्थिक अवस्था निर्धारण गर्न सकिन्छ । उच्च, मध्यम र निम्न गरी तीन अवस्थामा विभाजन गरेर आर्थिक अवस्थाको विश्लेषण गर्न सकिन्छ । उपन्यास सामाजिक र आर्थिक परिवेशमा विशेष रूपले सृजना गरिन्छ । समाज र अर्थ एक आपसमा जोडिएका छन् । व्यक्तिको आर्थिक अवस्थाले नै उसको सामाजिक स्तरको पहिचान दिलाउँछ । उपन्यासमा पात्रहरूले पनि समाजको यही वास्तविकता आफ्नो चरित्र मार्फत उतार्ने भएकाले उनीहरूलाई औपन्यासिक कार्यका आधारमा भिन्न-भिन्न आर्थिक अवस्था देखिने गरी प्रस्तुत गरिएको हुन्छ । अर्थकै कारण समाजमा उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग भनेर व्यक्तिको आर्थिक पहिचान दिइन्छ । आर्थिक रूपमा सम्पन्न व्यक्तिहरू उच्च वर्ग अन्तर्गत हुन्छन् । उनीहरूको पहुँच समाज र देशको माथिल्लो तहसम्म अर्थकै कारण रहेको हुन्छ । त्यहीँ माध्यम र निम्न वर्गहरू आर्थिक समस्या टार्न उच्च वर्गको चाकडी गर्नु सहज हुन्छन् । जहाँ उनीहरूले आफ्नो श्रम बराबरको आम्दानी पाउँदैनन् । यही उच्च, मध्यम र निम्न वर्गको एक आपसको

अन्तरनिर्भरता, वर्गीय विभेद र सङ्घर्ष प्रस्तुत गर्न उपन्यासमा यिनै विशेषता भएका पात्रको चयन गरिएको हुन्छ ।

### २.२.५.३ शैक्षिक अवस्था

मानिसमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्दै सर्वाङ्गीण विकास गराउन सहयोग गर्ने माध्यम शिक्षा हो । शिक्षा ज्ञानको गोरेटो हो । जसरी बोटविरुवालाई हुर्कन गोडमेलको आवश्यकता पर्दछ । त्यसरी नै मानिसको विकासका लागि पनि शिक्षाको आवश्यकता हुन्छ । श्रेष्ठ र बस्नेतले शिक्षालाई परिभाषित गराउने क्रममा फ्रोवेलको 'शिक्षा त्यस्तो प्रक्रिया हो जसबाट बालकले आफ्ना आन्तरिक गुणहरूलाई बाहिर ल्याउँछ' (श्रेष्ठ र बस्नेत, २०६३ : ६) भन्ने परिभाषा प्रस्तुत गरेका छन् । व्यक्तिका गुणलाई सबै सामु प्रस्तुत गर्न शिक्षा सहयोगी बन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । शिक्षा औपचारिक र अनौपचारिक दुई किसिमले प्राप्त गर्न सकिन्छ । दुवैको महत्व बराबर छ । तर शिक्षित र अर्धशिक्षित हुनुले व्यक्तिको समाजमा हुने शैक्षिक अवस्थामा ठूलो अन्तर देखा पर्दछ । उच्च शिक्षा हासिल गरेको व्यक्तिको अवस्था र सामान्य शिक्षा प्राप्त गरेको व्यक्तिको अवस्था फरक हुन्छ । उनीहरूको सामाजिक कार्य, उपस्थिति, आनीबानी, बोलीचाली, व्यवहार र संस्कार पनि शैक्षिक अवस्थासँग जोडिएको हुन्छ । यस्तै उपन्यासमा पनि सबै पात्र शिक्षित वा अशिक्षित हुँदैनन् । औपन्यासिक भूमिका र संवाद शैक्षिक अवस्था पत्ता लगाउने मूल तत्व हो । उच्च, मध्यम र निम्न गरी पात्रलाई तीन अवस्थामा विभाजन गर्न सकिन्छ । देश विदेशका कुरा, अर्थ राजनीतिका कुरा, बौद्धिक चिन्तन, भाषिक कुशलता आदि पात्रलाई उच्च अवस्थामा राख्ने तत्व हुन् । त्यस्तै अल्पज्ञान, सामान्य संवाद, सरल भाषिक संवाद आदिले पात्रको मध्यम र निम्न शैक्षिक अवस्था प्रस्तुत गर्छन् । शिक्षित व्यक्तिको सामाजिक हैसियत बढाउन शैक्षिक, अवस्थाले सहयोग गर्दछ । उपन्यासका शिक्षित पात्रहरू प्रायः उपन्यासकारको मुख पात्र वा समाख्याताका रूपमा प्रस्ततु भएका हुन्छन् । त्यस्तै समाजका शैक्षिक पहुँचबाट वञ्चित निम्न र निम्न मध्यम वर्गीय परिवार वा पात्रको प्रतिनिधित्व मध्यम र निम्न शैक्षिक अवस्था भएका पात्रहरूले गरेका हुन्छन् । बौद्धिक उपन्यासमा शिक्षित पात्रहरू प्रशस्त प्रस्तुत भएका हुन्छन् तर सामाजिक उपन्यासमा मध्यम र निम्न अवस्थाका अर्धशिक्षित वा अशिक्षित पात्रहरूको प्रयोग गरिएको हुन्छ । पात्रलाई शैक्षिक अवस्थाको कोणबाट पनि विश्लेषण गर्न सकिन्छ । उनीहरूको शैक्षिक अवस्थाले उपन्यासको कथानकमा प्रभाव पारेको हुन्छ ।

उपन्यासका पात्रहरूलाई उनीहरूले निर्वाह गरेको भूमिकाका आधारमा समाजमा के-कस्तो स्थान रहेको छ भनी सामाजिक अवस्थाको विश्लेषण गर्न सकिए जस्तै पात्रलाई उनीहरूको आर्थिक र शैक्षिक बाहेक कतिपय पात्रहरू राजनीतिक शासन र शक्तिसँग सम्बन्धित हुने भएकाले उनीहरूको राजनीतिक अवस्थाका बारेमा पनि थप चर्चा परिचर्चा

हुन सक्छ । उपन्यासको विषयवस्तु राजनीतिसँग जोडिएको अवस्थामा पात्रको चर्चा यो आधारबाट पनि गर्न सकिन्छ । 'राजनीति मानिसको अस्तित्वको एक अनिवार्य तथ्य हो, हरेक व्यक्ति कहीँ न कहीँ, कुनै न कुनै अवस्थामा राजनीतिक प्रणालीमा समावेश भएको हुन्छ' (राव, २०११ : ३९९) । यसप्रकार राजनीति अनिवार्य तत्व हो । शासन र शक्तिको सम्पूर्ण क्रियाकलाप यसै अन्तर्गत हुन्छ । त्यस्तै उपन्यासमा पनि राजनीतिक विषयवस्तुलाई समावेश गर्दा फरक-फरक राजनीतिक अवस्था वा स्तर भएका पात्रको प्रयोग गरिएको हुन्छ । यसरी उपन्यासका पात्रको चरित्र विश्लेषण बाहेक थप चर्चा गर्नका लागि पात्रको सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक अवस्थाबाट व्याख्या विवेचना गर्नु उपयुक्त हुन्छ ।

# परिच्छेद : तिन

# चरित्र विश्लेषणका तत्वगत आधारमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका पात्रहरूको विश्लेषण

## ३.१ विषय प्रवेश

यस परिच्छेदमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा प्रयोग गरिएका प्रमुख, सहायक तथा गौण पात्रहरूको विभिन्न आधारमा वर्गीकरण तथा विश्लेषण गरिएको छ । 'उपसंहार अर्थात् चौथो अन्त्य' एक बहुलपात्रले भरिएको उपन्यास हो । लगभग तीनदर्जन पात्रहरूको भीड सृजना भए पनि पात्रहरूको फरक-फरक चारित्रिक विशेषताका कारण उपन्यास भद्दा भने भएको देखिँदैन । प्रस्तुत उपन्यासमा प्रयोग गरिएका सबै पात्रहरू समान भूमिका वा कार्यव्यापरमा संलग्न भएका छैनन् । यसकारण सर्वप्रथम पात्रहरूको कार्यका आधारमा तिनलाई प्रमुख, सहायक र गौण गरी विभाजन गरेर औपन्यासिक महत्वका आधारमा तिनको विश्लेषण गर्ने प्रयास गरिएको छ । पात्रहरूले उपन्यासमा निर्वाह गरेको भूमिका, घटनावलीलाई फरक धार दिन गरेको प्रयास, कथावस्तुलाई उत्कर्षमा पुऱ्याउन गरेको कार्यव्यापार र एउटा पूर्ण अन्त्यको सृजना गर्न पुऱ्याएको योगदानलाई आधार मानेर विभिन्न पात्रहरूको विश्लेषण गर्ने प्रयास यस परिच्छेदमा गरिएको छ । पात्र विश्लेषण तथा वर्गीकरणका क्रममा मोहनराज शर्माले प्रस्तुत गरेको पात्र वर्गीकरणको आधारलाई लिइएको छ । शर्माको वर्गीकरणको आधारलाई नेपाली उपन्यास सिद्धान्त परम्परामा उपयुक्त मानिएकाले सोही आधारहरूले यस विश्लेषणलाई सहयोग पुऱ्याएका छन् । जसअन्तर्गत लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता रहेका छन् । यिनै आधारमा रहेर यस परिच्छेदमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका पात्रहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ३.२ पात्र वर्गीकरणका आधारमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका प्रमुख पात्रहरूको विश्लेषण

### ३.२.१ लक्ष्मीप्रसाद शर्माको चरित्र विश्लेषण

लक्ष्मीप्रसाद शर्मा अर्थात् लक्ष्मी 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको प्रमुख पुरुष पात्र हो । उपन्यासकारको मुख पात्र सँगसँगै लक्ष्मी कथावाचक वा समाख्याता पनि हो । कृतिगत कार्य वा भूमिकाका आधारमा लक्ष्मीको उपस्थिति अन्य पात्रको तुलनामा अधिक नै देखापर्दछ । उसको भूमिका उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म कथानकको विकाससँगै जोडिएर आएको छ । यस उपन्यासमा उसले गरेका कार्यहरू अन्य पात्रहरूको भन्दा बढी महत्वपूर्ण र निर्णायक पनि छ । उसकै कार्यशृङ्खलासँग अन्य पात्रहरूको

कृतिगत कार्य पनि जोडिएको हुँदा यस उपन्यासमा लक्ष्मीप्रसाद शर्मा नै केन्द्रीय पात्रको रूपमा देखा परेको छ । उपन्यासकारले लक्ष्मीकै माध्यमबाट आफूले प्रस्तुत गर्न खोजेको आलोचनात्मक यथार्थवादको सिद्धान्त व्यक्त गरेका छन् । उपन्यासको सुरुदेखि अन्त्यसम्म सबैभन्दा बढी कार्यव्यापारमा संलग्न भएको लक्ष्मी यस उपन्यासको महत्वपूर्ण भूमिका भएको प्रमुख चरित्र हो । उपन्यासकारले उपन्यासको सुरुवात नै उसको व्यक्तित्व वर्णन, रवि, शिवराम लगायतका पात्रको चारित्रिक विशेषता र स्वभावको वर्णन स्वयं लक्ष्मीबाट गराएको छ । लक्ष्मीले रवि, शिवराम, प्रसाद राजा, रूक्मिणी, गीता, शीला जस्ता पात्रलाई आफू केन्द्रमा बसेर आफ्नो वरिपरि घुमाएर, आफ्नो इसारामा नचाएर कार्यव्यापर गराउन लगाएको छ । उपन्यासका अन्य सबै पात्र कतै न कतै लक्ष्मीकै कथासँग जोडिएका छन् । लक्ष्मीकै कथा र घटना वर्णनका साथ साथै ती घटनाक्रममा भएको उसको उपस्थितिले कथावस्तुलाई चरम उत्कर्षमा पुऱ्याएको छ । उसकै जालसाँची र चलखेलमा उपन्यासको अन्त्य भएको छ । यसकारण लक्ष्मीलाई यस उपन्यासको प्रमुख पात्र मान्नु स्वभाविक देखिन्छ । मोहनराज शर्माले प्रस्तुत गरेको पात्र वर्गीकरणको आधारमा लक्ष्मीलाई निम्न लिखित  अनुसार विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ३.२.१.१ लिङ्गका आधारमा

लिङ्गका आधारमा पात्रलाई पुरुष र स्त्री गरी दुई रूपमा छुट्याइन्छ । पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा लक्ष्मीप्रसाद यस उपन्यासको पुरुष पात्र हो । उपन्यासमा गरिएको लक्ष्मीप्रसादको बाह्य वर्णन, नामकरण, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएको क्रियापदबाट सहजै रूपमा पुरुष पात्र घोषित गर्न सकिन्छ । उसको नाममा झुण्डिएको 'प्रसाद' शब्दले उसलाई पुरुष पात्र नै हो भन्छ । उपन्यासको प्रमुख पुरुष पात्र, रविको मिल्ने साथी, सम्पादक शिवरामको मनले खाएको पात्रका रूपमा लक्ष्मीप्रसाद उपस्थित रहेको छ । ऊ यस उपन्यासको समाख्याता पनि भएकाले सुरुवातमै उसले आफ्नो परिचय यसप्रकार दिएको छ -

> 'नाम लक्ष्मीप्रसाद : मेरो नाउँबाट प्रसाद हटाईदियो भने प्रायः आइमाईको भ्रम पर्छ । मानिस प्रायः प्रसाद हटाएरै सम्बोधन गर्दछन् । त्यसकारण म पनि कहिलेकाहीँ केवल लक्ष्मी शर्मा भनेर कतैकतै रचना पठाईदिने गर्दथेँ । यसको यथोचित लाभ पनि हुन्थ्यो' (पृ.१३) ।

यसरी लक्ष्मी एक धूर्त पुरुष पात्र हो । जो आफ्नो लाभका लागि आफ्नै नामको पनि दुरूपयोग गर्न पछाडि पर्दैन । उपन्यासमा आफ्ना जीवनका घटनाहरू सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्ने क्रममा उसले ठाउँ-ठाउँमा आफूलाई पुरुष पात्र साबित गर्ने प्रयास गरेको छ । यही क्रममा उसले आफूसँग श्रीमती नहुनु नै फाइदा भएको कुरा बताएको छ । एकपछि

अर्को गरी धेरै स्त्री पात्रहरूलाई आफ्नो यौन चाहनाको सिकार बनाएको प्रसङ्गबाट पनि ऊ एक पुरुष पात्र हो भन्ने पुष्टि हुन्छ ।

> 'बाहिर भन्न हुँदैन । मार्छन् । मेल सोविनिज्म भन्छन्, तर अरु किन, यो मोरो रवि नै मलाई घृणा गर्छ मनमनै । मसँग पनि त यो तर्क छ, म पुरुष हुँ र यो तर्क अरुले पनि मानेका छन्' (पृ.२९) ।

यसरी लक्ष्मीप्रसाद आफैँले 'म पुरुष हुँ' भनेर आफ्नो परिचय प्रस्तुत गरेको छ । उसले उपन्यासमा स्त्री पात्रहरूलाई आफ्नो यौन आकाङ्क्षा पूर्ति गर्ने माध्यम बनाएको छ । लक्ष्मीप्रसाद शर्मा विकृत यौन मनोवृत्ति भएको पुरुष पात्र हो ।

'जहाँसम्म त्यसलाई बिहे गर्ने कुरो हो, यस्तो नमाझिने जुठो भाँडोलाई, घरमा सधैँका लागि राख्ने मूर्खता म किन गरूँ हँ ?' (पृ.२९) ।

> 'राम्री जति भए पनि हुन्छ र अक्षत ... के भन्छन्, त्यो त महाजरूरी, नत्र जीवनभरि ... एउटा जुठो खाए जस्तो पीडा के होला ? लोग्नेमानिस हुँ भने त केही सर्त राख्नैपर्‍यो ! मैले जेजे गरेँ, त्यो गरेँ, हो म मान्दछु, तर भाइ, कसलाई मैले ङ्याक्न गएको छु कि, तँ मैले बिगारेकी केटीसँग बिहे गर । उसलाई थाहा हुँदैन र गर्छ भने, त्यसको जिम्मा पनि मैले लिने ? म के कुनै हेड अफ द स्टेट हुँ कि देशभित्र हुने हरेक कुराको जिम्मा नै लिनुपर्छ' (पृ.१७०) ।

लक्ष्मी प्रतिकूल प्रवृत्ति भएको पात्र हो । ऊ आफू लोग्ने मानिस भएकोमा घमण्ड गर्दछ । उसको विचारमा स्त्री यौन तृप्तिको साधन हो । एकपटक प्यास मेटेपछि ऊ सदा सदाको लागि जुठो हुन्छे । नारीमा हुने पवित्रताबाट वञ्चित हुन्छे । यही कारण ऊ पाएसम्म स्त्रीलाई भाँडोको रूपमा प्रयोग गरेर जुठो बनाएर छोडी दिन्छ तर यस भ्रष्ट सोचाइ भएको पुरुष बिहेको लागि भने पवित्र र चोखो केटी चाहन्छ । यहीँबाट लक्ष्मीप्रसाद शर्मा कस्तो पुरुष पात्र हो भन्ने कुरा सहजै पुष्टि हुन्छ । नारीको अस्तित्व र महत्व नबुझ्ने वा भनौँ बुझ्न पनि नचाहने, नारीलई सम्मानको दृष्टिले नहेर्ने लक्ष्मी पुरुष पात्रको नाममा कालो धब्बा हो । पूरै उपन्यासभर उसले आफू पुरुष भएको अहम् ठाउँ ठाउँमा प्रदर्शन गरेको छ । उसले विवाहित, अविवाहितदेखि लिएर नाबालिकसम्मलाई पनि छोडेको छैन । आफ्नो पुरुष वृत्तिको प्रयोगले ऊ सबै स्त्रीलाई सहजै बलात्कार गर्न सफल भएको छ । साथै उसको चतुऱ्याइँको सीमा नै छैन । बलात्कृत स्त्रीलाई पनि त्यस कार्यमा बराबरको अपराधी साबित गरेको छ । यसर्थ लक्ष्मी यस उपन्यासको पुरुष पात्र हो भन्न सकिन्छ ।

### ३.२.१.२ कार्यका आधारमा

उपन्यासमा पात्रको कार्य वा भूमिकाका आधारमा लक्ष्मीप्रसाद यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म लक्ष्मी सँगसँगै सबै घटनाक्रम अगाडि

बढेका छन् । मुख्य रूपमा लक्ष्मीप्रसादले नै कथावस्तुको बयान गर्दै घटनाक्रमहरूलाई औपन्यासिक उत्कर्षमा पुऱ्याउने कार्य गरेको देखिन्छ । यसर्थ ऊ उपन्यासको प्रमुख केन्द्रीय पात्र हो । उपन्यासमा प्रयुक्त रवि र शिवराम दुई पात्रको भूमिका पनि महत्वपूर्ण नै देखिन्छ तर यी दुईपात्रलाई पनि लक्ष्मीले नै डोऱ्याएको देखिन्छ । उपन्यासका प्रसाद राजा, सविता, रूक्मिणि, शिला, गीता जस्ता अन्य सहायक पात्रहरू लक्ष्मीप्रसादसँग सम्बन्धित विषयवस्तु र घटनालाई पुष्टि गर्ने क्रममा आएका छन् । त्यसकारण लक्ष्मीको भूमिकालाई नै उपन्यासमा महत्वपूर्ण मानिन्छ । उसले आफूलाई केन्द्रमा राखेर आफू वाचक र उपन्यासकारको मुख पात्र बनेर सम्पूर्ण विषयवस्तुलाई आफ्नै वरिपरि घुमाएर प्रस्तुत गरेको छ । लक्ष्मीप्रसादबिना उपन्यासको कल्पना पनि गर्न सकिँदैन । घनटाक्रमको सुरुदेखि अन्त्यसम्म भएका उसका कार्यव्यापरले उसलाई प्रमुख पात्र घोषित गर्दछ ।

लक्ष्मी उपन्यासको सुरुवातकर्ता हो । उसले उपन्यासलाई घटनाको वर्णन सँगसँगै सुरुवात गरेको छ । उपन्यासका कतिपय अंशहरू लक्ष्मीको पहिलाको जीवनको पूर्वदीप्तिको रूपमा पनि आएको छ । उसले आफू र आफ्नो मित्र रविको पहिचान गराउँदै कसरी र कुन अवस्थामा काठमाडौँ भित्रिएको प्रसङ्ग पनि बेलिविस्तार लाएको छ । रवि र लक्ष्मी काठमाडौँ जस्तो सहरमा के-कसरी जीवन बिताइरहेका छन् भन्ने कुरा प्रस्ट पारेको छ । उपन्यासमा लक्ष्मीको कार्यका आधारमा उसलाई प्रमुख पात्र मान्ने आधारहरू थुप्रै रहेका छन् । उसकै सेरोफेरोमा अन्य पात्र र घटनाहरू सञ्चालित छन् । उपन्यासको आदि, मध्य र अन्त्यको घटनाक्रममा उसको उपस्थितिका आधारमा पनि उसको भूमिकालाई सहजै मूल्याङ्कन गर्न सकिन्छ । उपन्यासको सुरुवात लक्ष्मीको मित्र रविको वर्णन गर्दै, लक्ष्मी र रवि कसरी काठमाडौँ भित्रिएर एकै कोठामा गुजारा गरिरहेका छन् भन्ने कुराको वर्णनबाट भएको छ । उपन्यासको सुरुवातमै लक्ष्मी प्रतिकूल, स्वार्थी र मतलबी पात्रका रूपमा प्रस्तुत भएको छ । उसले बाँच्नका लागि आफ्नै बाल सहपाठी, मित्रलाई पिठ्यूँमा नजानिदो किसिमले षड्यन्त्ररूपी छुरा प्रहार गरेको छ ।

> 'उसमा र ममा एउटै अन्तर छ र त्यो के हो भने, म जे पनि आवश्यकतानुसार उत्पन्न गर्न सक्छु । आत्मीयता, स्नेह, सब थोक आवश्यकताबमोजिम र आवश्यक मात्रामा । ऊ त्यस्तो सक्तैन । उसलाई पत्तो पनि हुँदैन मेरो आत्मीयता, स्नेह सब उत्पादित हुन् । कहिलेकाहीँ त मैले पनि सोच्नु पर्ने हुन्छ, म कहाँसम्म, कति गहिरोसम्म बनावटी छु ?' ...
>
> 'ऊ अनुभवी छैन । त्यसकारण मनुष्य मात्र छ, त्यसभन्दा बढी केही होइन, उसलाई थाहा छैन, मनुष्यभन्दा बढी भएन भने, काठमाडौँमा मनुष्य होइँदैन । बढीको अर्थ बरु घटी पनि हुन सक्छ' (पृ. २-३) ।

माथिको उद्धरणले लक्ष्मीको परिचय राम्रोसँग दिएको छ । आफू अघि बढ्नको लागि लक्ष्मी रविको सोझोपनको फाइदा उठाइरहेको छ । रवि एक कवि हो । कविता उसको मौलिक प्रतिभा हो । तर ती कवितामा लक्ष्मीको कुदृष्टि परेपछि ती स्वतः लक्ष्मीका बन्न पुग्छन् । रविका रचनालाई सफलताको खुट्किलो बनाएर लक्ष्मी उचाईमा पुग्छ । लक्ष्मी रविको मात्रै नभएर अन्य देश विदेशका प्रतिभाहरूको रचनालाई बाङ्गो टेडो बनाएर, नजानिदो रूपमा चोरेर त्यसको नयाँ रूप दिन्थ्यो । जुन उसको मौलिक होइन भनेर पाठकले थाहा नै पाउँदैनन् । यही नै उसको खुबी थियो ।

> 'ऊ लेख्थ्यो भने, आफ्नै उमेर अनुरूप लेख्थ्यो । म कसरी लेख्छु, त्यो उसलाई थाहा थियो, तर उसलाई यस्ता कुरादेखि घृणा थियो ।
>
> ऊ कहिल्यै पुरस्कृत भएन तर त्यसले उसलाई केही फरक पर्दैनथ्यो । ऊ शान्त नै रहन्थ्यो । मेरो मनमा भने खुसी, गर्व र उसलाई पराजित गरेको अभिमान विद्युत्जतिकै वेगवान् भएर बग्न थाल्थ्यो ...।
>
> एउटा कुरा मान्दछु । वास्तवमा मेरो व्यक्तित्वका अगाडि उसको प्रतिभा निकै नगण्य मान्दथे नगरबासीहरू । तैपनि उसले कहिल्यै मेरो पोल खोल्ने जाँगर देखाएन । कहिल्यै उत्तेजित भएन, केवल असहमत भइरह्यो जब कि म आफ्नो बारेमा भने दाबीका साथ भन्न सक्छु, मेरो ठाउँमा ऊ र उसको ठाउँमा म भएको भए, म शान्त बस्न सक्तिन्थेँ । उसलाई उहिल्यै 'साबित' गराइसक्थेँ' (पृ.३-४) ।

यसप्रकार लक्ष्मीले आफ्नो व्यक्तित्वको पहिचान दिएबाट अगाडि उसको उपस्थितिले उपन्यासमा के-कस्ता मोड सृजना गर्न सक्छ भन्ने सम्भावनाको पूर्वज्ञान हुन्छ । वास्तवमा लक्ष्मी विसङ्गत बाटोमा हिँड्नु उसको बाल जीवनको प्रभाव पनि हो । ऊ धेरै दुःख र पीडा सहेर हुर्किएकाले पनि उसको जीवनलाई हेर्ने दृष्टिकोण फरक रहेको हो । उसका बाल अनुभूतिहरू ऊ सम्झिन पनि चाहँदैन । उसलाई कठोर, क्रुर र निर्दयी बनाउनुमा बाल्यकालले महत्वपूर्ण भूमिका खेलेको छ । लक्ष्मी एक कामुक प्रवृत्ति भएको पात्र हो ।उसले स्त्रीलाई आफ्नो वासना पूर्तिको साधन बनाउँछ । चाहे ती स्त्री जस्तोसुकै नै किन नहुन् । उसका फकाउने तरिकाको जालमा केटीहरू सहजै पर्ने गर्दथे । ऊ केटीहरूलाई आफैँ आफ्नो शरीर सुम्पन बाध्य बनाउँथ्यो । उनीहरूको पश्चातापको आँसुलाई ऊ दुई चार पैसा र गिफ्ट दिएर शान्त पार्दथ्यो । ऊ यस्ता कुरामा चलाख थियो । रक्सी र केटी उसका अनिवार्य वस्तुमा पर्दछ । उसले कयौं पटक कयौं स्त्रीको अस्मिता लुटेको छ । र यसमा उसलाई कति पनि पश्चाताप छैन । उसलाई त बस् जसरी तसरी राजी गराएर आफ्नो

स्वार्थ पूरा गर्नु छ । यसका लागि कयौं पटक ऊ पनि देखावटी, भावुक, दयालु र रोएको कुराको प्रसङ्ग उल्लेख गरेको छ ।

> 'मैले वृथामा रूवाइदिएँ । हुन त यस्तो कति पटक चलेको छ, कति पटक । रून्ने कुरा गर्ने हो भने, थिलोथिलो भएर मकहाँ पछारिन्छन्, अझ म त भन्छु ममाथि बजारिन आइपुगेका केटी पनि यति बेसरी सतीत्वको नाउँमा रोएका छन्, रून्छन् कि के यमराजका सामुन्ने सावित्री सत्यवान्का लागि रोएकी होली ?' (पृ. २६) ।

> 'एउटा अझ रहस्यको कुरा बताइदिऊँ । कति पटक, तिनीहरूमा भावुकता जगाउन, तिनीहरूलाई आफ्नो प्रेमको पवित्रताको विश्वास दिलाउन, म पनि बेसरी लगभग गाइजात्रे (अशोभनीय) तालले रोएको छु, तर आफ्नो त एउटै दाउ चौका, भनेजस्तै रूँदारूँदै बिस्तारै बालखजस्तै, शिर तिनीहरूको छातीको बीचमा राख्यो । त्यसपछि आँसुले चोलो वा कुर्ता वा सर्ट भिजाइदियो र आफ्ना बलिन्द्रधारासहित आँखा र शिर चारैतिर डुलाउन थाल्यो, हात काँधमा अनि त्यसपछि मुखलाई पूर्ण सक्रिय बनायो, त्यसपछि आँसुको आवश्यकता अनुभव हुँदैनथियो' (पृ.२६) ।

माथिको अनुच्छेदले लक्ष्मीको भूमिका उपन्यासमा कस्तो प्रकारको रहेको छ भन्ने प्रस्ट हुन्छ । उसका यस्ता विसङ्गत क्रियाकलापद्वारा नै उपन्यासकारले आफूले प्रस्तुत गर्न खोजेको आलोचनात्मक यथार्थवादलाई द्योतन गर्ने पात्र चयन गरेका छन् । उपन्यासमा यस्ता कार्य त सुरुवात मात्र हो । यी भन्दा धेरै हदसम्म गिरेर उसले स्वार्थ पूरा गरेको छ । यस क्रममा उसले पत्रकारिता जस्तो सम्मानजनक पेसालाई पनि दुरूपयोग गरेको छ । पैसाको लागि झुटो समाचार छाप्न र पैसाकै लागि साँचो समाचार गायब गर्न समेत ऊ पछि परेको छैन । उपन्यासमा लक्ष्मीको यस्तो कार्यले पत्रकारिता पेसा सम्बन्धी सत्य, तथ्यबारे एकपटक सोच्न पाठकलाई बाध्य बनाएको छ ।

'लेख्नेहरू आफ्नो कुण्ठाले गर्दा लेख्न सकिरहेका थिएनन् ।त्यसकारण अन्य लेखकको अपमानजनक र घटिया आलोचना गरेर सुख प्राप्त गरिरहेका थिए । पत्रकारहरूमा धेरैजसो त्यस्तै थिए, गाली गर्ने र ठग्ने । यसमा आनन्द धेरै थियो । त्यसकारण कति लेखकले पत्रकारिता अँगालेर लेख्न त्यागेका थिए, तर दाबी भने दुवैतिर गर्दथे । तिनैमध्ये एउटा म पनि थिएँ । मेरो लेखाइ निकै कम भएको थियो । अखबारमा लेख्दा केही रकम प्राप्त हुन्थ्यो, अलिअलि भय पनि मान्दथे, तर म साहित्यकार होइन भन्नु जस्तो पीडा साहित्यकारलाई अरु कुनै हुँदो रहेनछ । त्यही पीडा वा व्यथा कम गर्ने उपाय एउटा थियो, त्यो अर्को मानिस

पनि लेखक होइन भन्नतिर लाग्नु । अश्लीलता चारैतिर पल्टेको थियो भने, यहाँ किन लाज मान्नु, म त यही सोच्दथेँ' (पृ.४४) ।

यसरी रविले उपन्यासमा एउटा तल्लो स्तरको भूमिका प्रस्तुत गरेको छ । सम्पादक शिवरामसँग मिलेर उसले आफ्नो मित्र रवि लगायत थुप्रैलाई धोका दिएको छ । सङ्कटमा परेका गरिब दुःखी  परिवारलाई ऋण दिलाइदिने बहानामा घुस समेत खान पछि परेको छैन । एउटा दयनीय परिवारको बाह्य अवस्था देखेर पनि ठग्न हुँदैन भन्ने भावनालाई समेत जागृत हुन नदिई आफ्नो घुसखोरी जारी राख्ने कार्यले उपन्यासलाई फरक मोड प्रदान गर्न सहयोग मिलेको छ । लक्ष्मी पनि रवि जस्तै भावुक, दयालु, आफ्नो सोझो गर्ने, परिश्रममा विश्वास राख्ने, अन्यायको विरोधी पात्र भइदिएको भए उपन्यासको घनटावली एकै किसिमले अगाडि बढ्ने थियो । त्यहाँ कनै पनि मोड वा धारको सृजना हुने थिएन । अब लक्ष्मीको उपस्थितिले कथानकलाई के-कस्तो प्रभाव पार्ला भन्ने कौतुहलता पाठकमा हुने थिएन । यसकारण प्रतिकूल कार्य नै किन नहोस् त्यो महत्वपूर्ण रहेको छ । सङ्कटको बेलामा शरण दिने र विश्वासमा जागिर दिने रविकी प्रेमिका अमिता र प्रसादराजाकी श्रीमती समेतलाई रविले आफ्नो कामवासना पूर्तिको हतियार बनाएको छ । यसबाट के पुष्टि हुन्छ भने लक्ष्मी आफूलाई अप्ठ्यारो परेको बेलामा मद्दत गर्ने मानिसको समेत भलो चिताउन सक्दैन । साथै भविष्यमा आफूलाई आवश्यक परेको खण्डमा तिनै व्यक्ति काम लाग्छन् भनेर पनि सोच्ने कष्टसम्म गर्दैन । लक्ष्मी अर्काको प्रतिभा आफ्नो भनेर छपाउने र त्यसको प्रकाशनपछिको आफ्नो पुरस्कार र सम्मानको उचाईप्रति घमण्ड राख्ने व्यक्ति हो । ऊ कम लेख्थ्यो तर रविले सधैं केही न केही लेखिरहँदा ऊ ईर्ष्या गर्छ, रविको लेखन कलाको डाह गर्छ ।

> 'मलाई आफूले लेख्न नसकेको खास पीर वा पीडा थिएन, रविले लेखेको व्यथा भने थियो । रविले पनि नलेखेको भए, म उसलाई यति घृणा गर्दिनथेँ होला । त्यसमाथि म पनि त कुनै बखत जीवनमा महान् कवि बन्ने उद्देश्य लिएरै कार्यक्षेत्रमा हामफालेको व्यक्ति हुँ । यो मैले बिर्सिन सकिनँ भने, त्यसको एक मात्र कारण रवि थियो । म रविभन्दा बढी नै प्रशंसा र पुरस्कार प्राप्त गर्ने गरेको व्यक्ति हुँ' (पृ.६०) ।

लक्ष्मीको यसप्रकारको सोचाइले पाठकलाई उसको अवचेतनमा के चलिरहेको छ भन्ने कुरा सोच्न बाध्य हुन्छ । बालककालदेखिको मित्र, काठमाडौं सहरमा एउटै डेरामा बस्ने, एउटै कार्यालयमा काम गर्ने सहपाठीको बारेमा कोही यस्तो कसरी सोच्न सक्छ ? यद्यपि, उसलाई रविको प्रतिभाले पैसा र पहिचान दुवै दिलाइरहेकै थियो । अत्यधिक रक्सी सेवको लत भएको लक्ष्मीको सबैसँग घटिया व्यवहार गर्ने पात्र हो । लक्ष्मीको दुःखद् पृष्ठभूमि, बहिर्मुखी प्रवृत्ति र धूर्ततापूर्ण कार्यबाट उपन्यासको आरम्भ भएको छ । लक्ष्मीले आफूभित्र भएको ईर्ष्या र जलन लुकाएर रविप्रति सद्भाव र सहिष्णुता देखाउँदै उपन्यास

अगाडि बढेको छ । 'दीप्तिमान्' पत्रिकामा काम गर्दै पत्रकारिता पेसालाई पैसा कमाउने भाँडो बनाउने कार्यले उपन्यासलाई गति दिएको छ । लक्ष्मीले प्रसाद राजाको चाकडी गर्नु, थुकेको थुक चाट्नु, प्रसाद राजाको जुत्ता उठाएर उसको मन जित्नु, रूक्मिणी र सविता लगायतका स्त्री पात्रलाई कामवासनको सिकार बनाउनु, आन्दोलन दबाउन हरसम्भव प्रयास गर्नु जस्ता कार्यले उपन्यासको घटनावस्तुलाई उत्कर्षमा पुऱ्याएको छ ।

काठमाडौँ जस्तो सहरमा धनी हुने आशमा लक्ष्मी प्रसाद राजाको चाकडी पूर्ण रूपमा गर्छ । यस क्रममा उसले प्रसाद राजालाई खुसी पार्न उसको जुत्ता समेत उठाउन पछि परेको छैन । साथै प्रसाद राजाको आदेशमा आफ्नो थुक आफैँ चाट्ने लक्ष्मी चारित्रिक रूपमा खराब पात्र हो । उसका यस्ता नीच कार्यले उपन्यासमा उसलाई खलकनायकको रूपमा उभ्याइएको छ । उपन्यासमा उसका सबै कार्यहरू केवल धन कमाउनका लागि भएका छन् । जीवनको प्रारम्भिक चरणमा उसले सामान्य पत्रिकाको नोकरीबाट जीविका चलाउँछ । पछि उसको व्यक्तिगत जीवन आर्थिक समृद्धिको शिखरमा पुग्छ । काठमाडौँमा घर घडेरी जोड्छ । तर यस्ता कार्यले उसले स्वयं आफ्नो अस्तित्व बजारमा बेचेको छ । ऊ आफूलाई नै बेचेर धनी हुन चाहन्छ । जसका लागि ऊ अरु कसैको पैतालाको धुलो भएर बस्न पनि पछि पर्दैन ।

> "कल्ले भन्छ ? को छ यहाँ भन्न जान्ने ? म भन्दिनँ, तिमी भन्दैनौ ।" उसले आश्वासन दिँदै भन्यो - "आफ्नो मुखभित्र थुक हुन्न कि क्या हो ? त्यही थुक एक पटक बाहिर निस्केर मुखभित्र जाने त हो नि चाट्दा !"
>
> 'उसको तर्क जे थियो, त्यो त छँदै थियो । खराब के थियो भने, म आफैँ पनि उसको तर्क ठीकै हो कि भनेजस्तो कताकता सोच्न थालेको थिएँ कि जस्तो नजानिँदो आभास मलाई हुन थालेको थियो । त्यसले म डराएको त थिएँ, आफ्नो बेइज्जती आफैँले गराउँला कि भनेर, तर यो मोरो बहुलाले,त्यसो नगरी एक थोपा रक्सी मुखमा चुहिन नदिने भो ।'
>
> मैले भनें - "थुकै चाट्नुपर्ने हजुर ?"
>
> - "अँ, थुकै चाट्नुपर्ने !"
>
> - "कसरी ?"
>
> - जसरी चाटे पनि हुन्छ, मलाई आपत्ति छैन ।" त्यसले भन्यो उदारता देखाइरहेझैँ (पृ.७६) ।

प्रसाद राजाको यस्तो नीच र सम्मान गुम्ने खालको आदेशलाई पनि लक्ष्मीले पैसा, रक्सी र जागिर पाउने प्रलोभनमा सहजै स्वीकार गर्दछ । उसको यस्तो कार्यले ऊ रवि

जस्तो आदर्श पुरुषको मित्र र एउटै छतमुनि बस्ने मानिस किन बदलिन सकेन ? उसलाई रविको सत्‌चरित्रले किन प्रभाव पारेन भन्ने कुरा मनन गर्न सकिन्छ । लक्ष्मीको कार्यले उपन्यासलाई चरम विन्दुमा पुऱ्याएको छ । उसले शिवरामकी श्रीमती समेतलाई आफ्नो जालमा पार्न बाध्य बनाएको छ । ऊ घमण्डी र धूर्त पुरुष हो । कसको कमजोरी के छ त्यो पहिचान गरेर ऊ सिकारलाई आफ्नो जालमा पर्न बाध्य बनाउन सिपालु छ ।

> 'अनि मैले बिस्तारै भनैं - "ल भाउजू म त्यसैले हजुरलाई अहिले दु:ख दिन आएको । यो अखबारसखबार छोड्ने भए, पहिले एउटा मौका आएको छ, म एउटा यस्तो लाइसेन्स दिलाइदिन्छु, जुन देख्नासाथै लाखौँ रुपियाँ घर बसीबसी आउँछ । स्लिपिङ पार्टनर बनेर कमाइरहे पनि भयो । यस्तो मौका आउँदैन । हजुरले दाइसँग सल्लाह गरेर मलाई यो नम्बरमा खबर गरिदिइसियोस्' (पृ.९१) ।

यस्ता कयौं प्रसङ्ग छन् जसले उपन्यासमा लक्ष्मीको कार्यका आधारमा उसलाई प्रमुख पात्र साबित गर्छ । लक्ष्मी राजनीतिमा पनि चैते प्रवृत्तिको हालीमुहाली गराई उनै सामन्तहरूलाई सत्तामा पुऱ्याएर आफ्नो स्वार्थ पूरा गर्ने पात्र हो । प्रजातन्त्र विरोधी लक्ष्मी रवि जस्ता प्रजातन्त्रका लागि लड्ने सिपाहीलाई छुरा धस्न समेत तयार छ । ऊ रविको प्रजातन्त्र प्राप्तिको आशावादी विचारमा कहिल्यै पनि सहमत छैन । लक्ष्मी प्रजातन्त्र र असल राज्यमा चासो राख्दैन । उसलाई थाहा छ, देशको तल्लो निकायदेखि माथिल्लो निकायसम्म ऊ जस्ता भ्रष्ट, षड्यन्त्रकारी र घुसखोरीहरू छन् । त्यसकारण ऊ प्रजातन्त्रको झुल्को पनि नहुने कुरामा विवाद गर्छ ।

> 'म ठट्टा गरिरहेको छैन रवि । आफूलाई धेरै क्रान्तिकारी नदेखा । रक्सी छाड्ने किरिया खाएर, स्वास्नीसित नसुत्ने प्रतिज्ञा गरेर वा दक्षिणकालीलाई बोको भाकेर प्रजातन्त्र आउँछ ? मेरो कुरा सुन्, यो देशमा प्रजातन्त्र एक आउँदैन, दुई आउँदैन, तीन आउँदैन । आउन पनि हुँदैन । किन चाहियो प्रजातन्त्र यहाँ ? जे छ, त्यसैलाई प्रजातन्त्र भन्नुपर्छ । ल मलाई बता, प्रमाणि गर, यो प्रजातन्त्रभन्दा कसरी कम हो ?' (पृ.३९) ।

उपन्यासमा लक्ष्मी यस्तै-यस्तै संवादद्वारा उपन्यासकारले उसको चरित्रमाथि दिएको कार्य गरिरहेको छ । रवि र शिवरामको अगाडि जति नै ठूलो कुरा गरे पनि ऊ केवल एक चाकडीबाज हो । प्रसाद राजासँगको उसको सम्बन्धमा ऊ एउटा पाल्तु घरपालुवा जनावर जस्तो मालिकको इसारामा नाचिरहेको छ । मालिकलाई खुसी पार्न ऊ मालिकको जुत्ता समेत बोक्न तयार भएको छ । यस कुरालाई तलको भनाइबाट प्रस्ट पार्न सकिन्छ ।

'राजाले केही गर्नु अगि नै मेरो बुद्धिले केही भन्यो र मैले दगुर्दै गएर त्यो जुत्ता टिपेर राजाको खुट्टो अगिल्तिर राखिदिएँ । राजाले जुत्ता लगायो र मेरो काँधमा हात राख्दै भन्यो- 'यु आर रिअली ट्यालेन्टेड ब्याय, डन्ट वरी, यु विल डेफिनिट्ली गो बियोन्ड दिस ।' त्यस दिनदेखि उक्त जुत्ताले गर्दा म राजाको झन् प्रियपात्र भएँ र बाहिर झन् पूजा प्राप्त गर्ने प्रकारको मनुष्य बन्न पुगेँ । मैले मनमनै पालैपालो गरेर धन्यवाद दिएँ । एक धन्यवाद, राजालाई र अर्को धन्यवाद, त्यो जुत्तालाई' (पृ.१०७) ।

यस्ता कार्य सँगसँगै लक्ष्मीले प्रजातन्त्र प्राप्तिको लागि भएको आन्दोलन दबाउने कार्य पनि गरेको छ । यस कार्यमा ऊ पूर्ण रूपमा प्रसाद राजासँग मिलोमतोमा छ । ऊ यस प्रकारको आन्दोलनलाई सामान्य रूपमा ग्रहण गर्छ । साथै आन्दोलनमा होमिएका कर्तव्यनिष्ठ मानिसप्रति पनि ऊ सकारात्मक सोचाइ राख्दैन ।

'पहिले त प्रसाद राजा र म मिलेर आन्दोलन गर्नेहरूमाथि सँगै बसेर हाँस्दथ्यौँ । तिनीहरूलाई मूर्ख भन्दथ्यौँ । तिनीहरूलाई सहिद भन्नेलाई महामूर्ख भन्दथ्यौँ' (पृ.१५९) ।

आन्दोलन दबाउन आन्दोलनमा सक्रिय भएको रविलाई पनि षड्यन्त्रको जालमा हाल्ने कार्य लक्ष्मीबाट भएको छ । यो अप्रत्यक्ष र नजानिँदो छ । तर पनि रविको पतनमा नै लक्ष्मी खुसी छ ।

'ऊ गएपछि म सरासर रविको डेरामा गएँ । हामी आउनजान त थालिसकेका थियौँ । उसलाई सावधान गरिदिन चाहन्थेँ । त्यो पनि गर्दिनथेँ, अलि खुच्चिङ नै बजाउँथे । केवल मारि नै दिने हुन् कि भन्ने डर थियो । चाहन्थेँ, प्राण एउटा नलिऊन्' (पृ.१४५) ।

लक्ष्मी आफ्नो मित्रप्रति कति पनि उत्तरदायी देखिएको छैन । पूरै उपन्यासभर ऊ रविको प्रतिद्वन्द्वीको रूपमा देखा परेको छ । रविको अन्त्यले पनि उसलाई खासै प्रभाव पारेको देखिँदैन । तर कता-कता ऊ अन्तिम समयमा मित्रता सम्झिरहेको र त्यसमाथि न्याय नभएको आभास गरिरहेको छ ।

'त्यसको भोलिपल्ट । रविलाई हेरेर डाक्टरले तुरून्त कोरामिन दिने आदेश दिएको थियो । उसको नारीको गीत शिथिल हुँदै जान थालेको थियो । मेरा आँखामा आँसु आयो । ऊ मरिरहेको थियो । हामी सबै निरूपाय भएर उसको मृत्यु हेरिरहेका थियौँ । लागिरहेको थियो, त्यो कुनै व्यक्ति होइन, एउटा मूल्य समाप्त भइरहेको थियो । म हेरिरहेको थिएँ । पुरानो जे भए पनि, अहिले लागिरहेको थियो, ऊ म बनेर मेरो अवचेतनमा बसेको रहेछ' (पृ.१७५) ।

लक्ष्मी पूरै उपन्यासमा अन्य पात्रभन्दा कृतिगत कार्य वा भूमिकामा बढी संलग्न देखिन्छ । उपन्यासको सुरुवात, त्यसको उत्कर्ष र त्यसलाई अन्त्य गराउन पनि लक्ष्मीको औपन्यासिक कार्य महत्वपूर्ण रहेको छ । लक्ष्मीको यही कार्यका आधारमा उसलाई यस उपन्यासको प्रमुख पात्र मान्न सकिन्छ । जहाँ लक्ष्मी एक केन्द्रीय पात्रका रूपमा उभिएर आफ्नो संवाद र कार्यव्यापार गरेको छ ।

### ३.२.१.३ प्रवृत्तिका आधारमा

चरित्रगत प्रवृत्तिका दृष्टिले लक्ष्मीप्रसाद प्रतिकूल प्रवृत्तिको चरित्र हो । गाउँबाट उच्च शिक्षाका लागि काठमाडौँ भित्रिएको लक्ष्मी सुरुमा अनेक सङ्घर्ष गरेर जीवन निर्वाह कार्यमा लाग्दछ । पछि पत्रिकामा नोकरी लागेपछि त्यही पत्रिकालाई उसले चाकडीको भरमा पैसा कमाउने माध्यम बनाउँछ । पत्रकारको पेसालाई उसले ठगीको साधन बनाउँदै आफ्ना इच्छा आकाङ्क्षा परिपूर्ति गर्न जस्तोसुकै झुटो र नकारात्मक कार्य पनि गर्न तयार हुन्छ । पैसा अनि ऐस आराम भएको ठाउँमा लाग्ने लक्ष्मी सुरुदेखि नै प्रतिकूल चरित्रको पात्र हो । अरुका साहित्यिक रचनालाई आफ्नो छद्म नाम लिएर सम्मान तथा पुरस्कार लिने, जस्तोसुकै परिस्थितिमा पनि केटीहरूको बाध्यतालाई हतियार बनाएर उनीहरूको अस्तित्व लुट्ने पात्र लक्ष्मीको यस प्रकारको व्यवहार उपन्यासभर जारी रहन्छ । उसको व्यवहारले उपन्यासका अन्य पात्र पीडामा परकै हुन्छन् । अरुलाई शोषण गरेर आफ्नो स्वार्थ पूरा गर्दै खुसी प्राप्त गर्ने लक्ष्मीप्रसाद उपन्यासको प्रतिकूल पात्र हो ।

> ‘लक्ष्मीको नीच, पतीत र चरित्रहीन व्यवहारबाट यो उपन्यास प्रकृतवादी उपन्यास बन्न पुगेको छ । ऊ यस उपन्यासको खलनायक पात्र हो । मान्छेभित्र द्वैध प्रवृत्ति हुन्छ, उसभित्र नैसर्गिक रूपमा प्रणय, घृणा र आवेग पनि छन् । मौका पाउनासाथ अथवा कुनै उपयुक्त आलम्बन भेट्नासाथ मान्छेभित्रको राक्षसी प्रवृत्ति जुर्मुराउँदै बाहिर निक्लन्छ । मान्छेभित्र साँचो रूपमा यथार्थभन्दा पर आदिम दानवीय प्रवृत्ति पनि हुन्छ भन्ने कुरा प्रकृतवादमा उल्लेख भएको भेटिन्छ । यही कुरा लक्ष्मीका क्रियाकलापहरूबाट यस उपन्यासमा व्यक्त गरिएको छ ’ (भट्टराई, २०६०: ८१) ।

माथिको अनुच्छेदले उपन्यासमा लक्ष्मीको व्यवहार प्रस्ट पार्दछ । यी सबै व्यवहारले लक्ष्मीलाई नकारात्मक पात्र वा प्रतिकूल चरित्र भएको पात्र बन्न सहयोग गरेको छ । पूरै उपन्यासमा पाठकले कहीँ कतै पनि लक्ष्मीलाई सत् चरित्र भएको पात्र हो भन्न सक्दैन । उसको औपन्यासिक कार्यव्यापरका क्रममा प्रस्तुत भएको चारित्रिक वैशिष्ट्यले उसलाई केवल प्रतिकूल पात्रकै रूपमा चिनाएको छ । ऊ उपन्यासका अन्य पात्रहरूसँग अनुकूल हुन सकेको छैन । उपन्यासको हरेक परिच्छेदमा उसको उपस्थितिले कथावस्तुमा नयाँ मोड

ल्याएको छ । ऊ जुन पात्रको जीवनमा प्रवेश गरे पनि त्यो पात्रको जीवनमा उथलपुथल आएको छ ।

> 'रविजस्तो आदर्श व्यक्तिसँग बसे पनि उसको जङ्गलीपनामा झन् वृद्धि हुन्छ, कमी आउँदैन । पत्रकारितालाई अङ्गालेर अनैतिक काम गर्ने र पैसा कमाउने मेलोमा ऊ लागेको छ । कसैसँग पनि छिटो मित्रता गरेर विश्वासमा लिन सक्ने क्षमता भएको लक्ष्मी घरभाडा र होटेलको पैसा ठग्नु आफ्नो परम कर्तव्य ठान्छ । रविको ईर्ष्यामा विदेशी कविता चोरेर कवि बनी पुरस्कार समेत पाएको लक्ष्मी जुनै चरित्रका रूपमा पनि देखिन सक्छ । केटीका मामिलामा ऊ सबैभन्दा कमजोर रहेको छ तर धेरै केटी फकाउनु र उनीहरूलाई गुलिया गफमा भुलाएर 'सिलभङ्ग' गर्नामा ऊ आफ्नो प्रबल पुरुषार्थ सम्झन्छ । उसले गीता, शीलालगायत प्रसाद राजाकी श्रीमती रोजिना, रविकी प्रेमिका अमिता तथा पाँच सन्तानकी आमा रक्मिणी र उसकी छोरी सवितालाई भोगिसकेको छ । यसका साथै रोजिनाका सुसारेहरू पनि उसका सिकार भइसकेका छन् । उसकै कारण रूक्मिणी र सविता वेश्या बनेका छन् । अत्यधिक रक्सी खानु उसको अर्को खराबी हो । पत्रकारिताका क्रममा उसले सहायक मन्त्रीलाई केटी पुर्‍याइ दिने नीच काम पनि गरेको छ' (बराल र एटम, २०६६:२८१) ।

प्रस्तुत गद्यांशले लक्ष्मी उपन्यासको कस्तो पात्र हो ? उसको चारित्रिक विशेषता के-कस्ता रहेका छन् ? भन्ने कुरा प्रस्ट हुन्छ । उपन्यासमा स्वयं उसका वाणीले उसलाई प्रतिकूल चरित्रतर्फ धकेलेको छ । विशेषगरी उपन्यासमा स्त्री पात्रहरू लक्ष्मीको प्रतिकूल चरित्रबाट बढी प्रभावित छन् । कामवासनाले भरिएको लक्ष्मी स्त्रीलाई भोगको नजरबाट मात्र हेर्ने गर्छ । उसले थुप्रै केटीहरूलाई प्रलोभनमा पारेर यौन सुख प्राप्त गरेको छ । ऊ कुनै पनि स्त्रीलाई देख्ना साथ भोगको चाहना राख्छ र त्यसलाई पूरा गर्न हरेक प्रयास गर्छ । रक्सी र केटी उसको अवचेतनमा सधैँ खेलिरहेका हुन्छन् । उसमा विकृत यौन प्रवृत्ति प्रबल रहेको छ । जसको सिकार थुप्रै केटीहरू भएका छन् ।

> 'केटीहरू अलिकति पनि उक्सेको देख्नासाथ बिग्रिने आकाङ्क्षा अति प्रबल गोरखा दक्षिणबाहु समान जागृत हुन थाल्दथ्यो । दिनरात ठिटीहरूको सम्झनाको धपेडी बोक्न मन लाग्थ्यो' (पृ.२३) ।

> 'भनाइको अर्थ के थियो भने यस्तो विचार राख्ने म, रविलाई कसैले लेखेर बेसरी गाली गर्छ भने, प्रसन्न नभए के हुन्छ ? त्यसै पनि अर्कालाई कसैले दुःख दिएको छ भने, त्यो दुःख हेरेर सुखी हुने बनी जस्तै परेको छ । अर्काको सुखले दुःख

दिन्थ्यो, यस्तो त चलनै हो हाम्रो । यसमा म अपवाद किन हुने ? बरु रवि नै अपवाद हो । ऊ यस्तो गर्दैनथ्यो' (पृ.६०) ।

अरुको दुःखमा सुख देख्नु मानवतावादी प्रवृत्ति पक्कै होइन । तर लक्ष्मी आफ्नो सुखका निमित्त अरुलाई दुःखी बनाउनै सधैं प्रयत्नरत रहन्छ । ऊ आफ्नो साथी रवि समेत सुखी र खुसी भएको देख्न सक्दैन । रवि ऊ भन्दा अगाडि नबढोस् भन्ने चाहना राख्दछ । रविको प्रगतिमा उसलाई जलन हुन्छ । अरु कोही दोस्रो मान्छे आफूभन्दा अगाडि गएको, परिचित भएको, मान सम्मान पाएको ऊ सहन सक्दैन । यस्ता कुरा उसका लागि असह्य हुन्छन् ।

'धेरै बेर बितेपछि मैले आफूलाई थाम्न सकिनँ । सोधिहाले - "विदेशबाट आएको हो ?"

- हो ।"

- "गोप्य हो ?"

- "होइन ।"

'त्यसपछि उसले चिठीसहितको खाम निर्लिप्त भएर मतिर हुऱ्याइदियो । पढ्नासाथै म क्रोधले खरानी हुन थालें । उसका दसवटा जति कविता जर्मन भाषामा अनुवाद हुन लागेको रहेछ । लेखेको त थिएन, तर पारिश्रमिक बेसरी पाइन्छ, त्यो छँदै छ, बाहिर नाउँ चल्छ, त्यसको के लेखाजोखा भन् ? त्यसपछि अरु भाषामा अनुवाद हुने सम्भावना पनि बढ्छ, मेरो दृष्टिले चाहिँ खतरा बढ्छ भनुँ' (पृ.८९) ।

अरुको ईर्ष्या गर्नु र सफल व्यक्तिहरूप्रति विद्वेष राख्नु उसको जन्मजात गुण हो । यस्ता गुणले उसलाई प्रतिकूल पात्र बनाएको छ । लक्ष्मी प्रतिकूल पात्र हुनुमा उसको स्वभाव र व्यवहार मात्र जिम्मेवार छैन । यसमा उसको दुःखद र कारूणिक बाल्यकाल पनि रहेको छ । बाबु मरेपछि आमा पोइल जानु, उसलाई अर्काका घरमा पाल्नु, अनेक दुःख सहनुले पनि उसको सोचाइमा परिवर्तन आएको हो ।

'अनेक गरेर, झेलेर, भोगेर हुर्किएँ । युवा बनें । मेरी बहिनी हुर्की । तरूनी भई । म जान्दिनँ, त्यो बिचरीले केकति भोग्नु र खप्नुपऱ्यो । उसले बताउने कुरा भएन । मैले सोध्ने कुरो भएन, तर त्यस्तो र त्यत्रो घरमा हुऱ्याएको ढुङ्गा जस्ती बिचरी मेरी बहिनीले, कसरी भनूँ कतै पनि खस्नु परने होला ? ...

तर बाहिर अनाथ र गरिब हुनबाहेक सब ठीक थियो, सजिलो थियो भने यसरी हुर्केको मानिस कस्तो हुन्छ ? त्यस्तै म छु । यसरी हुर्केको मानिसले आफ्नो

बाल्यकाललाई के ठान्ला ? त्यही म ठान्दै छु । एउटा स्मरण गर्नै नपर्ने काल, अरु के ?' (पृ.११६) ।

आफ्नो बाल्यकाललाई बिर्साउन लक्ष्मीले यस्ता क्रियाकलाप गरे पनि ती सबै सीमाभन्दा बाहिर छन् । उपन्यासमा उसको कुकृत्य एक पछि अर्को गर्दै निरन्तर प्रवाह भइरहन्छन् । घटनावस्तुलाई नयाँ मोड दिइरहन्छन् । अन्य पात्रको जीवनमा हलचल ल्याइरहन्छन् । विशेष गरी उसको प्रतिकूल चरित्रको अत्यन्त प्रभाव रविलाई परेको देखिन्छ । हुन त अन्य पात्र पनि उसको सिकार नभएका होइनन् । तर उपन्यासमा प्रस्तुत भएका उसका कयौं एकालापहरू रविकै ईर्ष्याका सम्बन्धमा आएका छन् ।

'ऊ गएपछि, म सरासर रविको डेरामा गएँ । हामी आउनजान त थालिसकेका थियौं । उसलाई सावधान गरिदिन चाहन्थेँ । त्यो पनि गर्दिन्थेँ, अलि खुच्चिङ नै बजाउँथे । केवल मारि नै दिने हुन् कि भन्ने डर थियो । चाहन्थेँ प्राण एउटा नलिऊन्' ...

'मलाई रविबाट अपमानित भएका क्षणहरूको स्मरण हुँदै आयो । उसले लेखेको देख्दा मेरो मनमा उम्रिने गरेको ईर्ष्या बिस्तारै उम्रिन थाल्यो । म संसारमा सफल हुँदाहुँदै पनि र ऊ जीवनका केही नभए पनि मभन्दा सफल मलाई कताकता लाग्दथ्यो र म ऊसित, क्रोधित हुन्थेँ । त्यो क्रोध पनि झरी भएर झर्न थाल्यो' (पृ.१४५) ।

यस्ता अंशहरूमा लक्ष्मी रविप्रति नै ईष्यालु र क्रोधित देखिन्छ । लक्ष्मीका संवाद कहिले पनि कथावस्तु अनुकूल पाइँदैन । उसले राम्रो कामका साथ कहीँ कतै दिएको छैन । अरुले गर्न लागेको अभियान पनि उसका लागि केवल चटक र एक विफल प्रयास हुन्थ्यो । चाहे त्यो व्यक्ति, समाज र देशकै लागि पनि किन नहोस् । लक्ष्मी परिवर्तनका लागि प्रयत्नरत वा सङ्घर्षशील पात्र होइन । देश र समाजका लागि आफू परिवर्तन हुने भन्दा पनि आफ्नो निजी स्वार्थका लागि अन्य व्यक्ति, समाज र देशलाई नै परिवर्तन गराइदिने क्षमता राख्ने पात्रका रूपमा ऊ उपस्थित भएको छ । परिवर्तनका हरेक प्रयासमा ऊ सकारात्मक कुनै क्षेत्रमा पनि देखिएको छैन ।

'मैले हाँसेर भनेँ - "मूर्ख । त्यहीँ वरपर जति धेरै बिरूवा हुन्छन्, त्यति अक्सिजन हावामा छरिन्छ भनेर त त्यत्रो कुरा गरियो । आफूले किन लाउनुपऱ्यो ? के छरछिमेकका बिरूवाले हामीलाई अक्सिजन दिँदैनन् ? छाडिदे खर्च गर्नु छैन पैसा र हामी छिमेकीकै बिरूवाबाट काम चलाउँला । बरु तिनको उत्साह भने बढ्दै जाओस्, त्यो उपाय पो गर्नुपर्दछ !" (पृ.१५०) ।

आफ्ना नराम्रा बानीमाथि आफैँ खिल्ली उडाउने लक्ष्मीको चरित्रगत प्रवृत्तिका आधारमा प्रतिकूल पात्र मान्न सकिन्छ । उसले धनी, गरिब, महिला, केटाकेटी कसैलाई पनि आफ्नो सिकार हुनबाट बच्न दिएको छैन । यहाँसम्म की घरमा तान हालेर कपडा बुन्ने भक्तपुरको एउटा गरिब किसान परिवारलाई पनि आफ्नो सिकार बनाएको छ । नक्कली हाकिम बनेर बैंकबाट ऋण दिलाइदिने कुरामा घुस समेत खाएको छ। यस्ता थुप्रै अमानवीय क्रियाकलापहरूले लक्ष्मीलाई एउटा प्रतिकूल पात्रको रूपमा खडा गरेको छ । लक्ष्मीलाई पाशविक, क्रुर र यौनपिपासु बनाउन उसको बाल्यकालले पनि ठूलो भूमिका खेलेको छ । कठोर र निर्मम बाल्यकालले उसको मनस्थिति नै विकृत बनाएको छ । यसकारण ऊ जस्तोसुकै घटिया काम गर्न पनि पछि पर्दैन । उसले आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि आफ्नो कठोर र निन्दनीय प्रवृत्तिलाई प्रस्तुत गरेको छ। यही प्रतिकूल प्रवृत्तिले उपन्यासमा उसलाई प्रतिकूल पात्रका रूपमा उभ्याएको छ।

### ३.२.१.४ स्वभावको आधारमा

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्र लक्ष्मीप्रसाद स्वभावको आधारमा गतिशील चरित्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म ऊ एकनासको चारित्रिक विशेषतामा देखिएको छैन । हुन त ऊ उपन्यासभरि नै प्रतिकूल पात्रका रूपमा देखापरेको छ । तर प्रतिकूल व्यवहारलाई पनि उसले एकै प्रकारमा निरन्तरता दिन सकेको छैन । उसका नराम्रा कार्यले उपन्यासको परिच्छेद पिच्छे नै सीमा नाघेका छन् । आफ्ना यस्तो कार्यको प्रवाह उसले निरन्तर रूपमा एकपछि अर्को गर्दै गरेको छ । सुरुमा लक्ष्मी पत्रिकामा शिवरामको कर्मचारी भएर काम गर्छ । शिवरामसँगको सहकार्यमा उसले आफ्ना थुप्रै वैयक्तिक स्वार्थ पूरा गरेको छ। आफ्नो कामवासनाको तृप्ति र आवश्यकतालाई परिपूर्ति गर्न सोझा साझा मानिसलाई हतियार बनाएको छ । लक्ष्मीको ठूलो मान्छे बन्ने चाहना र पैसा कमाउने सपनाले उसलाई शिवरामभन्दा पनि माथिल्लो स्तरको शक्तिको खोजीमा लगाउँछ । यस पश्चात् ऊ शक्तिशाली व्यक्ति प्रसादराजाको मातहतमा रहेर काम गर्छ। यस क्रममा उसले ठूला व्यक्तिको सङ्गत गरेर तिनीहरूबाट सकेसम्म लाभ लिने प्रयास गर्छ । रूक्मिणी, सविता, रोजिना, अमिता लगायतका स्त्री पात्रको अस्तित्वमा लक्ष्मीले आफ्नो गिद्धे नजर गाडेको छ । स्त्रीको कमजोरीलाई पहिल्याएर उनीहरूबाट यौन सुख प्राप्त गर्ने काम उपन्यासमा बारम्बार भएको छ । यस्तै प्रकारले लक्ष्मी आफ्नो चरित्रलाई गति दिएर कथावस्तु अनुसार अगाडि बढेको छ। आन्दोलन दबाउन दलबलले लागेको लक्ष्मी प्रजातन्त्र पुनर्स्थापित नहोस् भन्ने चाहना राख्छ। प्रजातन्त्र प्राप्तिपछि आफू जस्ता शक्ति र कुर्सीको आडमा अरुको शोषण गरेर खाने प्रवृत्ति भएका मानिसको अस्तित्व नहुने डरमा ऊ आन्दोलनको विरोधमा देखिन्छ । आन्दोलन पछि ऊ आफ्नो पुरानो काममा खासै फाइदा देख्दैन । अब आफ्ना ठूला सपना पूरा गर्न ऊ चैते नेता बनेर पद्मनाभको पछि लाग्छ ।

यसप्रकार लक्ष्मीको चरित्र असत् प्रकृतिबाट निरन्तर चलिरहेकोले ऊ यस उपन्यासको गतिशील पात्र हो ।

### ३.२.१.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा लक्ष्मी नितान्त वर्गीय पात्र हो । उपन्यासमा ऊ समाजको एउटा खराब चरित्रको व्यक्तिको रूपमा उभिएको छ । नेपाली समाजमा असत् प्रवृत्तिका युवाहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिका लागि कसरी निमुखाहरूलाई हतियार बनाएको छ भन्ने कुरा लक्ष्मी मार्फत प्रस्तुत गरिएको छ । 'पत्रकारिताको दुरूपयोग गरी व्यवसायको आदर्श बेच्ने तथा पैसा कमाउने भाँडो बनाउने लक्ष्मी राजनीतिमा पनि चैते प्रवृत्तिको हालीमुहाली गराई उनै सामन्तहरूलाई सत्तामा पुऱ्याएर आफ्नै स्वार्थ पूरा गर्न चाहन्छ र सच्चा क्रान्तिकारी रवि जस्तालाई छुरी धसेर प्रजातन्त्रकै हत्या गर्ने षड्यन्त्र गर्दछ । यिनै नीचता र भौतिक सम्पत्तिको लालसामा भ्रष्ट भइरहेको समाजका खलनायकहरूको प्रतिनिधित्व गर्ने लक्ष्मी वर्गीय पात्र हो' (बराल र एटम, २०६६:२८१) । यसप्रकार लक्ष्मीले नेपाली समाजमा प्रायः विद्यमान रहने चरित्रको द्योतन गरेको छ । यस आधारमा ऊ सामाजिक चरित्र हो । लक्ष्मीले आफ्ना चारित्रिक वैशिष्ट्यलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्दै आफ्नो छुट्टै पहिचान पाठक सामु पस्केको छ । आफ्नो अभिन्न मित्र रविले प्रगति गरेको देख्न नसक्ने, उसको प्रतिभाको सधैँ ईर्ष्या गर्ने, चाकडी र चाप्लुसीमा लागेर पैसा कमाउने, घुसखोरी प्रवृत्तिले देशको प्रशासनिक सेवामा भ्रष्टाचार गर्ने, नेताको पछि लागेर आन्दोलन दबाउने प्रयासमा लाग्ने, गरिब र मानसिक रूपमा रुमलिएका स्त्रीलाई कामवासनाको सिकार बनाउने लक्ष्मी खराब प्रवृत्ति भएको वर्गीय पात्र हो । लक्ष्मी आफूलाई सबै ठाउँमा चोखो राखेर अरुलाई अगाडि सारेर आफ्नो स्वार्थ पूरा गर्ने पात्र हो । उसको सोचाइ ऊ कहिल्यै पनि अप्ठ्यारो परिस्थितिमा नपरूँ भन्ने हुन्छ तर आफ्नो मनोकाङ्क्षा सिद्धि गर्न सधैँ अरुलाई अप्ठ्यारोमा पार्ने गर्दछ । उसका यस्तै-यस्तै छलकपट र जालझेलका प्रसङ्गहरूले उपन्यास भरिएको छ । र यी सबै प्रसङ्ग सामाजिक चेतनासँग सम्बन्धित छन् । समाजका खराब पात्रले आफ्नो मर्यादा भङ्ग गरी सबैलाई क्रुर व्यवहार गरेर सधैँ खराब बाटोमा लाग्ने प्रवृत्तिलाई लक्ष्मी मार्फत प्रस्तुत गरिएकाले लक्ष्मी एक वर्गीय पात्र हो ।

### ३.२.१.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा लक्ष्मीप्रसाद मञ्चीय पात्र हो । लक्ष्मी उपन्यासको प्रमुख पात्र हुनुका साथै उपन्यासकारको प्रतिनिधि पात्र र समाख्याता पनि हो । ऊ पूरै कथावस्तुमा स्वयं उपस्थित भएर घटनाक्रम वर्णन गरेको छ । उपन्यासमा लक्ष्मीको उपस्थिति भएपछि घटनाक्रम सँगसँगै उसले गरेका कार्यव्यापार र संवादका माध्यमबाट पनि उसलाई मञ्चीय पात्रका रूपमा परिचित गराउन सकिन्छ ।

लक्ष्मीले प्रत्यक्ष रूपमा उभिएर आफ्ना जीवनका सम्पूर्ण घटनाहरू प्रस्तुत गरेको छ । उसको संवाद र चारित्रिक कार्यव्यापारले उपन्यासको सृजनामा महत्वपूर्ण भूमिका खेलेको छ । उपन्यासकारले लक्ष्मीलाई नै आफ्नो दर्शन र सिद्धान्तको द्योतक बनाएर सम्पूर्ण सन्देश उही मार्फत पाठक सामु पेस गरेका छन् । उसको उपस्थितिले नै उपन्यास सफल बनेको छ । यसर्थ लक्ष्मीप्रसादले प्रत्यक्ष कार्य गर्नु भनेकै मञ्चीय पात्र हुनु हो ।

### ३.२.१.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा लक्ष्मीप्रसाद बद्ध पात्र हो । उपन्यासको कथानकको संरचनामा महत्वपूर्ण भूमिका खेलेकोले र अन्य पात्रको भन्दा औपन्यासिक स्थान उच्च रहेकाले ऊ बद्ध पात्र हो । लक्ष्मी सम्पूर्ण उपन्यास र उपन्यासका पात्रहरूसँग आबद्ध रहेको छ । उसकै संलग्नतामा अन्य पात्रका जीवनमा थुप्रै घटना घटेका छन् । सबै पात्रको जीवन विसङ्गत बनाउनुमा लक्ष्मीको महत्वपूर्ण भूमिका रहेको छ । उपन्यासको सम्पूर्ण घटना स्वयंले वाचन गरेकाले र ती घटनामा आफ्नो पनि बराबरको प्रस्तुति वा उपस्थिति भएका कारण लक्ष्मीप्रसाद एक बद्ध पात्र हो । उसलाई उपन्यासबाट हटाउन मिल्दैन । उबिना उपन्यासको संरचना नै भताभुङ्ग हुन्छ । उसले नै सुरु गरेर उसले नै विषयवस्तुलाई उत्कर्षमा पुऱ्याएको छ । लक्ष्मीको परम मित्र रवि र पत्रिकाको सम्पादक शिवराम दुवै पात्रको अस्तित्व लक्ष्मीबिना हराउँछ । त्यस्तै चन्द्रप्रसाद, पद्मनाभ, रोजिना रानी रूक्मिणी, सविता सिलवाल आदि जस्ता सहायक पात्रहरू लक्ष्मीकै सेरोफेरामा घुमेकाले पनि उसलाई बद्ध पात्रका रूपमा लिन सकिन्छ ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर ‘उपसंहार अर्थात् चौथौ अन्त्य’ उपन्यासको प्रमुख पुरुष पात्र लक्ष्मीप्रसादलाई उल्लिखित रूपमा व्याख्या गरिएको छ । उपन्यासमा उसको प्रस्तुति र उपस्थितिको पहिचान भएको छ । समग्रमा लक्ष्मीप्रसाद यस उपन्यासको महत्वपूर्ण पात्र हो । लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा उभिएको पात्र हो ।

### ३.२.२ रविको चरित्र विश्लेषण

रवि ‘उपसंहार अर्थात् चौथौ अन्त्य’ उपन्यासको अर्को प्रमुख पात्र हो । कृतिगत कार्य वा भूमिकाका आधारमा रवि अन्य पात्रको तुलनामा उपन्यासमा महत्वपूर्ण रहेको छ । लक्ष्मी काठमाडौं आउँदा रवि पनि उसकै साथ लागेर भित्रिएको हो । उपन्यासको समाख्याता र प्रमुख पात्र लक्ष्मी पश्चात् रविकै भूमिका बढी रहेको छ । रविको कार्यशृङ्खला सँगसँगै लक्ष्मी, शिवराम जस्ता अन्य पात्रहरूको कृतिगत कार्य जोडिएको प्रसङ्गले पनि रवि यस

उपन्यासको प्रमुख पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ । रविका माध्यमबाट उपन्यासकारले विसङ्गत परिस्थितिमा पनि न्याय र कर्तव्यको बाटो हिँडेर जीवनमा सङ्गति खोज्ने मानिसको ज्वलन्त उदाहरण प्रस्तुत गरेका छन् । रवि एक साहसिलो पात्र हो । ऊ व्यक्तिगत स्वार्थबाट माथि उठेर समाज र देशको लागि प्राणदान समेत गर्न तयार पात्र हो । लक्ष्मी र शिवराम जस्ता जाली पात्रको प्रत्यक्ष सिकार बनेको रवि जस्तोसुकै सङ्कटको अवस्थामा पनि आफ्नो आदर्शमा अडिग रहने दृढ विश्वास भएको पात्र हो । उपन्यासकारले आदर्शको प्रस्तुति गर्न प्रयोग गरेको रवि यस उपन्यासको प्रमुख पात्र हो । कथावस्तुको सुरुदेखि अन्त्यसम्म निरन्तर रूपमा आदर्श चरित्रको प्रस्तुति गर्दै आफ्नो स्वाभिमानलाई कतै पनि डगमगाउन दिएको छैन । रविको चरित्र मार्फत समाजमा विद्यमान कुसंस्कार, छलकपट, जालझेल, भ्रष्टाचार, यौन दूराचार आदि जस्ता विसङ्गत सेरोफेरोमा पनि मर्यादायुक्त, सत्कर्मले अगाडि बढ्ने, अपराधको विरोधी, अन्याय अत्याचारको विद्रोही पनि छन् भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । असत् पात्रहरूको खराब मनोविचारहरूको बिचमा उभिएर आदर्शमा कत्ति पनि आँच आउन नदिई समाज, देश र जनताका लागि देहत्याग गरेको पात्र रविलाई सहजै रूपमा यस उपन्यासको प्रमुख पात्र मान्न सकिन्छ ।

### ३.२.२.१ लिङ्गका आधारमा

पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा रवि यस उपन्यासको पुरुष पात्र हो । उपन्यासको समाख्याता लक्ष्मीप्रसादले सुरुवातमै उसलाई चिनाउने प्रयास गरेको छ । उपन्यासमा गरिएको रविको बाह्य वर्णन, नामकरण, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएका क्रियापदहरूबाट सहजै रूपमा रविलाई पुरुष पात्र घोषित गर्न सकिन्छ । लक्ष्मीले उसलाई यसप्रकार परिचित गराएको छ -

> 'ऊ नुहाउनदेखि प्रायः परहेज गरेर बस्ने एक दुब्लो-पातलो प्रकारको प्राणी थियो । गर्मीका यामहरूमा बेलाबखतमा नुहाइहाले पनि जाडोमा त्यस्तो कल्पना गर्नु अति कठिन त थियो नै उसका दृष्टिले अप्रिय पनि थियो । हिउँदमा उसले नुहायो भने कुनै ज्यादै महत्वपूर्ण क्षण वा सङ्कट आएछ भन्ठादा अपराध हुँदैन' (पृ.१) ।

रवि शारीरिक रूपमा दुब्लो-पातलो, अलि सफा सुग्घरबाट टाढा रहने, एकसुरको मानिस हो । साथै ऊ कविता पनि राम्रै लेख्थ्यो । उसलाई कवि भनेर पनि वर्णन गरिएको छ । कवि शब्दले पनि ऊ पुरुष पात्र नै हो भन्छ । 'रवि मलाई लाग्छ, उसको नाउँ रवि भएकाले ऊ चाँडो कवि बन्यो । रवि र कविको अनुप्रास राम्रो मेल पनि खान्छ' (पृ.१३) । यसप्रकार रविका लागि प्रयोग गरिएका क्रियापदले पनि ऊ पुरुष पात्र हो भन्न सकिन्छ । रवि एक भावुक र आत्मभिमानी पुरुष हो । रवि लक्ष्मी र शिवराम जस्ता समाजका

कुहिएका आलुबाट कहिल्यै प्रभावित भएन । यदि उसले चाहेको भए ती कुहिएका आलुको सङ्गत गरेर आफू पनि कुहिन सक्थ्यो । तर रवि स्वाभिमानी पात्र हो । जति नै सङ्घर्ष गर्नु परे पनि समाजका ठगीका राजाहरूसँग ऊ कहिल्यै पनि झुकेन । काठमाडौँ जस्तो सहरमा अभावमा बाँच्नु परे पनि उसले नराम्रो काम कहिल्यै गरेन । यसप्रकार रवि यस उपन्यासको साहसी र आदर्श पुरुष पात्र हो ।

### ३.२.२.२ कार्यका आधारमा

उपन्यासमा पात्रको कार्य वा भूमिकाका आधारमा रवि यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको कथावस्तु रविकै वर्णनबाट सुरु भएको छ । साथै जति-जति घटनावलीहरू निरन्तर रूपमा अगाडि बढ्छन् त्यति-त्यति रविको आदर्शले उचाई पाउँछ । तर अफसोच आफ्नो आदर्शका निमित्त लड्दा लड्दै उसले जीवन गुमाएको छ । यसरी उपन्यासमा लक्ष्मी र शिवराम सँगसँगै रविले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । लक्ष्मीको झुठो सफलताले केवल आवरण बोकेको छ तर त्यसभित्रको गुदी त रवि नै हो । रविबिनाको लक्ष्मी पूर्ण छैन । रविको सत्चरित्रको फाइदा उठाएर उसको काँधलाई आफ्नो सफलताको खुट्किलो बनाएर लक्ष्मी उकालो लागेको छ । त्यसकारण रवि त्यो भऱ्याङ हो जसलाई आधार बनाएर वा भनौं कुल्चिएर लक्ष्मी माथि उठेको छ । यसकारण रविको उपस्थिति उपन्यासमा मुख्य मान्न सकिन्छ । रविबाटै उपन्यासको सुरुवात भएको छ भने उसकै अन्त्यबाट कथावस्तुको समापन भएको छ । लक्ष्मीकै वरिपरि घुमेर उसले आफ्नो कार्यव्यापार गरेको छ । लक्ष्मी र शिवरामको असत् प्रवृत्ति र खराब व्यवहार मात्र निरन्तर रूपमा बगेको भए उपन्यास खँदिलो हुने थिएन । तर यी दुई असत्का बिच एउटा सत्पात्रले लडाइँ गरेर आफ्नो आदर्शलाई उचाई दिन गरेको कोसिसले उपन्यासलाई थप ऊर्जा दिएको छ ।

उपन्यासमा लक्ष्मीको संवाद र कार्यव्यापारमा रविको पनि बराबरको भूमिका रहेको छ । लक्ष्मीका खराब व्यवहारलाई सधैँ उसले आफ्नो आदर्शले प्रतिकार गर्ने कार्य गरेको छ । अरुलाई ढाँट्ने, छल्ने र अर्काको खाने काम रविले गरेको छैन । 'म कसैलाई अनैतिक साबित गर्न खोज्दिनँ । सोझो कुरा छ मेरो, आफूले तिर्छु भनेर खाएपछि खाएको पैसा तिर्नुपर्छ' (पृ.३१) । यस्ता आदर्शका वाक्यहरू प्रशस्त मात्रामा रविका संवादहरूमा पाइन्छ । यसले उपन्यासलाई गति प्रदान गर्न सहयोग गर्दछ । 'कति सम्झौता नजानेर भइरहेको हुन्छ, आजको युगमा । केही छोटामोटा सम्झौता विवशताले भइरहेका हुन्छन् । निमोनियाबाट जोगिन, फ्लु पाल्नु जस्तो, तर जीवनमा, जीवनलाई हेर्ने तरिका नै बद्लिने सम्झौता गर्न सकिँदैन' (पृ.५९) । रविको यस्तो भनाइले लक्ष्मीको घमण्ड केही समयका लागि भए पनि तोड्ने कार्य गरेको छ । उपन्यासमा प्रस्तुत भएका रविका संवादहरू तर्कपूर्ण छन् । उसको सोचाइ वैयक्तिक स्वार्थभन्दा धेरै टाढा रहेको छ । ऊ आफूभन्दा बढी समाज

र देशप्रति सोच्ने व्यक्ति हो । जब-जब अन्याय, अत्याचार, शोषण, भ्रष्टाचारको कुरा आउँछ त्यहाँ उसले विमतिका साथ आफ्ना कुरा राख्ने प्रयत्न गरेको छ । चाहे उसको मित्र रवि होस् वा सम्पादक शिवराम अनि प्रसाद राजा नै किन नहुन् ।

> 'रविले भन्यो - "सक्ने भए तेरो मेरो अन्तर नै के भयो ? मलाई राजनैतिक होमो सेक्सुअलिटी गर्न आउँदैन, म आफ्नो कलम चलाएर खान्छु, तर तँ ठान्दछस, तैँ आफ्नो पसिनाले कमाइरहेको छस् र म आफूलाई बेचेर कमाइरहेको छु ? पतनको यस्तो उदाहरण दुनियाँमा पाइन्न, तर यस्तै बखत हो, दस हजार गधाको बिचमा, एक्लै र एउटै भए पनि मानिसै हुन्छु म । तेरो डरले गधा बन्दिनँ, बुझिस् ? त्यसकारण तँ जस्तो मेरो तागत छैन गधा बन्ने' ( पृ.१००) ।

आफ्नो अस्तित्वमा थोरै पनि आँच आउन नदिई प्रतिकार गर्ने रविको यस्तो भूमिकाले उपन्यासमा आदर्शको पाठ सञ्चार गर्ने कार्य गरेको छ । रविको प्रतिरोधको कार्य उपन्यासका सबै प्रतिकूल पात्रहरूसँग भएको छ । जस्तोसुकै पद र ओहदाका मान्छे पनि उसका तर्कका अगाडि निरुत्तर हुन्छन् । उपन्यासमा रविले कतिपय ठाउँमा यस्ता नयाँ मोड ल्याउने कार्य गरेको छ । उसका सत्विचारले कहिलेकाहीँ त लक्ष्मी, शिवराम र प्रसाद राजा जस्ता पात्रहरूलाई पनि केही क्षण सोच्न बाध्य तुल्याएको छ । उसमा धन सम्पत्ति र आर्जित सम्मानको लोभ छैन । साथै आफूमा प्रतिभा भएकोमा पनि घमण्ड छैन । लक्ष्मीमा भएको खराब चरित्रको विपरीत उसमा सत्चरित्र मात्र छ । यही सच्चरित्रताले उपन्यासको घटनावलीलाई अगाडि बढाउने कार्यमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । उसमा दया, माया, स्नेह, चिन्ता, परिवर्तनशील सोचाइ अग्रगामी विचारहरू रहेका छन् । जसबाट अप्रत्यक्ष रूपमा केही पात्रले सान्तवना पनि पाउँछन् । रवि सबैमा समान भावना राख्ने पात्र हो । ऊ अरुको कुभलो होस् भन्ने चाहँदैन । लक्ष्मी जस्तो अरुको दुःखमा सुखको अनुभव हुँदैन उसलाई । अरुको दुःखले उसको मन छुन्छ ।

> 'उसले दुःखी स्वरमा बिस्तारै भन्यो - "दुवै आमाछोरी वेश्या बनिसकेका छन् । ...पहिले आमा बनी, छोरीका लागि, पछि छोरी बनी, आमाका लागि र ... दुवैको वेश्या बन्ने थालनी तैँबाट भयो । पहिले कोही पनि वेश्या थिएन, अहिले दुवै छन् । तैँले गर्दा" (पृ.१४०) ।'

आफूले चिन्ता लिनु नपर्ने, मानिसका बारेमा पनि उसको सकारात्मक सोचाइले पाठकलाई असत् कार्यको बिचमा सत्कार्य देख्ने अवसर मिलेको छ । कतिपटक त लक्ष्मीलाई आफूले गल्ती गरेको हुँ भन्ने सोच्न बाध्य बनाउँछ । यो रविको उपन्यासमा देखा परेको महत्वपूर्ण कार्य हो । प्रजातन्त्रको लागि मरिमेट्ने रविले प्रजातन्त्र प्राप्तिका लागि

प्रस्तुत गरेको भूमिका सम्माननीय छ । ऊ फल प्राप्तिको आशा राख्दैन । पहिला कर्म गर्नुपर्छ अनि मात्र फलको आशा राख्नुपर्छ भन्ने मान्यतामा हिँडेको पात्र हो ।

> ' - "तँ फेरि जान्छस् ?" मैले सोधेँ ।
>
> - "किन नजानु ?"
>
> - "तर बद्लिने केही होइन बाबू, बद्ल्यो भने, म यो देशै छाडिदिन्छु, आफ्नो कान फ्राइ गरिदिन्छु ।"...
>
> - "सुन् ... बद्लिन्छ, बद्लिँदैन भन्ने पछिको कुरो, बदलिनका लागि प्राण दिनेहरूले थालेको काममा, बदलिनु पर्दछ भन्नेहरूले साथ नदिनु नपुंसकता हुन्छ" (पृ.१४८) ।

क्रान्तिलाई सकारात्मक रूपमा हेर्ने रवि इमानदार र सहयोगी पात्र हो । उपन्यासमा उसको आदर्श पात्रको भूमिकाले उसलाई प्रमुख पात्र मान्न सकिन्छ । जहाँ-जहाँ अन्याय र अत्याचारका स्वर उठेका छन् त्यहाँ-त्यहाँ रविको न्यायपूर्ण वाणी विरोधमा गुञ्जिएको छ । प्रजातन्त्र प्राप्तिका लागि टाउको फुटाउन र ज्यान समेत दिन तयार रविको औपन्यासिक कार्य महत्वपूर्ण रहेको छ । 'ऊ त रक्ताम्मे थियो । हूलमा पुलिसको लाठो खाएर आएछ । टाउकैमा त्यो पनि । नुहाएजस्तै गरी रगत टाउकोदेखि जीउसम्म बगेको थियो' (पृ.१४७) । उपन्यासमा रविको यस्तो कार्यले उसलाई परिवर्तनको योद्धाको रूपमा चिनाउने प्रयास भएको छ । रविकै वर्णनबाट यस उपन्यासको सुरुवात भएको हो । लक्ष्मी र शिवराम जस्ता खलपात्रको कार्यमा विरोध गर्दै आफ्नो आदर्श बचाउने कार्यले उपन्यासलाई उत्कर्षमा पुऱ्याएको छ भने रविको अन्त्यसँगै उपन्यासको पनि अन्त्य भएको छ ।

> 'एक दिन नोकरीको आश्वासन दिने अफिसतर्फ ऊ जाँदै थियो । गर्मीले गर्दा उसको मुख च्याटच्याट सुकिरहेको थियो । एक ठाउँमा एउटा हाते कल देख्यो । ऊ खुसी भयो र एक हातले धाराको ह्यान्डिल चलाउन थाल्यो । अर्को हातले धाराको मुख थुनिरह्यो । दुई-चार पटक चलाएपछि धारोमा पानी भरियो । छचल्किन थाल्यो । त्यसपछि प्राप्त हुने तृप्तिको कल्पना गर्दै निहुरेर उसले धाराको मुख जोरेको मात्र के थियो, पिठ्यूँमा छुरा च्वाम्म रोपियो । ऊ त्यहीँ ढल्यो र मूर्च्छा पऱ्यो' (पृ.१७१) ।

रविको अन्त्यसँगै उपन्यासले अन्त्य लिनुमा समाजमा आदर्श व्यक्तिको विलय पछि समाज पनि परिवर्तन तर्फ लम्कन सक्दैन, योद्धाको अन्त्य भनेको युद्धको पनि अन्त्य हो भन्न सकिन्छ । रविले जे जति भूमिका उपन्यासमा निर्वाह गऱ्यो ती सबै औपन्यासिक वैशिष्ट्यका आधारमा अत्यन्त महत्वपूर्ण छन् । यसर्थ उसलाई यस उपन्यासको प्रमुख पात्र मानिन्छ । उल्लिखित उद्धरणहरूले पनि रविको औपन्यासिक कार्य कति महत्वपूर्ण छ भन्ने

कुराको पुष्टि गर्दछ । साथै उसलाई प्रमुख भूमिका निर्वाह गर्ने प्रमुख पात्र पनि साबित गर्न सकिन्छ ।

### ३.२.२.३ प्रवृत्तिका आधारमा

चरित्रगत प्रवृत्तिका दृष्टिले रवि अनुकूल प्रवृत्तिको चरित्र हो । उपन्यासमा रविलाई चिनाउने क्रममा नै ऊ एक सत्चरित्र भएको पात्रका रूपमा चिनाइएको छ । रवि लक्ष्मीको असल मित्र भए पनि चारित्रिक रूपमा यी दुईको ठूलो अन्तर रहेको छ । रवि सधैँ सकारात्मक सोचाइ राख्ने र अरुमा पनि त्यही सोचको विकास होस् भन्ने इच्छा राख्ने पात्र हो । उपन्यासमा उसको अनुकूल उपस्थिति रहेको छ । नैतिकता र जीवनको आदर्शलाई आफ्नो कर्तव्य मान्ने रवि उपन्यासको एक मात्र मुख्य सत्पात्र वा अनुकूल पात्र हो । उसको व्यवहारले कसैलाई पनि नराम्रो असर पार्दैन । उसको सोचाइ जति लचिलो र फराकिलो छ त्यति नै उसको व्यवहार पनि सकारात्मक छ । सबैमा समान भावना राख्ने, अन्याय, अत्याचारको विरोध गर्ने, विसङ्गतपूर्ण क्रियाकलाप र भ्रष्टाचार जस्ता अनैतिक कार्य रोक्न पहल गर्ने रवि यस उपन्यासको अनुकूल पात्र हो ।

लक्ष्मी र शिवराम जस्तो पत्रकारिताको पेसालाई उसले कहिल्यै पनि दुरूपयोग गरेन । अरुको करकापमा परेर कहिल्यै भ्रष्टाचार र अनैतिक कार्य गरेन । प्रजातन्त्रको लागि लडिरहेको रविलाई छुराप्रसार हुनुमा उसको सच्चरित्र र अनुकूल चारित्रिक प्रवृत्तिको पनि ठूलो हात छ । प्रतिकूल पात्रको बाहुल्यता भएको ठाउँमा अनुकूल पात्रको पाइला रोक्ने काम भएकै हुन्छ । 'रविको पिठ्युमा रोपिएको छुरा बडेबडे विशेषज्ञहरूले पनि झिक्न सक्दैनन्, यो प्रजातन्त्रको हास्यास्पद विकृतिप्रतिको ठूलो व्यङ्ग्य हो' (प्रधान, २०६१:४२५) । रविलाई छुरा रोपिनु भनेको परिवर्तनको वेगलाई रोक्ने प्रयास गर्नु हो । जुन प्रजातान्त्रिक मूल्य र मान्यताका आधारमा हास्यास्पद लाग्छ । आफ्नो सृजना दिउँसै लक्ष्मी जस्ता अपराधीले बेचेर बोक्रे इज्जत र सम्मान पाउँदा पनि ऊ चुप छ । उसले आफ्नो गरिबी र कमजोरीलाई बहाना बनाएर कहिल्यै पनि असत् कार्य गरेन । यहाँसम्म की खराब विचारलाई मनमा आउन समेत दिएन । यस्तो मनोविचारले रविलाई अनुकूल पात्र बनाउन मद्दत गरेको छ ।

उपन्यासमा रविका थुप्रै संवादहरू यस्ता रहेका छन् जसले उसलाई अनुकूल पात्र बनाएको छ । अनुकूल पात्रले जहिले पनि आफ्नो भूमिका र कार्यव्यापारद्वारा उपन्यासको कथावस्तुलाई न्याय गरिरहेको हुन्छ । त्यस्तै उपन्यासकारले पनि रविलाई अनुकूल पात्रका रूपमा उभ्याउन ऊ मार्फत घतलाग्दा संवादको प्रस्तुति गरेका छन् ।

> 'यो देशमा उहिल्यै प्रलय आइसक्नु पर्ने । मान्छेको यस्तो पतन भइसक्यो कि मान्छे होइन, यहाँ कुनै कुराको पनि हत्या हुन सक्छ, रक्षा हुँदैन । एउटा

सन्कीपन छ, क्षुद्रता र नीचताको । अनि हेर्नू, यसमा परिवर्तन आउन धेरैधेरै समय लाग्नेछ' (पृ.५४) ।

रविका यस्ता संवादले लक्ष्मी र शिवराम जस्ता पात्रको खराब गोरेटोमा परिवर्तनको आशा देखाउँछ । रविको कार्यले उपन्यासको कथावस्तु एउटै पथमा एकोहोरो भएर पतन हुनबाट जोगाएको छ । उसका प्रतिकारपूर्ण आवाज उपन्यास अनुकूल रहेका छन् ।

'मालिकले भन्यो - "रविजी, हुकुमसिंहको टेन्डर हामीले सिफारिस गर्नुपर्नेछ क्यार ! गरेर पठाइदिनुस्, धेरै दुःख पाइसक्यो ।"

रविले भन्यो - "त्यो मिल्दैन सर, त्यसले रीत पुऱ्याएको छैन । बरु ज्ञानबहादुरको एकदम रीतपूर्वक र उचित किसिमको आएको छ ।"

- "रीत पुगेको छैन भने, रीत पुऱ्याउन लाइदिनुस्, कत्रो कुरो हो र ?" मालिकले भन्यो ।

- "ठूलो कुरा हो सर ।" रविले भन्यो - "यही नै गर्ने भए, त्यत्रो घोषणा किन गर्नुपर्थ्यो, रीत नपुगेको निवेदनमाथि कुनै कारबाई हुने छैन ?"

- "त्यसको भएन भने, त्यसले भोकहड्ताल गर्छ ।"

- "आफ्नो अनियमितता, साबित गर्न, भोकहड्ताल गर्छ भन्ने भयले, अरुमाथि अन्याय हुन दिनु त ?"

- यस्ता कति काम देशमा भइरहको छन्, कति अनियमितता भइरहेका छन्, तपाईं कहाँकहाँ रोक्नुहुन्छ ?

- "जहाँजहाँ सकिन्छ ।" रविले जवाफ दियो ।

- "अरु सबै ठाउँमा रोक्नुहोला, यो एउटा छिराइदिनुस्, तपाईंको नैतिकताको प्रतिशत हाइएस्ट नै रहन्छ नि !"

- "होइन, म गर्दिनँ ।"

- "मैले भने पनि ?"

यहाँ रविले एकछिन पुलुक्क हेऱ्यो । अनि बिस्तारै भन्यो - "हो, तपाईंले भने पनि ।" (पृ.१२९)'

यहाँ रविले हाकिमसँग मिलेर टेन्डर पास गराइदिएको भए ऊ पनि प्रतिकूल पात्र हुन्थ्यो । तर उसले अन्यायलाई विरोध गरेर, आफ्नो काम र कर्तव्यलाई दुरूपयोग नगरेर न्यायका लागि उभिएर आफ्नो स्वर उठाएको छ । यही कारण ऊ उपन्यासमा अनुकूल पात्र साबित भएको छ । रवि समाज र देशको लागि, आफ्नो पेसाको न्यायका लागि, आफ्नो

अधिकार र कर्तव्यका लागि, स्त्रीको रक्षाका लागि, आफ्नो मान सम्मान र व्यक्तित्वका लागि सधैँ अनुकूल रूपमा उपस्थित भएको छ । उसको औपन्यासिक संवाद र कार्यव्यापारले उसलाई अनुकूल पात्रकै रूपमा क्रमशः डोऱ्याएको छ ।

### ३.२.२.४ स्वभावका आधारमा

स्वभावको आधारमा रवि यस उपन्यासको गतिशील पात्र हो । रवि समाजको आदर्श व्यक्तित्व भएको प्रतिनिधि पात्र हो । उपन्यासकार रवि मार्फत समाजमा अन्याय र अत्याचारका विरोधी, प्रगति र नयाँ आयामका लागि जागरूक मानिस पनि छन् भन्ने कुरा देखाउन चाहन्छन् । रविको औपन्यासिक कार्यले परिच्छेद पिच्छे नै गति लिएको छ । उसको न्याय र सत्कार्यका लागि निस्कने आवाजहरू स्थिर छैनन् । आफ्नो भूमिकालाई आदर्श व्यक्तित्व र विचारबाट गति दिने रविको चरित्र गतिशील छ । रविको कार्यले घटनावलीलाई अगाडि बढ्न प्रेरित गरेको छ । आफ्नो सत् चरित्रलाई पूरै कथावस्तुमा थोरै पनि डगमगाउन नदिई अन्त्य वरण गरेको छ । आफ्नो अनुकूल प्रवृत्तिलाई उसले निरन्तरमा दिई परिवर्तन गरेको छैन । लक्ष्मी, शिवराम, प्रसादराजा जस्ता व्यक्तिले जबरजस्ती उसलाई उसको मौलिक स्वभाव र व्यवहारमा परिवर्तन गराउने प्रयास गरे । यस बिच ऊ स्थिर भएर बसेन । आफ्नो इमान र स्वाभिमानको लागि प्रतिकार गरिरह्यो । रविको आदर्शको शिखर ढलाउन धेरै षड्यन्त्रको सृजना गरियो, पासो थाप्न कयौं जाल बिछ्याइयो तर पनि ऊ निरन्तर अगाडि बढी नै रह्यो । कतिपय अवस्थामा रवि आफ्नो बाटोको काँडा उत्साहपूर्वक झिकेर अगाडि बढेको छ भने कतिपय परिस्थितिमा बाटो नै परिवर्तन गरेको छ । यसबाट के पुष्टि हुन्छ भने ऊ आफ्नो पथमा रोकिएको छैन । सुरुमा लक्ष्मी र शिवरामका विरोधमा रहेको रवि पछि प्रजातन्त्र प्राप्तिका लागि आन्दोलन दबाउने समूहको विरोधमा पनि खडा रहेको छ । यसरी रवि एक आदर्श व्यक्ति, अन्यायको विरोधी, असल मित्र, असल कर्मचारी, लेखक र आन्दोलनको अभियानकर्ताका रूपमा समेत आफ्नो चरित्रलाई गतिशील बनाएकाले ऊ यस उपन्यासको गतिशील पात्र हो ।

### ३.२.२.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा रवि वर्गीय पात्र हो । उपन्यासमा रविको वैयक्तिक स्वभाव र गुण मात्र प्रस्तुत भए पनि समाजमा ऊ जस्तो आदर्श पात्र छन् भन्दै उभ्याइएकाले ऊ वर्गीय पात्र हो । आदर्शवान्, धैर्यवान्, सच्चरित्रता, क्रान्तिकारी, सहयोगी, भावकु र इमान्दार जस्ता गुणले युक्त रविले समाजको आदर्श पात्रको प्रतिनिधित्व गरेको छ । समाज र देश जतिसुकै भ्रष्ट भए पनि त्यहाँ भ्रष्टाचारको विरोधी र न्यायप्रेमी हुन्छन् । त्यही वर्गको प्रतिनिधि पात्र भएकाले उसलाई वर्गीय पात्र भनिएको हो । रवि सामाजिक वर्गीय परिवेशसँग नजोडिएर पनि उसका वैयक्तिक विशेषताहरूले उसलाई सामाजिक वर्गका

त्यस्तै अन्य पात्रसँग जोडिदिएको छ । ऊ व्यक्तिगत स्वार्थ नभएको नितान्त भिन्न पात्र हो । आफ्नो वैयक्तिक इच्छालाई टाढा राखेर त्यसभन्दा माथि उठ्दै देश र समाजको लागि अघि बढ्ने रवि वर्गीय पात्र हो ।

### ३.२.२.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा रवि मञ्चीय पात्र हो । उपन्यासको पहिलो परिच्छेददेखि अन्तिम परिच्छेदसम्म केन्द्रीय भूमिका निर्वाह गर्दै आफ्नो कार्यव्यापार गरेको छ । ऊ कथावस्तुबाट कतै पनि छेउ लागेको छैन । लक्ष्मीप्रसाद र शिवरामसँगै प्रत्यक्ष रूपमा ऊ पनि उपस्थित देखिन्छ । उपन्यासमा रविको उपस्थिति भएपछि घटनाक्रम सँगसँगै उसले गरेका कार्यव्यापार वा संवादले उसलाई मञ्चीय पात्र बनाएको छ । उपन्यासकारले विसङ्गति र भ्रष्ट समाजमा हराइरहेको पाठकलाई रविको उपस्थितिमा थोरै मात्र भए पनि आदर्श, धैर्य र मर्यादाको सूचक बनाएर प्रस्तुत गरेका छन् । रवि मार्फत जस्तोसुकै परिस्थितिमा पनि मानिसले आफ्नो मौलिक सत् व्यवहारलाई परिवर्तन नगरी धैर्य गरेर न्यायको बाटो हिँड्नुपर्छ, अन्याय अत्याचारको विरोध गर्नुपर्छ भन्ने सन्देश दिएका छन् । रविको उपस्थिति उपन्यासको महत्वपूर्ण पक्ष हो । पूरै उपन्यासमा लक्ष्मी र शिवराम जस्ता पात्र सँगसँगै संवाद र कार्यव्यापार गर्ने रवि उपन्यासको मञ्चीय पात्र हो ।

### ३.२.२.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा रवि बद्ध पात्र हो । रविलाई यस उपन्यासको कथावस्तुबाट छेउ लगाएर उपन्यासको चर्चा गर्नु व्यर्थ हुन्छ । रविलाई झिक्दा उपन्यासको स्वरूप नै बिग्रन्छ । रविलाई घटनावस्तुले डोऱ्याएर उपन्यासको यात्रा गराएको छ । रवि रोकियो वा हरायो भने त्यहींबाट घटनावस्तु खुकुलो हुँदै जान्छ । रविको कार्यव्यापारले पनि घटनाक्रम अगाडि बढ्न मद्दत गरिरहेको छ । विशेष गरी लक्ष्मी र शिवरामको यात्रा रविबिना अधुरो र अपुरो छ । उपन्यासको दुःखद् अन्त्य हुनुमा रविको भूमिका पनि महत्वपूर्ण छ । जुन हतियारलाई साथ लिएर लक्ष्मी र शिवरामले कयौं पटक आफ्नो स्वार्थ पूरा गरे, त्यो रवि नै थियो । रविकै आदर्शलाई कुल्चिएर उनीहरू सफल भएका हुन् । यसकारण रविबिना उपन्यास र यसका अन्य पात्रको अस्तित्व रहँदैन । रविले सबै पात्रसँग समान सम्बन्ध राखेर अगाडि बढेकाले ऊ सबैसँग आबद्ध छ । उसलाई उपन्यासबाट हटाउँदा उपन्यास खलबलिन्छ । यसर्थ रविलाई बद्ध पात्रका रूपमा लिन सकिन्छ ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर 'उपसंहार अर्थात् चौथौ अन्त्य' उपन्यासको प्रमुख पुरुष पात्र रविको चारित्रिक वैशिष्ट्यताका आधारमा विश्लेषण र

पहिचान गर्ने काम माथि गरिएको छ । समग्रमा भन्दा रवि यस उपन्यासको साहसी र दृढ विश्वास भएको महत्वपूर्ण पात्र हो । लिङ्गका आधारमा पुरुष, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा रवि उभिएको छ ।

### ३.२.३ शिवरामको चरित्र विश्लेषण

शिवराम 'उपसंहार अर्थात् चौथौ अन्त्य' उपन्यासको सहायक पुरुष पात्र हो । ऊ 'दीप्तिमान' पत्रिकाको सम्पादक हो । शिवराम उपन्यासको सशक्त पात्रका रूपमा देखा परेको छ । पत्रकार र पत्रकारिता पेसालाई शिवराम जस्ता प्रतिकूल पात्रले कसरी दुरूपयोग गरिरहेका छन् भन्ने कुरा उपन्यासमा प्रस्तुत गर्न खोजिएको छ । सहायक मन्त्रीको आर्थिक सहयोगबाट पत्रिका चलाइरहेको शिवराम जति धनी भए पनि आफ्ना कर्मचारीका अगाडि ऊ सधैँ तलब खुवाउन नसक्ने बहाना गर्छ । पत्रिकाका लागि आएको पैसा आफ्नो निजी स्वार्थ पूरा गर्न, श्रीमतीको आवश्यकता पूरा गर्न, छोराछोरीलाई राम्रा र महङ्गा विद्यालयमा पढाउन, घर, जग्गा जमिन जोड्नमा खर्चने शिवराम असल पात्रका रूपमा प्रस्तुत छैन । उसका क्रियाकलापले विकृति, विसङ्गति र भ्रष्टाचारलाई प्रस्तुत गरेको छ । आफ्नो मात्र भलो चाहने ऊ नैतिक क्षय भएको पात्र हो । शिवरामको उद्देश्य पैसा प्राप्ति गर्नु हो । यसका लागि उसले मन परेका हाकिम वा मन्त्रीको पक्षमा समाचार छपाउनु पर्ने हुन्छ । यस्तो क्रममा साँचो समाचार फेरबदल गरेर झुटो र झुटो समाचारलाई साँचो बनाएर क्षणभरमै आफ्नो रङ्ग बदलेर काम गर्ने प्रवृत्तिका कारण पनि शिवराम उपन्यासको विषयवस्तुप्रति अनुकूल हुन सकेको छैन । शिवरामको पहुँच माथिल्ला स्तरका हाकिम, मन्त्री र प्रधानमन्त्रीसम्म पुगेकाले पनि उसले पत्रिकाको उचित प्रयोग गर्न सकेको छैन । निर्विवाद रूपमा खबरहरूको सम्प्रेषण गर्नुपर्ने पेसालाई उसले केही रूपैयाँका लागि बेचेको छ । उपन्यासमा लक्ष्मीसँग सहकार्य गरेर शिवरामले नेपाली समाजका युवाहरूमा रहेको विसङ्गतिलाई प्रस्तुत गर्दछन् । पैसाको लागि जस्तो सुकै पनि कार्य गर्न पछाडि नपर्ने युवाहरूले गैरजिम्मेवार भएर आफ्नो स्वार्थ मात्र प्रस्तुत गरेका छन् । शिक्षित पात्रकै रूपमा देखिने शिवराम आफ्नी श्रीमतीको सुन्दरतालाई समेत दुरूपयोग गर्ने पात्र हो । अप्रत्यक्ष रूपमा भए पनि शिवरामले तलब मागिरहेका भोका कर्मचारीको पेट भरिदिन नसकेपनि श्रीमतीको सुन्दरताबाट केही क्षणका लागि राहत दिने प्रतिकूल कार्य गरेको छ । जुन सामाजिक विकृतिको रूपमा हाम्रो समाजमा चल्दै आएको छ । शिवराम अवसरवादी पात्र हो । नैतिकता र आदर्श उसमा कहीँ कतै पनि पाउन सकिँदैन । यस्तै-यस्तै चरित्रगत प्रवृत्तिका साथ प्रस्तुत भएको शिवराम यस उपन्यासको महत्वपूर्ण सहायक पात्र हो ।

### ३.२.३.१ लिङ्गका आधारमा

पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा पात्रहरू स्त्री र पुरुष गरी दुई प्रकारका हुन्छन् । यस आधारमा शिवराम यस उपन्यासको पुरुष पात्र हो । सर्वप्रथम त उसको नामले नै उसलाई पुरुष पात्रका रूपमा चिनाउँछ । यसबाहेक उपन्यासमा गरिएको शिवरामको बाह्य वर्णन, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएका क्रियापदहरूबाट सहजै रूपमा पुरुष पात्र मान्न सकिन्छ । लक्ष्मीको विकृतिजन्य गतिविधिको सहयात्री र एक भ्रष्ट सम्पादकको रूपमा उपन्यासमा शिवरामको चर्चा गरिएको छ ।

'कहिलेकाहीँ नशाको सुरमा भन्थ्यो पनि - "दिए, यो देशको प्रधानमन्त्रित्व नै चलाइदिन्छु, अरु के कुरा ?"'

' - "जाँड खाएर कि नखाएर चलाउनुहुन्छ दाइ ?" मैले एक दिन त्यस्तै भनेपछि सोधिदिएँ' (पृ.१७) ।

शिवराम र लक्ष्मी बिच भएको माथिको संवादमा लक्ष्मीले शिवरामलाई 'दाइ' भनेर सम्बोधन गरेको छ । 'दाइ' पुरुष जाति जनाउने शब्द हो । यसकारण पनि शिवराम एक पुरुष पात्र हो । यसका साथै शिवराम स्वयंले पनि आफूलाई यसप्रकार परिचित गराएको छ -

' "म !" शिवराम आफ्नो रोमान्टिक फिटको चरम सीमामा पुगेर बोल्यो - "म प्रधान सम्पादक हुँ, त्यसकारण त्यसले चाहिँ फर्स्ट प्रुफ म हेरूँला (पृ.२१) ।"'

यस्तै संवादहरूले शिवरामको परिचय दिएका छन् । ऊ एक सम्पादक हो वा भनौं प्रधान सम्पादक । यही पदमा रहेर पुरुष पात्रको भूमिकामा उसले आफ्नो औपन्यासिक कार्य सम्पन्न गरेको छ ।

### ३.२.३.२ कार्यका आधारमा

कृतिगत कार्य वा भूमिकाका आधारमा शिवराम यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको घटनाक्रमलाई शिवरामले डोऱ्याएर एउटा उत्कर्ष प्रदान गरेको छ । चाकडी प्रवृत्तिलाई विशेष रूपमा उपन्यासकारले शिवराम मार्फत प्रस्तुत गरेका छन् । लक्ष्मी भन्दा शिवराम माथिल्लो तहका व्यक्तिसँग बढी हेलमेलमा छ । ऊ आफ्नो स्वार्थ पूर्तिका लागि ठूला मानिससँग सम्बन्ध राख्ने धेरै प्रयास गर्छ । यस्तो प्रयास उपन्यासभर जारी छ । कतिपय अवस्थामा लक्ष्मी जस्ता पात्रको साथ लिएर त कतिपय अवस्थामा एक्लै पनि आफ्नो सम्बन्ध विकासमा लागेको छ । पत्रकारिता पेसालाई भ्रष्टाचारको माध्यम बनाएर पैसा कमाउने सम्पादक शिवराम एक भ्रष्ट पुरुष हो । उसका दुई रूप छन् । एकै परिस्थितिमा दुई फरक व्यक्तिसँग समान सम्बन्ध र व्यवहारका साथ काम गर्ने क्षमता छ ।

ऊ नजानिँदो तरिकाले भ्रष्टाचार गर्छ । उसका खराब कार्यले उपन्यास भरिएको छ । संवाद र कार्यव्यापारका हिसाबले उसले उपन्यासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । उसको भूमिका कथावस्तुबाट हटाउन मिल्दैन यसकारण ऊ यस उपन्यासको प्रमुख पात्र हो ।

> 'ऊ आफूलाई सबभन्दा योग्य मान्दथ्यो, यही उसको सबभन्दा ठूलो योग्यता थियो । ज्यादै कम देखिन्थ्यो त्यस्तो आत्मविश्वास । त्यसै आत्मविश्वासको सहायताले ऊ आफूलाई प्रधानमन्त्री घटी नमाने पनि, सहायता सहायक मन्त्रीको लिन्थ्यो' (पृ.१७) ।

आत्मविश्वासले भरिएको शिवराम अनैतिक कार्यका लागि उपन्यासमा उपस्थित छ । ठगी र जालझेल उसको मनस्थितिमा गहिरोसँग बसेको छ । आफ्ना कर्मचारीलाई तलब दिन नसकेको बहाना गर्छ । अफिसमा श्रीमती ल्याएर उसको मुस्कानद्वारा कर्मचारीको आक्रोसलाई कम पार्ने कार्य समेत उसले गरेको छ । उसले अप्रत्यक्ष रूपमा श्रीमतीको शोषण गरेको छ । ठूला व्यक्तिबाट फाइदा हुने देख्ने बित्तिकै उसका बारेमा राम्रा कुरा बढाइचढाइ लेख्न लगाएर प्रकाशित गराउनु उसको स्वभाव हो । साथै माथिको आदेश पाएपछि राम्रा मान्छेको पनि खुट्टा तान्न र मनोबल गिराउन उसका बारेमा नराम्रा समाचार सम्प्रेषण गर्न समेत शिवराम पछि नपर्ने पात्र हो ।

> ' -"लेख्नू, चन्द्रप्रसाद प्रधानमन्त्री हुने योग्यता राख्नुहुन्छ । त्यसकारण उहाँलाई प्रधानमन्त्री बनाएमा, देशका योग्यतम प्रधानमन्त्री ठहरिन सक्नु हुनेछ । व्यवस्था र राजाको हितमा पनि अहिले उहाँलाई नै प्रधानमन्त्री बनाउनु उचित देखिन्छ" (पृ.५२) ।

यस्ता गलत समाचार सम्प्रेषण गर्न पत्रकारहरूलाई प्रेरित गर्ने शिवराम सम्पादकको पदमाथि अन्याय गर्ने र आफ्नो अधिकारलाई दुरूपयोग गर्ने व्यक्ति हो । पद र पावरको साथ दिएर जनताका आँखामा छारो हाल्ने शिवराम खराब स्वभाव भएको पात्र हो । उसका यस्तै खराब व्यवहारले उपन्यासको कथावस्तुलाई गति प्रदान गरेको छ । पत्रिका उसको कमाइको साधन हो । कर्मचारीको शोषण गरेर ऊ पत्रिका घाटामा गएको र समयमा तलब दिन नसकेको नाटक गर्छ । जब कि पत्रिकाका नाममा आएका पैसा ऊ एक्लै खान्छ । उसको पत्रिका सहायक मन्त्रीको सहयोगबाट चलेको छ । मन्त्री तथा नेताहरूको चाकडी गरेर वा धम्क्याएर उनीहरूबाट पैसा असुल गर्नु शिवराम आफ्नो परम कर्तव्य ठान्दछ । शिवरामको निर्णयले पत्रिकामा कोही व्यक्तिलाई प्रशंसा र कोहीलाई गाली दिइन्छ । तर ऊ यस मामलामा चोखो रहेर अरुलाई नै यसको जिम्मेवार बनाई दिने पात्र हो । उसमा आफू पत्रिकाको सम्पादक भएकोमा अहम छ । आफ्नो निर्णय नै अन्तिम हुनुपर्छ भन्ने उसको मान्यता छ ।

> 'सम्पादकले एउटा रमाइलो कुरो भने सबैलाई सुनाएर भनिदियो । हामीले सुन्यौं । मनमनै गाली गऱ्यौं । उसले भनेको थियो- "भाइ हो, अखबार निकाल्ने हो भने हाकिमहरूसँग आत्मीयता कम गर्नुपऱ्यो । गर्दै नगर्न भनेको होइन, तर अखबारै बन्द हुने गरी गरिदिन भएन । म पो सम्पादक हुँ, त्यसैले ...अबदेखि अपनत्वको सीमा मलाई तोक्न दिनुस्, अखबार निकाल्ने हो भने ...' (पृ.६७) ।

आफूभन्दा तल्लो तहका कर्मचारी सधैँ तल्लो स्तरमा नै रहून् र आफूलाई टक्कर नदिऊन् भन्ने इच्छा राख्ने शिवराम छिनछिनमै रूप र विचार दुवै बदल्ने पात्र हो । जहाँ आफूलाई लाभ हुने ठाउँमा ऊ तुरून्त परिवर्तन भइहाल्छ र अरुलाई पनि सोही परिस्थितिमा परिवर्तन हुन बाध्य तुल्याउँछ ।

छेपारोले रङ्ग परिवर्तन गरे झैं आफ्नो व्यवहार परिवर्तन गरेर ऊ उपन्यासमा प्रस्तुत भएको छ । तर पछि घाटाकै कारण पत्रिका बन्द भएपछि लक्ष्मीको सहयोगबाट ऊ गार्मेन्ट व्यवसायमा लाग्छ । शिवरामको भूमिका गम्भीर खालको छैन । ऊ सधैँ सबै कुरालाई हलुका रूपमा लिने पात्र हो । शिवरामले नैतिक रूपमा कमजोर पात्रको प्रतिनिधित्व गरेको छ । आफ्नो घमण्ड र रवाफका कारण ऊ काठमाडौं जस्तो सहरमा धन सम्पत्ति र राम्री श्रीमतीका साथ सानसँग हिँडेको छ । आफूलाई फाइदा हुने सम्भावनाको एउटा झिल्को पनि देख्नासाथ ऊ मौका छोपिहाल्छ । यस्तै प्रवृत्तिका साथ उपस्थित भएको शिवराम यस उपन्यासको प्रमुख पात्र हो । पैसा छैन भन्दै श्रीमतीलाई गहनाले पुर्ने, घुमाउन र सपिङ गर्न लैजाने, छोराछोरीलाई महङ्गो विद्यालयमा पढाउने शिवराम स्वार्थी पात्र हो । उसले आफ्ना स्वार्थलाई अग्रस्थानमा राखेर भूमिका निर्वाह गरेको छ । शिवराम जस्ता पात्र हाम्रो समाजमा कसरी अस्तित्वमा रहिरहेका छन् भन्ने कुरा प्रमुख रूपमा उपन्यासकारले उसकै चरित्रबाट प्रस्तुत गरेकाले उसको औपन्यासिक कार्य महत्वपूर्ण रहेको छ । यसप्रकार शिवराम यस उपन्यासको प्रमुख पात्र हो ।

### ३.२.३.३ प्रवृत्तिका आधारमा

चरित्रगत प्रवृत्तिका दृष्टिले शिवराम प्रतिकूल प्रवृत्तिको चरित्र हो । 'दीप्तिमान' पत्रिकाको सम्पादक शिवराम सम्पादकको नाममा भ्रष्ट पुरुष हो । पत्रकारिता जस्तो देशको महत्वपूर्ण र संवेदशनशील क्षेत्रलाई उसले हलुका रूपमा लिएर दुरूपयोग गरेको छ । सही समयमा सही सूचना पाउनु पर्ने जनताको अधिकार हनन गरेको छ । 'सम्पादक' पद शिवरामको देखावटी पहिचान हो । वास्तवमा ऊ एक चाकडी प्रवृत्तिको व्यक्ति हो । उसले पैसालाई नै सबैभन्दा ठूलो शक्ति मान्छ । पैसा र देखावटी सम्मान पाइन्छ भने ऊ तलुवा चाट्न पनि पछि पर्दैन । उसले सेवाको नाममा देश र जनतालाई धोका दिएर भ्रममा राखेको छ । आफ्नो खराब कार्यमा लक्ष्मीलाई पूर्णतयाः सामेल गरेको छ । यद्यपि, लक्ष्मी

पनि खराब प्रवृत्तिको पात्र नै हो । तर रवि जस्तो आदर्शको पुजारीलाई पनि उसको मौलिक स्वभावबाट परिवर्तन गराउने गलत प्रयास गरेको छ । यस्ता-यस्ता प्रतिकूल चारित्रिक विशेषताले शिवरामलाई उपन्यासमा प्रतिकूल पात्रको रूपमा उभ्याएको छ ।

शिवराम पढेगुनेको विद्वान पनि होइन । तर कुरा भने धेरै ठूला गर्छ । ऊ आफ्नो शैक्षिक योग्यता लुकाएर घमण्ड प्रस्तुत गर्छ । सधैँ आफ्नो निर्णयबाट पत्रिका र पत्रकार चलून् भन्ने सोच राख्छ । आफ्नो कर्मचारीलाई तलब खुवाउन नसक्दा कर्मचारीलाई अल्झाउन सुन्दर श्रीमतीको प्रयोग गर्छ । जसबाट भड्किएका कर्मचारीहरू केही समयका लागि शान्त हुन्छन् । यो जति खराब कार्य अरु के नै हुन सक्छ र ?

> 'एउटा कुरा अर्को । हामीलाई टार्नलाई प्रधानमन्त्री पनि फेल खाने देख्यो भने सम्पादक आफ्नी स्वास्नीको प्रयोग गर्दथ्यो ।
>
> स्वास्नी कहिल्यै फेल खान्दानी मात्र होइन, उसले भनी भने, हामी सबै महिनौंसम्म अवैधानिक काम गर्न पनि राजी हुन्थ्यौं, बिना कुनै विद्रोह, यसमा शंकै थिएन
>
> यो कुरा बेग्लै हो कि पैसा नदिनका लागि जबजब सम्पादक स्वास्नीको उपयोग गर्थ्यो, हामी मान्दथ्यौं ।
>
> तर पछि सबै जना मिलेर विचार प्रकट गर्दथ्यौं, सम्पादक कति नीच रहेछ, हामीलाई परास्त गर्न स्वास्नीको रूप र यौवन प्रयोग गर्न पनि हच्किँदैन । त्यस्तै मानिस पऱ्यो भने त्यसभन्दा पनि मास्तिर उक्लिन के बेर ? अथवा हामी त हामी, हामीभन्दा ठूला मानिस र यसकी स्वास्नीका बीच यसले कस्तो सम्बन्ध कायम गराएको होला ? यस्तैयस्तै' (पृ.१५) ।

श्रीमतीको सुन्दरतालाई पनि दुरूपयोग गर्ने शिवराम प्रतिकूल प्रवृत्ति भएको पात्र हो । उसका प्रतिकूल चरित्रलाई नियाल्दा नैतिकतामाथि नै प्रश्न चिह्न खडा हुन्छ । आफ्ना छोराछोरीको भविष्यका लागि महङ्गा विद्यालय पढाउने शिवराम जनताका पनि छोराछोरी छन् भन्ने कदापि सोच्दैन । पत्रकारको हकमा हुने पैसा पारिवारिक खर्च र जाँड रक्सीमा उडाउँछ । शिवराम कर्मचारीदेखि हाकिमसम्मलाई सिकार बनाएर आफू तटस्थ रहेर स्वार्थपूर्ति गर्दछ । यही कारण ऊ काठमाडौँमा इज्जतका साथ बसेको छ । 'श्रीमतीलाई गहनाली ढाक्ने र छोराछोरी दार्जिलिङमा पढाउने शिवराम सधैँ टाट पल्टेको अभिनय गर्छ । पीतपत्रकारिताको नमुना बनेर देखिएको शिवराम मौकाको फाइदा उठाउन हदै सिपालु छ । ऊ लक्ष्मीको कार्यसुलभताबाट प्रभावित छ तर रविलाई भने पटक्कै मन पराउँदैन । राज्यमन्त्रीको छत्रछाया पाउनासाथ ऊ सहायक मन्त्रीलाई धोका दिएर कृतघ्नताको परिचय दिन्छ' (बराल र एटम, २०६६:२८३) । उल्लिखित प्रसङ्ग शिवरामकै चरित्रको वर्णन हो ।

जहाँ ऊ कहीँ कतै पनि सकारात्मक र उपन्यासको कथावस्तु अनुकूल देखिँदैन । आफ्नो निजी स्वार्थका लागि शिवरामले मन्त्री सम्मलाई पनि  धोका दिएको छ । उसले अप्रत्यक्ष रूपमा नै सबैलाई उपयोग गरेर फाइदा बटुलेको छ । शिवराम बाहिर ठिक्क पारेर भित्र मुटु कलेजो रेट्ने पात्र हो । उसले हाँसोमा नै धेरै कुरा खराब गरेको छ । शिवराम सदैव आफ्नो प्रभाव अरुमा पार्छ । उसमा नैतिक गुणहरू देखिँदैनन् । गरिब जनताको शोषणमा ऊ रमाउँछ । सबै तह र वर्गका मानिसलाई कहाँ र कुन तरिकाले उपयोग गरेर पैसा कमाउन सकिन्छ त्यहीँ शिवरामको ध्यान जान्छ ।

> 'भोलि यो राज्यमन्त्री त हुन्छ, तर उसलाई प्रधानमन्त्रीका लागि योग्य देख्ने हुनाले ऊ मसित सधैँ प्रसन्न रहिरहन्छ, किनभने प्रधानमन्त्री लायक देख्ने, म हुन्छु र राज्यमन्त्री बनाउने अर्कै हुन्छ बुझ्यौ' (पृ.५२) ।

दुई मन्त्रीलाई धूर्त शिवरामले आफ्नो चालद्वारा बराबरको ठाउँमा राखेको छ । दुवैलाई बराबर महत्वका साथ उपयोगमा ल्याएको छ । उपन्यासमा लक्ष्मी र शिवराम दुवै पात्रलाई तराजुमा तौलिए पनि यी दुई घटबढ छैनन् । अहम वृत्तिले भरिएका र स्वार्थी मानसिकता बोकेका पात्र भएकाले यिनलाई घटना अनुकूल मान्न सकिँदैन । सधैँ अरुलाई षड्यन्त्रमा पारेर दाउको खोजीमा रहने शिवरामको वर्णन गर्न लायक असल गुणहरू उपन्यासमा कहीँ पनि देखा पर्दैन । असत् व्यवहार र असत् चरित्रले उसलाई प्रतिकूल बनाएको छ । शिवराम विकृत मानसिकता बोकेर अगाडि बढेको पात्र हो । आफ्नो इमान र नैतिकतालाई बेचेर समाजको धनी बन्न खोज्ने शिवराममा आदर्श देखिँदैन । मान, सम्मान, न्यायको वकालत, महिला अधिकारको पक्षधर, विकासमा गतिशील, प्रजातन्त्रको अनुयायी जस्ता गुणहरूको अभाव हुनु नै शिवराम खराब पात्र हुनु हो । यस्तै अवगुणका कारणले गर्दा उपन्यासमा शिवराम खलपात्र वा प्रतिकूल पात्रका रूपमा उपस्थित भएको छ ।

### ३.२.३.४ स्वभावका आधारमा

स्वभावका आधारमा पात्रलाई स्थिर र गतिशील गरी दुई रूपमा छुट्याइन्छ । स्वभावको आधारमा यस उपन्यासको पात्र शिवराम गतिशील पात्र हो । आफ्ना व्यक्तिगत स्वार्थ पूरा गर्न उसले समय र परिस्थिति अनुसार आफूलाई परिवर्तन गरेको छ । उसको चारित्रिक विशेषता ठाउँ-ठाउँमा फरक देखिएको छ । सहायक मन्त्रीसँगको मिलोमतोमा पत्रिका सञ्चालन गरेर आफ्ना कर्मचारीलाई आश्वासन मात्र दिएर पैसा जति आफ्नो पोल्टामा हाल्ने शिवरामको भ्रष्ट व्यवहारले पनि उपन्यासमा एउटै गति लिएको छैन । पाएसम्म ऊ सियो बनेर पस्ने र फाली बनेर निस्कने स्वार्थी पात्र हो । शिवराम एक अवसरवादी चरित्र हो । सधैँ अवसरको खोजीमा बस्ने र अवसर पाउना साथ सोझा-साझा निमुखालाई हतियार बनाएर काम फत्ते गर्नु उसको चारित्रिक वैशिष्ट्य हो । उपन्यासभरि

शिवरामले प्रतिकूल चरित्र प्रस्तुत गरे पनि यसप्रति उसको सोचाइ र दृष्टिकोण भने एकै प्रकारको छैन । जालझेलका पनि अलग-अलग रूप उपन्यासको घटनावलीका क्रममा देख्न पाइन्छ । कुनै एक निश्चित सोच र व्यवहारका साथ ऊ अगाडि नबढेकाले शिवराम यस उपन्यासको गतिशील पत्र हो ।

### ३.२.३.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा पात्रलाई व्यक्तिगत र वर्गीय गरी दुई रूपमा छुट्याइन्छ । जीवनचेतनाका आधारमा शिवराम वर्गीय पात्र हो । उपन्यासमा उसले समाजको उच्च वर्गको व्यक्तिको चारित्रिक वैशिष्ट्यको प्रस्तुति गरेको छ । उपन्यासमा शिवराम आफ्नो व्यक्तिगत स्वार्थले पूर्णतया ग्रस्त रहेको छ । मौका अनुसार अवसर छोपेर पैसा कुम्ल्याउने शिवराम आफ्नो आस्था बेचेर खाने पात्र हो । कालोलाई सेतो साबित गर्न सक्ने शिवराम भ्रष्ट मनोवृत्तिले ग्रस्त पात्र हो । उपन्यासमा ठूलो हुने, माथि पुग्ने, माथिल्लो वर्गका मानिससँग देखावटी सम्बन्ध बनाएर प्रशस्त सम्पत्ति आर्जन गर्ने धुनमा एकनासले लागेको छ । उसले घटनावलीको कुनै पनि मोडमा कसैका लागि सोच्ने फुर्सदसम्म पनि पाएको छैन । अझ भनौं आफ्नो भन्दा बाहेक ऊ कसैबारे सोच्दै सोच्दैन । उसको भ्रष्टाचार, अनैतिक कार्य, आपराधिक मनोवृत्ति, धोका, दिने पवृत्ति जस्ता क्रियाकलापको मात्र उपन्यासमा प्रस्तुति पाइन्छ । समाजका उच्च ओहदाका व्यक्तिले साना व्यक्तिको प्रयोग गरेर ठूला व्यक्तिसँग कसरी सम्बन्ध कायम गर्छन् भन्ने कुरा शिवरामको भूमिकाबाट प्रस्तुत गर्न खोजिएकाले शिवराम यस उपन्यासको वर्गीय पात्र हो ।

### ३.२.३.६ आसन्नताका आधारमा

आासन्नताका आधारमा पात्रलाई मञ्चीय र नेपथ्य गरी दुई रूपमा छुट्याइन्छ । उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा शिवराम मञ्चीय पात्र हो । शिवराम एक प्रमुख पुरुष पात्र पनि हो । लक्ष्मी र शिवराम चारित्रिक विशेषताका आधारमा धेरै नजिक र मिल्दाजुल्दा चरित्र हुन् । उपन्यासमा शिवराम प्रत्यक्ष उपस्थित भएको कुरा समाख्याताको घटनावलीको वर्णनबाट प्रस्ट हुन्छ । ऊ स्वयं लक्ष्मीसँग मिलेर देश र जनतालाई कालो बजारमा बेचिरहेका देखिन्छन् । रवि जस्ता पात्रलाई आफ्नो आदर्शबाट विचलित गराउन कठिन प्रयास गर्ने काममा शिवराम पनि लक्ष्मी जत्तिकै भागीदार छ । भ्रष्ट र पतित व्यक्तिका रूपमा उपन्यासकारले शिवरामलाई उभ्याएर ऊ मार्फत समाजमा विद्यमान भ्रष्ट व्यक्तिले कसरी दिनप्रतिदिन देशलाई अधोगतिमा लगिरहेका छन् भन्ने कुरा प्रस्तुत गरेका छन् । उपन्यासमा उसको संवाद क्रियाकलाप आदिले पनि उसलाई मञ्चीय पात्र साबित गर्दछ ।

### ३.२.३.७ आबद्धतका आधारमा

आबद्धताका आधारमा पात्रलाई मुक्त र बद्ध गरी दुई रूपमा छुट्याइन्छ । उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा शिवराम बद्ध पात्र हो । शिवरामले उपन्यासको कथानकको संरचनामा महत्वपूर्ण भूमिका खेलेको छ । लक्ष्मी र शिवराम एउटै मानसिकता बोकेर अगाडि बढेका पात्र हुन् । दुवैका लागि पैसा र सम्मान ठूलो छ । त्यही प्राप्तिका क्रममा यी दुई सहयात्री बनेर अगाडि बढ्दै लक्ष्यको खोजीमा दौडिएका हुन् । उपन्यासका अन्य पात्रसँग शिवरामको सोझो सम्बन्ध भएकाले पनि ऊ बद्ध पात्र हो । उसकै कारणले वा उसकै संलग्नताका कारण अन्य पात्रको जीवनमा थुप्रै घटना घटेका छन् । वा भनौं रवि जस्ता पात्रको जीवनलाई उजाड बनाउने कारक तत्वका रूपमा शिवराम पनि रहेको छ । यसर्थ शिवरामलाई उपन्यासबाट हटाउन मिल्दैन । ऊ बिना उपन्यासको संरचना नै विघटित हुन्छ । शिवरामबिना लक्ष्मी र रविको पनि पूर्ण अस्तित्व रहन्न । शिवराम नभएको भए लक्ष्मी, प्रसाद राजा, चन्द्रमान जस्ताको भ्रष्टाचारको यात्रा रोमाञ्चक हुने थिएन । लक्ष्मीले आफ्नो उद्देश्य प्राप्तिका लागि माध्यम पनि पाउने थिएन । यसकारण शिवराम यस उपन्यासको महत्वपूर्ण भूमिका निर्वाह गर्ने बद्ध पात्र हो ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको प्रमुख पुरुष पात्र शिवरामको चारित्रिक वैशिष्ट्यलाई विभिन्न आधारमा विश्लेषण गर्ने प्रयास माथि गरिएको छ । शिवरामको औपन्यासिक उपस्थितिलाई सम्पूर्ण पक्षबाट व्याख्या गरिएको छ । समग्रमा शिवराम यस उपन्यासको महत्वपूर्ण भूमिका भएको प्रमुख पात्र हो । लिङ्गका आधारमा पुरुष पात्र, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा उपन्यासमा उपस्थित रहेको छ ।

## ३.२.४ प्रसाद राजाको चरित्र विश्लेषण

प्रसाद राजा अर्थात् चन्द्रप्रसाद 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक पुरुष पात्र हो । प्रसाद राजा उपन्यासमा एक शक्तिशाली पात्रको रूपमा परिचित छ । उसलाई भन्दा उसको शक्ति र पैसालाई आधार लिएर उपन्यासमा उसलाई थुप्रै नामद्वारा सम्बाधेन गरिएको छ । प्रसाद राजा, राजा, ख्वामित, बाबुसाहेब, काजी आदि थुप्रै नाम रहेका छन् । सानोतिनो दरबार नै सञ्चालन गरेर बसेको हुनाले पनि उसलाई यी विभिन्न नामले सम्बोधन गरिएको हो । पञ्चायतकालीन भरौटेहरूको नाइके प्रसाद राजा आफ्नो वर्चस्व कायम राख्न शक्ति र पैसा दुवै बराबर रूपमा खर्चने व्यक्ति हो । आफ्नो स्वामित्व डगमगाउन नदिन उसले सधैं आफूभन्दा सानालाई पैताला मुनि कुल्चिराखेको छ । उसले

जनआन्दोनल दबाउन पैसाको साथसाथै गुण्डाको पनि ओइरो लगाएको छ । प्रसाद राजा नपुंसक भएकाले आफ्नी श्रीमती रोजिना रानीसँग सधैँ डराउँछ । ऊ आफ्नो कमजोरी सुन्दर श्रीमतीले थाहा नपाओस् भन्ने चाहन्छ । जाँड रक्सीको कुलतमा नराम्रोसँग लागेको प्रसाद राजा आफ्नो बारेमा थोरै पनि नराम्रो कुरा सुन्न सक्दैन । पञ्चायतका मन्त्री, प्रधानमन्त्री, जी.एम.अनि पत्रकारहरूको उसको दरबारमा भीड लाग्ने गर्दछ । प्रसाद राजा यस उपन्यासको खलनायकीय प्रवृत्ति भएको पात्र हो । प्रसाद राजाको नाम र सत्ता दुवै पैसाको भरमा टिकेको छ । लक्ष्मी जस्तो निडर पात्रलाई पनि उसले आफ्नो थुक आफैँलाई चाट्न बाध्य बनाएको छ । प्रसाद राजा आन्दोलन अगाडि पञ्चायतको टाउके भएर रह्यो भने आन्दोलन पछि चैते नेता बनेर आफ्नो व्यक्तित्व प्रदर्शनमा तुरून्त लागेको देखिन्छ । आन्दोलन अगाडि लक्ष्मीलाई पूर्ण रूपमा आफ्नो तरिकाबाट प्रयोग गर्ने प्रसाद राजा पछि उसैको सहयोगमा चैते नेता बन्दै हिँडेको छ । क्रान्तिको समयमा पूर्णतयाः स्थिर ऊ त्यसबखत आफ्नी श्रीमती समेत लक्ष्मीको जिम्मा लगाई भूमिगत भएर बस्छ । चरित्रगत हिसाबले ऊ एक प्रतिकूल पात्र हो । उपन्यासमा गति प्रदान गर्न उसको चारित्रिक कार्यव्यापार र भूमिका महत्वपूर्ण रहेको छ ।

### ३.२.४.१ लिङ्गका आधारमा

पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा प्रसादराजा यस उपन्यासको पुरुष पात्र हो । उपन्यासमा गरिएको प्रसाद राजाको बाह्य वर्णन, नामकरण, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएको क्रियापदबाट सहजै रूपमा पुरुष पात्र घोषित गर्न सकिन्छ । उसको नामसँग जोडिएको 'प्रसाद' र 'राजा' दुवै पुरुष जाति जनाउने शब्द हुन् । उपन्यासको सहायक पात्र, पञ्चायतकालीन भरौटेहरूको मालिक प्रसाद राजा माथिल्लो स्तरसम्म पहुँच भएको, पैसाको राज्य चलाएर बसेको पात्रका रूपमा उपस्थित रहेको छ । उसलाई खल पात्रका रूपमा पनि लिन सकिन्छ । उपन्यासको समाख्याता लक्ष्मीले उसको नाम र परिचयलाई यसप्रकार व्यक्त गरेको छ -

> 'हाम्रो मालिकलाई पनि चलनचल्तीमा 'राजा' भनिँदो रहेछ । पहिले त अलि अनौठो कुरा लाग्यो । नाउँ उसको चन्द्रप्रसाद, तर उसलाई प्रसाद राजा भन्दथे सबै जना । अनौठो के त ? के भने, मलाई प्रसाद र राजाको मेल हुन सक्दैन जस्तो लाग्दथ्यो, तर पछि भने बानी पर्दै गयो । म किन पछि हट्दथे ? पहिलो साँझ जुन पाँडे प्रकारको सम्बोधन अलिकति हुँदो हो, त्यो सब च्यातेर मिल्काएँ र लगातार 'राजा' माथि 'राजा' को स्वस्ति ठोक्न थालेँ' (पृ.८७) ।

चन्द्रप्रसाद वा प्रसाद राजा जे भने पनि पैसा र शक्तिको आडम्बरमा आफ्नो स्वामित्व बनाएर बसेको पुरुष पात्र हो । यही आडमा उसले लक्ष्मी, रवि, शिवराम,

राज्यमन्त्री जस्ता पात्रहरूलाई आफ्नो औँलामा नचाएर राखेको छ । चारित्रिक विशेषताका आधारमा ऊ खराब चरित्र भएको पात्र हो । ऊ कुनै पात्रका लागि फाइदाजनक हुन सकेको छैन । सबैलाई डर देखाएर आफ्नो स्वार्थ पूरा हुने कार्य गर्न बाध्य गराउने प्रसाद राजा आफ्ना विरोधीलाई दबाउन सधैँ प्रयासरत रहन्छ । कतिपय अवस्थामा अरुको ज्यान लिन समेत पछि पर्दैन । यस्तो प्रवृत्ति भएको पात्रले उपन्यासका पत्रकारदेखि मन्त्रीसम्मका सबै पात्रलाई आफ्नो इच्छा अनुसार चलाएको छ । यसप्रकार प्रसाद राजा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको खलपात्र तथा सहायक पुरष पात्रको रूपमा उपस्थित भएको पात्र हो ।

### ३.२.४.२ कार्यका आधारमा

कृतिगत कार्य वा भूमिकाका आधारमा प्रसाद राजा यस उपन्यासको सहायक पात्र हो । उपन्यासको कथावस्तुलाई लक्ष्मी, रवि र शिवरामले आरम्भ गरे पनि त्यसलाई उत्कर्षमा पुऱ्याएर नयाँ मोड प्रदान गर्न प्रसाद राजाको भूमिका महत्वपूर्ण रहेको छ । उपन्यासका घटनाक्रमहरू विशेष गरी उपन्यासको प्रमुख पात्र लक्ष्मीप्रसादको वरिपरि घुमेर अगाडि बढेको छ । यही क्रममा उपन्यासलाई गति प्रदान गर्न प्रसाद राजाको उपस्थिति देखिन्छ । सहायक भूमिकामा देखा परे पनि प्रसाद राजाले समाजको एक भ्रष्ट राजा/नेताको प्रतिनिधित्व गरेको छ । जुन उपन्यासकारले प्रस्तुत गर्न खोजेको सामाजिक यथार्थको लागि अत्यन्त आवश्यक चरित्र हो । जसरी लक्ष्मीले रवि र शिवरामलाई सफलताको भऱ्याङको रूपमा प्रयोग गऱ्यो त्यसैगरी प्रसाद राजाको चाकडी गरेर ठूलो मानिसको सङ्गत गर्ने इच्छा पूरा गरेको छ । लक्ष्मीको चरित्रभन्दा कयौं गुणा अगाडि छ प्रसाद राजाको चरित्र । दुवै खल पात्र हुन् । तर प्रसाद राजाको चरित्र बुझ्न सकिँदैन । पैसा, रक्सी र शक्तिमा रुमलिएको ऊ उपन्यासमा खासै भूमिकामा छैन जस्तो लाग्छ तर भित्री रूपमा उसको पहुँच माथिल्लो स्तरसम्म रहेको छ । अप्रत्यक्ष रूपमा उसले गरेका कार्यबाट कति पटक स्वयं लक्ष्मी पनि छक्क परेको छ । लक्ष्मी आफ्नो चतुऱ्याइँबाट प्रसाद राजालाई रिझाउन धेरै कोसिस गर्छ तर उसको अगाडि प्रसाद राजाको चतुऱ्याइँ हाबी हुन्छ ।

पत्रकार र मन्त्रीलाई नोकर समान पनि नसोच्ने प्रसाद राजा अखबारलाई आफ्नो अधीनमा राख्न चाहन्छ । आफ्नो शक्तिको प्रदर्शनबाट उसले आफ्नो हितको समाचार छाप्न लगाएको छ । ऊ साना ठूला कसैको पनि केही कुरा मान्दैन । उसले थुप्रै भरौटेहरू पैसा खुवाएर पालिराखेको छ । समय आउनासाथ कसैलाई दबाउन र मार्न ती सबै काम लाग्थे । सबैले उसको नुन खाएकाले यस्ता कार्य गर्न बाध्य थिए । यहाँसम्म की लक्ष्मी जस्तो घमण्डी पुरुषको घमण्ड तोड्ने प्रयास पनि प्रसाद राजाले गरेको छ । कहिले पनि कसैको अगाडि नझुकेको लक्ष्मी पनि उसको अगाडि झुक्न बाध्य छ । हुन त लक्ष्मी पनि पैसा, रक्सी र केटीका लागि जस्तोसुकै कार्य पनि गर्न तयार व्यक्ति हो ।

'ऊ साँच्चीकै हाँस्न थाल्यो - "लोकल खान्छौं कि स्कच ?"

मैले देखैं मेरो विदूस्कीय मुद्राले सकारात्मक प्रभाव नै पार्न थालेको छ । त्यसै उत्साहमा मैले भनैं - "स्कच नै खाऊँ हजुर, धेरै दिन भयो ।"

- "ए !" उसले भन्यो - "त्यसो भए एक पटक थुकेर चाट त ?" मैले बुझिनँ । त्यसैले मैले सोधैं - "के मर्जी भा' को हजुर ?"

- "थुक र आफ्नो थुक चाट अनि स्कच पाउँछौ भनेको पण्डित ? उसले भन्यो । अब प्रस्ट पनि भयो ।

म अपमानले पीडित भएँ - "हजुर यस्तो त अलि ... कहिल्यै नगरेको घटिया काम ... ।" मैले हच्कीहच्की भनैं ।

-" नकरा पण्डित, बढ्ता स्वाङ पार्छ ।" उसले भन्यो - "बरु म यिनीहरूलाई पठाइदिन्छु" (पृ.७५) ।'

'मैले भनैं - "थुकै चाट्नु पर्ने हजुर ?"

-"अँ, थुकै चाट्नुपर्ने !"

-"कसरी ?"

- जसरी चाटे पनि हुन्छ, मलाई आपत्ति छैन ।" त्यसले भन्यो उदारता देखाइरहेझैं ।

ठीक छ, केही त मान्यो बेकुपले, मैले सोचैं ।

उसले फेरि आफ्नो उदारताका वृद्धि गर्दै भन्यो - "म तिमीलाई तीन हजारको नोकरी पनि दिन्छु । अहिले जाने बेलामा, पाँच हजार पुरस्कार पनि दिन्छु ।'

- "थुक चाटेकोमा ?" मैले स्पष्ट पार्न खोजैं ।

-" होइन ।" बूढाले भन्यो - "मकहाँ नोकरी गर्ने हुनाले ।"

-"अखबार नि ?"

- त्यस्तो मूला अखबारमा लेखेर के हुन्छ ? मकहाँ त त्यसै पनि आम्दानी भइरहन्छ ।" उसले लोभलाग्दो कुरो थप्यो (पृ.७६-७७) ।'

प्रसाद राजाको यस्तो व्यवहार वा भूमिकाले लक्ष्मी जस्तो पात्रको आदर्शलाई सहजै झुकाउने कार्य गरेको छ । सधैं अरुलाई दबाएर अगाडि बढ्न खोज्ने लक्ष्मी प्रसाद राजाको चाकडीमा स्वयं पनि दबिन पुगेको छ । माथि प्रस्तुत गरिएको संवादमा प्रसाद राजामा आफू उपल्लो वर्गको व्यक्ति हुँ र आफूले भनेको कुरा सबैले मान्नुपर्छ भन्ने घमण्ड रहेको छ ।

यसैकारण उसले लक्ष्मीलाई थर्काएर थुक चाट्न लगाएको छ । लक्ष्मीले आफू तल्लो वर्गको हो र माथिल्लो वर्गका लागि चाकडी सँगसँगै आदर पनि गर्नुपर्ने कुरा भनेको छ । यसर्थ उसले प्रसाद राजाको पहुँचमा पुग्नका लागि तपाईं, हजुर, मर्जी जस्ता आदरर्थी शब्दको प्रयोग गरेको छ । लक्ष्मी, रवि जस्ता पात्रले सम्मान गर्ने व्यक्ति प्रसाद राजाको औपन्यासिक कार्य भनेकै समाजको माथिल्लो वर्गको प्रतिनिधित्व गर्नु हो । यस मार्फत प्रस्तुत गर्न खोजिएको कुरा समाजमा माथिल्लो वर्गले तल्लो वर्गलाई कसरी दमन गरकोे छ र त्यो दमन सहेर तल्लो वर्ग कसरी माथिल्लो वर्णसँग निर्भर रहेको छ भन्ने हो ।

'मालिक देख्दा जति महान् देखिन्छ, छाम्दा त्यति नै नीच भेटिन्छ । यो नीचैनीचको दुनियाँमा, रवि जस्तो मानिस किन आइपुग्यो होला ? मलाई यसैको सुर्ता हुन थालेको थियो । ल्याउने मानिस मै हुँ र पनि' (पृ.१२८) ।

लक्ष्मीलाई प्रसाद राजा नीच हो र उसको सङ्गतमा लागेका सबै नीच हुन्छन् भन्ने थाहा हुँदा हुँदै उसैको चाकडीमा लाग्नु भनेको प्रसाद राजा लाभ उठाउने माध्यम हो । यसैले नीचताको सबै हद पार भइसक्दा पनि लक्ष्मी उसकै चाकडीमा लागेको छ । तर यी सबैको बिचमा रवि भिन्न पात्र छ । रविको विचारमा प्रसाद राजा मालिक होइन आफूले काम गरेको अफिसको हाकिम मात्र हो । उसको काम गर्दा उसकै नियन्त्रणमा बस्नुपर्छ भन्ने केही पनि छैन । रविले उसको गलत कार्यमा साथ नदिएर विरोध गर्दा ऊ भड्किएको छ ।

'त्यति सुन्नु थियो, प्रसाद राजाले आफ्नो सबै विनम्र, उदार र प्रजातान्त्रिक चोला फुकालेर मिल्काइदियो । ऊ चिच्याएरै बोल्यो - "हु आर यु टु डिस ओबे दिस ...प्रसाद राजा, हुँ ? यु ब्लडी बास्टार्ड ! गेट लस्ट फ्रम हेयर ...!" (पृ.१२९) ।

माथिको संवादले प्रसाद राजाको चारित्रिक विशेषता प्रस्ट पार्दछ । यदि कसैले उसको कार्यमा साथ दिएन र विरोध गऱ्यो भने ऊ आफ्नो स्वामित्व घटेको अनुभव गर्छ र आफ्नो रिस अरुलाई पोख्छ । प्रसाद राजाले उपन्यासमा प्रजातान्त्रिक आन्दोलन दबाउन लक्ष्मी र अन्य भरौटेहरूलाई लगाएर धेरै मिहिनेत गरेको छ । समाजमा भएको आफ्नो अस्तित्व प्रजातन्त्र प्राप्ति पश्चात् स्वाहा हुने डरले उसले मान्छे र पैसाको खोलो बगाएर आन्दोलन सफल हुन नदिने प्रयास गरेको छ ।

'हामीलाई लाग्दथ्यो, तिनीहरूबाट माखो पनि मर्दैन । यस्तो आन्दोलन कति आए कति गए ! मालिकको पनि यही धारणा थियो । ऊ बाहिरबाट आउनेजाने मानिसलाई, हियाएजस्तो गरेर सोध्थ्यो - "ए रञ्जन, के छ त जनआन्दोलनको

हालचाल ? हाहाहा । दुईचार सय सहरियाले होहल्ला गरेर, वर्षौंदेखि चलेको व्यवस्था पल्टिन्छ ? मुर्खहरू' ...

'एक दिन मलाई बोलाएर भन्यो- "पण्डित एकदम गोप्य तरिकाले जाऊ र ...लाई स्टेटमेन्ट दिन लगाऊ यो विदेशी भूमिबाट सञ्चालित आन्दोलन हो । त्यसकारण नेपाली जनताको लागि यसको कुनै महत्व छैन । जुन व्यवस्था छ, त्यही नेपालीले रोजेको व्यवस्था हो, आदि" (पृ.१४६) ।'

प्रसाद राजाको प्रयास आन्दोलन सफल हुन नदिनु हो । यसका लागि उसले प्रशस्त पैसा खर्च गरेको छ । उसमा राष्ट्रियताको भावना नै छैन । उसको चरित्रले समाजको भ्रष्ट नेताको आन्तरिक सत्य दर्शाउने कार्य गरेको छ । उसको लागि आन्दोलन त केवल बायाँ हातको खेल हो । ऊ सोच्दछ, विशाल जनसागर जुन सडकमा उर्लिएको छ त्यो पनि खासै केही होइन, त्यसलाई पनि शान्त गराउन सकिन्छ, पैसाले । तर यस मामलामा उसको सबै प्रयास असफल भएका छन् । तैपनि ऊ निरन्तर प्रयासमा लागेको देखिन्छ ।

'मालिक अलिकति मुसुक्क हाँस्यो, किन हो ? आफ्नो प्रत्युत्पन्न मतित्वको स्मरण गरेर हो कि ? भन्यो - "खानपिनको सामान लिएर जाऊ, त्यतिले मानेन भने, अझ थपिदिनु, अनि हाम्रा जुन खासखास अखबार थिए, तिनलाई पनि यसो केही लेनदेन गरेर लेख्न लगाऊ, यस्तो बखतमा दुई-चार-दस लाखको मुख हेर्न हुँदैन' (पृ.१४६) ।

यति गर्दा पनि आन्दोलन सफल हुने छाँटकाँट नदेखिए पछि उसका आन्दोलन विरोधी सबै कार्य विफल भएका छन् । उसको घमण्ड र निडरता चुर भएको छ । उसमा आफ्नो सामन्ती शासनमा पूर्ण विराम लाग्ने भय छ । यसकारण ऊ हत्तपत्त आफ्नी श्रीमती लक्ष्मीलाई जिम्मा लगाएर भूमिगत हुने सोच राख्छ ।

'उसले भन्यो - "म यहाँ बस्न नमिल्ने भयो । खतरा हुन थल्यो अब ।" त्यसपछि फेरि थप्यो - "तिमीले पनि आफ्नो डेरा छोड्नुपर्ला जस्तो छ पण्डित । अलिक दिनलाई अर्को ठाउँ खोज मैले, त्यसै भनेको होइन यो"...

'"अहिल्यै गएर जहाँ खोज्छौ खोज, तर आज राति नै सिफ्ट गरिसक्नुपर्छ ।" मालिकले हतारहतारमा शब्दहरू मिल्कायो र मैले कुनै कुरा गर्नु अगि नै त्यहाँबाट गयो' (पृ.१५०-१५१) ।

प्रसाद राजा जस्तो व्यक्तिको पनि घमण्ड चुर भएर आफ्ना प्रतिगामी पाइला हटाउने दिन आएको छ । उपन्यासमा उसको यस्तो कार्यले औपन्यासिक विषयवस्तुलाई उत्कर्षमा पुऱ्याउने कार्य गरेको छ । प्रसाद राजाको भूमिकामा पूर्ण रूपमा लक्ष्मी पनि संलग्न भएकाले घटनावलीले उत्कर्ष प्राप्त गरेको हो । समाजमा रहेका आडम्बरी र भ्रष्टाचारीले कसरी देश

बेचेर आफ्नो भुँडी भरिरहेका छन् भन्ने कुरा प्रसाद राजाको भूमिका मार्फत उपन्यासकारले प्रस्तुत गर्न खोजेका छन् । भ्रष्ट समाज र यहाँका व्यक्तिलाई साकार रूपमा प्रस्तुत गर्न प्रसाद राजाको कार्य वा भूमिकालाई अत्यन्त महत्वपूर्ण मानिन्छ ।

**३.२.४.३ प्रवृत्तिका आधारमा प्रसाद राजा**

चरित्रगत प्रवृत्तिका दृष्टिले प्रसाद राजा प्रतिकूल प्रवृत्तिको चरित्र हो । प्रसाद राजा एक उपल्लो वर्गको प्रतिनिधि पात्र हो । उपल्लो वर्ग भन्ने बित्तिकै स्वतः रूपमा घमण्डी, शक्तिको आधारमा तल्ला वर्गमाथि नियन्त्रण, भ्रष्टाचार, शोषण जस्ता चारित्रित विशेषता देख्न सकिन्छ । प्रसाद राजा निमुखामाथि राज गरेर बसेको व्यक्ति हो । उपन्यासको समाख्याता लक्ष्मीले उसलाई चिनाउने क्रममा नै आदरार्थी शब्दको प्रयोग हुने बनाएको छ ।

> 'प्रसाद राजाका विभिन्न नाउँ थिए । राजा, मालिक, ख्वामित र कोही-कोही त बाबुसाहेब पनि भन्दथे । कुन्नि किन भन्दथे बाबुसाहेब चाहिँ ? कुनै बखत थियो कि बाबुसाहेब ! वा यसको बाबु हुँदो हो । यिनीहरूको त के छ, कहिले, कहाँ कसले के भन्दिन्थ्यो, अनि दाम राखेर ढोग्यो, पुग्यो ।...
>
> काजी, सानो काजी, अनि रविले भन्ने 'सर' पनि उसैका नाउँ थिए' (पृ.१४१) ।

उपन्यासमा यसप्रकार प्रसाद राजालाई सबैले सम्मान र आदरका साथ बोलाउने हुनाले पनि ऊ उपल्लो वर्गको सम्मान खोज्ने व्यक्ति हो भन्न सकिन्छ । उपन्यासमा प्रसाद राजा कडा स्वरूपमा प्रस्तुत भएको छ । आफ्नो बाटोका हरेक काँडालाई उसले पन्छाएको छ । लक्ष्मी जस्ता पात्र जाने बुझेर गलत काममा उसको साथ दिइरहेका छन् । तर रवि जस्तो आदर्श पात्र उसको विरोधमा खडा भएको छ । जुन कुरा प्रसाद राजाको लागि सैह्य भएन ।

> '"त्यो स्वाँठलाई ठीक पार्नुपऱ्यो ।" मालिकले आफ्नो आक्रोशसमेत मिसाइदियो, त्यो अभिव्यक्तित्व ।
>
> -"हस् राजा, म एकफेर कुरा गर्छु उसित ।" मैले विनम्र र सकेसम्म रविलाई मुक्त तुल्याउने हिसाबले भनेँ ।
>
> तर त्यसै बखत ती मानिसमध्ये एउटाले भन्यो - "कुरा गर्न परे पनि, अरु थोक गर्न परे पनि, हामी नै गर्न सकिहाल्छौँ नि !"
>
> मालिकले सही थाप्यो - "कुराले मात्र पुगेन भने, जसरी भए पनि ठीक पार्नू । यसै गरी एक-एकलाई ठीक पार्नुपर्छ । लौ पण्डित, ऊ तेल्लाइ पैसा देऊ" ( पृ.१४४) ।

आफ्ना विरोधीलाई हप्काउने, डराउने र कुटपिट गर्ने मात्र नभएर परि आएमा ज्यान समेत लिन पछि नपर्ने प्रसाद राजा औपन्यासिक कार्यका आधारमा प्रतिकूल पात्र हो । उपन्यासमा उसको कार्य कथावस्तु अनुकूल छैन । प्रसाद राजा रक्सी र पैसाको कुलतमा फसेको पात्र हो । उसको वरिपरि सधैँ रक्सीको नसा मडारिरहेको हुन्छ । उसका दरबारमा थुप्रै केटीहरू रहेका छन् । पञ्चायतका मन्त्री, प्रधानमन्त्री र जी.एम. उसकै शासनामा चल्छन् । एक प्रकारले भन्दा शासन सत्ता नै हडपेर बसेको छ । लक्ष्मीलई आफ्नो थुक आफैँले चाट्न बाध्य बनाउने ऊ खराब पात्र हो । उसका मुखमा बोली पिच्छे नराम्रा शब्दहरू आइरहन्छन् । उसमा असल पात्रमा हुनुपर्ने केही पनि गुण छैन ।

'तिमीहरूलाई ज्ञान छैन, म को हुँ । के ठान्या, त्यस्ता मु...मन्त्री खाएर हिँड्छु म ? त्यस्ता मु ... राज्यमन्त्रीलाई त ...मा दलेर हिँड्छु' (पृ.७७) ।

प्रसाद राजा असभ्य पात्र हो । उसको चारित्रिक विशेषताले सभ्यताको परिचय नै दिँदैन । ऊ केवल आफ्नो हित र स्वार्थमा तल्लीन पात्र हो । दया, माया जस्ता भावनाका साथ ऊ उपन्यासमा कहीँ कतै पनि उपस्थित भएको छैन । प्रसाद राजा सम्पत्तिको आडमा अरुमाथि निरिह शासन गर्ने प्रतिनिधि पात्र हो । प्रजातन्त्र आउने कुरामा ऊ विश्वास राख्दैन । पहिला भूमिगत रूपमा शासन गरेपनि प्रजातन्त्र पश्चात् चैते नेता बनेर पार्टीमा प्रवेश गर्छ । यसरी ऊ समय र परिस्थिति अनुसार रङ्ग बदलेर आफ्नो अस्तित्व जोगाउन फरक-फरक जुक्ति लगाउने प्रतिकूल पात्र हो ।

### ३.२.४.४ स्वभावको आधारमा

स्वभावको आधारमा प्रसाद राजा यस उपन्यासको गतिशील पात्र हो । प्रसाद राजाले उपन्यासमा समाजको भ्रष्ट र खराब पुरुष/नेताको प्रतिनिधित्व गरेको छ । सधैँ रक्सीले मातेर बस्ने ऊ सम्पत्तिकै कारण सत्तामा टिकेको छ । उपन्यासमा उसको उपस्थिति भएबाट नै उसको खराब चरित्रको विकास भएको छ । उपन्यासमा उसलाई खराब प्रवृत्ति भएको प्रतिकूल पात्रको रूपमा चिनाइएको छ । उसको औपन्यासिक कार्य वा भूमिकाले नै उसलाई परिचित गराएको छ । यही प्रतिकूल प्रवृत्ति उपन्यासमा निरन्तर रूपमा प्रस्तुत भएको छ । उपन्यासमा उसका सोचाइ र व्यवहार फरक-फरक परिस्थितिमा फरक-फरक रहेको छ । उसको खराब आचरण पनि एकै प्रकारको छैन । उसको शोषण गर्ने तरिकाहरू पनि फरक छन् । प्रसाद राजा उपन्यासमा उस्तै स्वभाव र प्रवृत्तिका साथ देखिएको छैन । यसकारण ऊ स्थिर पात्र नभएर गतिशील पात्र हो । फरक स्वरूपको प्रसाद राजाको स्वभाव र प्रवृत्तिले उपन्यासको घटनावलीलाई उत्कर्षमा पुऱ्याउने काम गरेको छ । औपन्यासिक भूमिका निर्वाह

गर्ने क्रममा आफ्नो चारित्रिक विशेषतालाई पूर्ण रूपमा गति प्रदान गरेकाले प्रसाद राजा यस उपन्यासको गतिशील पात्रको रूपमा रहेको छ ।

### ३.३.४.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा प्रसाद राजा वर्गीय पात्र हो । उपन्यासमा उसको निश्चित सामाजिक भूमिका रहेको छ । उसले समाजको सामन्त वर्गको प्रतिनिधित्व गरेको छ । चाकडी प्रवृत्तिलाई उकास्ने पात्रका रूपमा ऊ रहेको छ । सानोतिनो दरबारमा आफूलाई आफैँले राजा बनाएर निमुखामाथि शासन गर्ने प्रसाद राजा आफ्नो मातहतमा थुप्रै गुण्डा पालेर बसेको छ । पैसालाई आफ्नो शक्ति मानेर त्यसैको प्रदर्शन गरी स्वामित्व कायम गर्ने प्रसाद राजा समाजको उपल्लो वर्गको पात्र हो । उसको दरबारमा मन्त्रीदेखि जी.एम.सम्मको घुइँचो लाग्ने कुराले पनि उसलाई माथिल्लो वर्गको साबित गर्दछ । ऊ क्रूर स्वभाव भएको व्यक्ति हो । पूरै कथावस्तुमा प्रतिकूल प्रवृत्तिका साथ देखा परेको प्रसाद राजा उपन्यासको खल पात्र हो । रक्सी र पैसा उसका लागि प्रिय वस्तु हुन् । साथै केटीमा पनि उसको रुचि रहेको छ । यस्ता कुलतमा लागेको प्रसाद राजाले समाजको भ्रष्ट व्यक्तिको चारित्रिक विशेषतालाई उजागर गर्ने कार्य गरेको छ । यसर्थ प्रसाद राजा यस उपन्यासको वर्गीय पात्रका रूपमा रहेको छ ।

### ३.२.४.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा प्रसाद राजा मञ्चीय पात्र हो । उपन्यासको बिचमा देखा परे पनि अन्त्यसम्म उसले निरन्तर रूपमा आफ्नो भूमिका निर्वाह गरेको छ । उसको औपन्यासिक कार्यव्यापार, संवाद, चारित्रिक विशेषताले ऊ उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित देखिन्छ । यदि प्रसाद राजाको उपस्थिति नभएको भए लक्ष्मीको जीवनको घटना रोचक हुँदैन्थ्यो । घटनाक्रमसँगै उसको कार्यव्यापार र संवादले उसलाई मञ्चीय पात्र साबित गर्दछ । प्रसाद राजाले उपन्यासका अन्य पात्रभन्दा लक्ष्मीसँग कार्यव्यापार गरेर अगाडि बढेको छ । हुन त लक्ष्मी र प्रसाद राजा एउटै स्वभाव र प्रवृत्तिका पात्र हुन् । तर सामाजिक र वर्गीय रूपमा उनीहरूको हैसियत फरक छ । प्रसाद राजाले उपल्लो वर्गको प्रतिनिधित्व गरेर लक्ष्मीसँग प्रत्यक्ष रूपमा सहकार्य गरेर घटनाक्रमलाई उत्कर्षमा पुऱ्याउन सहयोग गरेको हुनाले ऊ यस उपन्यासको मञ्चीय पात्र हो ।

### ३.२.४.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा प्रसाद राजा बद्ध पात्र हो । प्रसाद राजालाई यस उपन्यासबाट हटाउन सकिँदैन । लक्ष्मीसँग सम्बन्धित प्रायः सबै घटनाहरू रोचक हुनुमा प्रसाद राजाको भूमिका महत्वपूर्ण रहेको छ । प्रसाद राजाले समाजको सामन्त र धनी वर्गको प्रतिनिधित्व गर्दै निर्वाह गरेको भूमिकाले घटनालाई

उत्कर्षमा पुऱ्याएको छ । खास भन्नुपर्दा लक्ष्मीले आफ्नो व्यक्तित्वको विकास गर्ने मौका प्रसाद राजाको सहकार्यबाट पाएको छ । उसका जीवनका हरेक इच्छाहरू प्रसाद राजाको सम्बन्ध पश्चात् पूरा भएका छन् । चाहे सकारात्मक तरिकाबाट होस् चाहे नकारात्मक तरिकाबाट होस् । लक्ष्मीको औपन्यासिक कार्य सफल हुनुमा अप्रत्यक्ष रूपमा प्रसाद राजाको पनि हात रहेको छ । साथै उपन्यासकारले पनि समाजको खराब पात्रलाई पाठक सामु पुऱ्याउनु प्रसाद राजा बाहेकका अन्य पात्रहरूबाट सम्भव थिएन । यसकारण ऊ लक्ष्मी, रवि, मन्त्री जस्ता थुप्रै पात्रहरूसँग आबद्ध रहेको छ । उसको भूमिकालाई हटाउँदा स्वतः रूपमा ऊ सँग जोडिएका अन्य पात्रहरू पनि हट्ने हुँदा प्रसाद राजा यस उपन्यासको बद्ध पात्र हो ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक पुरुष पात्र प्रसाद राजाको चारित्रिक वैशिष्ट्यताका आधारमा विश्लेषण र पहिचान गरिएको छ । समग्रमा भन्दा प्रसाद राजा यस उपन्यासको उपल्लो वर्गको प्रतिनिधित्व गर्ने प्रतिकूल प्रवृत्तिको नीच र अग्रगामी पात्र हो । लिङ्गका आधारमा पुरुष, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रको रूपमा प्रसाद राजा रहेको छ ।

### ३.२.५ रूक्मिणीको चरित्र विश्लेषण

रूक्मिणी 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक स्त्री पात्र हो । सहायक भएर पनि उसको भूमिका उपन्यासमा उल्लेख्य रहेको छ । रूक्मिणीले नेपाली समाजको एउटा दुःखी र निरीह महिलाको प्रतिनिधित्व गरेकी छे । जसलाई बिहान बेलुकाको छाक टार्न र आफ्ना सन्तानको आवश्यकता पूरा गर्न अर्काको घरमा भाँडा माझ्नु पर्ने अवस्था छ । ऊ लोग्ने नभएकी पात्र हो । नेपाली समाजमा लोग्नेविहीन महिलाले बाँच्नका लागि गर्नुपर्ने सङ्घर्षलाई उपन्यासकारले रूक्मिणी मार्फत प्रस्तुत गरेका छन् । लक्ष्मी जस्तो पात्रको घरमा खाना पकाएर र झुठो भाँडा माझेर बस्नु रूक्मिणीको बाध्यता हो । पतिको मृत्युपछि जीवन गुजारा गर्न उसले थुप्रै ठक्कर खानु परेको छ । त्यसमाथि पनि पाँच सन्तानकी आमा भएकाले पहिलो कर्तव्य सन्तानको आवश्यकता पूरा गर्नु पनि हो । जसमा गाँस, वास, कपास नै पर्छन् । ऊ आफ्ना सन्तानलाई पहिलो कर्तव्यमा राख्छे । लक्ष्मीको डेरामा काम गर्ने क्रममा ऊ लक्ष्मीबाट बलात्कृत हुन्छे । लक्ष्मीको बहकाउमा लागेर आफ्नो अस्तित्व गुमाउन पुगेकी उसको चरित्र यहीँदेखि पतन हुन्छ । लक्ष्मीबाट बारम्बार पैसा पाउने आशले ऊ काम छोडेर शरीर बेच्न थाल्छे । यो उसको अनुकूल चरित्र होइन । उपन्यासको प्रमुख पात्र लक्ष्मीको वास्तविक चरित्र उजागर गर्ने काममा रूक्मिणीको सहयोगी भूमिका रहेको छ । लक्ष्मी र रूक्मिणीको औपन्यासिक कार्यव्यापारबाट लक्ष्मी कस्तो पात्र हो भन्ने कुरा प्रस्तुत भएको छ । लक्ष्मीको जीवनमा रूक्मिणीको उपस्थिति

मह□वपूर्ण छ । दुवैजना एक अर्कामा आबद्ध छन् । उसको सबैभन्दा बढी भूमिका लक्ष्मीसँगै रहेको छ । रूक्मिणीले उपन्यासको घटनाक्रम अगाडि बढाउनलाई सहयोगी भूमिका निर्वाह गरेकाले उसलाई यस उपन्यासको सहयोगी पात्र रूपमा लिइन्छ ।

### ३.२.५.१ लिङ्गका आधारमा

पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा रूक्मिणी यस उपन्यासकी स्त्री पात्र हो । उपन्यासमा गरिएको रूक्मिणीको बाह्य वर्णन, नामकरण, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएको क्रियापदबाट सहजै रूपमा स्त्री पात्र घोषित गर्न सकिन्छ । उसको नाम 'रूक्मिणी' स्त्रीवाचक शब्द हो । उपन्यासमा लक्ष्मी र रविले उसलाई रूक्मिणी सँगसँगै स्त्रीवाचक शब्द 'भाउजू' भनेर सम्बोधन गरेबाट पनि ऊ यस उपन्यासकी स्त्री पात्र हो भन्न सकिन्छ ।

> 'भाउजू, जसको नाउँ रूक्मिणी थियो, भन्न थाली - "कस्तो पारेको भान्छा ! आइमाई नभएको घर यस्तै हुन्छ । अल्छी लागे किन पकाउन थालेको होला ? पकाउन थालेपछि भान्छा यस्तो रहन दिनु हुन्छ ? अलच्छिन लाग्छ, अलच्छिन !" (पृ.३२)'

माथिको संवादमा प्रयोग भएको भाउजू, रूक्मिणी, आइमाई जस्ता शब्दले रूक्मिणीलाई स्त्री पात्र मान्न सकिन्छ । रूक्मिणी पतिको मृत्यु भएकी, पाँच सन्तानकी आमा र समाजको निम्न वर्गीय स्त्री पात्र हो ।

### ३.२.५.२ कार्यका आधारमा

उपन्यासमा पात्रको कार्य वा भूमिकाका आधारमा रूक्मिणी यस उपन्यासकी सहायक पात्र हो । उपन्यासलाई निरन्तर गति दिने क्रममा उसले लक्ष्मीको पूर्ण रूपमा सहयोग गरेकी छ । नेपाली समाजमा रहेका पतिविहीन महिलाले आफू र आफ्ना सन्तानको रक्षाका लागि भोग्नु परेको दयनीय अवस्था मार्मिक रूपमा प्रस्तुत गर्नु नै रूक्मिणीको प्रमुख औपन्यासिक कार्य हो । सन्तानका लागि श्रमबाट आजित भएर आफ्नो शरीर बेचेर गुजारा चलाउने रूक्मिणीको भूमिका उपन्यासमा महत्वपूर्ण रहेको छ । रूक्मिणीले सन्तानको लागि आफ्नो सर्वस्व हरण गरेको कार्य उपन्यासमा तारिफ गर्न लायक छ ।

> 'कुनै दिन मैले सोधेको पनि थिएँ, रूक्मिणीसित - "भाउजू, सविताको जम्मै रहर पुऱ्याउँदा तपाईंलाई गारो हुँदैन ?"
>
> "हुन्छ, तर लाग्दैन । उसले भनी - "आफू भोकै मर्नुपरे पनि, यसलाई यस्तै राख्छु । हाम्रो परिवारमा एक जना त रमाइलो मानेर बाँचोस् !"

रूक्मिणी सन्तानको लागि मरिमेट्ने पात्र हो । विशेषगरी उसको ध्यान सवितាप्रति बढी थियो । सविता जवान भइसकेकी थिई । उसका सपना र इच्छाहरू उसको हैसियतभन्दा धेरै ठूला थिए । तर पनि रूक्मिणी आफू दुःख गरेर भए पनि उसका इच्छा पूरा गर्थी । यसबाट उसकी छोरीले पाएको खुसीमा ऊ स्वयं पनि खुसी हुन्थी ।

'मलाई लाग्यो, जसरी हामी कहिलेकाहीँ एयरपोर्ट भन्सारले समातेको सुनको लाप्साहरू देखेर रमाइलो मान्दछौं, ऊ त्यसैगरी आफ्नी छोरीलाई आफूभन्दा अलग्ग र ठूलो हैसियतकी बनाएर हेर्दै खुसी हुन्थी' (पृ.३६) ।

रूक्मिणी पतिको मृत्यु भएपछि आफ्ना सन्तान छोडेर अरु कसैसँग घरजम गर्न सक्थी । तर ऊ पाँच सन्तानकै लागि दुःख सहेर बसेकी छ । आफू एकजनाले काम गरेर ऊ आफ्नो विवशता रवि र लक्ष्मीको सामु प्रस्तुत गरेर छोराछोरीलाई पनि ख्वाउन सिपालु छे । उसको यस्तो कार्य लक्ष्मीलाई पटक्कै मन पर्दैन । तर जबदेखि लक्ष्मी रूक्मिणीलाई हातमा लिन सफल भयो ऊ यस्ता कुरामा रूक्मिणीदेखि रिसाउन छोडेको देखिन्छ । बरु प्रशस्त पैसा खर्चिएर उसकी छोरी सवितामाथि आँखा गाडेको छ । यहाँनेर रूक्मिणीको कार्यले उसलाई र उसकी छोरी सविता दुवैलाई वेश्याको बाटोमा डोऱ्याएको छ ।

'एकछिनपछि रूक्मिणीले एक्कासी भनी - "यिनीहरू भोकाएका छन्, मेरै भागबाट बाँडचुँड गरेर ख्वाइदिऊँ ?"

भन्नलाई रूक्मिणी सधैं यसै भन्थी । 'बाँडचुँड' शब्द उसको मुखबाट यस्तरी झर्थ्यो, जसरी असिना झर्ने गर्दछ' (पृ.३७) ।

रूक्मिणीले यहाँसम्म त काम गरेर र त्यसैको बहानामा मागमुग गरेर गुजारा चलाएकी थिई तर उसको यो कार्यले उपन्यासमा निरन्तरता पाएको छैन । लक्ष्मीको सानो बहकाउको प्रयासलाई उसले विरोध नगरेकाले ऊ गलत बाटोमा प्रवेश गर्न पुगेकी छ । निम्न वर्गीय पात्रले आफ्नो कमजोरीको फाइदा अरुलाई उठाउन दिएको कार्य राम्रो छैन । यसबाट लक्ष्मी जस्ता यौनपिपासु पात्रको हौसला झन् धेरै बढेको छ । यहीँबाट उपन्यासको कथावस्तुले उत्कर्ष प्राप्त गरेको छ । लक्ष्मी जे चाहन्छ त्यो समय, वातावरण, परिस्थिति अनि स्वयं रूक्मिणीले पनि पूरा गर्न मद्दत गरेकी छ ।

'ऊ झस्की । त्यसपछि मेरा क्रियाकलापहरू बढ्दै जान थालेपछि, ऊ चुप लागी । त्यहाँ कराउने वा भाग्ने अवसर थिएन, ऊ त्यसो गर्न सक्तिनथी, मलाई थाहा थियो । त्यसैको लाभ उठाएको थिएँ । त्यसपछि उसले आँखा चिम्लिदी, जसको अर्थ यहाँ बयान गर्नु पर्दैन' (पृ.४१) ।

रूक्मिणी आफू हलुको भइदिनाले ऊ स्वयं खाडलमा परेकी छ । लक्ष्मीसँगको सम्बन्धपछि केही पैसा पाउन थालेपछि रूक्मिणी पनि परिवर्तन भएकी छ । जुन उत्साह र

जाँगर आफ्ना छोराछोरीको जीवन गुजारा गर्न उसले सुरुमा देखाएर काम गरेकी थिई अब ती सबै हराएका छन् । ऊ लक्ष्मीको जालमा बारम्बर आफैं पर्न आउन थालेकी छ । उसलाई थाहा छ जति जालमा पर्न सक्यो वा जाल हाल्नेलाई खुसी पार्न सक्यो त्यति पैसा आउँछ । आफूले कर्म गर्न छोडेर वेश्या बन्नु, बारम्बार लक्ष्मीसँग पैसा माग्नु रूक्मिणीको कमजोर पक्ष हो । तर नेपाली नारीको यही कमजोरीलाई शोषक लक्ष्मीले कसरी फाइदा उठाएको छ भन्ने कुरा उपन्यासकारले रूक्मिणी मार्फत प्रस्तुत गरेका छन् । उपन्यासकारले दिएको भूमिका निर्वाह गरेर रूक्मिणीले औपन्यासिक कार्यमा उपन्यासका अन्य पात्रलाई पूर्ण रूपमा सहयोग गरेकी छ । उपन्यासभर उपस्थित नभए पनि उपन्यासको एउटा भागलाई उत्कर्षमा पुऱ्याउन उसले गरेको कार्यले रूक्मिणीलाई यस उपन्यासको सहायक पात्र मान्न सकिन्छ ।

### ३.२.५.३ प्रवृत्तिका आधारमा

पतिको मृत्यु भइसकेकी, पाँच सन्तानकी आमा रूक्मिणी चरित्रगत प्रवृत्तिका दृष्टिले प्रतिकूल पात्र हो । लक्ष्मी र रविको डेरा नजिकै बस्ने गरिब परिवारको पात्र रूक्मिणीमा सुरु सुरुमा जीवन गुजाराका लागि केही अनुकूल देखिए पनि उसको जीवनमा लक्ष्मीको प्रवेश भएपछि ऊ अकस्मात् बदलिएकी छे । पति नभए पनि सन्तानलाई राम्रो लालनपालन गर्ने आँट लिएर अर्काको घरमा झुठो भाँडा माझेर सन्तान सुख हेर्न खोज्ने रूक्मिणी लक्ष्मी जस्ता पात्रका अगाडि झुकेर उसलाई आफ्नो कमजोरीको फाइदा उठाउन दिनु उसको प्रतिकूल प्रवृत्ति हो । पहिलो पटक आवेगमा आएर लक्ष्मीको वासनाको सिकार हुनुमा उसलाई निरीह पात्र मान्न सकिन्थ्यो तर बारम्बार सोही कार्य दोहोऱ्याएर लक्ष्मीबाट खर्चपानीको आशा राख्ने रूक्मिणी खराब चरित्र भएकी पात्र हो । कर्म गरेर भन्दा आफ्नो शरीर बेचेर परिवार पाल्ने स्त्री आफ्ना सारा पारिवारिक समस्या बिर्सिएर, नखाएर नलाएर भए पनि छोरीलाई नयाँ-नयाँ फेसनका कपडाहरूद्वारा सजाउँछे । लक्ष्मीबाट बलात्कृत भइसकेपछि पनि त्यसमा लक्ष्मीको दोष नदेखेर बारम्बार पैसाको लागि उसको इच्छा पूरा गर्ने, जीवन चलाउने सारा बाटोहरू बन्द गरेर अन्तिम उपायका रूपमा घृणित पेसा अपनाउने रूक्मिणी यस उपन्यासकी प्रतिकूल पात्र हो ।

### ३.२.५.४ स्वभावको आधारमा

स्वभावको आधारमा रूक्मिणी यस उपन्यासकी गतिशील पात्र हो । रूक्मिणी उपन्यासमा परिस्थिति अनुसार बदलिने पात्र हो । सुरुमा ऊ पतिको मृत्यु भएकी असहाय पात्रको रूपमा परिचित छे । जसका पाँच सन्तान रहेका छन् । ऊ ती सन्तानका लागि जस्तोसुकै दुःख पनि गर्न तयार छे । तर समयले उसलाई बदलिन बाध्य बनाएको छ । जसको घरमा भात पकाएर, झुठो भाँडा माझेर निर्वाह गरेर बस्छे उसैको वासनाको सिकार

भएर वेश्या बन्न पुगेकी छे । उसको गरिबी, असहाय र निरीह विशेषता अब वेश्यामा परिवर्तन भएको छ । रूक्मिणीले आफ्नो पेसा परिवर्तन गरेर जीवनलाई सरल बनाएर अगाडि बढेकीले ऊ गतिशील पात्र हो । सधैँ अर्काको घरमा काम गरेर जीवन चलाएको भए उसमा स्थिर गुण निहित हुन्थ्यो तर उसले परिस्थितिलाई मध्यनजर गर्दै गलत बाटो भए पनि आफ्नो र आफ्नो परिवारको लागि ऊ परिवर्तन हुनुले पनि उसलाई गतिशील पात्र साबित गर्दछ ।

### ३.२.५.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा रूक्मिणी वर्गीय पात्र हो । रूक्मिणी नेपाली समाजको निम्न वर्गीय परिवारको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र हो । उपन्यासमा वर्णन गरिएको उसको पारिवारिक र आर्थिक अवस्थाबाट ऊ निम्न वर्गकी पात्र हो भन्ने पुष्टि हुन्छ । अर्काको घरमा भात पकाउन बसेकी स्त्री बाँकी रहेको भात पनि लुकी चोरी छोराछोरीलाई खुवाउने कोसिस गर्छे । अन्त्यमा जब ऊ लक्ष्मीको बहकाउमा पर्छे तब उसले पैसाको लोभमा लक्ष्मीका अगाडि आफ्नो अस्तित्व लुटाएकी छे । जीवन निर्वाहमा धेरै समस्या आएपछि आफ्नो गरिबीलाई ढाकछोप गर्न उसले घृणित पेसा अपनाउँछे । यसकारण रूक्मिणी निम्न वर्गीय परिवारकी प्रतिनिधि पात्र हो ।

### ३.२.५.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा रूक्मिणी मञ्चीय पात्र हो । उपन्यासको मध्य भागमा उपस्थित भएर कार्यव्यापार गरेकी अन्त्यतिर थोरै समयका लागि उसको उपस्थिति छ । तर थोरै कार्यव्यापार गरे पनि रूक्मिणी यस उपन्यासकी महत्वपूर्ण सहायक पात्र हो । उसको लक्ष्मी र रविसँगको संवाद र औपन्यासिक कार्यव्यापारले पनि उसलाई मञ्चीय पात्र बनाएको छ । लक्ष्मी र रविले उसको नाम मात्र लिएका वा उसको वर्णन गरेका होइनन् । ऊ स्वयं उपस्थित भएर उपन्यासमा आफ्नो भूमिका निर्वाह गरेकी छ । रूक्मिणीकै चरित्रबाट उपन्यासकारले समाजको निम्न वर्गीय परिवारकी सङ्घर्षशील स्त्रीको कथाव्यथा प्रस्तुत गरेका छन् । कसरी लक्ष्मी जस्ता कामवासनाले सधैँ लिप्त पुरुषले त्यस प्रकारका स्त्रीको कमजोरीलाई आफ्नो स्वार्थ पूर्तिको माध्यम बनाउँछन् भन्ने कुरा रूक्मिणीको कार्य वा भूमिकाबाट प्रस्तुत गरेकाले ऊ एक मञ्चीय पात्र हो ।

### ३.२.५.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा रूक्मिणी बद्ध पात्र हो । उपन्यासको एउटा अंशसँग मात्र जोडिए पनि उसको भूमिका आवश्यक छ । लक्ष्मीमा अन्तर्निहित कामवासना परिपूर्ति रूक्मिणीबाट भएको छ । रूक्मिणी पनि लक्ष्मीको

जीवनको सफलताको एउटा माध्यम हो । किनभने उसको लागि पैसा रक्सी र केटी बढी महत्वका वस्तु हुन् । लक्ष्मी रवि र रूक्मिणीले सँग सँगै कार्यव्यापार गरेका छन् । लक्ष्मी स्त्रीलम्पट हो तर उसले जवानीले परिपूर्ण स्त्रीलाई मात्र हैन कि पाँच सन्तानकी आमा, पति नभएकी स्त्रीलाई पनि आफ्नो सिकार बनाउने कार्य गरेको छ ।

लक्ष्मीको यो कार्य रूक्मिणीको उपस्थितिबिना असम्भव छ । उपन्यासबाट रूक्मिणीलाई हटाउँदा उपन्यास कता-कता खाली जस्तो लाग्छ । ऊ सवितासँग पनि जोडिएकी छे । उसलाई हटाएमा सविताको पनि चरित्र स्वतः हट्छ । लक्ष्मीको विशेषताले जुन उत्कर्ष पाएको छ त्यो रूक्मिणीबिना सम्भव छैन । त्यसैले रूक्मिणी यस उपन्यासकी बद्ध पात्र हो ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर हेर्दा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक स्त्री पात्र रूक्मिणी एक निम्न वर्गीय चरित्र हो । जो निरन्तर जीवन निर्वाहको उपायको खोजीमा छे । जसका लागि ऊ आफ्नो शरीर बेच्न पनि पछि परेकी छैन । समग्रमा रूक्मिणी लिङ्गका आधारमा स्त्री, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा उपन्यासमा उपस्थित भएकी पात्र हो ।

### ३.२.६ रोजिना रानीको चरित्र विश्लेषण

रोजिना रानी 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी सहायक स्त्री पात्र हो । चन्द्रप्रसाद वा प्रसाद राजाकी श्रीमती रोजिना उपन्यासकारको समाजसेवाप्रतिको व्यङ्ग्य द्योतन गर्ने पात्र हो । उपन्यासको मध्य भागमा उपस्थित भएकी रोजिना रानीको भूमिका सहायक भए पनि उपन्यासलाई गति प्रदान गर्न भने उल्लेख्य देखिन्छ । रोजिना रानी सुन्दर स्त्री पात्र हो । जसको सुन्दरतामा प्रसाद राजा लगायतका थुप्रै पुरुष पात्रहरू लट्ठ देखिन्छन् । विशेष गरी उपन्यासको प्रमुख पुरष पात्र लक्ष्मी ऊ माथि बढी आकर्षित देखिन्छ । उपन्यासकारले रोजिना रानीबाट समाज सेवाको खोक्रो आडम्बर प्रस्तुत गरेका छन् । साथै दरबारीया सत्य पनि उजागर गर्ने काम गरेका छन् । दरबारका स्त्री पनि कामवासनाका मामलामा कमजोर हुने कुरा रोजिना रानीले लक्ष्मीको गर्भ बोकेबाट थाहा हुन्छ । हुन त रोजिना रानी सधैँ वातावरण र बोटविरूवाको रक्षार्थ खडा भएकी देखिन्छ, गीता पाठ गरेकी देखिन्छ तर तीतो सत्य भनेको यो सब क्षणिक र देखावटी हुन् । उपन्यासको मध्य भागमा प्रस्तुत भएर पनि उसले लक्ष्मी र प्रसाद राजासँग गरेको संवाद र कार्यव्यापारले उपन्यासलाई उत्कर्षमा पुऱ्याएको छ । बोटविरूवाको संरक्षण, समाजसेवा, सुन्दरताको विशेष ख्याल, यौवनको उन्माद रोजिना रानीको चारित्रिक विशेषता हो ।

### ३.३.६.१ लिङ्गका आधारमा

पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा रोजिना रानी स्त्री पात्र हो । 'रोजिना' र 'रानी' दुवै स्त्रीवाचक शब्द हुन् । प्रसाद राजाकी श्रीमती र उसको दरबारकी रानी रोजिना रानी हो । उपन्यासमा गरिएको रोजिना रानीको बाह्य वर्णन, नामकरण, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएका क्रियापदबाट सहजै रूपमा रोजिना रानीलाई स्त्री पात्र मान्न सकिन्छ । उपन्यासमा समाख्याताले उसलाई यसप्रकार परिचित गराएको छ -

> 'केही कुरा रानीसाहेबबारे । रानीसाहेबको शुभनाउँ जेसुकै राखिएको भए पनि उसलाई रोजिना रानीसाहेब भनिन्थ्यो । निकै राम्री थिई । सुन्दरताले गर्दा कि केले हो, उमेरको अनुमान हुँदैनथ्यो, त्यसकारण युवती पनि देखिन्थी' (पृ.१२०) ।

माथिको संवादमा प्रयोग गरिएको रानीसाहेब, युवती जस्ता शब्दले रोजिना रानीलाई स्त्री बुझाउँछ । ऊ स्त्री सुन्दरता र श्रृङ्गारमा ध्यान दिने पात्र हो । स्त्री भए पनि वा भनौं युवती भए पनि उसलाई आफ्नो श्रृङ्गार सँगसँगै समाज सेवा र गीता पाठमा पनि विशेष रुचि छ । हुन त स्त्रीमा हुनुपर्ने गुण सँगै ऊ चुरोटको पनि सौखिन देखिन्छे तर शालीनता भने उसको व्यवहारमा झल्किन्छ । उपन्यासमा ऊ मार्फत स्त्रीका राम्रा र नराम्रा दुवै गुण र व्यवहारको प्रस्तुत गरिएको छ ।

### ३.२.६.२ कार्यका आधारमा

उपन्यासमा पात्रको कार्यवा भूमिकाका आधारमा रोजिना रानी यस उपन्यासकी सहायक पात्र हो । उपन्यासको सुरुवातदेखि उसको भूमिका नभए पनि बिच भागलाई उल्लेख्य बनाउन सहयोग गरेको देखिन्छ । दरबारीया स्त्री/रानीको वास्तविक चरित्र उजागर गर्नु नै रोजिना रानीको प्रमुख औपन्यासिक कार्य हो । लक्ष्मीसँगको सहकार्य विशेष प्रभावकारी रहेको छ । लक्ष्मी यस्तो पात्र हो जोसँग उपन्यासका प्रायः सबै पात्रहरू आबद्ध भएर आफ्ना कार्य गरेका छन् । त्यसमध्ये रोजिना रानी पनि एक हो । हुन त लक्ष्मी रोजिना रानीको भरौटे मात्र हो । रोजिना रानीको चाकडीमा नै उपन्यास अगाडि बढेको छ तर रोजिना रानीको औपन्यासिक भूमिकाले लक्ष्मी रोजिना रानीको शरीरसम्म पुगेको हो । रोजिना रानीको समाजसेवामा लक्ष्मी पनि सामेल छ । उपन्यासमा रोजिना रानीले आफ्नो सुन्दरताको प्रस्तुतिसँगै समाजसेवा र वातावरण संरक्षणलाई पनि ध्यान दिएकी छे । उसको यो कार्य अत्यन्त राम्रो छ । तर यो पूर्ण भने छैन । रोजिना रानी अरुको दुःखमा सहानुभूति राखेर साथ दिन खोज्ने पात्र हो तर त्यो दुःखको निवारण भने ऊबाट हुन सकेको छैन । उसको यस्तै कार्यले उसलाई व्यङ्ग्यात्मक चरित्र बनाएको छ । रानीसाहेब बनेर, श्रृङ्गार पटार गरेर, चुरोटको धुँवा उडाएर, आफ्ना दलबल अगाडि लगाएर समाजमा प्रवेश गर्ने

रोजिना रानीमा समाज सेवाको भावना पूर्ण रूपमा जागृत छैन । आफ्नो उपल्लो वर्ग भएको घमण्ड र रवाफ उसमा देखा परेको छ । समाज र देशको लागि केही गर्नको लागि वास्तविक जीवनबाट बाहिर आउनुपर्छ भन्ने सोचाइ नहुनु र यस्तो प्रक्रियाले समाज सेवा सफल नहुनुले पनि उपन्यासको कथावस्तु वास्तविक यथार्थतिर लम्कन सहयोग गरेको छ । तसर्थ रोजिना रानीको यस प्रकारको औपन्यासिक कार्य उल्लेख्य रहेको छ ।

रोजिना रानी चुरोटको धुँवासँगै आफ्नो सुन्दरता उडाएर अरुलाई जुवा खेल्न उक्साउने पात्र हो । एकापट्टी समाजसेवा र गीता पाठ अर्कापट्टी जुवा र तासको खालमा सामेल हुने उसको चरित्रले समाजको उपल्लो र सामन्त वर्ग पैसा र शक्तिको आडमा कसरी बिग्रिएका छन् भन्ने कुरा प्रस्तुत गर्ने कार्य गरेको छ ।

> 'मुखमा चुरोटको गन्ध हुँदो हो तापनि हाँसो रानीसाहेबको त मान्नैपर्छ । त्यसमा त म पनि मुग्ध हुन्छु । एक त म यस्ता विषयवस्तुमा मुग्ध हुन अलि उदारतापूर्वक नै तयार हुने व्यक्ति हुँ भने ...त्यसपछि रानीसाहेबको हाँसो उसको बोली त्यत्तिकै ... के भनूँ, श्रवणीय मात्र होइन, उत्तेजक पनि' (पृ.१२०) ।

लक्ष्मी जस्ता थुप्रै भरौटेहरू रोजिना रानीको सुन्दरताप्रति मोहित छन् । जसका कारण उनीहरू जुवा खेल्न उत्तेजित हुन्छन् र टाट भएर फर्कन्छन् । केवल जुवाको खालमा मात्र रोजिना रानी सुन्दरता छर्दिन ऊ त समाजसेवामा पनि आफ्नो यौवनलाई सँगै लैजान्छे । उसको यस्तो कार्यले समाजका सामन्ती, उपल्लो वर्गका समाजसेवी जो समाजसेवाको नाममा आफ्नो सान प्रस्तुत गर्छन् तिनीहरूमाथि अप्रत्यक्ष रूपमा व्यङ्ग्य गरिएको छ ।

> 'रानीसाहेब समाजसेवाको भावनाले ज्यादै ओतप्रोत भएर गाउँतिर जाँदा, गाउँलेहरूको भीडसमेत हेर्नलायक हुन्थ्यो । उसको लिपिस्टिक र साडीको रङ म्याच गरेको देखेर लुगाले र भाग्यले पनि फाटेचिटेका स्त्रीहरू उदेक मान्थे भने, पुरुषहरू उसको यौवनमाथि पनि एक परिचर्चा गरिहाल्दथे । चन्द्रमै भए पनि, चन्द्रमाबारे कुरा नगर्नु भन्ने के छ र (पृ.१२०) ?'

रोजिनाको यो समाजसेवामा समाजका वास्तविक गरिब र दुःखीको केही उद्दार भएको छैन । प्रथम त ऊ दुःख भनेको के हो नै जान्दिन र द्वितीय गरिबी र दुःखको बिचको सम्बन्ध उसले बुझेकी छैन वा बुझ्नु पर्ने अवस्था उसको जीवनमा आएकै छैन । एकपटक एउटा गरिब परिवारकी आइमाईले खान नपाएर आफ्नो बच्चालाई दूध चुसाउन नसक्दा त्यस आइमाईसँग रोजिना रानीको संवादले पाठकलाई सोच्न बाध्य बनाउँछ कि ऊ कुन प्रकारको समाजसेवी अन्तर्गत पर्छे । यो पाठकका लागि हास्यास्पद कार्य हो ।

'आइमाईले भनी - "हजुर, रानीसाहेब, मेरो आफ्नो दूध आउने भएदेखि आफ्नै सस्तो मुन्टो चुसाइहाल्थैं नि, यो महँगो माल (दूधदानी) किन चाहिन्थ्यो ?"

रोजिना घोरिन थाली ।

- "तिम्रो दूध किन आएन त ?" उसले सोधी ।

आइमाईले भनी - "पहिले आउँथ्यो थला परेदेखि आउन छाड्यो, के गर्नु हजुर, सारै गरिब छु ।"

रोजिनाले सान्त्वना दिई - "रोग लागेपछि गरिब, धनी सबैलाई यस्तै हुन्छ नि !"

- "होइन हजुर परार त्यो अर्को छोरो पाउँदा, यस्तै बिरामी परे पनि दूध आउँथ्यो ।" उसले भनी ।

- "कसरी ?" रानीसाहबेले आश्चर्य मानी ।

- "परार उहाँ सद्दे हुनुहुन्थ्यो कमाएर ल्याउनुहुन्थ्यो, पेटमा केही पर्थ्यो अनि छाती रसाउँथ्यो ।"

रानीसाहेब चिन्तित भई । पेट र छातीको सम्बन्ध गीतामा लेखिएको थिएन क्यार ! उसलाई लाग्यो, यो खानेकुराको लागि पैसा माग्न यसो भनिरहेकी छे, तर यसलाई पहिले औषधी चाहिन्छ कि खानेकुरो, त्यसको निर्णय नहुन्जेल म पनि निरूपाय छु' (पृ.१२३) ।

माथिको संवादमा रोजिना रानीको समाजसेवाको कार्य स्पष्ट रूपमा झल्किएको छ । उसले दुःखीको दुःखबारे सोचेकी छे । किन दुःख पऱ्यो र त्यो कम गर्न के गर्न सकिन्छ भन्ने बारे अनभिज्ञ भए पनि चिन्ता र चासो गर्ने कार्य प्रशंसा योग्य छ । उसले दुःख निवारणमा साथ दिन नसके पनि दुःखमा सामेल भएर सान्त्वना दिने कार्य गरेकी छे । आफ्नो दरबारीया भेषमै भए पनि केही समयका लागि समाजलाई पनि ध्यानमा राख्नु र त्यहाँका मानिसको अवस्था थाहा पाउन चासो राख्नु महत्वपूर्ण पक्ष हो ।

'जाने बेलामा रानीसाहेबले त्यसलाई देखी, अडिई । घुँडा टेकेर बसी र भनी - "जान्दछु खेलौनाले पेट भर्दैन, तर यस्तो गरिब देशमा जन्मेपछि मन बहलाउन पनि त सिक्नुपर्दछ त्यसैले मैले तिमीलाई खेलौना दिएकी हुँ, किनभने खेलौनाजति मन बहलिने वस्तु केटाकेटीलाई अन्य के हुन्छ ?"' ...

'उसले त्यस नाङ्गी बालिकाको चिउँडो समाई र उभिई । त्यसपछि आमाबाबुतिर फर्केर भनी - "हेर, मैले गर्ने मैले गर्नुपर्छ, तिमीहरूले गर्ने तिमीहरूले गर्नुपर्छ । अरु त सब भगवान्को हातमा छ, ल है त, जान्छु, म फेरि आउँला' (पृ.१२४)"'

रोजिना रानीमा खेलौनाले पेट भर्दैन भन्ने भावना प्रशंसनीय छ । उसको यस्तो कार्यले ऊ उपल्लो वर्गकी सामन्त पात्र नभएर दुःखीको पक्षमा आवाज उठाउने पात्र हो कि भन्ने भ्रम पनि पर्छ । यसका साथै रोजिना रानी वातावरण संरक्षण र वृक्षारोपणमा पनि चासो देखाउने पात्र हो । उसले वृक्षारोपण सम्बन्धी कार्यक्रमहरू वर्षैपिच्छे सञ्चालन गरेकी छ ।

' - "यो के हो ?" रानीसाहेबले सोधी ।

मैले भनैं - "परार साल यसै उपलक्ष्यमा हजुरले नै रोपेका विरूवाहरू हुन् ।"

- "तर विरूवा रोपिन्छ बोट र रूख बनून् भनेर !" रानीसाहेबले अलिक कठोर भएर भनी ।

- "हो हजुर, तर पछिबाट यहाँ कोही हेर्नसम्म आइदिँदैन, बाखाहरू मात्र आउँछन् । भन्यो भने भन्छन्, अर्को वर्ष पनि त रोप्नुपर्छ नि ! अनि विरूवा रूख बनाउन मात्र होइन, समारोह मनाउन पनि त रोप्ने हो नि !" मैले उसलाई बिन्ती गरेँ' (पृ.१२५) ।

रोजिना रानीको समाजसेवामा वृक्षारोपण जस्तो महत्वपूर्ण कार्य पनि परेको छ । रूख रोपेर मात्र हुन्न त्यसको हेरचाह र स्याहार पनि गर्नुपर्छ नत्र विरूवा बढ्न नपाई मर्छ भन्ने सन्देश यहाँ उसले प्रस्तुत गर्न खोजेकी छ । रोजिनाले उपन्यासको पहिलो अन्त्यमा पनि महत्वपूर्ण भूमिका प्रस्तुत गरेकी छ । यसले आफू जस्तै अमिता पनि लक्ष्मीको सिकार भएको कुरा रविलाई भनेर रविलाई नैराश्यतातिर धकेलिन बाध्य बनाएकी छे ।

'रोजिना अलिकति उदास भई । त्यसपछि उसले भनी - "द्याट ब्लडी स्प्वाइल्ड अमिताज लाइफ टु ।"

- 'हु ?"

- " ... ।"

रवि त्यसपछि रन्थनिएर उठ्यो । सरासर घर गयो र अमितालाई सोध्यो । अमिता रविसित झूटो कसरी बोल्न सक्थी, सोधिहालेपछि ?

रवि फेरि रन्थनिएर उठ्यो, त्यहाँबाट निस्केर भौँतारिन थाल्यो । जथाभावी । अकारण । उसलाई बल्ल झुल्केको थियो, मैले भेट्दै नभेटेको कारण' (पृ.१६९) ।

यसरी रोजिनाले उपन्यासको अन्त्य गर्न पनि महत्वपूर्ण भूमिका खेलेकी छे । अमिताको जीवनको सत्य रविको सामु नराखिदिएको भए उपन्यासको र रविको दुःखद अन्त्य हुने थिएन । वास्तवमा रोजिना रानी उपन्यासको सहायक स्त्री पात्र भएर, कथावस्तुको

बिचमा उपस्थित भएर पनि त्यसलाई उत्कर्षमा पुऱ्याएर फेरि अन्त्यको बाटो पनि निर्माण गर्ने कार्य गरेकी छ । यसरी उसको औपन्यासिक कार्य सहायक वा थोरै भए पनि महत्वपूर्ण छ ।

### ३.२.६.३ प्रवृत्तिका आधारमा

चरित्रगत प्रवृत्तिका दृष्टिले रोजिना रानी प्रतिकूल चरित्र हो । उपन्यासमा रोजिना रानीलाई समाजसेवीको व्यङ्ग्यात्मक स्वरूपमा प्रस्तुत गरिएको छ । एक प्रकारले भन्दा रोजिना रानीको समाजसेवा देखावटी मात्र छ । उपन्यासमा उसको चरित्रको प्रस्तुतिबाट पनि ऊ खराब चरित्र भएकी पात्र हो भन्न सकिन्छ । रोजिना ब्यागमा अत्तरको सुगन्धसँगै गीताको पुस्तक पनि वासनादार बनाएर हिँड्छे । यहाँ व्यङ्ग्य सँगसँगै यथार्थ पनि छ । यसकारण रोजिना रानी समाजसेवाको नाममा आफ्नो उपल्लो वर्गको छाँट देखाउने खराब चरित्र भएकी पात्र हो । प्रसाद राजा जत्तिकै भोगविलासी ऊ तास खेलेर र बाँकी बचेको समय समाजसेवा गरेर बिताउँछे । रोजिनाको समाजसेवा विसङ्गतिपूर्ण छ । रोजिनाको समाज सेवा खुल्ला हृदयले, सेवाको भावना लिएर गरेको नभएर योजना गरे जस्तो अनुभव हुन्छ । दरबारको रवाफमा अरुमाथि स्वामित्व जमाउने रोजिना आफ्नो कमजोरीलाई लक्ष्मीले पक्डेर आफूमाथि स्वामित्व लिन सहजै दिने कमजोर पात्र हो । दरबारका स्त्री पनि परपुरुष गमन जस्तो खराब कार्य गर्न सक्छन् भन्ने कुरा उसको व्यवहारबाट प्रस्तुत भएको छ । समाजसेवाको नाममा आफ्ना भरौटेहरू अगाडि पछाडि लगाएर आफ्नो यौवन र सुन्दरताले अरुलाई आकर्षित गर्नु उसको खराब पक्ष हो । जुवा र चुरोटको लत भएकी रोजिना समाजसेवा र धर्म चुरोटको धुँवा जस्तै उडाउँथी । जुन केहीछिन देखिएर हावामा रूमलिन्छ र पछि आफैँ बिलाउँछ ।

> 'रोजिना रानीसाहेब चुरोट खान्थी, तास खेल्दथी र बाँकी रहेको समयमा समाजसेवा पनि गर्दथी । वृक्षारोपणदेखि लिएर कुनै संस्थाको सहयोगार्थ जुवा खेलाउनुसम्म सब उसका परोपकारी कार्यक्रममा सामेल थिए' ...
>
> 'एउटा विशेष कुरा के थियो भने, जुन काउन्टरमा रोजिना जुवा खेलाउँथी, त्यसमा सबभन्दा बढी भीड हुन्थ्यो । सुन्दरता, परिधान सबैले तानेका हुन्थे । रोजिनाले टिकट दिई भने, त्यहाँ उभिने महान्, कन्जुस र भयावह रूपमा टाट मान्छेसमेत टिकट लिन्नँ भन्न सक्दैनथ्यो । ऋण पैँचो गरेर भए पनि लिन्थ्यो र सके झन् टाट भएर घर फर्किन्थ्यो (पृ.१२०) ।

माथि प्रस्तुत गरिएको रोजिना रानीको चारित्रिक विशेषताका आधारमा ऊ खराब पात्र हो । जुवा र चुरोटको लत, श्रृङ्गारको रस भएकी, गीता र समाजसेवालाई हलुका रूपमा लिने ऊ प्रतिकूल रूपमा उपस्थित छे । 'रेजिना रानीसाहेबको निष्काम ज्वरो धेरै

हप्तापछि बल्ल ओर्ल्यो र ऊ बल्ल अलि भोगविलासतर्फ प्रवृत्त भई' (पृ.१२५) । यस वाक्यले के साबित गर्छ भने महल र जुवाको खालबाट दिक्क भएर केही समयका लागि समाजसेवा नामको स्वच्छ हावा खान ओर्लिएर फेरि आफ्नै वर्गीय सामन्ती संसारमा प्रवेश गर्ने कुराको भान हुन्छ । यसप्रकार रोजिना खराब चरित्र भएकी प्रतिकूल पात्र हो ।

### ३.२.६.४ स्वभावको आधारमा

स्वभावको आधारमा रोजिना रानी यस उपन्यासकी गतिशील पात्र हो । उसको चरित्रलाई समय र परिस्थिति अनुसार परिवर्तन गर्न ऊ सफल पात्र हो । आफ्नो सुन्दरता र श्रृङ्गार, जुवाको खाल, समाजसेवा, गीतापाठ आदि सबै कार्यको अवस्थामा उसले आफूलाई परिवर्तन गरेकी छे । आन्दोलनको समयमा लक्ष्मी सँगसँगै भूमिगत भएर बसेकी ऊ परपुरुष लक्ष्मीबाट प्राप्त सन्तानलाई स्वीकारेर त्यसमा खुसी भएर हिँडेकी छे साथै रविका सामु अमिता र लक्ष्मीको सत्य पनि उद्घाटन गरेकी छ । उपन्यासको घटनावलीको विकास सँगसँगै आफूलाई पनि परिवर्तन गर्न सक्षम रोजिना रानी गतिशील पात्र/चरित्र हो ।

### ३.२.६.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा रोजिना रानी वर्गीय पात्र हो । समाजको उच्च वर्ग जो आफ्नो सम्पत्तिको आडमा अरुमाथि नेतृत्वदायी भूमिका प्रस्तुत गरिरहेकी छे । प्रसाद राजाको सानोतिनो दरबारमा हक जमाएर बसेकी, श्रृङ्गारलाई प्रथम प्राथमिकता दिने र त्यसबाट दिक्क भएपछि समाजसेवाको नाममा हावा खान निस्कने रोजिना रानी सामन्ती वर्गको प्रतिनिधि पात्र हो । सधैँ आफ्नो अगाडि पछाडि सुसारेहरू राख्ने र जुवामा सोझा-साझा मानिसलाई आफ्नो सुन्दरताको जालमा फसाएर पैसा कमाउने ऊ उपल्लो वर्गकी पात्र हो । उपन्यासकारले समाजका रोजिना रानी जस्ता सामन्त वर्गका मानिसले कसरी आफूभन्दा साना वा कमजोर व्यक्तिलाई आफ्नो अधीनमा राखेर राज्य गर्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । यही आधारमा रोजिना रानी वर्गीय पात्र हो ।

### ३.२.६.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा रोजिना रानी मञ्चीय पात्र हो । पूरै उपन्यासमा उपस्थित नभए पनि मध्य भागलाई प्रत्यक्ष उपस्थित भएर सफल बनाएकी छे । उसको संवाद र कार्यव्यापारले उसलाई मञ्चीय पात्र बनाएको छ । घटनाक्रम सँगसँगै प्रत्यक्ष रूपमा रोजिनाले आफ्नो औपन्यासिक भूमिका निर्वाह गरेकी छ । विशेष गरी रवि र लक्ष्मीसँग उसको कार्यव्यापर बढी रहेका छन् । उपन्यासमा उसले एक सामन्त नारी पात्रको सशक्त भूमिका प्रस्तुत गरेकी छ । यसकारण ऊ उपन्यासकी मञ्चीय पात्र हो ।

### ३.२.६.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा रोजिना रानी बद्ध पात्र हो । ऊ उपन्यासको स्त्री पात्रहरूमध्ये उल्लेख्य सहायक पात्र हो । उपन्यासबाट उसलाई हटाउनु स्वभाविक देखिँदैन । ऊबिना लक्ष्मीको चरित्र पूर्ण रूपमा उजागर हुन सक्दैन । रोजिना रानीले उपल्लो वर्गको प्रतिनिधित्व गरेर आफ्नो चारित्रिक विशेषता प्रस्तुत गरेकी छ यदि ऊ नभएमा उपन्यास यी विशेषताहरूबाट वञ्चित हुन जान्थ्यो साथै कथावस्तु पनि फितलो हुन्थ्यो । उपन्यासको पहिलो अन्त्यमा पनि उसको महत्वपूर्ण भूमिका रहेको छ । रविलाई अमिता र लक्ष्मीको तीतो यथार्थ बताउने कार्य बढी महत्वपूर्ण रहेको छ । उपन्यासको घटनावस्तुलाई विकासावस्थामा पुऱ्याएर त्यसको अन्त्य पनि दिएकाले रोजिना रानी बद्ध पात्र हो ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी सहायक स्त्री पात्र रोजिना रानीको विश्लेषण गर्दा चारित्रिक रूपमा खराब चरित्र भएकी उपल्लो वर्गकी पात्रका रूपमा देखिन्छे । समग्रमा भन्दा रोजिना रानी यस उपन्यासकी साहसी स्त्री पात्र हो । जो निडर छे । आफ्नो विचारमा अडिग छे । उसको कार्य गर्ने छुट्टै तरिका छ । रोजिना रानी लिङ्गका आधारमा स्त्री, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

### ३.२.७ सिलवालको चरित्र विश्लेषण

सिलवाल 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक पुरुष पात्र हो । उपन्यासको मध्य भागमा उसको केही समयका लागि मात्र उपस्थिति रहेको छ । तर त्यस छोटो अवधिमा लक्ष्मीसँग भएको उसको संवाद र कार्यव्यापार महत्वपूर्ण रहेको छ । लक्ष्मी जस्तो छट्टु पात्रले पनि सिलवालको अगाडि केही समयको लागि मात खाएको छ । लक्ष्मीले उपन्यासमा जुन प्रकारले सिलवालको गुणहरू विभाजन गरेर प्रस्तुत गरेको छ । त्यसबाट सिलवाल साधारण मानिसभन्दा फरक स्वभावको देखिन्छ । गरिब होइन तर रक्सी र चुरोटका लागि ऊ पैसा माग्दै हिँड्छ । पैसाको लागि उसले आफ्नो बाबुलाई समेत उपयोग गरेको छ । अन्त्यमा सही तरिकाले बाबुको उपचार नभई मृत्यु हुँदा पनि उसमा चेत आएको छैन । मन्त्रीहरूसँग सिधा सम्बन्ध भएको सिलवालको पैसाको स्रोत मन्त्रीका लागि भाषण तयार गर्नु र मन्त्रीको इच्छा र आवश्यकता अनुसार कन्या उपलब्ध गराउनु हो । सिलवाल जस्तोसुकै काल्पनिक कुरालाई पनि तानाबाना बुनेर यथार्थ हो भन्ने भ्रमको सिर्जना गर्न सक्ने क्षमता राख्छ । सिलवालको थोरै भूमिकाले पनि नेपाली राजनीतिमा

भएको विसङ्गत पक्षको उद्घाटन भएकाले उसलाई उपन्यासको सहायक पात्र भनिएको छ ।

### ३.२.७.१ लिङ्गका आधारमा

पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा सिलवाल पुरुष पात्र हो । उपन्यासमा सिलवालको पूरा नाम स्पष्ट छैन । सिलवाल थर मात्र हो । तर उपन्यासमा सिलवालको बारेमा गरिएको बाह्य वर्णन, नामकरण, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएका क्रियापदबाट सहजै रूपमा सिलवाल पुरुष पात्र हो । उपन्यासमा सिलवाललाई यसप्रकार परिचित गराइएको छ -

> 'त्यसै बखत एउटा निहुँ फेला पऱ्यो । निहुँको नाउँ थियो सिलवाल । नाउँ होइन थर । नाउँ त म पनि त्यति सम्झन्नँ हुँला । आवश्यकतै नपर्ने हुनाले हो, सिलवालका गुणहरू भने स्मरणीय छन्' (पृ.७२) ।

उपन्यासमा सिलवाल थोरै समय मात्र देखा परेकाले उसको सीमित परिचय मात्र पाइन्छ । समग्रमा सिलवाल यस्तो पुरुष पात्र हो जो आफ्नो बाबु आमाको लागि पनि काम आउन सकेन । मन्त्री र राजनीतिमा गलत सम्बन्ध राख्ने सिलवाल खराब पुरुष पात्र हो ।

### ३.२.७.२ कार्यका आधारमा

उपन्यासमा पात्रको कार्य वा भूमिकाका आधारमा सिलवाल यस उपन्यासको सहायक पात्र हो । सिलवाल सहायक भएर पनि उल्लेख्य पात्र हो । उपन्यासमा सिलवालको जति पनि भूमिका छ ती सबैले समाजको विसङ्गत अवस्थाको चित्रण गरेको छ । समाजका युवाहरू पैसाका लागि तल्लो स्तरका कार्य गर्न सक्छन् भन्ने कुरा प्रस्ट हुन्छ । पैसाको चक्करमा बाबुको समेत मान राखेको छैन । मन्त्रीहरूसँगको पहुँच, भाषण तयार गर्न र उनीहरूको कामवासना पूर्तिका लागि केटीहरूको व्यवस्था गर्न मात्र उसको काम रहेको छ । रक्सी र चुरोटको खराब लत भएको सिलवाल बिना अर्थका असत्य कुरा गरेर लक्ष्मीलाई पनि चकित बनाउन सफल छ । एउटा युवा कुलतमा लागेपछि कसरी बिग्रन्छ भन्ने कुरा ऊ मार्फत प्रस्तुत गरिएको छ ।

> 'सिलवालले रक्सी र भटमास चिउरा मगायो । रक्सी निल्न थालेपछि ठिटी हेर्न झन् बढ्यो । ठिटीलाई हेरेको देखेपछि सिलवालले भन्यो - "के हेर्छस् ? बेसरी खान्छे, अनि यस्तरी मोटाउँछे (पृ.७३) ।"'

यसरी सधैँ रक्सीमा तल्लीन रहने र मौकामा एक दुईवटा खराब काम गरेर पैसाको गुजारा गर्ने सिलवालाई आफू नेपालको सबभन्दा ठूलो समालोचक र निबन्धकार हुँ भन्ने भ्रम थियो । रक्सीमा मातेका बेला ऊ बनावटी कुरालाई यथार्थ बनाउन खप्पीस थियो ।

उसको जीवन विसङ्गत देखिन्छ । ऊ समय समयमा विनम्र र रोचक हुन्छ भने समय-समयमा गम्भीर पनि देखिन्छ । यसप्रकार उसको भूमिकाले विसङ्गत जीवनको प्रस्तुति गरेकाले उसलाई उपन्यासको सहायक पात्र मानिन्छ ।

'ऊ प्रत्येक कुरा यस्तै गोप्य र पहिलो पटक भनेजस्तै गरी भन्दथ्यो, तर यस्तोमा पर्ने म एकचालीसौं व्यक्ति हुन सक्छु ।

त्यसकारण सिलवालले त्यसो भन्दा मलाई केही पनि लागेन त्यस्तो । यस्तो कुरा भन्यो, जुन सुन्नासाथ म झस्केर जुरूक्क उठिहालैं, अर्को कुनै विकल्प नै थिएन ।

उसले भनेको थियो - "तँ चन्द्रप्रसादकहाँ जान लागेको होइनस् ?"

- "जसले भने पनि, अर्को खबर सुन् । उसले भन्यो - चन्द्रप्रसादले एक घण्टाअघि आत्महत्या गऱ्यो (पृ.७३) ।"'

माथिको संवादले सिलवाल कस्तो प्रवृत्तिको पात्र हो स्पष्ट हुन्छ । ऊ यहाँ लक्ष्मीलाई पनि पछाडि पार्न सफल भएको छ । सायद उसको जीवनको विसङ्गतिले उसलाई यस्तो बाटोमा डोऱ्याएको हुन सक्छ । लक्ष्मीसँग थोरै समयको लागि उपस्थित सिलवाल सहायक तर महत्वपूर्ण पात्र हो ।

### ३.२.७.३ प्रवृत्तिका आधारमा

चरित्रगत प्रवृत्तिका दृष्टिले सिलवाल यस उपन्यासको प्रतिकूल पात्र हो । उपन्यासमा लक्ष्मीले एक-एक गरी सिलवालको गुणहरू प्रस्तुत गर्दा उसका एक पनि राम्रा गुण पाइँदैन । ऊ रक्सी र चुरोटको कुलतमा लागेको छ । उपन्यासमा उसको संवादले पनि उसलाई एकै किसिमको देखाएको छैन । घरी शान्त हुन्छ त घरी रोचक र विनम्र हुन्छ । ऊ पैसाको लागि जस्तो सुकै खराब कार्य पनि गर्न तयार पात्र हो ।

'यसबाट लाग्ला ऊ गरिब छ । त्यस्तो पटक्कै होइन । हामीभन्दा धेरै सम्पन्न थियो, तर एउटा घटनाले उसको द्रव्यप्रेमको पत्तो पाइन्छ : एक पटक पहाडबाट सिकिस्त बिरामी परेर बाबुलाई ल्याइयो । सिलवालका छुट्टिसकेका दाजुभाइले मिलेर कुनै राम्रो डाक्टरसँग औषधी गराउनू भनेर पाँच हजार रुपियाँ पठाएका थिए । यो महाशयले बाबुलाई लगेर एउटा कम्पाउण्डरसँग सित्तैमा उपचार गरायो । तीन महिनापछि बाबु मऱ्यो' ...

'उसको कमाइको एउटा स्रोत थियो विभिन्न मन्त्रीहरूको भाषण लेख्न र अर्को स्रोत थियो, मन्त्रीहरूलाई कन्या उपलब्ध गराउनु । एकपटक मैले पनि सहायक मन्त्रीलाई कन्याको उत्कट अभिलाषा उत्पन्न हुँदा यसैका सहयोगले उपलब्ध

गराउन सकेको थिएँ । यो बेग्लै कुरो कि सहायक मन्त्रीकहाँ लानु अघि आफैँले ठोकीबजाइ गरेँ । मन्त्रीकहाँ लाने लायक छे कि छैन भनेर' (पृ.७२) ।

माथि गरिएको सिलवालको चारित्रिक वर्णनबाट ऊ असत् पात्र हो । सम्पत्तिका लागि चरित्रहीन भएको सिलवाल कुलत र खराब काममा संलग्न भएर जीवन निर्वाह गर्ने पात्र हो । उसको पैसाको लोभले बाबुको मृत्यु भएको छ । साथै केटीहरू मन्त्रीसम्म पुऱ्याएर खराब कार्य गर्ने सिलवाल उपन्यासको प्रतिकूल पात्र हो ।

### ३.२.७.४ स्वभावको आधरमा

स्वभावको आधारमा सिलवाल यस उपन्यासको गतिशील पात्र हो । उसले आफ्नो चरित्रलाई समय र परिस्थिति अनुसार परिवर्तन गरेर जीवन निर्वाह गरेको छ । सम्पत्ति कमाउनका लागि फरक-फरक परिस्थितिमा फरक-फरक कार्य गरेको छ । पैसाको लागि कहिले भाषण लेखक भएको छ, कहिले मन्त्रीको लागि केटी खोज्ने दलाल त कहिले मागेर पनि रक्सी र चुरोटको खर्च पानी जोडेको छ । थोरै समयमा पनि उसको फरक-फरक भूमिकाको प्रस्तुति गरिएको छ । यसर्थ ऊ उपन्यासको गतिशील पात्र हो ।

### ३.२.७.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा सिलवाल नितान्त व्यक्तिगत पात्र हो । उसको भूमिकाले उसलाई वैयक्तिक जीवनचेतना भएको पात्र बुझाउँछ । सिलवालको आफ्नै छुट्टै संसार छ । ऊ कहीँ कतै पनि जोडिएको छैन । उसले सबै कार्य व्यक्तिगत रूपमा सम्पन्न गरेको छ । उपन्यासमा उसको व्यक्तिगत जीवन प्रस्तुत छ । उसका वैयक्तिक घटनाहरू लक्ष्मी मार्फत प्रस्तुत भएका छन् । यसप्रकार सिलवाल उपन्यासको व्यक्तिगत पात्र हो ।

### ३.२.७.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा सिलवाल मञ्चीय पात्र हो । सिलवाल थोरै भूमिकामा पनि लक्ष्मी सँगै उपस्थित भएर संवाद र कार्यव्यापार गरेको छ । उसको भूमिका अरुबाट भनिएको वा वर्णन/व्याख्या गरिएको होइन । उसले स्वयं भूमिका निर्वाह गरेर आफ्नो औपन्यासिक कार्य सम्पन्न गरेको छ । उपन्यासको कथावस्तुमा सहायक भूमिका खेल्ने सिलवाल मञ्चीय पात्र हो ।

### ३.२.७.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा सिलवाल मुक्त पात्र हो । उपन्यासमा ऊ कसैको जीवनसँग पनि जोडिएको छैन । उसको भूमिकालाई उपन्यासबाट हटाउँदा पनि खासै फरक पर्दैन । लक्ष्मीसँगको संवादले उसलाई विसङ्गत

पात्रको रूपमा चिनाएको छ । उसलाई छोडेर उपन्यास अगाडि बढाउँदा पनि कथावस्तुमा हलचल नआउने हुनाले ऊ मुक्त पात्र हो ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर हेर्दा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक पुरुष पात्र सिलवाल अरु पात्र भन्दा फरक व्यक्तित्व भएको पात्र हो । आफ्ना वैयक्तिक घटना, स्वभाव र व्यवहारका साथ ऊ उपन्यासमा उपस्थित छ । सिलवाल लिङ्गका आधारमा पुरुष, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

### ३.२.८ सविताको चरित्र विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी सहायक स्त्री पात्र सविता रूक्मिणीकी जेठी छोरी हो । जो भर्खर यौवनावस्थामा प्रवेश गरेकी स्त्री पात्र हो । बाबु नभएकी र आमाले अर्काको घरमा काम गरेर कमाएको पैसाले आफ्नो इच्छा पूरा गर्ने सविता विवाहदेखि परहेज पात्र हो । उसलाई आफ्नो गरिबी र आमाको दुःखमा चासो छैन । नयाँ-नयाँ फेसनका लुगा लाउन र बारम्बार एउटै कक्षामा फेल हुन मनपर्छ । किनभने बारम्बर फेल भएमा चाँडो बिहे हुँदैन भन्ने उसको मनसाय छ । थोरै उमेरमा लक्ष्मी जस्तो पात्रको बहकाउमा आएर आफ्नो अस्तित्व लुटाएर पैसाको आशा राख्ने सविता असल पात्र होइन ।

### ३.२.८.१ लिङ्गका आधारमा

पात्रको शारीरिक जात छुट्याउने लिङ्गका आधारमा सविता स्त्री पात्र हो । सविता उपन्यासकी सहायक पात्र रूक्मिणीकी छोरी हो । सविताको बाहृय वर्णन, नामकरण, उसको स्वभाव एवं उसका लागि प्रयोग गरिएका क्रियापदबाट सविता स्त्री पात्र हो । उपन्यासमा सविताको परिचय निम्न लिखित  अनुसार रहेको छ -

'उसकी सबभन्दा ठूली छोरी तरूनी भइसकेकी थिई । यहीँबाट थाल्नु सुविधाजनक लाग्यो । नाउँ सविता' ...

> 'ऊ जीवनमा विवाह गर्ने कुनै लालसा राख्दिनथी । उसको रुचि थियो, प्रत्येक वर्ष फेल हुने र लुगा छानीछानी लगाउने । बिहे गरेपछि धेरैजसो सारीमा समेटिएर शालीनताको परिचय दिनुपर्छ भन्ने त्यसकारण उसले अठोट गरेकी थिई, ऊ त्यस घडीसम्म विवाह गर्ने छैन, जबसम्म ऊ विश्वका सारा पोसाक र तिनको डिजाइनबाट दिक्क मान्ने परिस्थितिमा पुग्ने छैन' (पृ.३५) ।

यसप्रकार उपन्यासमा सविताको चारित्रिक विशेषताको वर्णन गरिएको छ । जसबाट ऊ उपन्यासको सहायक स्त्री पात्रका रूपमा परिचित छे । विहे नगरी सधैँ यौवन र फेसनलाई जस्ताको तस्तै राख्न खोज्ने सविता श्रृङ्गारमा विशेष ध्यान दिने स्त्री पात्र हो ।

### ३.२.८.२ कार्यका आधारमा

उपन्यासमा पात्रको कार्य वा भूमिकाका आधारमा सविता यस उपन्यासकी सहायक पात्र हो । उपन्यासको सुरुमा रूक्मिणी सँगसँगै उपस्थित भएकी सविताको थोरै भूमिका भए पनि महत्वपूर्ण रहेको छ । विहे भएपछि सारीमा सजिएर शालीनताको परिचय दिन नरूचाउने ऊ स्वतन्त्र विचार भएर आफ्नै आकाशमा उड्न मन पराउने पात्र हो । यस अवस्थामा ऊ आफ्नो पारिवारिक परिस्थितिलाई पनि सामान्य रूपमा लिने पात्र हो । उसको प्रमुख औपन्यासिक कार्य भनेको यौवन अवस्थाकी स्त्रीको स्वभाव कस्तो हुन्छ र ऊ किन स्वतन्त्र हुन चाहन्छे भन्ने कुरा प्रस्तुत गर्नु हो ।

> 'सवितालाई देखेर अचम्म केमा लाग्दथ्यो भने अर्काको काम गरेर समेत जीवन धान्ने आमाकी यो छोरीसित जति किसिमका लुगा र जुत्ता थिए, त्यस हिसाबले ऊ एमिल्डा मार्कोसभन्दा कति पनि कम देखिन्नथी' (पृ.३५) ।
>
> सविताले श्रृङ्गारमा विशेष ध्यान दिएर नयाँ डिजाइनका लुगा लगाए पनि उसको चरित्र खराब थिएन भन्ने कुरा स्वयं लक्ष्मीले स्वीकारेको छ । 'मलाई खास गरी दु:ख त यसै कुरामा थियो, सविताको चरित्र आदि पनि स्वस्थ नै थियो' (पृ.३६) । तर यो असल चरित्र लक्ष्मीको अगाडि धेरै समय टिक्न सकेन ।
>
> तर छोरीको इच्छा पूरा गर्न सधैँ तत्पर आमा रूक्मिणी छोरी खुसी भएकोमा सधैँ खुसी रहेकी छे ।
>
> 'उसका सबै इच्छा त्यही आमा पूरा गर्दथी, जसमा कैयौँ इच्छा पूरा नभएरै मृत वा सुषुप्त भएका थिए । एउटा लक्ष्य अर्को छ । रूक्मिणीको तृप्तिका साथ आफ्नी छोरीले लगाएर हिँडेको हेर्दथी । छोरी जति फेल भए पनि प्रसन्न रहन्थी र लुगाफाटो किनिदिन्थी' (पृ.३६) ।

सवितालाई केवल आफ्नो धुन थियो । उसलाई अरु कुनै कुरामा मतलब थिएन । उसलाई आमाले कसरी आफ्नो इच्छा पुरा गरेकी छे चासो छैन तर पूरा गरेकी छे त्यही खुसी छ । जब सविता लक्ष्मीलाई अस्तित्व सुम्पिन्छे तब ऊ पैसा र नयाँ लुगा अनि जागिरको लोभमा लक्ष्मीको सामु बारम्बार अस्तित्व लुटाइरहन्छे । उपन्यासमा उसको यस्तो कार्यले उसलाई खराब पात्रको रूपमा उभ्याएको छ । त्यसपछि ऊ रविसँग पनि पैसा माग्न थाली । यसबाट रविमा ठेस पुगेको थियो कि दुवै आमा छोरी लक्ष्मीका कारण वेश्या भएर आफ्नो चरित्रमा आफैँले ह्रास ल्याए ।

'त्यसपछि रवि बोल्न थाल्यो - "अगि, सविता ... आएकी थिई । मसँग दुई सय मागेर लगी ।"

- "त्यसैले तँ यहाँ नबस्ने ?" मबाट नायकत्व अझै बिदा भएको थिएन । कायम थियो । व्यङ्ग्य पनि यथावत् ।

- "सुन्छस् ?" रविले भन्यो - " हो, त्यसले दुई सय मागेर लगेपछि नै मैले यो ठाउँ छोड्ने निश्चय गरेँ । सविता ...कस्ती केटी थिई, तँलाई थाहा छ । आज दुई सय माग्न आउँदा के बताएर गई थाहा छ" ?'...

'त्यसकी छोरीलाई कतै नोकरी लगाइदिने वचन दिएको छु । यसले लाभ के भएको थियो भने, जहिले बोलायो हाजिर हुन्थी र कहिलेकाहीँ मैले पैसा दिइनँ भने पनि प्रसन्न भएर जान्थी' (पृ.१४०) ।

माथिको वाक्यांशले सविताको चरित्र प्रस्ट हुन्छ । सुरुमा असल चरित्रकी सविता पछि पैसाको लोभमा वेश्या बनेकी छ । उसले आफ्नो चरित्र परिवर्तन गरेबाट ऊ खराब स्त्री पात्रका रूपमा चिनिएकी छे । उसले पैसाको लागि आफ्नो इज्जत गुमाउन तयार स्त्रीको भूमिका राम्रोसँग निर्वाह गरेकी छे । थोरै मात्र भूमिकाबाट पनि उपन्यासकारले ठूलो सन्देश प्रवाह गरेका छन् । सविताको यस्तो कार्यले नेपाली समाजका नारीको विसङ्गत जीवनको उत्तम प्रस्तुति गरेको छ ।

### ३.२.८.३ प्रवृत्तिका आधारमा

चरित्रगत प्रवृत्तिका आधारमा सविता प्रतिकूल चरित्र हो । उपन्यासमा सविताले यौवनले परिपूर्ण स्त्रीले पैसा र जागिरको लोभमा आफ्नो इज्जत लुटाउन कसरी तयार हुन्छे भन्ने चरित्रको निर्वाह गरेकी छे । सविता आफ्नो मात्रै स्वार्थ हेर्ने पात्र हो । आफ्नो खुसीका लागि विधवा आमाको दुःख पनि उसले मनन गरेकी छैन । साथै दुःख गरेर कमाएको पैसा आफू बाहेक भाइ बहिनीका लागि पनि खर्च गर्नुपर्छ भन्ने सोचेकी छैन । साथै लक्ष्मीले पैसा र जागिरको लागि देखाएको लोभमा रूमलिएर आफ्नो इज्जतलाई बारम्बार दाउमा लगाएकी छे । साथै उसले आफ्नो बारेमा मात्र सोचेर आफ्नो असत्पनको परिचय दिएकी छे । काम गरेर खान सक्ने, पढेर अवसरको खोजी गर्न सक्ने युवती प्रलोभनमा परेर आफ्नो शरीर बेच्ने सविता प्रतिकूल पात्र हो ।

### ३.२.८.४ स्वभावको आधारमा

स्वभावको आधारमा सविता यस उपन्यासकी गतिशील पात्र हो । उसले आफ्नो चरित्रलाई समय र परिस्थिति अनुसार परिवर्तन गरेकी छे । सुरुमा नयाँ लुगा र आफ्ना इच्छामा मात्र ध्यान दिने सविता विस्तारै यौवनको कमजोरीको फाइदा लक्ष्मीले उठाएपछि

ऊ विस्तारै पैसाको लागि आफ्नो शरीर दाउमा लगाउन थाल्छे । साथै लक्ष्मीले भन्ने वित्तिकै उपस्थित हुने सविता सोझीबाट वेश्या बन्न पुगेकी छे । यसरी उसले आफ्नो चरित्र परिवर्तन गरेर जीवन निर्वाहको बाटोमा लागेकाले सविता उपन्यासकी गतिशील पात्र हो ।

### ३.२.८.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा सविता वर्गीय पात्र हो । सविता समाजको निम्न वर्गीय परिवारकी पात्र हो । जसलाई दुई छाक टार्न गाह्रो छ । साथै आफ्ना वैयक्तिक इच्छा र आकाङ्क्षामाथि गरिबीको अङ्कुश लागेको छ । एक प्रकारले भन्दा ऊ प्रलोभनमा परेर वेश्या बन्नुमा उसको आर्थिक अवस्थाले पनि महत्वपूर्ण भूमिका खेलेको छ । सविता पनि अरु जस्तै साधारण स्त्री पात्र हो । उसमा पनि अन्य युवतीमा जस्तो सपना र इच्छाहरू रहेका छन् । तर निम्न वर्गीय परिवारकी हुनाले त्यसलाई पूरा गर्न उसले शरीर बेच्ने जस्तो गलत कार्य रोजेकी छे । निम्न परिवारकी प्रतिनिधि पात्र सविता उपन्यासकी वर्गीय पात्र हो ।

### ३.२.८.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा सविता मञ्चीय पात्र हो । उपन्यासमा थोरै भूमिका भए पनि एउटा निम्न वर्गीय परिवारको वास्तविकमा प्रस्तुत गर्नमा उसको भूमिका अत्यावश्यक छ । ऊ उपन्यासमा स्वयं उपस्थित भएर आफ्नो संवाद र कार्यव्यापार गरेकी छे । घटनावलीलाई अगाडि बढाउन उसको औपन्यासिक कार्यको निर्वाहले पनि उसलाई मञ्चीय पात्र बनाएको छ । उसले गरिबीमा चपेटिएकी स्त्री/युवतीको यथार्थलाई स्वयं उपस्थित भएर प्रस्तुत गरेकाले ऊ मञ्चीय पात्र हो ।

### ३.२.८.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग हुने पात्रको सम्बन्ध वा आबद्धताका आधारमा सविता बद्ध पात्र हो । सविता रूक्मिणी, लक्ष्मी, रवि आदि पात्रसँग प्रत्यक्ष रूपमा आबद्ध छे । यिनै पात्रका बिचमा संवाद र कार्यव्यापार गरेर आफ्नो भूमिका निर्वाह गरेकी छे । सवितालाई हटाउँदा उपन्यासको कथावस्तु खलबलिन्छ । ऊसँग आबद्ध पात्रको भूमिकामा पनि प्रत्यक्ष प्रभाव  पर्छ । त्यसैले सविता यस उपन्यासकी बद्ध पात्र हो ।

पात्र वर्गीकरणका आधारलाई केन्द्रमा राखेर हेर्दा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी सहायक स्त्री पात्र सविता निम्न वर्गीय परिवारकी प्रतिनिधि पात्र हो । उसले प्रलोभनमा पारेर आफ्नो शरीर दाउमा लगाएकी छ । समग्रमा सविता लिङ्गका आधारमा स्त्री, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

### ३.२.९ गौण पात्रहरूको चरित्र विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा पात्रहरूको धेरै मात्रामा उपस्थिति रहेको छ । करिब तीन दर्जन पात्रहरूको भीड सिर्जना गरिएको उपन्यासमा पात्रहरूको संयोजन उत्कृष्ट तरिकाबाट गरिएको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म प्रशस्तै स्त्री तथा पुरुष पात्रहरूको प्रयोग गरिएको छ । यी पात्रहरूको कथावस्तु अनुसार सत् र असत् प्रवृत्तिको भूमिका रहेको छ । केही पात्रहरू भूमिका वा कार्यका आधारमा प्रमुख रूपमा उपस्थित छन् । ती प्रमुख पात्रहरूलाई घटनावली अगाडि बढाउन केही सहायक पात्रहरूले उल्लेख्य भूमिका खेलेका छन् । त्यस्ता प्रमुख र सहायक पात्र बाहेक अन्य थुप्रै पात्रहरूको आयोजना गरिएको छ । जसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा घटनाक्रममा सहयोग गरेका छन् । यी मध्ये केही बद्ध छन् भने केही मुक्त पनि छन् जसलाई हटाए पनि उपन्यासको कथावस्तुमा केही फरक पर्दैन । उपन्यासका प्रमुख र सहायक पात्रहरूका बारेमा माथि नै विभिन्न आधारमा चर्चा गरिएको छ । अब उपन्यासका गौण पात्रहरूका बारेमा सङ्क्षिप्त चर्चा तल गरिएको छ ।

उपन्यासका गौण पात्रहरूमध्ये सर्वप्रथम पुरुष गौण पात्रहरूको चर्चा गरिएको छ । पद्मनाभ एक नेता हो । जो लक्ष्मीसँगको संवादमा केही समयका लागि उपस्थित भएको छ । लक्ष्मीको भानिज भनि सम्बोधन गरिएको पात्रको घरमा रक्सी खाने कार्यक्रममा लक्ष्मी र पद्मनाभको भेट भएको हो । पद्मनाभ एक भ्रष्ट नेता हो । जो रक्सीको विलासी, खराब नियत भएको, नेताको कुर्सीमा बसेर पनि आफ्नो कर्तव्यको पालन नगर्ने प्रतिकूल प्रवृत्तिको पात्र हो । ऊ समाजको उपल्लो वर्गको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र हो । जसलाई वर्गीय पात्रका रूपमा उभ्याइएको छ । उपन्यासमा केही समयका लागि देखिएको र प्रजातन्त्रको प्राप्तिपछि झुल्किएको पद्मनाभ बद्ध पात्र हो । जो चुनावमा पनि संलग्न रहेको छ । उपन्यासमा स्वयं उपस्थित पद्मनाभ मञ्चीय पात्र हो ।

मुकुन्द के.सी., विश्वम्भर र विष्णु पेसाले पत्रकार हुन् । पत्रकारिता पेसालाई दुरूपयोग गर्ने काम यिनीहरूबाट भएको छ । विश्वभर शिवरामको पत्रिकामा काम गर्ने पात्र हो । मुकुन्द चाकडी प्रवृत्तिलाई अङ्गालेर प्रसाद राजालाई खुसी पारेर पैसा कमाउने प्रतिकूल प्रवृत्ति भएको पात्र हो । विष्णु लक्ष्मीको साथी हो । विष्णु यस्तो पत्रकार हो जो आफ्नै पत्रकार साथीको मलामी जाँदा रक्सी खान्छ । धर्मदत्त मन्त्रीको पी.ए. हो । एस.एल.सी. समेत पास नगरेको धर्मदत्त पी.ए. भए पनि सामन्ती प्रवृत्तिको पात्र हो । ऊ अरुलाई हैकम चलाएर काम लगाउने प्रवृत्ति भएको पात्र हो । प्रेमकुमार पनि चैते नेता हो । ऊ पञ्चायतमा बसेर देशलाई बर्बाद गर्ने खराब प्रवृत्तिको पात्र हो । पञ्चायत हटेर प्रजातन्त्र आएपछि पनि ऊ देश लुट्न नपुगेर चैते नेता बनेर आफ्नो सत्ता सञ्चालन गरिरह्यो । ऊ प्रत्यक्ष उपस्थित भएर कार्यव्यापार गर्ने मञ्चीय र बद्ध पात्र हो । बिनोद,

प्रधानमन्त्री, वनमन्त्री, जी.एम. आदि सबै खराब प्रवृत्ति भएका प्रतिकूल पात्र हुन् । उपन्यासमा प्रयोग भएका गुण्डाहरू पनि मञ्चीय तर प्रतिकूल पात्र हुन् । उपन्यासका छिमेकीका छोराहरू आ-आफ्ना विचार भएका सत् पात्र हुन् । पुष्प एउटा इन्जिनियर हो । उसलाई देशको तात्कालीन व्यवस्था पटक्कै मन परेको छैन । ऊ सबैसँग मिलेर त्यो व्यवस्था ढाल्न चाहन्छ । यस्तो स्वभावको पुण्य, उसका दाजुभाइ तथा बाबु सत् पात्र छन् । उपन्यासमा गौण रूपमा उल्लेख गरिएका नोकरचाकरहरू मुक्त पात्र हुन् । जसलाई उपन्यासबाट हटाउँदा पनि फरक पर्दैन । त्यस्तै, डक्टर, शिवहरि, रामकुमार जस्ता पात्रहरूलाई पनि ठाउँ-ठाउँमा उल्लेख गरिएको छ । यी पात्रहरू कतिपय बद्ध छन् जो गौण भएपछि घटनावलीलाई मोड दिन सहयोग गरेका छन् त कतिपय मुक्त छन् जसको अभावमा पनि उपन्यासको स्वरूपमा केही परिवर्तन आउँदैन ।

उपन्यासमा स्त्री गौण पात्रहरूको पनि उल्लेख्य भूमिका रहेको छ । शीला, गीता, प्रतिभा, शिवरामकी पत्नी सबै सुन्दर यौवनले भरिएका स्त्री पात्र हुन् । यी सबै स्त्री पात्रमाथि लक्ष्मीको आँखा परेको छ । सबैलाई उसले आफ्नो कामवासनाको सिकार बनाउन सफल भएको छ एक प्रतिभा बाहेक । हुन त प्रतिभाको चरित्र उपन्यासमा त्यति स्पष्ट छैन । उसलाई खराब प्रवृत्तिकै पात्रका रूपमा हेरिएको छ तर लक्ष्मीको ठूलो प्रयासलाई उसले असफल पारिदिएकी छे । उपन्यासका अन्य स्त्री जस्तो प्रतिभाले सहज रूपमा लक्ष्मीलाई शरीर सुम्पिएकी छैन । तर गीता, शीला, खराब प्रवृत्ति भएका पात्र हुन् । यी सबै लक्ष्मीको जालमा सहजै परेका छन् । यसमा उनीहरूलाई कुनै खेद पनि परेको छैन । शिवरामकी पत्नी पनि प्रतिभा जस्तै चोखो रहन सफल छे । लक्ष्मीको इच्छा पूरा गरेर उसले दिएको पैसा र उपहार प्यारो मान्ने गीता, शीला जस्ता स्त्री पात्र खराब पात्र हुन् । साथै दरबारका सुसारेहरू पनि लक्ष्मीसँग सहवास गरेर आनन्द लिन पछि परेका छैनन् । उनीहरूले आफ्नो यस्तो प्रवृत्तिबाट दरबारीया यथार्थको उद्घाटन गरेका छन् ।

शिवरामकी पत्नी लक्ष्मीबाट चोखो रहे पनि सधैँ श्रृङ्गारपटार गरेर पतिको अफिसका कर्मचारी आकर्षित गर्ने पात्र हो । अफिसमा पत्रकारलाई पैसा टार्ने काममा ऊ पतिको हतियार बनेकी छे । तर लक्ष्मीको छिमेकका केटीहरू पनि सत् प्रवृत्तिका साथ देखा परेका छन् । उनीहरू उपन्यासका अन्य स्त्री पात्र जस्तो आफ्नो शरीर र सुन्दरतालाई छाडा छोड्दैनन् । उनीहरू मान, मर्यादा र नैतिकतामा विश्वास राख्ने सत् पात्र हुन् । उपन्यासकी अर्की स्त्री गौण पात्र अमिता गौण भएर पनि उल्लेख्य पात्र हो । उपन्यासमा अमिताले रविकी प्रेमिकाको भूमिका निर्वाह गरेकी छे । आन्दोलनका बेला भूमिगतको अवस्थामा उसले लक्ष्मी र रोजिनालाई आफ्नो घरमा लुकाएर राख्छे । सोही समयमा ऊ पनि लक्ष्मीको मीठो बोलीमा परेर आफ्नो सर्वस्व लुटाउँछे र गर्भवती बन्छे । जुन कुरा उसले रविलाई लुकाएकी छ । तर रोजिनाबाट उपन्यासको प्रथम अन्त्यमा यो सत्य थाहा पाउँदा रवि मूर्छा परेर

भौँतारिन पुग्छ । यसप्रकार आफ्नो जीवनको ठूलो गल्ती जीवनसाथीलाई लुकाएर धोका दिने अमिता असत् पात्र हो । सुरुमा रविका कविताबाट प्रभावित अमिता पछि मौका मिलेपछि लक्ष्मीको नजिक हुन्छे । अमिता उपन्यासकी मञ्चीय पात्र हो ।

उपन्यासमा प्रयोग गरिएका यी सबै गौण पात्रहरू प्रमुख पात्र लक्ष्मीको वरिपरि घुमेका छन् । हुन त सहायक, गौण सबै उसकै सेरोफेरोमा छन् तर थोरै भूमिका भएका पात्रले पनि उल्लेख्य भूमिका निर्वाह गरेका छन् । प्रायः गौण पात्रहरूको भूमिका सामान्य रहेको छ । ती पात्रहरूलाई हटाउँदा पनि उपन्यासमा खासै असर पर्दैन । समाजको वास्तविक यथार्थ प्रस्तुत गर्ने क्रममा समाजका विकृति र विसङ्गतिलाई विशेष गरी गौण पात्रले उजागर गर्ने कार्य गरेका छन् । प्रमुख सहायक र गौण गरी थुप्रै पात्रहरूको प्रयोग गरिए पनि तिनलाई कथावस्तुको विकासमा अवस्था अनुसार फरक-फरक रूपले सार्थक प्रयोग गरिएको छ । पत्रकारिता पेसा माथिको विकृति, दरबारीया यथार्थ, समाजका युवाको विसङ्गत स्थिति, नेता र राजनीतिक सङ्कट, भ्रष्टाचार जालझेल आदि प्रस्तुत गर्ने क्रममा गौण पात्रको भीड पनि अनावश्यक जस्तो लाग्दैन । उपन्यासमा पात्रको संयोजन उत्तम तरिकाले गरिएकाले पनि उपन्यास भद्दा भएको देखिँदैन । यसकारण पात्र प्रयोगका दृष्टिले ‘उपसंहार अर्थात् चौथो अन्त्य’ उपन्यास सफल रहेको छ ।

पात्रहरूको समग्र विश्लेषणलाई मोहनराज शर्माले प्रस्तुत गरेको पात्र विश्लेषणको सिद्धान्त अनुसार तालिकामा यसप्रकार देखाइन्छ ।

## तालिका

| क्र.सं. | पात्र वा चरित्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | व्यक्तिगत | वर्गीय | मञ्चीय | नेपथ्य | मुक्त | बद्ध |
| १. | लक्ष्मी | - | + | + | - | - | - | + | - | + | - | + | + | - | - | + |
| २. | रवि | - | + | + | - | - | + | - | - | + | - | + | + | - | - | + |
| ३. | शिवराम | - | + | + | - | - | - | + | - | + | - | + | + | - | - | + |
| ४. | प्रसाद राजा | - | + | - | + | - | - | + | - | + | - | + | + | - | - | + |
| ५. | रोजिना रानी | + | - | - | + | - | - | + | - | + | - | + | + | - | + | + |
| ६. | रूक्मिणि | + | - | - | + | - | - | + | - | + | - | + | + | - | - | + |
| ७. | सविता | + | - | - | + | - | - | + | - | + | - | + | + | - | - | + |
| ८. | पद्मनाभ | - | + | - | + | - | - | + | - | + | - | + | + | - | - | + |
| ९. | सिलवाल | - | + | - | + | - | - | + | + | + | - | + | + | - | - | + |
| १०. | गीता | + | - | - | - | + | + | + | + | - | + | + | + | - | - | + |
| ११. | सीता | + | - | - | - | + | - | - | + | - | + | - | + | + | + | - |
| १२. | शीला | + | - | - | - | + | + | + | + | - | + | - | - | - | + | - |
| १३. | मुकुन्द | - | + | - | - | + | - | + | - | - | + | - | + | - | + | - |
| १४. | अमिता | + | - | - | + | - | + | - | + | + | - | - | + | - | + | - |
| १५. | प्रतिभा | + | - | - | - | + | - | + | + | - | + | + | + | - | - | + |
| १६. | अनिता | - | - | - | - | + | - | + | + | - | + | - | + | - | + | - |
| १७. | भानिज | - | + | - | - | + | - | + | + | - | + | - | + | - | + | - |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८. | मालि | + | + | - | - | + | + | - | + | - | + | - | + | - | + | - |
| १९. | सुमिता | - | - | - | - | + | + | - | + | - | + | - | + | - | + | - |
| २०. | भरत | - | + | - | - | + | + | + | - | + | - | - | + | - | + | - |
| २१. | जी.एम. | - | + | - | - | + | - | + | - | + | - | + | + | - | + | - |
| २२. | हाकिम | - | + | - | - | + | - | + | - | + | - | + | + | - | + | - |
| २३. | सहायक मन्त्री | - | | - | - | + | - | + | - | + | - | + | + | - | + | + |
| २४. | वनमन्त्री | - | + | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| २५. | प्रधानमन्त्री | - | + | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| २६. | डाक्टर | - | + | - | - | + | - | - | + | - | + | + | + | - | - | + |
| २७. | पुष्पराज | - | + | - | - | + | + | - | + | - | + | - | + | - | - | - |
| २८. | धर्मदत्त | - | + | - | - | + | - | + | + | - | + | - | + | - | + | - |
| २९. | विष्णु | - | + | - | - | + | - | + | + | - | + | - | + | - | + | - |
| ३०. | प्रेमकुमार | - | + | - | - | + | - | + | + | - | + | - | + | - | + | - |
| ३१. | नर्स | + | - | - | - | + | + | - | + | - | + | - | + | - | + | - |
| ३२. | शिवहरि | - | + | - | - | + | - | + | | | | | | | + | - |
| ३३. | ड्राइभर | - | + | | | | - | + | | | | | | | + | - |
| ३४. | लक्ष्मीकी आमा | + | - | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| ३५. | रामप्रसाद | - | + | - | - | + | - | + | + | - | + | - | + | - | + | - |
| ३६. | रामकुमार | - | + | - | - | + | - | + | + | - | + | - | + | - | + | - |
| ३७. | के.सी. | - | + | - | - | + | - | + | + | - | + | - | + | - | + | - |

यस परिच्छेदमा चरित्र विश्लेषणका तत्वगत आधारमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका पात्रहरूको विश्लेषण गरिएको छ । चरित्र विश्लेषणका लागि मोहनराज शर्माले प्रस्तुत गरेको पात्र वर्गीकरणको आधारलाई अनुसरण गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रगत विश्लेषणका लागि यही आधार उपयुक्त रहेको छ । यस अन्तर्गत लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता पर्दछन् । यही आधारमा उपन्यासका प्रमुख, सहायक तथा गौण पात्रहरूको विश्लेषण गरिएको छ । जसमा प्रमुख र सहायक पात्रहरूको छुट्टाछुट्टै व्याख्या गरिएको छ भने गौण पात्रहरूलाई भूमिकाका आधारमा सङ्क्षिप्त रूपमा वैयक्तिक गुण तथा स्वभावको पहिचान भएको छ । उपन्यासमा पात्रहरू के-कति आधारमा प्रमुख, सहायक र गौणको भूमिकामा उभिएका छन् भन्ने कुरा प्रस्ट भएको छ । पात्रहरूले आफ्नो पहिचान बोकेका उद्धरणहरू प्रस्तुत गर्दै विश्लेषण गरिएको छ । धेरै पात्रका बिचमा पनि उपन्यास सफल हुनुको कारण उनीहरूलाई चयन गरी भूमिकागत आधारमा उपस्थित गराउनु हो । सहायक र गौण पात्रहरू धेरै भए पनि तिनीहरूको स-साना कार्यले उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन सहयोग पुऱ्याएको देखिन्छ । यस परिच्छेदमा विशेष गरी पात्रको कार्य वा भूमिकालाई बढी महत्व दिइएको छ । पात्रले कस्तो प्रकारको औपन्यासिक कार्य सम्पन्न गरेको छ र यसका लागि ऊ कुन रूपमा, कुन वर्ग वा स्वभावका साथ उपस्थित भएको छ भन्ने कुराको विश्लेषण नै यस परिच्छेदमा भएको छ ।

# परिच्छेद : चार

# पात्रका सामाजिक, आर्थिक र शैक्षिक स्तरको विश्लेषण

## ४.१ विषय प्रवेश

प्रस्तुत शोधको चौथो परिच्छेदमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा प्रयुक्त पात्रहरूको सामाजिक, आर्थिक र शैक्षिक स्तरको विश्लेषण गरिएको छ । अघिल्लो परिच्छेदमा पात्र वर्गीकरणका आधारहरू लिएर पात्रहरूको विश्लेषण गरिए पनि पात्रहरूलाई उनीहरूको भूमिका वा उपस्थितिका आधारमा सामाजिक, आर्थिक र शैक्षिक दृष्टिकोणबाट पनि हेर्दै उनीहरूको स्तरको चर्चा गर्न सकिने भएकाले यस परिच्छेदमा पात्रहरूको थप विशेषताहरूको पहिचान भएको छ । पात्रहरूको स्रोत समाज हो । समाजमा उनीहरूको स्तर के-कति आधारमा उच्च वा निम्न निर्धारण गरिएको छ भन्ने कुरा प्रस्तुत गरिएको छ । पात्रको सामाजिक स्तर पहिचान गर्ने क्रममा उच्च, मध्यम र निम्न तिन स्तरमा विभाजन गरिएको छ । आर्थिक स्तरको व्याख्या उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गका आधारमा गरिएको छ । त्यस्तै शैक्षिक स्तरलाई पनि शिक्षित, अर्धशिक्षित र अशिक्षित गरी विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यास सामाजिक उपन्यास भए पनि यसमा राजनीतिको प्रभाव पनि पाइन्छ । उपन्यासमा जति पनि घटनाहरू घटेका छन् ती सबै राजनीति र राजनीतिक व्यक्तित्वको आडमा घटेका छन् । राजनीतिक पहुँच, सत्ता र शक्तिलाई विशेष महत्वका साथ प्रस्तुत गरिएको छ । परिच्छेदको अन्त्यमा उपन्यासका पात्रमा राजनीतिक प्रभावबारे पनि सङ्क्षिप्त टिप्पणी गरिएको छ । सामाजिक, आर्थिक र शैक्षिक स्तर सबै पात्रहरूको समान देखिँदैन । यही असमानताले पात्रका बिचमा निम्त्याएको विभेद र सङ्घर्षलाई पनि यहाँ प्रस्तुत गरिएको छ । यस परिच्छेदको मुख्य उद्देश्य भनेको पात्रका स्तरको पहिचान गर्नु हो । स्तर उच्च वा निम्न हुँदा सामाजिक रूपमा उसको मूल्याङ्कन कसरी गरिन्छ भनेर प्रस्तुत परिच्छेदमा अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

## ४.२ पात्रको सामाजिक स्तरको विश्लेषण

समाज सामाजिक सम्बन्धबाट निर्मित संस्था हो । समाजमा व्यक्तिहरू आफ्नो कार्य सम्पन्न गर्नका लागि एक अर्कासँगको अन्तर्क्रियामा सहभागी हुन्छन् । समाजमा सबै व्यक्तिको फरक-फरक पहिचान हुन्छ । हरेक व्यक्तिको क्षमताबाट उसको पहिचान गर्न सकिन्छ । र ऊबाट त्यही क्षमताको आधारमा कुनै पनि कुराको प्रतिक्रियाको आशा राख्न सकिन्छ । त्यसकारण प्रत्येक मानिस आफ्नो पहिचान सहित सामाजिक अवस्थासँग चलिरहेको हुन्छ । यही पहिचानले उसको सामाजिक स्तर वा हैसियत निर्धारण गर्दछ । डुनक्यान मिचेलको परिभाषालाई सी.एन.शङ्कर रावले यसरी प्रस्तुत गरेका छन् ।

'सामाजिक स्तर भनेको कुनै पनि व्यक्ति, परिवार, नातेदारी समूह आदिले सामाजिक प्रणालीसँग अन्तर्सम्बन्धित भएर प्राप्त गरेको स्तर हो । यसले व्यक्तिको अधिकार, भूमिका अन्य व्यवहार, प्रकृति र फरक स्तर भएका व्यक्तिसँगको सम्बन्ध बढाउने कार्यको निश्चित गर्छ' (राव, सन् १९९०:१२५) । यहाँ व्यक्तिको सामाजिक भूमिका अनुसार एकै सामाजिक प्रणालीमा अर्को व्यक्तिसँगको सम्बन्धबाट एक अर्काको सामाजिक अवस्था वा स्तर निश्चित हुने कुरा व्यक्त गरिएको छ ।

उपन्यासमा पात्रहरूले निर्वाह गरेको भूमिकाले कथावस्तुलाई डोऱ्याएको हुन्छ । पात्र वा चरित्र उपन्यासका प्रमुख संरचक घटक हो । पात्रबिना उपन्यास पूर्ण हुँदैन । उपन्यासकारले पात्रलाई माध्यम बनाएर आफूले उपन्यासमा व्यक्त गर्न खोजेको जीवन दर्शन प्रस्तुत गरिरहेको हुन्छ । उपन्यासमा प्रयोग भएका यस्ता पात्रहरू समाजबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा टिपिएका हुन्छन् । तिनमा वास्तविक समाजको झल्को पाउन सकिन्छ । समाजमा भएका पात्रका गुण, व्यवहार, स्वभाव र विशेषता यस्ता पात्रले बोकेका छन् । सामाजिक विशेषता भएका पात्रहरू पनि फरक-फरक हुन सक्छन् । हुन त सबै पात्र समाजका प्रतिनिधि हुन्छन् । तर पनि तिनको सामाजिक विशेषता भने फरक-फरक रहेको हुन्छ । एउटै समाजमा पनि फरक व्यक्तित्व भएका पात्र हुन सक्छन् । तिनको सामाजिक स्तर फरक-फरक हुन सक्छ । समाज सबै स्तरका व्यक्तिको सामूहिक थलो हो । व्यक्तिको सामाजिक स्तरका आधारमा उसको सामाजिक अवस्था निर्धारित हुन्छ । यसमा उच्च, मध्यम र निम्न गरी तिन प्रकारका सामाजिक स्तरहरू रहेका हुन्छन् । समाजमा मान, सम्मान, इज्जत, सम्पत्ति आदिका कारण सबैभन्दा माथिल्लो तहमा रहेका व्यक्तिहरूको सामाजिक स्तर उच्च रहेको हुन्छ । यस्ता व्यक्तिहरू उच्च स्थानमा रहेर आफूभन्दा निम्न स्तरका व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, सकारात्मक वा नकारात्मक तरिकाले निर्देश गरिरहेका हुन्छन् । सामाजिक स्तर उच्च भएका सबै व्यक्ति गुणी हुँदैनन् र सबै बेइमान पनि हुँदैनन् । त्यस्तै समाजमा उच्च स्तरमा पनि नपुगेका र निम्न स्तरका भन्दा केही माथिका व्यक्ति हुन्छन् जसलाई मध्यम स्तरमा राख्न सकिन्छ । यस्ता पात्रहरू आफ्नो पद र हैसियतका आधारमा मध्यम ठहरिन्छन् । यस्ता व्यक्ति वा पात्र प्रायः उच्च स्तरका व्यक्तिबाट प्रभावित हुन्छन् । जसले निम्न स्तरका व्यक्ति वा पात्रमाथि उच्च स्तरका पात्रको सहयोग लिएर आफ्नो स्वामित्व देखाएको हुन्छ । सामाजिक वा पारिवारिक अवस्था, धन सम्पत्ति आदिका कारण पछाडि रहेका पात्र वा व्यक्ति समाजमा निम्न स्तरमा रहेका हुन्छन् । उनीहरूको समाजका हरेक क्षेत्रमा कम सहभागी हुन्छ । आफ्नो हैसियत र स्तरका कारण उनीहरू सदैव पछाडि रहन्छन् । उनीहरू पछाडि परेकाले नै माथिल्लो स्तरका व्यक्तिबाट शोषित र पीडित हुन्छन् । सोही अनुसार उपन्यासमा पनि समाजका यिनै स्तर अनुसारका पात्र कथावस्तु अनुरूप चयन गरिएको हुन्छ । 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यास पनि

समाजका थुप्रै वास्तविक पात्रहरूको चरित्र विश्लेषणमा आधारित छ । यस उपन्यासमा धेरै पात्रहरू उपस्थित छन् तर ती सबैको सामाजिक स्तर भने एकै छैन । कोही पात्रको सामाजिक स्तर उच्च रहेको छ, कोही मध्यम स्तरका छन् त कोही निम्न स्तरका पात्रका रूपमा उपन्यासमा उपस्थित रहेका छन् । उपन्यासमा उनीहरूलाई आफ्नो-आफ्नो स्तर प्रस्तुत गर्ने विशेषताका साथ उभ्याइएको छ । पात्रको सामाजिक स्तर अन्तर्गत उच्च, मध्यम र निम्न स्तरमा यस उपन्यासका कुन-कुन पात्रहरू के-कति विशेषताका कारण सो स्तरअन्तर्गत पर्न गएका छन् भने सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ४.२.१ उच्च स्तरका पात्रको चरित्र विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' बहुल पात्रको सिर्जना गरिएको उपन्यास हो । उपन्यासमा प्रमुख, सहायक र गौण गरी थुप्रै पात्रहरूको उपस्थिति रहेको छ । जहाँ उपन्यासकारले सबैलाई छुट्टाछुट्टै स्थान दिएका छन् । सबैको उपस्थिति एकै प्रकारको छैन । कथावस्तुलाई ध्यानमा राखेर तिनीहरूको अवस्था अनुसार सामाजिक स्तर प्रदान गरेर उपन्यासमा प्रस्तुत गरिएको छ । पात्रको सामाजिक अवस्था वा पहिचान नै उसको सामाजिक स्तर हो । यस उपन्यासमा पनि उच्च, मध्यम र निम्न तिनै सामाजिक स्तर भएका पात्रलाई उभ्याइएको छ । उपन्यासको कथावस्तुलाई विशेष गरी उच्च सामाजिक स्तर भएका पात्रले आफ्नो चरित्र अनुसार डोऱ्याएका छन् । यस उपन्यासमा पनि सामाजिक स्तरले उपन्यासलाई उत्कर्षमा पुऱ्याएको छ । उच्च सामाजिक स्तर भएका शिवराम, चन्द्रप्रसाद, पद्मनाभ, रोजिना रानी, राज्य मन्त्री, वन मन्त्री, प्रधानमन्त्री, जी.एम. जस्ता पात्रहरूको उपस्थितिले उपन्यासलाई अग्रगति प्रदान गरेको छ । यी सबै पात्रहरू आ-आफ्ना मौलिक पहिचान सहित आएका छन् । उपन्यासकारले जुन भूमिका उनीहरूलाई दिएका छन् त्यसलाई पूर्ण न्याय दिने क्रममा आफ्नो सामाजिक स्तरलाई प्रस्तुत गरेका छन् । जुन उनीहरूको चारित्रिक कार्यव्यापार, संवाद, वैयक्तिक गुण, अवगुणद्वारा थाहा पाउन सकिन्छ । उपन्यासमा प्रमुख रूपमा सामाजिक स्तर उच्च भएका केही पात्रहरूको विश्लेषण निम्न लिखित अनुसार गरिएको छ -

#### ४.२.१.१ शिवराम

शिवराम 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको प्रमुख पुरुष पात्र हो । शिवराम 'दीप्तिमान' पत्रिकाको सम्पादक हो । शिवराम नामको मात्र पत्रकार हो । उसले पत्रिका र पत्रकारिको पेसालाई अन्याय गरेको छ । आफू सम्पादक जस्तो गरिमामय पदमा आसिन भएको र सोही कारण पत्रिका माथिको सम्पूर्ण निर्णय आफ्नै हुने भ्रम उसले पालेको छ । सबै कर्मचारी/पत्रकारभन्दा माथिल्लो स्थानमा भएकाले उसमा प्रबल रूपमा घमण्डी स्वभाव रहेको छ । आफ्ना कर्मचारीलाई कहिल्यै पनि स्वतन्त्र र निष्पक्ष रूपमा समाचार

सम्प्रेष्ण गर्न नदिने शिवराम प्रतिकूल पात्र हो । माथिल्लो तहको आदेशमा वा आफूलई मन परेका र बेला बेलामा सहयोग गर्ने नेता वा मन्त्रीको पावरमा वास्तविक समाचार झुटो बनाएर छाप्न लगाउँछ । यदि झुटो हो भने त्यसलाई साँचो बनाएर छाप्न लगाउँछ । यसरी आफ्नो फाइदा र स्वार्थ हेर्ने शिवराम समाजको माथिल्लो वा उच्च स्तरको पात्र हो । 'दीप्तिमान' पत्रिकाको सम्पादक हुनु, आफूभन्दा माथिका नेता र मन्त्रीहरूसँग राम्रो हेलमेल हुनु, प्रशस्त सम्पत्ति र घर हुनु, छोराछोरी राम्रो र महङ्गो विद्यालयमा पढाउनु, श्रीमतीलाई नयाँ-नयाँ लुगा र गहनाले भरिभराउ पार्नु, रक्सी र केटीमा पैसा उडाउनु आदि जस्ता क्रियाकलापले शिवरामलाई उच्च स्तरको मात्र बनाएको छ । समाजमा पद र हैसियत अनि सम्पत्तिका कारण ऊ माथिल्लो स्थानमा रहेको छ । लक्ष्मी र रवि जस्ता पात्र उसकै मातहतमा कार्य गरिरहेका छन् । समाजमा ऊ उच्च स्थानमा रहेकाले नै उसलाई कसैले हेप्न सकेको छैन । समाजमा आर्थिक रूपमा पनि ऊ उच्च छ । हुन त शैक्षिक रूपमा उसले उच्च शिक्षा हासिल गरेको छैन तैपनि ऊ समाजमा उच्च स्थानमा नै छ । यहाँनेर शिक्षा, व्यवहार र इज्जतभन्दा उसको सम्पत्ति र पदले उसको उच्च सामाजिक स्तर निर्धारण गरेको छ ।

सहायक मन्त्रीको सहयोगबाट पत्रिका चलाउने शिवराम पत्रिका सञ्चालनका लागि आएको पैसाले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्छ । सबै पैसा आफैँले राखेर कर्मचारीलाई तलबको आश्वासन मात्र दिन्छ । श्रीमतीको सुन्दरतालाई आफ्नो अफिसमा हतियारको रूपमा प्रयोग गरेर शिवरामले आफ्नो उच्चता प्रस्तुत गरेको छ । शिवरामको यस्तै प्रवृत्तिले ऊ काठमाडौँ सहरमा सबैका अगाडि आफ्नो प्रभाव जमाएर सम्पत्ति र रवाफका साथ बसेको छ । शिवराम अवसरवादी पात्र हो । आफूभन्दा माथिका हाकिम, नेता, मन्त्री आदि जस्ता उच्च पदमा रहेका व्यक्तिसँग नजिकको सम्बन्धले पनि ऊ समाजमा उच्च रूपमा देखा परेको छ ।

शैक्षिक योग्यता र असल आचरणका कारण शिवरामको स्तर उच्च भएको होइन । सम्पत्ति, ठूला व्यक्तिसँगको सम्बन्ध आदिका कारण ऊ उच्च स्तरको व्यक्ति भएको हो । छोराछोरीलाई शिक्षाका लागि राम्रो विद्यालय, श्रीमतीको सम्पूर्ण आवश्यकता सहजै पूर्ति, 'दीप्तिमान' जस्तो डुब्नै आँटेको पत्रिका प्रकाशनमा निरन्तरता, कर्मचारीलाई बिनातलब टिकाउन सक्ने क्षमता आदिले पनि उसको सामाजिक स्तर वृद्धि भएको छ ।

> 'यस्तो निभायमान 'दीप्तिमान' ले सम्पादक कसरी चलाइरहेको छ ? अखबार, स्वास्नीको सपिङ, घरजग्गा र यत्रो सम्पन्नता कसरी चलाइरहेको होला ?
>
> जसरी होस्, चलाइरहेको छ । स्तर, कहिले मन्त्री, कहिले सहायक मन्त्रीको होला, त्यसले के फरक पर्छ ? (पृ.२२)'

यसप्रकार बाहिरी रूपमा शिवरामले आफू र आफ्नो परिवार सहित पत्रिकालाई पनि चलाएको सत्यले ऊ समाजमा उच्च स्थानमा छ । विशेष गरी मन्त्री, जी.एम. र प्रधानमन्त्रीसँगको सम्बन्धले उसको स्तर वृद्धि गरेको छ । उपन्यासमा पत्रिका सञ्चालनका निम्ति शिवराम मन्त्रीहरूसँग लुकीछुपी सम्बन्ध राख्दै उनीहरूको फाइदाका न्यूज छपाएर आफ्नो स्वार्थ पूरा गरिरहेको छ । यस्ता थुप्रै संवादहरू छन् जसले शिवरामको स्तर वृद्धि गर्नमा प्रमुख भूमिका नेता र मन्त्रीहरूको रहेको कुरा स्पष्ट पार्दछ ।

'दुई बजे सम्पादक आयो । उसले भन्यो - "एउटा न्युज बनाइदेऊ ।"

- कहाँ छ न्युज ?" मैले सोधेँ ।

- "तिमीले नै बनाउनुपर्छ ।" सम्पादकले भन्यो ।

- "के विषयमा ?"

- "राज्यमन्त्रीको धाँधलीको विषयमा र लेख्नू यस्ता कैयौं धाँधलीको विवरण हाम्रो कार्यालयमा आइपुगेका छन् ।"

शिवराम एक मन्त्रीसँगको सम्बन्धले फाइदा पुऱ्याउँछ भने दोस्रो मन्त्रीलाई पिठ्यूँमा छुरा रोप्न पनि पछि पर्दैन । ऊ समाचारको खेल खेल्छ । जुन पोष्टमा फुटबल छिराउँदा आफ्नो मान बढ्छ त्यहीँ उसको लक्ष्य हुन्छ । तर अन्तिम अवस्थामा त्यो पोष्टमा भन्दा अर्को पोष्टमा फाइदा देखेमा उसको मन तुरून्त बदलिहाल्छ । समाजमा विद्यमान रहेको शिवरामको उच्च सामाजिक स्तरको निर्माण पनि 'दीप्तिमान' पत्रिकाले गरेको छ र त्यसलाई निरन्तरता दिने काम पनि यही पत्रिकाले गरेको छ । हुन त अन्त्यमा यही पत्रिकालाई निरन्तर चलाउन नसक्दा ऊ डुबेको छ । त्यसबखत उसको उच्च सामाजिक स्तर घटेको देखिन्छ ।

'- "दरबारले त्यसो पनि गर्न सक्छ होइन, त्यसै गर्छ । "सम्पादकले भन्यो - "यो पोलिटिक्स हो बाबू, पोलिटिक्स, तिमी बुझ्दैनौं ।"...

- "राज्यमन्त्री त्यसका ठाउँमा कसलाई बनाउने भन्ने कुरा पनि निश्चित जस्तै छ । मसँग पनि राय सोधिएको थियो ।"

- "तपाईंले त हाम्रै सहायक मन्त्रीको नाउँ भन्नुभयो होला ?"

यस पटक सम्पादक मुसुक्क हाँस्यो । रहस्यमय थियो उसको हँसाइ । अनि भन्यो - "त्यति मूर्ख म छैन" (पृ.५०-५१) ।'

शिवरामको सामाजिक स्तर पत्रिका, राजनीति र राजनीतिक व्यक्तिसँगको उठबसले निर्धारण गरेको पक्का हुन्छ । माथिल्लो तहमा हुने निर्णय निर्माण प्रक्रियामा पनि उसको

राय सुझावले काम गर्नु उच्च स्तरको झल्को हो । समाजमा उसको पहिचान उसको प्राप्तिसँग जोडेर मूल्याङ्कन गरिएको छ । त्यो प्राप्तिको पछाडि के-कस्ता कुराहरू जोडिएर आएका छन् भन्ने कुरा पारदर्शी छैन । समाजमा शिवराम एक सफल व्यक्तित्व भएको पुरुषका रूपमा परिचित छ । जसको प्रत्यक्ष, अप्रत्यक्ष र सकारात्मक, नकारात्मक भूमिका सामाजिक कार्यमा रही आएको छ । पत्रकारिता जस्तो क्षेत्रमा संलग्न भएर निरन्तरता दिनु, राजनीतिमा सहभागी भएर योगदान दिनु जस्ता कार्यले शिवरामलाई 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको उच्च सामाजिक स्तर भएको पात्र मानिएको  छ ।

### ४.२.१.२ प्रसाद राजा

प्रसाद राजा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक प्रमुख पात्र हो । उपन्यासमा खल पात्रका रूपमा उपस्थित प्रसाद राजा समाजको प्रतिष्ठित व्यक्ति वा भनौं राजाकै रूपमा प्रस्तुत भएको छ । प्रसाद राजाको वास्तविक नाम चन्द्रप्रसाद भए पनि उसलाई सबैले मानेर राजाको रूपमा सम्बोधन गर्ने गरेको पाइन्छ । उपन्यासमा उसलाई प्रसादराजा, राजा, ख्वामित, बाबुसाहेब, काजी, सानोकाजी जस्ता विविध सम्मानजनक शब्दको प्रयोग गरिएको पाइन्छ । एक हिसाबले हेर्ने हो भने सानोतिनो राज्य नै सञ्चालन गरेर बसेको प्रसाद राजाको सामाजिक स्तर उच्च रहेको छ । हुन त प्रसाद राजा पञ्चायतकालका भरौटेहरूको नाइके हो । ऊ प्रतिकूल प्रवृत्ति भएको पात्र हो । आफ्नो सम्पत्ति र सत्ताको आडमा अरुमाथि राज चलाएर बसेको प्रसाद राजाको समाजमा भिन्न स्तर रहेको छ । राजाको स्थानमा बसेर राज्य चलाउनु र देशका पत्रकार, मन्त्री, प्रधानमन्त्री, जी.एम. आदि जस्ता माथिल्लो पदका व्यक्तिलाई आफ्नो वरिपरि घुमाउन सक्ने क्षमता भएको प्रसाद राजा उच्च सामाजिक स्तर भएको पात्र हो । तर प्रसाद राजाको सामाजिक स्तर पैसाको भरमा टिकेको छ । ऊ घमण्डी स्वभावको अहम् वृत्ति भएको पात्र हो । उपन्यासमा उसको बौद्धिक र तार्किक क्षमताको प्रस्तुति भएको छैन । शैक्षिक योग्यताबिना नै ऊ माथिल्लो तहको मान्यजन्य व्यक्तिको रूपमा परिचित छ । सर्वसाधारणलाई शोषण गरेर आफ्नो स्वार्थ पूरा गरे पनि समाजमा ऊ राजाको स्तरमा सबैका माझ परिचित छ । यसकारण उसको स्तर कुनै पनि बेला तल झर्न सक्छ । समाजबाट असल व्यवहारको बदलामा वा सामाजिक हितका कार्यबाट पाएको वा आर्जन गरेको सामाजिक स्तर नभएर सत्ताको आडमा प्राप्त भएको प्रसाद राजाको उच्च सामाजिक स्तर दीर्घकालिन छैन ।

> 'हाम्रो मालिकलाई पनि चलनचल्तीमा 'राजा' भनिँदो रहेछ । पहिले त अलि अनौठो कुरा लाग्यो । नाउँ उसको चन्द्रप्रसाद, तर उसलाई प्रसाद राजा भन्दथे सबै जना । अनौठो के त ? के भने, मलाई प्रसाद र राजाको मेल हुन सक्तैन जस्तो लाग्थ्यो, तर पछि भने बानी पर्दै गयो । म किन पछि हट्दथेँ ? पहिलो

साँझ जुन पाँडे प्रकारको सम्बोधन अलिकति हुँदो हो, त्यो सब च्यातेर मिल्काएँ र लगातार 'राजा' माथि 'राजा' को स्वस्ति ठोक्न थालेँ' (पृ.८७) ।

समाजमा मध्यम वा निम्न स्तर भएका व्यक्तिलाई सम्मानजनक शब्दको प्रयोग गरिँदैन । जो उच्च स्थानमा छ जोसँग पैसा र पावर छ उसलाई नै ठूलो मानिन्छ । त्यस्तै यहाँ पनि सबैले प्रसाद राजालाई 'राजा' बराबरको मानेर सम्बोधन गर्दछन् । लक्ष्मी जस्तो अहम् पात्र पनि प्रसाद राजाको स्तरका कारण उसको चुपचाप चाकरी गरिहरको छ । यस उपन्यासमा जति पनि उच्च स्तर भएका पात्रलाई उभ्याइएको छ ती सबै पैसा र सत्ताको आडमा उच्च स्थानमा बसेका देखिन्छन् । समाजले यही कारण उनीहरूलाई मानेको छ । प्रसाद राजा कामको आधारमा होइन नामको आधारमा आफ्नो स्तर निर्धारण गरेर अरुमाथि स्वामित्व जमाइरहेको छ ।

'प्रसाद राजाका विभिन्न नाउँ थिए । राजा, मालिक, ख्वामित र कोही-कोही त बाबुसाहेब पनि भन्दथे, कुन्नि किन भन्दथे बाबुसाहेब चाहिँ ? कुनै बखत थियो के बाबुसाहेब ! वा यसको बाबु हुँदो हो । यिनीहरूको त के छ, कहिले, कहाँ कसले के भन्दिन्थ्यो, अनि दाम राखेर ठोग्यो, पुग्यो ।

काजी, सानो काजी, अनि रविले भन्ने 'सर' पनि उसैका नाउँ थिए ।

तर सबभन्दा प्रचलित नाउँ थियो प्रसाद राजा । उसका चम्चाहरू अर्थात् कि हामीहरूलाई पनि यही नाउँ सजिलो, प्रिय र मालिकको गौरव वृद्धि गरिरहेझैँ लाग्दथ्यो । मालिकको मात्र होइन, हाम्रा आफ्नै पनि गौरव, महाशय' (पृ.१४१) ।

प्रस्तुत गद्यांशमा लक्ष्मीले प्रसाद राजालाई आफ्नो वा आफू जस्ता मानिसको गौरव भएको कुरा उल्लेख गरेको छ । सबैले लाउन खान पाएर, प्रसाद राजाको छहारी पाएर मालिक र राजा जस्ता शब्दको देखावटी झटारो हानेको पाइन्छ । वास्तवमा उसको हैसियत भने समाजमा उच्च मान्ने खालको छैन । हैसियतलाई पनि स्तरको जस्तै सम्पत्तिले टेको लगाएको पाइन्छ । देशका प्रमुख र ठूला व्यक्ति अघि पछि लाग्दैमा, सबैलाई आफ्नो औंलामा नचाउँदैमा, पैसाले इज्ज्त र सम्मान किन्दैमा स्तर ठूलो हुँदैन । तर उपन्यासको कथावस्तु अनुसार प्रसाद राजाको यस प्रकारको सामाजिक स्तर नराम्रो भन्न मिल्दैन । प्रसाद राजाकै माध्यमबाट समाजमा पैसा र शक्तिले व्यक्तिको उचाई कसरी नापेको छ भन्ने कुरा व्यक्त गर्न खोजिएको छ ।

'कसैकसैलाई लाग्ला, प्रसाद कुन हैसियतको व्यक्ति हो ?

हैसियत त सोध्नै व्यर्थ हो । अपार सम्पतिमा हैसियत नाप्नै सकिन्न । काम जे पनि गरेको देखिन्छ । हामीकहाँ कतिपय मिसिलहरू पनि आउँदथे, प्रधानमन्त्री र मन्त्रीहरू  आउँथे । अरु जिएम्सिएम्हरूलाई त हामी नै पनि पन्छाइदिन्थ्यौं ।

यसरी हेर्दा हैसियत नै हैसियत थियो । त्यसकारण उसको हैसियतको प्रश्नै उठाउन व्यर्थ छ । उसको पद कहिले के हुन्थ्यो, कहिले के ? तर धेरै ठूलो भने हुँदैनथ्यो । रोडाढुङ्गाको जिएम बनिदेला, कल्याणकोषको सदस्य भएर बस्ला, कुनै विकास समितिमा आउँला अथवा खुब भए राजसभामा सदस्य बन्ला । धेरै ठूलो पद लिँदैन ।

- "प्रधानमन्त्री नै भएर पनि के गर्ने, ऊ यसै गर्ने ? "ऊ आफूकहाँ आएको प्रधानमन्त्रीलाई देखाएर भन्दथ्यो' (पृ.१४३) ।

सबैलाई थाहा छ, प्रसाद राजाको वास्तविक हैसियत र सामाजिक स्तर । तर आफ्नो फाइदाका लागि बाहिरी सम्मान दिनु बाध्यता हो । प्रसाद राजाले आफ्नो स्तर आफ्नो व्यवहारले आर्जन गरेको होइन सम्पत्ति र सत्ताको कारण बनेको स्तर हो । उपन्यासमा प्रसाद राजाको चारित्रिक विशेषता वा भूमिका, संवाद, कार्यव्यापार, स्वभाव, व्यवहार आदिका कारण उसको सामाजिक स्तर निर्धारण गर्दा ऊ उच्च सामाजिक स्तर भएको पात्र हो । समाजले निर्णय निर्माण प्रक्रियामा संलग्न भएर राजनीतिमा पनि समय दिने, लक्ष्मी जस्ता थुप्रै पात्रलाई पेट पाल्न सहयोग गर्ने प्रसाद राजा सबैले सम्मान गर्ने पात्र हो यद्यपि, रवि जस्तो स्वाभिमानी पात्र उसको चाकरी पनि गर्दैन र देखावटी हैसियत र स्तरलाई पनि मान्दैन ।

### ४.२.१.३ रोजिना रानी

रोजिना रानी 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सहायक स्त्री पात्र हो । प्रसाद राजाकी श्रीमतीको भूमिकामा देखा परेकी रोजिना रानीले समाजको उच्च स्तरको पात्रको प्रतिनिधित्व गरेकी छे । उसको चारित्रिक विशेषताका आधारमा ऊ खराब प्रवृत्ति भएकी पात्र हो । हुन त समाजसेवाका नाममा आगडि पछाडि नोकरचाकर लगाएर गाउँ धाउने गरेकी भए पनि त्यो केवल देखावटी सेवा हो । दुःखीको दुःख महसुस गर्न नसक्ने, दुःखलाई पनि समाधान गर्न सकिन्छ भनेर सोच्न नसक्ने रोजिना रानी दरबारीया परिवेशको तीतो सत्य हो । रोजिना रानी सुन्दर छे । सुन्दर भएकै कारण ऊ सबैसामु प्रतिष्ठित छे । दरबारको सम्पत्ति, सत्ता र शक्तिको आधारमा समाजले उसलाई उच्च स्तर प्रदान गरेको हो । उपन्यासमा प्रयोग भएका बौद्धिक संवादले उसलाई शिक्षित पात्र मान्दछ । त्यही ज्ञानलाई उसले गीता पाठ गरेर पनि दर्शाउने प्रयास गरेकी छे । साथै समाजको सेवामा पनि लागेकी छे । दरबारको सुख सयलबाट ऊ केही समयका लागि भए पनि माथि उठेर आफूभन्दा निर्धनको सेवामा लाग्ने प्रयास गरेकी छ । सधैं सजधज गरेर हिँड्ने, आफ्ना अगाडि पछाडि सुसारे लगाउने, चुरोटको धुँवा र जुवामा रमाउने रोजिना रानी सत्ता र

सम्पत्तिकै कारण मानिएकी छे । यसरी उसलाई मानेर सम्मान र इज्जत गर्नुले पनि उसको सामाजिक स्तर उच्च रहेको छ ।

रोजिना रानीको समाजसेवा एउटा राम्रो पक्ष हो । उच्च स्थानमा रहेकी वा भनौं दरबारमा रानी भएर बसेकी ऊ छाता ओडेर, कालो चस्मा लगाएरै भए पनि समाजमा ओर्लिएकी छ । माथिल्लो स्तरका व्यक्ति यसप्रकार तल झरेर आफूभन्दा सानो वर्गसँग घुलमिल भएर उनीहरूको सुख दुःख बुझ्ने मनसाय राख्दैनन् । तर रोजिना रानी चुरोटको धुँवा उडाउँदै भए पनि समाजसेवामा लागेकी छ । यही एक विशेषताले उसको सामाजिक स्तरमा वृद्धि गरेको छ । तर रोजिनाको समाजसेवा विसङ्गतिपूर्ण छ । उपन्यासकारले रोजिना रानीको समाजसेवालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

> 'जाने बेलामा रानीसाहेबले त्यसलाई देखी । अडिई । घुँडा टेकेर बसी र भनी - "म जान्दछु, खेलौनाले पेट भर्दैन, तर यस्तो गरिब देशमा जन्मेपछि मन बहलाउन पनि त सिक्नुपर्दछ । त्यसैले मैले तिमीलाई खेलौना दिएकी हुँ, किनभने खेलौनाजति मन बहलिने वस्तु केटाकेटीलाई अन्य के हुन्छ (पृ.१२४) ?"'

यस प्रकारको समाज सेवा सँगसँगै रोजिना रानीको वातावरण संरक्षणप्रतिको चासो वा भनौं अभियानले पनि उसको सामाजिक स्तर उच्च बनाउन ठूलो भूमिका खेलेको छ । रूख विरूवा जति सक्दो धेरै रोप्नुपर्छ भन्ने मान्यता भएकी ऊ वातावरण र बोट विरूवा सम्बन्धी सचेतना भएकी पात्र हो । उसले समय-समयमा वृक्षारोपण कार्यक्रमको आयोजना गर्ने गरेको कुरा उपन्यासमा उल्लेख भएको छ । तर उसको आयोजनामा गरिएको वृक्षारोपण पश्चात् ती विरूवाको संरक्षण नहुँदा ऊ कोधित पनि भएकी छ । ' - "तर विरूवा रोपिन्छ बोट र रूख बनून् भनेर !" रानीसाहेबले अलिक कठोर भएर भनी" (पृ.१२५) । रानीको यस्तो सामाजिक क्रियाकलाप कतिपय परिस्थितिमा प्रशंसनीय छ । हुन त रोजिना रानी पनि प्रसाद राजा जस्तै दरबारीया पात्र हो । उसमा पनि आफ्नो पतिको जस्तो प्रतिकूल प्रवृत्ति छ तर समय दिनु राम्रो कुरा हो । व्यागमा गीताको पुस्तक, अत्तर, श्रृङ्गारका साधन, मुखमा चुरोट, चट्ट परेको भेषभूषा सहित ऊ गाउँ-गाउँ, घर-घर पुगेर सुख दुःखमा सम्मिलित भएकी छे ।

> 'उता रानीसाहेबको केही हप्ताका लागि कायाकल्प नै हुन गयो । ऊ एक्कासी कर्म-करूणा-धर्ममूर्ति बन्न पुगी । प्रसाद राजाको अङ्कभन्दा गाउँको गरिबीको अङ्कमालमा रमाउन थाली ...
>
> रानीसाहेब घरघरमा पुग्न थाली । यो ठीक हो, कुनै कुनै कोठाको दुर्गन्धले गर्दा रानीसाहेबले रूमालको लगातार प्रयोग गर्नुपर्दथ्यो, तर यो कम्ती कुरा हो कि

ऊ त्यस्ता नाना थरीका बाधा हुँदाहुँदै पनि त्यो घरमा बसेर तिनीहरूलाई प्रेरित गर्दथी ? ...

रोजिनाले तत्काल काखको शिशुका लागि दूधदानी र ठूला केटाकेटीका लागि पुस्तक र कापी झिकाईदिएकी थिई' (पृ.१२२-१२३) ।

माथिका गद्यांशले रोजिना रानीको समाजसेवाप्रतिको भावना सकारात्मक देखिन्छ । तर समाजसेवाको तरिका भने मिलेको छैन । समस्याबाट दूर जान खोज्नुभन्दा त्यसले समाधानको बाटो खोज्नु पर्छ । समस्यामा परेका मानिसको उद्धारका लागि उसले कदम चालेको पाइँदैन । समाजसेवामा दलबल सहित भोज ख्वाउने, आमाको दूध खान नपाएकी बच्चीलाई खाली दूधदानी बाँड्नु र चामल नभएको घरमा बच्चालाई भातको माड ख्वाउने सल्लाह दिनु जस्ता कच्चा समाजसेवा प्रशंसाको योग्य छैन । दरबारको सुखी जीवनशैलीबाट समाजको अभावपूर्ण जीवनशैलीको रेखदेखमा ओर्लिनुले उसको सामाजिक स्तर उच्च निर्धारण गरे पनि समाजसेवालाई न्याय गर्न नसकेकाले उसको आर्जित स्तरमा वृद्धि भने भएको छैन । पद र सम्पत्तिको कारण पाएको स्तरलाई निरन्तरता दिएर विकासको बाटोमा लैजान नसक्ने रोजिना रानीको स्तर स्थिर रहेको छ । जे होस्, रोजिना रानीको औपन्यासिक कार्य वा भूमिका, उसका सामाजिक क्रियाकलाप आदिले उसलाई उपन्यासको उच्च सामाजिक स्तर भएको पात्र बनाएको छ ।

उल्लिखित पात्रहरू 'उपसंहार अर्थात् चौथो अन्य' उपन्यासका सामाजिक स्तर उच्च भएका प्रमुख पात्रहरू हुन् । यस्ता अन्य थुप्रै पात्रहरू छन् जसको औपन्यासिक भूमिका कम भए पनि कथावस्तुको वर्णनमा उनीहरू उच्च स्तरका पात्र हुन् भन्ने थाहा हुन्छ । उपन्यासमा पद्मनाभ, राज्यमन्त्री, वन मन्त्री, प्रधानमन्त्री, जी.एम्., डाक्टर, पुष्पराज आदि जस्ता पात्रहरू पनि रहेका छन् । जसको सामाजिक स्तर उच्च रहेको छ । विशेष गरी यी पात्र पद र पेसाका कारण नै समाजमा उच्च स्थानमा रहेका छन् । उल्लिखित पात्रहरू नै प्रस्तुत उपन्यासमा उच्च सामाजिक स्तर भएका पात्रका रूपमा उपस्थिति छन् । जसले उपन्यासको घटनावलीलाई आफ्नो कार्य वा भूमिकाले सहयोग गरेका छन् ।

### ४.२.२ मध्यम स्तरका पात्रको चरित्र विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा उपस्थित पात्रहरूमध्ये केही पात्रले मध्यम सामाजिक स्तरका साथ आफ्नो भूमिका निर्वाह गरेका छन् । विशेष गरी उच्च सामाजिक स्तर भएका पात्रसँग मध्यम सामाजिक स्तर भएका पात्रको प्रत्यक्ष सम्बन्ध रहेको छ । विषयवस्तुलाई अगाडि बढाउने क्रममा उच्च र मध्यम स्तरका पात्रको भूमिका र संवाद महत्वपूर्ण रहेको छ । यस उपन्यासमा थुप्रै पात्रहरूको उपस्थिति भए पनि सबैको आ-आफ्नो चारित्रिक विशेषता रहेको छ । सोही चरित्रको प्रस्तुतिबाट उपन्यासकारले भन्न

खोजेको सन्देश प्रकट गरेका छन् । फरक-फरक पात्रको फरक-फरक सामाजिक स्तर आवश्यक हुन्छ । यहाँ यस्तो विभेदले उपन्यासमा विविध मोडको सिर्जना गर्न सहयोग गरेको छ । उपन्यासमा लक्ष्मीप्रसाद शर्मा, रवि, सिलवाल, मुकुन्द, विश्वम्भर, विष्णु, बिनोद, प्रेमकुमार, अमिता आदि जस्ता पात्रहरू मध्यम सामाजिक स्तरको भूमिकामा उभिएका छन् । सामाजिक स्तर मध्यम भएका केही प्रमुख पात्रको विश्लेषण निम्न लिखित अनुसार गरिएको छ -

### ४.२.२.१ लक्ष्मीप्रसाद शर्मा

लक्ष्मीप्रसाद शर्मा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको प्रमुख पुरुष पात्र हो । उपन्यासको घटनाक्रम पनि उही मार्फत वर्णन गराइएको छ । गाउँबाट उच्च शिक्षाका लागि काठमाडौँ पसेको लक्ष्मी सुरुमा जीवन निर्वाहका लागि गरेको अनेक सङ्घर्षबाट उसको स्तर निम्न देखिन्छ । तर कथावस्तुको विकाससँगै अस्तित्वको लागि उसले अपनाएको बाटोले उसलाई काठमाडौँ सहरमा खान, बस्न मात्र हैन घर जग्गासम्म जोड्न सक्ने बनाएको छ । यसर्थ उसको स्तर ऊ आफैँले निर्माण गरेको हो । शिक्षित भएकाले उपन्यासमा बौद्धिक संवाद पनि देख्न पाइन्छ । हुन त रक्सी, पैसा र केटीका लागि जे पनि गर्न तयार लक्ष्मी समाजमा आफ्नो व्यवहार ढाकछोप गरेर सबैलाई ठीक्क पारेर आफ्नो स्वार्थको सिकार बनाउन सफल भएको छ । कामुक प्रवृत्तिको लक्ष्मी व्यवहारका हिसाबले त निम्न स्तरको पात्र हो । तर उसको स्वभाव र व्यवहारलाई उसले भित्रभित्रै सफल बनाएको छ, बाहिर सार्वजनिक हुन दिएको छैन । वास्तवमा लक्ष्मी एक चाकडीबाज हो । चाकडीबाटै उसले आफ्ना सम्पूर्ण आवश्यकता पूरा गरेको छ । पत्रिकामा काम गर्दा पत्रकारिता जस्तो पेसालाई पैसा कमाउने माध्यमको रूपमा प्रयोग गरेको छ । शिवराम, प्रसादराजा, पद्मनाभ, मन्त्री जस्ता पात्रसँग नजिकको सम्बन्ध कायम गरेर उसले आफ्नो सामाजिक स्तर निर्माण गरेको हो । लक्ष्मी थोर बहुत लेख रचनाको सिर्जना गर्ने पात्र हो । तर ऊ आफ्नो सिर्जनशीलता बाहिर निकाल्न समय लाग्ने भएकाले अरुका रचना साभार गरेर पुरस्कृत हुने पात्र हो । समाजमा ऊ पत्रकार, कवि तथा लेखक, कार्यकर्ता आदिको रूपमा परिचित छ । यसैले उसको मध्यम सामाजिक स्तर निर्धारण गरिएको छ ।

> 'पहिले केही काव्य आदि लेख्थेँ । कतिपय कविता पढ्थेँ, तिनबाट कतिपय कविता तयार पार्न सक्थेँ । यो मेरो खुबी नै थियो । कसैलाई थाहा पनि हुँदैन्थ्यो । सब वाहवाह गर्दथे । कविता ऊ पनि लेख्थ्यो, तर मेरो कविताको बढी सऱ्हनी हुन्थ्यो । भन्थे, यति कलिलो उमेरमा, यस्तो कविता लेख्छ, भविष्यमा कस्तो होला यो बालक' (पृ.३) ?

समाजमा लक्ष्मी एक सफल लेखक/कविका रूपमा पनि परिचित छ । यसले पनि उसलाई समाजमा स्थान दिलाएको छ । चाहे उसको सफलताको पछाडि जस्तो सुकै तीतो यथार्थ लुकेको होस् त्यो कहिल्यै समाजको अगाडि आएन । यसबारे केवल उसको मित्र रवि मात्र जान्दथ्यो । जो यस्तो कुरा कहिल्यै पनि खोल्दैन । यसरी लेख रचनाबाट मात्र नभई लक्ष्मी सामाजिक कार्यमा संलग्न भएर, राजनीतिमा संलग्न भएर कार्य गरेर पनि समाजमा परिचित छ । चाहे त्यो देखावटी नै किन नहोस् ।

> 'यस्तो अशान्तिमा पनि एउटा कुरा सम्झेर हाँसो नै उठ्यो । यी छेउछाउमा जति गमला, फूलबिरूवा थिए । त्यस्तै गरी रवि र म बसेको पुरानो घरवरपर पनि फूलबिरूवाहरू लगाइएका थिए । सब मेरो एक दिनको भाषणको परिणाम थियो । एक दिन सारा जम्मा भएको बखत कताबाट कुरा उठ्यो । मैले वातावरण खत्तम हुँदै छ, वन खतरा हुँदै छ, हामी खत्तम हुँदै छौँ, यो सृष्टि खत्तम हुँदैछ, भनेर बोलिदिएँ । कसरी हामी नजानिँदो गरी आफ्नो सन्तानका हत्यारा बनिरहेका छौं आदिआदि । त्यसैले सबैले जति सक्यो रूखबिरूवा लगाउनुपर्दछ, नत्र सास फेर्न पनि गारो हुनेछ, दुई-चार वर्षमा' (पृ.१४९) ।

लक्ष्मी शिक्षित भएकाले ऊ यस्तो भाषण गरेर, ज्ञानबर्द्धक कुरा बाँडेर समाजमा आफ्नो स्थान कायम गर्ने पात्र हो । मान्छेको शिक्षा, व्यक्तित्व, स्वभाव, आर्थिक स्तर सबैले उसको सामाजिक स्तर थाहा हुन्छ । त्यसैले लक्ष्मी यस उपन्यासको मध्यम सामाजिक स्तर भएको पात्र हो ।

### ४.२.२.२ रवि

रवि 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको प्रमुख पुरुष पात्र हो । रवि र लक्ष्मी सँगसँगै काठमाडौँ प्रवेश गरेका हुन् । सामाजिक स्तरका हिसाबले रवि मध्यम पात्र हो । शैक्षिक योग्यता भएको, बौद्धिक क्षमता भएको, अर्काको कुभलो नचाहने, जीवनमा सम्झौता गरेर अगाडि बढ्न सक्ने, सम्पत्ति नै ठूलो होइन भन्ने, देश र जनताको स्वतन्त्रताको लागि लड्ने रवि यस उपन्यासको मध्यम सामाजिक स्तर भएको पात्र हो । सबैलाई आवश्यक पर्दा सहयोग गर्ने, आफ्नै आदर्श बोकेर हिँडेको रवि स्वभाव र व्यवहारका कारण समाजमा स्थान बनाएको छ । रवि नैतिकवान् पात्र हो । उसको नैतिकता र आदर्श समाजमा प्रशंसा योग्य छ । यसका साथै रवि एक कवि, लेखक हो । उसको लेख अन्तर्राष्ट्रिय भाषामा पनि अनुवाद हुने भएका छन् । उसलाई यही व्यक्तित्वले पनि स्तर प्रदान गरेको छ । रवि एक सफल पत्रकार हो । उसले पत्रकारिता पेसालाई पूर्णतया न्याय गरेको छ । रवि आर्थिक स्तरमा उच्च हुन नसकेकाले पनि ऊ सामाजिक स्तरमा पनि उच्च स्थानमा आउन सकेको छैन । वास्तवमा स्तरको निर्धारणमा सम्पत्तिले पनि फरक पार्ने समय भइसकेको छ । होइन भने

रवि जस्तो आदर्श विचारधारा लिएर क्रान्तिको पथमा देश र समाज परिवर्तनका लागि हिँडेको मानिसको सामाजिक स्तर उच्च हुनुपर्ने थियो । शिवराम, लक्ष्मी र प्रसाद राजा जस्ता उसका पनि अनुयायी हुनु आवश्यक थियो । सबैले उसको आदर्शलाई मानेर उसको अनुशरण गरेका भए सायद रविको सामाजिक स्तर उच्च हुने थियो । रविको सोच सामाजिक स्तर उच्च हुने खालको हुँदाहुँदै पनि खराब प्रवृत्तिका पात्रले उसको सोचलाई थिचिराखेको छ । रवि कसैलाई पनि असर पुऱ्याएर अगाडि बढ्न चाहँदैन ।

उपन्यासमा रवि र लक्ष्मी जस्ता थुप्रै मध्यम सामाजिक स्तर भएका पात्रहरूको उपस्थिति रहेको छ । मुकुन्द के.सी., विश्वम्भर, विष्णु, बिनोद, प्रेमकुमार, सुमिता, अमिता, छिमेकी परिवार, भरत आदि पात्रहरू उपन्यासमा कम भूमिकामा देखा परे पनि उनीहरूको व्यक्तित्व वर्णन र संवादबाट उनीहरू मध्यम सामाजिक स्तर भएका पात्र हुन् भन्ने थाहा पाउन सकिन्छ । उल्लिखित पात्रहरू आर्थिक र शैक्षिक स्तरमा पनि मध्यम भएकाले समाजमा उच्च स्तरमा परिचित हुन सकेका छैनन् । यी सबै उच्च स्तरका पात्रका सहयोगी पात्र हुन् । यी पात्रहरूको सामाजिक हैसियत झल्काउने क्रियाकलापहरू उपन्यासमा प्रस्ट भने देखिँदैनन् । तर यिनीहरू उच्च वा निम्न हैसियताका भने पक्कै होइनन् । यिनीहरू दयनीय पात्रका रूपमा परिचित छैनन् न त महान् पात्रका रूपमा प्रस्तुत छन् । यसकारण यिनीहरू मध्यम स्थानमा छन् । मध्यम स्तरका पात्रहरू उपन्यासको घटनावलीहरूसँग प्रत्यक्ष सम्बन्धित नभए पनि यिनीहरूको सानो-सानो भूमिका उपन्यासमा महत्वपूर्ण रहेको छ । सामाजिक कार्यमा संलग्न नभएको भए पनि नराम्रा काम गरिएको पनि प्रतित भएको छैन । उपन्यासकारले यिनीहरूलाई प्रस्तुत गरेका आधारमा यिनीहरू मध्यम सामाजिक स्तर भएका पात्र हुन् । उपन्यासकारले विभिन्न स्तरका पात्रको प्रयोग स्वभाविक र प्राकृतिक तरिकाले गरका छन् । यसबाट उपन्यासले प्रस्तुत गर्न खोजेको सामाजिक यथार्थ प्रस्ट पार्न सहयोग गरेको छ । समाजमा उच्च स्तरका र निम्न स्तरका पात्रसँगै मध्यम स्तरका पात्र/व्यक्ति पनि हुन्छन् र तिनको भूमिका कस्तो हुन्छ भनेर समाजबाट मध्यम स्तरका पात्रहरू टपक्क टिपेर उपन्यासमा विषयवस्तु अनुसार बिच-बिचमा उपस्थित गराएका छन् । जुन कृत्रिम पटक्कै लाग्दैनन् ।

### ४.२.३ निम्न

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा सामाजिक स्तर उच्च र मध्यम भएका पात्रहरूको प्रयोग गरिएको भए पनि ती पात्रको उपयुक्त संयोजनका लागि निम्न सामाजिक स्तर भएका पात्रलाई पनि सहभागी गराउनु उत्तिकै आवश्यक भएकाले उपन्यासकारले नेपाली समाजका निम्न सामाजिक स्तर भएका पात्रलाई पनि भूमिका दिएका छन् । उपन्यास नेपाली समाज र नेपाली राजनीतिको वास्तविक झल्को भएकाले पनि यस उपन्यासमा प्रयोग गरिएका निम्न स्तरका पात्रहरू वास्तविक पात्र नै हुन् । रूक्मिणी,

सविता, शीला, गीता, सीता, प्रतिमा, प्रतिभा, अनिता, सुसारेहरू, माली, गुण्डाहरू आदि यस उपन्यासका निम्न सामाजिक स्तर भएका पात्र हुन् । यी सबै पात्रहरूले बाँच्नका लागि सङ्घर्ष गरिरहेका छन् । आर्थिक र शैक्षिक दुवै स्तरमा निम्न रहेका यी पात्र मध्यम र उच्च सामाजिक स्तर भएका पात्रसँग आश्रित छन् । कुनै पनि व्यक्ति वा पात्रको सामाजिक स्तर के का आधारमा निर्धारण गर्ने भन्ने कुरा उपन्यासमा प्रस्ट छैन । सामाजिक कार्य, स्वभाव, व्यवहार, नैतिक चेतना, आदर्श आदिका आधारमा वा शासन सत्ता, वर्ग, शिक्षादीक्षा, शक्ति, सम्पत्ति आदिको आधारमा हो । वास्तवमा उपन्यास विसङ्गत यथार्थमा आधारित भएकाले सत्य, न्याय र आदर्शलाई आधार बनाउन उचित हुँदैन । कुन पात्रलाई समाजले कुन रूपमा हेरेर उसको परिचय दिएको छ त्यही सत्य हो । चाहे त्यो सत्यका पछाडि तीतो यथार्थ नै किन नहोस् । उपन्यासमा यस्तै दयनीय अवस्थाका निम्न स्तरका पात्रहरू उपस्थित छन् । सामाजिक रूपमा उनीहरूको हैसियत न्यून रहेको छ । यस्ता केही पात्रको विश्लेषण यसप्रकार गरिएको छ ।

### ४.२.३.१ **रूक्मिणी**

रूक्मिणी 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी सहायक स्त्री पात्र हो । उसले उपन्यासमा निम्न सामाजिक स्तर भएकी स्त्रीको भूमिका निर्वाह गरेकी छ । रूक्मिणी एक गरबि र विधवा स्त्री हो । पाँच सन्तानकी आमा ऊ आफ्नो र सन्तानको पेट पाल्न अरुको घरमा खाना बनाउने र भाँडा माभ्ने काम गर्छे । आफू कम खाएर, नराम्रो लगाएर भए पनि सन्तानको आवश्यकता पूरा गर्ने आँट भएकी पात्रका रूपमा रूक्मिणी रहेकी छ । ऊ अशिक्षित र निम्न वर्गकी प्रतिनिधि पात्र हो । ऊ सामाजिक कार्यमा संलग्न हुने पात्र होइन । उसको एउटै समस्या छ, जीवन निर्वाह । सुरुमा सकारात्मक रूपमा देखिएकी रूक्मिणी लक्ष्मीको जालमा परेपछि पैसाको मोहमा आफ्नो शरीरसम्म बेच्न पछि पर्दिन । शरीर बेचेर सन्तान पाल्नुले नै उसको स्तर घटाएको छ । समाजको नजरमा ऊ वेश्या भएकी छे । काम गरेर भन्दा शरीर सुम्पेर छिटो र धेरै पैसा प्राप्त हुने लालसाले उसलाई चारित्रिक रूपमा दोषी बनाएको छ । पतिको मृत्युपछि चुलो बाल्ने समस्याको समाधानका धेरै विकल्पहरू हुन सक्थे । तर लक्ष्मीको वासना पूरा गर्नु उचित थिएन । रूक्मिणी यस्तै क्रियाकलापका कारण र उसको गरिबीका कारण निम्न सामाजिक स्तर भएकी पात्र बनेकी छ ।

### ४.२.३.२ **सविता**

सविता 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी सहायक स्त्री पात्र हो । रूक्मिणी सविताकी आमा हो । सविता पाँच सन्तानमध्ये हुर्केकी जेठी छोरी हो । ऊ आमा र परिवारको अवस्थाप्रति थोरै पनि चिन्ता नभएकी पात्र हो । उसलाई आमाले अर्काको घरमा

काम गरेर पढाएको कुरामा वास्ता छैन । शिक्षाभन्दा बढी फेसनमा चासो राख्ने सविता सामाजिक रूपमा निम्न स्तरकी पात्र हो । आफू नखाइ नलाइ पढाएकी, हुर्काएकी आमाको त्याग बुझ्न नसक्नु उसको कमजोर पक्ष हो । शिक्षालाई महत्वका साथ नहेर्नुले पनि उसको सामाजिक स्तर घटाएको छ । पढ्ने उमेरमा लक्ष्मी जस्तो यौन शोषण गर्ने पात्रको बहकाउमा लाग्नु उसको चारित्रिक कमजोरी हो । एकपटकको सम्बन्धलाई आवेग र जोशको संज्ञा दिन सकिन्छ तर पैसाको लोभमा बारम्बार सोही बाटो धाउनेलाई समाजले वेश्याको नाम दिन्छ । यही क्रममा सविताले आफ्नो कमजोरीलाई बारम्बार लक्ष्मीका सामु सम्झौता बनाउनाले सविता समाजको निम्न स्तर भएकी पात्र हो । सामाजिक रूपमा ऊ दोषी छे । उसको स्वभाव र व्यवहारले उसलाई निम्न बनाएको छ । आर्थिक स्तर सँगसँगै सविता सामाजिक स्तरमा पनि निम्न पात्र हो ।

प्रस्तुत रूक्मिणी र सविता जस्ता थुप्रै सामाजिक स्तर निम्न भएका पात्रहरू उपन्यासमा रहेका छन् । जो आर्थिक र शैक्षिक दुवै स्तरमा पनि निम्न रहको छन् । उनीहरूलाई निम्न बनाउनमा यो विसङ्गत समाजको प्रमुख भूमिका रहेको छ । त्यस्तै उच्च स्तरकाले निम्न स्तरकालाई दबाई राखेर माथि उठ्न नदिनु पनि स्वभाविक हो । उपन्यासमा धर्मदत्त, शीला, गीता, सीता, प्रतिमा, सुसारेहरू, माली आदि पात्रहरू निम्न सामाजिक स्तर भएका पात्रका भूमिकामा उपस्थित छन् । यी पात्रहरूले प्रमुख र सहायक पात्रको भूमिका पूर्ण गराउन सहयोग गरेका छन् । सबै कुनै न कुनै रूपमा माथिल्लो वर्गका मानिसको सेवामा संलग्न छन् । चाहे दरबार होस्, चाहे नेता, चाहे राजनीतिक पार्टी सबैको सहयोगीका रूपमा निम्न स्तरका पात्र नै अगाडि पछाडि लागेका छन् । किनकी उनीहरूको हैसियत ठूलो व्यक्ति सरह जीवन बाँच्ने छैन । सबै पक्षमा कमजोर र निम्न स्थानमा रहेकाले उनीहरू अभावको जिन्दगी बाँच्न बाध्य छन् । तर त्यही अभाव पूर्तिका लागि उनीहरू चाकरी पेसामा लाग्नु परेको छ । यसकारण उनीहरूको हैसियतले मात्र नभई पैसाले पनि उनीहरूलाई निम्न सामाजिक स्तरको पात्र बनाएको छ । सामाजिक स्तर उच्च हुन आवश्यक आधारभूत पक्षको कमी उनीहरूमा छ । समाजमा प्रतिष्ठित बनेर आफ्नो स्तर निर्माण गर्न व्यक्तित्व, शिक्षा, सम्पत्ति, नैतिकता आदि सबैको आवश्यक पर्दछ । यिनीहरू आफैँ जाने बुझेर आफ्नो स्तर घटाइरहेका छन् । लक्ष्मीलाई जसको उदाहरण गीता, शीला जस्ता पात्रले आफ्नो कमजोरीको फाइदा उठाउन दिनु, मालीले काम गरेको जस नपाइ-नपाइ पनि गाली खाएर त्यही काम गर्नु, धर्मदत्त पी.ए. हो भन्ने जान्दा जान्दै पनि आफूलाई उच्च ठानेर अरुमाथि आदेश जाहेर गर्नु आदि ।

व्यक्तिको आर्थिक अवस्थाको आधारमा समाजमा उसको स्तर निर्धारण हुन्छ । आर्थिक रूपमा असमान व्यक्तिहरू स्वतः फरक-फरक वर्ग अन्तर्गत पर्दछन् । आम्दानी र आम्दानीको स्रोतका आधारमा उनीहरू उच्च, मध्यम वा निम्न वर्गमा छुट्याइन्छन् । साथै

उनीहरूको जीवन निर्वाह शैली सहज वा सङ्घर्षपूर्ण के छ त्यसको परिणाम स्वरूप उनीहरू वर्गीय विभेदमा बाँधिन्छन् । 'मार्क्सका अनुसार वर्ग भनेको आम्दनी र आम्दानीका स्रोतहरूको समानता भएका मानिसहरूको समूह हो' (शर्मा र लुइँटेल, २०६७ : १४५) । समाजमा सबै मानिसको आम्दानी समान हुँदैन । यही असमान परिवेशमा एकै समूहभित्र पर्ने मानिसहरूको समूहले आ-आफ्नो स्रोत अनुसारको वर्गको प्रतिनिधित्व गर्दछन् । आम्दानीकै आधारमा मानिसको आर्थिक स्तर निर्धारित हुन्छ । धेरै आम्दानी हुने उच्च स्तरमा परिचित हुन्छ भने थोरै आम्दानी हुने निम्न स्तरमा परिचित हुन्छ ।

### ४.३ पात्रको आर्थिक स्तरको विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा आर्थिक स्तर फरक-फरक भएका पात्रहरूलाई फरक-फरक सामाजिक परिवेशबाट लिइएको छ । वास्तवमा उपन्यास नेपाली समाजको वास्तविक झलक हो । समाजमा असमान स्तर भएपछि मात्र समाज विसङ्गत बन्न पुग्छ । द्वन्द्व र क्रान्ति सुरु हुन्छ । समान परिवेशको लागि परिवर्तनको खोजी हुन्छ । त्यस्तै उपन्यासकारले आर्थिक स्तर उच्च, मध्यम र निम्न तिनै प्रकारका पात्रहरूको प्रयोग गरेका छन् । समान आर्थिक स्तर भएका पात्रको उपन्यास रोचक हुँदैन । त्यहाँ कथावस्तुमा कौतुहलता पनि हुँदैन । उपन्यास समाज र समाजको यथार्थबाट निर्माण हुने भएकाले समाजका सबै प्रकारका पात्रको उपस्थिति हुनु जरूरी छ । यस उपन्यासमा पनि प्रसाद राजा, रोजिना रानी, शिवराम, पद्मनाभ, प्रेमकुमार आदि जस्ता पात्रहरू आर्थिक स्तर उच्च भएका पात्र हुन् । त्यस्तै लक्ष्मी, रवि, अमिता, सुमिता, पुष्पराज, बिनोद, भरत, विष्णु, विश्वम्भर जस्ता मध्यम आर्थिक स्तर भएका पात्र छन् । साथै माली, सुसारेहरू, गुयडाहरू, प्रतिभा, धर्मदत्त, रूक्मिणी, सविता, गीता, शीला, सीता जस्ता आर्थिक स्तर निम्न भएका पात्रहरू रहेका छन् । यी सबै पात्रले आफ्नो भूमिका वा औपन्यासिक कार्यव्यापारद्वारा आफ्नो आर्थिक स्तर झल्काएका छन् । कोही पात्र आर्थिक स्तर उच्च भएकै कारण समाज र देशमा राज गरिरहेका छन् त कोही सामान्य रूपमा जीवन गुर्जान पनि सङ्घर्षमय जीवन बिताइरहेका छन् । यी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना आवश्यकता पूरा गर्न एक अर्कामा आश्रित छन् । माथिल्ला वर्गले आफ्ना निजी स्वार्थ पूर्तिका लागि तल्ला वर्गलाई प्रयोग गरिरहेका हुन्छन् । त्यस्तै तल्ला वर्णले माथिल्लो वर्गको कार्य गरे वापत केही फाइदा पाएका हुन्छन् । अन्य कृतिमा जस्तै उपन्यासमा पनि पात्रको चयन गर्दा ध्यान दिनुपर्ने हुन्छ । पात्रले नै विषयवस्तुलाई उत्कर्षमा पुऱ्याएर उपन्यासको उद्देश्यसम्म पुग्न सहयोग गर्छ । यसै क्रममा डा.गोपेन्द्र पौडेलले कथामा पात्रको चयन सम्बन्धी दिएको अभिव्यक्ति महत्त्वपूर्ण छ । जुन उपन्यासका लागि पनि सुहाउँदो छ । 'कथामा पात्रको चयनको दोस्रो आधार भनेको वर्गबोध हो, वर्गीयता हो । वर्गलाई विभिन्न आधारमा पहिचान गर्न सकिने भए पनि यहाँ वर्गको तात्पर्य आर्थिक आधारमा विभेदीकृत भएको वर्ग हो । यदि कथामा

विषम आर्थिक सामाजिक संरचनाको प्रतिविम्बन भएको छ अथवा कथाकारको रुचि वर्गीय समाजका अन्तर्विरोधलाई केलाउनुमा रहेको छ भने त्यति बेला उसले कथामा वर्गीय पात्रलाई नै उभ्याउँछ । त्यसो गरिएन भने कथाका पात्रहरू वर्गीय स्वार्थ अनुकूल क्रियाशील हुन सक्दैन । त्यसो हुनुको तात्पर्य हो - विचार सम्प्रेषणमा ती फितला हुन्छन् र उद्देश्यसम्म पुग्न सक्दैनन्' (पौडेल, २०६८ : ४९५) । पौडेलका यी वाक्यांशहरू कथाका सन्दर्भमा प्रस्तुत गरेको भए पनि यी उपन्यासका पात्रका लागि पनि आवश्यक छन् । सोही अनुरूप उपन्यासकारले यस उपन्यासमा वर्गीय विभेद सिर्जना गरेका छन् ।

### ४.३.१ उच्च वर्गका पात्रको चरित्र विश्लेषण

आर्थिक आधारमा विभाजन गरिएको तिन वर्गमध्ये उच्च वर्ग पनि एक हो । यस वर्गमा विशेष गरी आर्थिक रूपमा सम्पन्न पात्रहरू पर्दछन् । त्यस्ता पात्रहरू जो समाजमा सम्पत्तिकै कारण उच्च स्तरमा रहेका छन् । 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा पनि उपन्यासकारले आर्थिक रूपमा सम्पन्न पात्रहरू उभ्याएका छन् । सम्पत्तिकै आधारमा इज्जत कमाएका, जनतामाथि शासन गरेका, पद र शक्तिको दुरूपयोग गरेका पात्रहरूलाई विशेष रूपमा अगाडि सारिएको छ । आर्थिक हिसाबले उच्च पात्रहरूले नै समाजमा विकृति र विसङ्गति निम्त्याएको पाइन्छ । आफ्नो पद, हैसियत, शक्ति र पहुँचका कारण आफूभन्दा तल्लो वर्गमाथि शासन गरेका छन् । वर्गकै घमण्डमा उनीहरू आफ्नो स्वामित्व कायम गर्न सफल छन् । सम्पन्नता हुनु भनेको कालोलाई सेतो र सेतोलाई कालो साबित गर्न सक्ने क्षमता हुनु हो । किनभने ऊभन्दा तल्लो वर्गको कालालाई यो सेतो होइन कालो नै हो भन्ने हिम्मत र हैसियत दुवै हुँदैन । यस्तै यस उपन्यासमा पनि उच्च आर्थिक स्तर भएका पात्रहरूको के-कस्तो भूमिका रहेको छ भन्ने कुरा यसप्रकार विश्लेषण गरिएको छ -

#### ४.३.१.१ प्रसाद राजा

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको उच्च आर्थिक स्तर रहेको पात्रहरूमध्ये प्रमुख पात्रका रूपमा प्रसाद राजालाई लिन सकिन्छ । उसको वास्तविक नाम चन्द्रप्रसाद हो । तर ऊ सानोतिनो दरबारमा राज्य चलाएर बसेकाले उसको सत्तालाई ध्यानमा राखेर सबैले प्रसाद राजा नाम दिएका छन् । ऊ आर्थिक स्तरमा सम्पन्न भएको कुरा उपन्यासमा प्रयोग गरिएका वाक्यांशबाट प्रस्ट हुन्छ । सुन्दर श्रीमती हुनु, दरबार हुनु, प्रशस्त सम्पत्ति र गुण्डाहरू आदिले पनि ऊ आर्थिक रूपमा सम्पन्न छ । किनभने पैसाबिना यो सबै असम्भव छन् । रक्सी र केटीमा सधैँ तल्लीन रहनु पनि पैसाकै कारण हो । जहाँ आर्थिक स्तर मजबुत हुन्छ त्यहाँ सम्पूर्ण आवश्यकताहरू पूरा हुन्छन् । प्रसाद राजा राजनीतिमा पनि आर्थिक स्तरकै कारण आफ्नो ठाउँ बनाउन सक्षम भएको छ । जनआन्दोलन दबाउन उसले लाखौँ पैसा खर्चिएको छ । सयौँ कामदार खटाएको छ । उस्तै परे आफ्नो कार्यमा बाधा

पुऱ्याउनेलाई मार्ने आदेश पनि दिएको छ । यो सब गर्न उसलाई उसको सम्पन्नताले प्रेरित गरेको छ । सबैले मालिक भनेर गौरव गर्नु, उसका चम्चाले राजा मान्नु, दसैँमा आफ्ना बाबुको हातबाट टीका नथापी उसको हातबाट टीका थापेर प्रसन्न र आनन्दित हुनु सबै सम्पत्तिको कमाल हो । यदि ऊ समाजमा आर्थिक स्तरमा उच्च नभएको भए उसको अस्तित्व राजा बराबर हुँदैनथ्यो । उसले जति पनि नाम कमाएको छ त्यो सबै उच्च वर्गीय व्यक्तिको प्रतिनिधि बनेबाट पाएको छ । त्यसैले प्रसाद राजा यस उपन्यासको आर्थिक स्तर उच्च भएको पात्र हो ।

### ४.३.१.२ रोजिना रानी

वर्गीय आधारमा रोजिना रानी 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी उच्च वर्गकी पात्र हो । प्रसाद राजाकी श्रीमती भएकाले रोजिनालाई रानीको सम्बोधन गरिएको हो । रोजिना रानीलाई उच्च वर्गको प्रतिनिधित्व गर्ने स्त्री पात्रको रूपमा उभ्याइएको छ । रोजिना रानीलाई सुन्दर युवतीको रूपमा प्रस्तुत गरिएको छ । उसको जुवा र चुरोटको लत, श्रृङ्गारपटार, समाजसेवा आदिले उच्चलाई उच्च वर्गकै हो भन्छ । झोलामा गीताको पुस्तक राख्ने, मुखमा चुरोटको धुँवा उडाउने र आफ्ना पछाडि दलबल लगाएर समाजसेवामा ओर्लिने रोजिना रानी उच्च वर्गले गरेको समाजसेवाप्रतिको व्यङ्ग्य पात्र हो । वर्गीय चेतनाले ग्रस्त समाजसेवा वास्तवमा समाजसेवा नभएर देखावटीपन मात्रै हो । यसले समाजका कुनै पनि निम्न वर्गलाई उकास्ने काम गर्दैन ।

> 'रोजिना रानीसाहेब चुरोट खान्थी, तास खेल्दथी र बाँकी रहेको समयमा समाजसेवा पनि गर्दथी । वृक्षारोपणदेखि लिएर कुनै संस्थाको सहयोगार्थ जुवा खेलाउनुसम्म सब उसका परोपकारी कार्यक्रममा सामेल थिए । ...
>
> एउटा विशेष कुरा के थियो भने, जुन काउन्टरमा रोजिना जुवा खेलाउँथी, त्यसमा सबभन्दा बढी भीड हुन्थ्यो । सुन्दरता, परिधान सबैले तानेका हुन्थे । रोजिना रानीले टिकट दिई भने, त्यहाँ उभिने महान् कन्जुस र भयावह रूपमा टाट मान्छेसमेत टिकट लिन्नँ भन्न सक्तैनथ्यो । ऋण पैँचो गरेर भए पनि लिन्थ्यो र सके झन् टाट भएर घर फर्किन्थ्यो' (पृ.१२०) ।

माथि वर्णन गरिए अनुसार रोजिना रानी वर्गीय स्तरमा उच्च भएको फाइदा जुवा खेलेर उठाइरहेकी छ । जुवा सँगसँगै चुरोट र उसको सुन्दरता मध्यम र निम्न वर्गीय व्यक्तिको कमजोरी हो । यही कमजोरीको फाइदा उठाएर ऊ जुवा खेल्न बाध्य बनाउँछे । उच्च वर्गीय पात्रको सामाजिक कार्यलाई व्यङ्ग्यात्मक रूपमा रोजिना रानीले प्रस्तुत गरेकी छ । रोजिना रानीको भूमिका, संवाद, कार्यव्यापार, शारीरिक सुन्दरता, भेषभूषा आदिले उसलाई उच्च आर्थिक स्तर भएकी पात्रका रूपमा उभ्याएको छ ।

### ४.३.१.३ शिवराम

वर्गीय आधारमा शिवराम 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको उच्च वर्गको पात्र हो । आर्थिक सम्पन्नताका कारण ऊ आर्थिक स्तरमा उच्च रहेको छ । काठमाडौँ जस्तो सहरमा 'दीप्तिमान' नामक पत्रिका चलाएर बस्नु, सुन्दर श्रीमतीको हरेक आवश्यकता पूरा गर्नु, छोराछोरीलाई महङ्गो र राम्रो विद्यालयमा पढ्न पठाउनु, घर र जग्गा जमिन हुनु, थुप्रै कर्मचारीलाई सन्तुलनमा राख्न सक्ने क्षमता भएको शिवराम आर्थिक स्तरमा उच्च पात्र हो ।

> 'अखबार यसकारण टाट थिएन कि सम्पादकले आफ्ना सन्तानको भविष्य बनाउन तिनीहरूलाई दार्जिलिङको नर्थप्वाइन्ट स्कुलमा हालेको थियो । उसकी स्वास्नी कहिलेकाहीँ अफिसमा आउँदा, गहनाको भारले गजगामिनी कहलिने लायक हुन्थी, गहनाको वजनले हिँड्न गारो हो कि हाम्रो सामुन्ने ऊ आफूलाई त्यस्तै देखाउन चाहन्थी' (पृ.१५) ।

सम्पादक बनेर पत्रिका चलाए पनि त्यो पत्रिका चलाउन शिवरामलाई सहायक मन्त्रीको सहयोग सधैँ प्राप्त हुन्थ्यो । तर त्यो सहयोगले उसले कहिल्यै कर्मचारीलाई सघाएन बरु आफ्नै सम्पन्नताको वृद्धि गर्नतिर लाग्यो । यसरी सम्पादक शिवराम आर्थिक रूपमा सशक्त भएकै कारण काठमाडौँमा सानका साथ बसेको छ । उसको पहुँच प्रधानमन्त्रीसम्म पुगेको छ । यही पहुँचको फाइदा उठाएर शिवरामले आफ्नो आर्थिक स्तर वृद्धि गरेको छ ।

> 'स्वास्नी प्रायः सपिङ गर्ने नियतले त्यहाँ प्रवेश गर्दथी । अनि स्वास्नीलाई सपिङ गराउन लैजाँदा एउटा जिम्मेवार पतिको दायित्व पूरा गर्ने भावले, उसको अनुहार ज्यादै शालीन र सन्तुष्ट देखिन्थ्यो' (पृ.२८) ।

श्रीमतीको आवश्यकता पूरा गर्न सक्नु पनि आर्थिक रूपमा सशक्त हुनु हो । सम्पत्तिकै कारण ऊ घर, श्रीमती, छोराछोरी, पत्रिका, कर्मचारी, हाकिम, नेता, मन्त्री, प्रधानमन्त्रीसँगको सम्बन्धमा सन्तुलन कायम गर्न सक्षम रहेको छ । शिवरामको पारिवारिक र सामाजिक स्थिति, उसको सम्पत्ति, घर जग्गा, दैनिक लवाइखवाइ र जीवनस्तर, रक्सीको लत आदिको उसलाई नेपाली समाजको उच्च आर्थिक स्तर भएको पात्रको प्रतिनिधि बनाएको छ ।

प्रसाद राजा, रोजिना रानी र शिवराम उच्च आर्थिक स्तर भएका प्रमुख पात्र हुन् । यिनीहरू जस्तै उपन्यासमा अन्य थुप्रै आर्थिक स्तर उच्च भएका पात्रहरू छन् । उनीहरूको भूमिका उपन्यासमा कम भए पनि उनीहरूले गरेको कार्यव्यापार वा उनीहरूका बारेमा गरिएको वर्णनले उनीहरूलाई उच्च आर्थिक स्तर भएका पात्र भनिएको छ । जसमा राज्यमन्त्री, सहायक मन्त्री, जी.एम., डक्टर, प्रेमकुमार, प्रधानमन्त्री, हाकिम आदि पर्दछन् ।

प्रायः सबै पात्रहरूको राजनीतिक पहुँचले उनीहरू आर्थिक रूपमा सम्पन्न छन् । वा भनौँ चाकडी प्रवृत्तिबाट उनीहरूको स्तर वृद्धि भएको देखिन्छ । यसर्थ यी पात्रहरू पनि यस उपन्यासका आर्थिक स्तर उच्च भएका पात्र हुन् ।

### ४.३.२ मध्यम वर्गका पात्रको चरित्र विश्लेषण

आर्थिक स्तरका आधारमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा उच्च वर्ग जस्तै मध्यम वर्गका पात्रहरूको पनि आयोजना गरिएको छ । वर्गीय विभेदबाट क्रान्तिको सिर्जना गर्नका लागि उच्च सँगसँगै मध्यम स्तरका पात्रको पनि प्रयोग गरिएको छ । दैनिक जीवन सजिलोसँग गुजारा गरिरहेका, बाँच्नका लागि धेरै सङ्घर्ष गर्नु नपर्ने पात्र मध्यम वर्ग अन्तर्गत पर्दछन् । जो आर्थिक रूपमा सम्पन्नशाली छैनन् । घर, जग्गा, आदि प्रशस्त नभएका रवि, लक्ष्मी, अमिता, मुकुन्द, पुष्पराज, बिनोद, विश्वम्भर, विष्णु आदि जस्ता पात्रहरू मध्यम वर्गमा पर्दछन् । मध्यम वर्गीय पात्रहरूको पहुँच माथिल्लो तहमा न्यून रूपमा रहन्छ । उनीहरू उच्च वर्गसँग सम्बन्ध बनाउन प्रयासरत हुन्छन् । तर कतिपय अवस्थामा रवि जस्तो आदर्श मध्यम वर्गीय पात्र देश र समाजको लागि मात्र सोच्ने खालका हुन्छन् । उनीहरूलाई आर्थिक सम्पन्नताको लोभ हुँदैन तर लक्ष्मी जस्तो मध्यम वर्गीय पात्र सदैव पैसा र स्वार्थ पूर्तिका लागि उच्च वर्गको छत्र छायाँ चाहन्छ । यस उपन्यासमा पनि यस्तै विशेषता भएका मध्यम वर्गीय पात्रहरूको प्रयोग गरिएको छ । जसको सामान्य चर्चा यसप्रकार गरिएको छ -

#### ४.३.२.१ लक्ष्मीप्रसाद शर्मा

लक्ष्मी ठूला-ठूला सपना बाकेर काठमाडौँ भित्रिएको पात्र हो । जसलाई सधैँ उच्च स्थानमा रहने रहर थियो । जीवनमा ठूला व्यक्तिको सङ्गत गरेर पैसा र इज्जत दुवै कमाउने इच्छा । तर काठमाडौँमा बाँच्नका लागि पत्रिकामा काम गरेर, नेता, मन्त्री र प्रसाद राजाको चाकडी गरिरहेको लक्ष्मी आर्थिक दृष्टिकोणले मध्यम स्तरको पात्र हो । काठमाडौँमा ऊ जागिर गरेर बाँचेको छ । उसको घर, जग्गा, सम्पत्ति केही पनि छैन । कमाएको जति रक्सी र केटीको लागि उडाएको छ । कतिपय अवस्थामा त उधारो खाएको पनि तिर्न गाह्रो भएको छ । तर पछि चाकडीबाट उसले आफ्नो आर्थिक स्थितिमा सुधार ल्याएकाले ऊ मध्यम वर्गीय पात्र हो । आर्थिक स्तर निम्न भएको भए रक्सी र केटीलाई खरिद गर्ने सामर्थ्य उसमा हुँदैन थियो । चाहे नराम्रो काम गरेरै किन नहोस् उसले आफूलाई आर्थिक रूपमा सशक्त तुल्याएको छ । सुरुमा जुन स्थितिको सामना गर्नुपऱ्यो पछि उसले त्यस स्थितिबाट निक्लिएर घर, जग्गा जोड्ने र विहे गर्ने क्षमताको विकास गरेको छ । यसकारण लक्ष्मी यस उपन्यासको आर्थिक स्तर मध्यम भएको पात्र हो ।

#### ४.३.२.२ रवि

लक्ष्मी र रवि समान हैसियत भएका पात्र हुन् । उनीहरूको सङ्घर्ष काठमाडौँमा एकैसाथ सुरु भएको हो । तर लक्ष्मीले आफ्ना आवश्यकता पूरा गर्न खराब बाटो रोज्यो र सम्पत्ति कमाउने सपना पूरा गर्‍यो । रविले भने सधैँ आफ्ना आवश्यकतासँग सम्झौता गरेर बस्यो । उपन्यासको अन्त्यसम्म पनि उसको आर्थिक स्तर समान हिसाबको छ । ऊ नैतिकता र आदर्शलाई साथ लिएर काम गर्दा जति आम्दानी हुन्छ त्यतिमा नै रमायो । नोकरी गरेरै उसले जीवन चलाएको छ, विहे गरेको छ र अन्त्यमा आफ्ना छोराछोरी पनि सामान्य विद्यालयमा पढाएको छ । त्यसकारण रवि मात्र त्यस्तो पात्र हो जसले पैसाको लागि आफूलाई आद्यान्त परिवर्तन गराएको छैन । रविको दैनिक खर्च कम छ, ऊ कुलतमा नफसेकाले त्यता पनि उसको पैसा खर्च हुँदैन । ऊ आफ्नो मध्यम आर्थिक स्तर पूरै उपन्यासमा सन्तुलित राख्न सक्षम भएको छ । रविको सम्पन्नताको सीमालाई हेर्दा ऊ यस उपन्यासको मध्यम वर्गीय पात्र हो ।

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा रवि र लक्ष्मी जस्ता थुप्रै मध्यम वर्गीय पात्रहरू रहेका छन् जो आर्थिक रूपमा सम्पन्नशाली पनि छैनन् र कमजोर पनि छैनन् । जसले सामान्य रूपमा जीवन निर्वाहको भूमिका प्रस्तुत गरेका छन् । यस्ता पात्रको सञ्चित सम्पत्ति पनि छैन । उनीहरू मध्यम वर्गीय भएकाले आफ्ना दैनिक आवश्यकता भने पूरा गरेका छन् । बिनोद, अमिता, विष्णु, पुष्पराज, विश्वम्भर जस्ता पात्रले सानो भूमिका मार्फत पनि आफ्नो आर्थिक स्तर प्रस्तुत गरेका छन् । यसप्रकार उपन्यासकारले उपन्यासका पात्रको चयनमा सन्तुलन ल्याउनका लागि मध्यम वर्गीय पात्रलाई कलात्मक तरिकाले प्रस्तुत गरेका छन् ।

### ४.३.३ निम्न वर्गका पात्रको चरित्र विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा निम्न वर्गका पात्रको चयनमा विशेष ध्यान दिइएको छ । यी पात्रहरू नेपाली समाजका वास्तविक पात्रसँग मेल खान गएका छन् । जीवन निर्वाहका लागि आफ्नो अस्तित्वलाई समेत दाउ लगाउनु पर्ने दयनीय अवस्थाको सिर्जना गरेर उपन्यासकारले निम्न वर्गीय पात्रको चारित्रिक वैशिष्ट्य प्रस्तुत गरेका छन् । आर्थिक स्तरमा निम्न हुनु भनेको सामाजिक स्तरमा पनि निम्न हुनु हो । वास्तवमा सङ्घर्ष त उनीहरूको जीवनमा छ । आफ्नो अस्तित्व मध्यम र उच्च वर्गीय पात्रको दाउ लगाएर बाँचिरहेका छन् । तर उच्च वर्गका व्यक्तिको बहकाउमा लागेर आफ्नो कमजोरीको फाइदा उठाउन दिनु उनीहरूको चारित्रिक दोष हो । जसको उदाहरणको रूपमा लक्ष्मीको कामवासनाको सिकार भएका रूक्मिणी, सविता, गीता, शीला आदि हुन् । यस्तै केही निम्न वर्गीय पात्रको सङ्क्षिप्त चर्चा तल गरिएको छ -

#### ४.३.३.१ रूक्मिणी

रूक्मिणी निम्न वर्गीय परिवारकी प्रतिनिधि पात्र हो । पतिको मृत्यु भएकी पाँच सन्तानकी आमा ऊ बाँच्नका लागि सङ्घर्षमय जीवन बिताउने स्त्री पात्र हो । समाजका निम्न वर्गीय विधवा स्त्रीको जीवन कति कठिन हुन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । अरुको घरमा काम गरेर आफ्ना सन्तानको आवश्यकता पूरा गर्न लागि पर्ने रूक्मिणी सुरुमा असल पात्रका रूपमा देखिन्छे । तर परिवारको आर्थिक समस्यालाई लक्ष्मीको कामवासनासँग सम्झौता गरेबाट ऊ चारित्रिक रूपमा खराब पात्र भएकी छे । अर्काको घरमा काम गरेर भन्दा शरीर बेचेर आर्थिक समस्या सुल्झिने देखेर रूक्मिणीले सत्कार्यको बाटो छोडेकी छे । यो नेपाली समाजको निम्न वर्गीय परिवारका स्त्रीको तीतो यथार्थ हो । जीवन बाँच्न लक्ष्मी र रविको घरमा भात पकाउने र भाँडा माझ्ने काम गर्नु, पैसाको प्रलोभनमा लक्ष्मीको वासना पूरा गर्नुले रूक्मिणीलाई आर्थिक स्तरमा निम्न वर्गीय पात्रका रूपमा लिइन्छ ।

#### ४.३.३.२ सविता

सविता रूक्मिणीकी जेठी छोरी हो । गरिब परिवारमा जन्मिएकी सविता पनि आर्थिक रूपमा आमाको जस्तै जीवन भोगिरहेकी छे । पिताको छत्रछायाँबाट टाढा रहेकी सविता गरिब भए पनि ठूला-ठूला सपना बोकेर हिँडेकी पात्र हो । ऊ सुन्दर छे । यो सुन्दरतालाई बढाउन ऊ लवाइखवाइमा विशेष ध्यान राख्ने पात्र हो । पढेर लगातार पास भयो भने चाँडै विहे गर्नुपर्ने र साडी लगाएर शालीन बन्नु पर्ने डरले ऊ बारम्बार फेल हुन चाहन्छे र नयाँ-नयाँ फेसनका कपडा लगाउन चाहन्छे । ऊ आफ्नो यौवन सधैं स्थिर रहोस् भन्ने चाहन्छे । आफ्नो इच्छा पूरा गर्न आमाले गर्नु परेको दुःखमा उसलाई चासो छैन । पछि ऊ लक्ष्मीको बहकाउमा आएर आफ्नो शरीर सुम्पन पुग्छे । एकतर्फबाट यो उसको बाध्यता हो भने अर्को तर्फबाट हेर्दा चारित्रिक कमजोरी हो । तर जे होस् यो सबै आीर्थक स्तर कमजोर हुनुको परिणाम हो । यिनै कारणले सविता ‘उपसंहार अर्थात् चौथो अन्त्य’ उपन्यासकी निम्न वर्गीय पात्र हो ।

रूक्मिणी र सविता त उदाहरण मात्रै हुन् । उनीहरू जस्तै आर्थिक स्तर कमजोर भएकाले लक्ष्मीको सिकार भएका गीता, शीला जस्ता पात्रहरू पनि छन् । साथै रोजिना रानीको दरबारका सुसारेहरू र माली पनि आर्थिक स्तर कमजोर भएकै कारण चाकडी गरिरहेका छन्, धर्मदत्त मन्त्रीको पी.ए. बनेर काम गरिरहेको छ । यी पात्रहरू आफ्नो आर्थिक जीवनस्तर उकास्नका लागि उच्च वर्गसँग आश्रित छन् । यिनीहरूले पैसाकै लागि नराम्रो कार्य समेत गरेका छन् । उपन्यासमा आर्थिक स्तर न्यून भएका पात्रहरू पनि फरक-फरक परिवेशबाट लिइएको छ । र तिनको पेसा र कार्यको विभाजन र चयन पनि भिन्न-भिन्न

रहेको छ । आर्थिक स्तर निम्न भएका यस्ता पात्रले आफ्नो चरित्र मार्फत नेपाली समाजको वास्तविकता उजागर गरेका छन् ।

## ४.४ पात्रको शैक्षिक स्तर

शिक्षा भनेको ज्ञान प्राप्त गर्ने कला हो, सीप प्रवृत्ति र बानीहरूको विकास हो । शिक्षाले व्यक्तिको अन्तर्निहित प्रतिभा र क्षमताको प्रस्फुटन गर्दछ । शिक्षाद्वारा मानिसले आफ्नो समग्र जीवनको विकास गरी आफ्नो रहनसहन, बानी, व्यवहारमा परिवर्तन गर्ने गर्दछ । शिक्षाशास्त्रीहरू शिक्षालाई समाज विकासको सूचक पनि मान्दछन् । शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । व्यक्तिको सम्पूर्ण पक्षको विकास गराउनु शिक्षाको उद्देश्य मानिन्छ । शिक्षाशास्त्रमा शिक्षाको आधुनिक अवधारणाका रूपमा शिक्षाले व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक र नैतिक पक्षका सम्पूर्ण गुणको विकास गराउन महत्वपूर्ण भूमिका खेल्ने कुरा उल्लेख गरिएको छ । 'जोनडिवे - जसरी शारीरिक विकासका लागि भोजनको आवश्यता हुन्छ, त्यस्तै सामाजिक विकासका लागि शिक्षाको । र शिक्षा जीवन हो, जीवनको तयारी होइन' (श्रेष्ठ र बस्न्यात, २०६३ : ३) । डिवेले शिक्षालाई सामाजिक विकासको रूपमा हेरेको पाइन्छ । शिक्षित व्यक्तिले आफ्नो चौतर्फी विकास सँगसँगै समाजलाई पनि विकासको गतिमा डोऱ्याउन सहयोग पुऱ्याउँछ । 'पेस्टालोजी- "शिक्षा भनेको मानवीय अन्तर्निहित शक्तिहरूको स्वभाविक सुमधुर र प्रगतिशील विकास हो" (श्रेष्ठ र बस्न्यात, २०६६ : ६) । शिक्षाले मानवको अन्तर्निहित शक्तिलाई प्रस्फुटन गरेर समाजमा उसको शैक्षिक पहिचानसँगै शैक्षिक स्तरको पनि वृद्धि गराउँछ । शिक्षा प्राप्त मात्र गरेर केही हुन्न । शिक्षाले व्यक्तिका गुणलाई बाहिर ल्याएर समाजमा उसको स्तर पनि निर्माण गर्न सक्नुपर्छ । व्यक्तिको शैक्षिक अवस्थाको आधारमा समाजमा उसको शैक्षिक स्तर निर्धारण हुन्छ ।

उपन्यासमा पात्रको चयन गर्दा पात्रको शैक्षिक अवस्थालाई पनि विशेष ध्यान दिनुपर्ने हुन्छ । उपन्यासमा समाजको चित्र साक्षात्कार भएको हुन्छ । जसरी ऐनामा तस्वीरको दुरूस्तै रूप देखिन्छ त्यस्तै समाज पनि ऐना बनेर उपन्यास मार्फत प्रस्तुत हुनु आवश्यक छ । जसरी समाजमा शिक्षित, अर्धशिक्षित र अशिक्षित व्यक्तिहरू हुन्छन् तिनको कथा प्रस्तुत गर्ने उपन्यासमा पनि सोही प्रकारका पात्रहरूको प्रयोग हुनु अत्यावश्यक छ । शिक्षित हुनु र नहुनुले पनि पात्रको औपन्यासिक कार्यमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उपन्यासमा शिक्षित पात्रको मात्र प्रयोग हुनु वा अशिक्षित पात्रको मात्र प्रयोग हुनु स्वभाविक मानिँदैन । जसरी वर्गीय विभेदको सिर्जना गरेर पात्र मार्फत औपन्यासिक उद्देश्य प्रस्तुत गरिन्छ त्यसैगरी पात्रलाई शिक्षित र अशिक्षित दुवै रूपमा उपस्थित गराएर उपन्यासको विषयवस्तुलाई सशक्त बनाएर पात्रलाई शैक्षिक उद्देश्य पूरा गर्न प्रेरित गर्दछ । शिक्षा पात्रको पहिचान हो । शिक्षित पात्रले उपन्यासमा जुन भूमिका खेल्छ त्यो अशिक्षित पात्रले निर्वाह

गर्न सक्दैन । पात्रको स्वभाव, व्यवहार, आनीबानी, संवाद सबैले उसको शिक्षित वा अशिक्षित पहिचान दिलाउँछ । शिक्षित पात्र प्रायः संवादका हिसाबमा श्रुतिमधुर शब्दहरूको प्रयोग गर्छन् त्यहीँ अशिक्षित पात्रहरू झर्रो नेपाली, असभ्य र अश्लील शब्दको प्रयोग गर्छन् । हुन त 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा लक्ष्मी, प्रसाद राजा जस्ता शिक्षित भनिएका पात्रहरूको संवाद पनि असभ्य छ तर उनीहरूको घटनावलीका क्रममा कतिपय शब्द र वाक्यांशले उनीहरू शिक्षित भएको जनाउँछ । यस उपन्यासमा पनि पात्रको शैक्षिक स्तर तिन तहमा निर्धारण गरेर प्रस्तुत गरिएको छ । यसै क्रममा उपन्यासका पात्रलाई शिक्षित, अर्धशिक्षित र अशिक्षित रूपमा विभाजन गरेर सामान्य चर्चा गरिएको छ ।

### ४.४.१ शिक्षित पात्रको शैक्षिक स्तरको विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा शिक्षित पात्रहरूको बाहुल्यता रहेको छ । प्रमुख पात्रहरूको चरित्र र संवादबाट उनीहरू शिक्षित हो भन्ने थाहा हुन्छ । साथै समाख्याताले पनि उनीहरूको शैक्षिक स्तरका बारेमा ठाउँ-ठाउँमा वर्णन गरेको छ । यसका साथै सहायक र गौण पात्रहरू पनि उनीहरूको पेसा र क्रियाकलापबाट शिक्षित हुन् वा होइनन् थाहा हुन्छ । विशेष गरी रवि, लक्ष्मी, रोजिना रानी, अमिता आदि पात्रको संवादले उनीहरूको शिक्षित हुनुको भावबोध गराएको छ । शिक्षित पात्रहरूले नै उपन्यासको विषयवस्तुलाई गति प्रदान गरेका छन् । बौद्धिक तर्क, वितर्कले उपन्यास कौतुहलपूर्ण भएको छ । रवि र लक्ष्मीका बिचको द्वन्द्व बौद्धिक द्वन्द्व हो । लक्ष्मी रविको शिक्षा, बौद्धिकता र सिर्जनाशीलताप्रति असन्तुष्ट छ । उपन्यासका शिक्षित पात्रले देश र विदेशका विषयवस्तु उठाएका छन् । अन्तर्राष्ट्रिय साहित्यको कुरा निकालेका छन् । हिन्दी र अङ्ग्रेजी शब्दको प्रशस्त प्रयोग गरेका छन् । चिठ्ठी पत्र लेख्ने र पढ्ने क्रियाकलाप पनि उपन्यासमा भेटिन्छ । उपन्यासमा देखिने यस्ता कार्यले उपन्यासलाई बौद्धिक दृष्टिमा उच्च बनाएको छ । उपन्यासमा शिक्षित पात्रको सामान्य विश्लेषण यसप्रकार गरिएको छ ।

#### ४.४.१.१ रवि

रवि यस उपन्यासको प्रमुख पात्र हुनुका साथै शिक्षित पात्र पनि हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म रवि मार्फत प्रस्तुत भएका संवाद र समाख्याताले उसका बारेमा गरेको बौद्धिक वर्णनले उसलाई शिक्षित पात्र साबित गर्दछ । हुन त रवि र लक्ष्मी दुवै पात्र उच्च शिक्षाका लागि काठमाडौँ भित्रिएको भन्ने कुरा उल्लेख भएको छ । तर लक्ष्मीले भन्दा रविले आफ्नो बौद्धिक स्तर वृद्धि गर्नका लागि शैक्षिक अभ्यास निरन्तर गरेको छ । ऊ एक साहित्यकार पनि हो । उसलाई देश विदेशका साहित्यबारे आवश्यक ज्ञान रहेको छ । उसका संवादमा आएका विदेशी कथाकृतिको नाम नै यसको प्रमाण हो । उसलाई केवल नाम मात्र थाहा छैन, त्यस भित्रको विषयवस्तुको पनि ज्ञान छ । रवि एक आदर्श र नैतिक चरित्र

भएको पात्र हो । उसमा भएको यस्तो चारित्रिक विशेषता पनि शिक्षित हुनुकै परिणाम हो । उपन्यासमा प्रयुक्त रविका केही संवादहरूले उसलाई शिक्षित पात्र बनाउन सहयोग गरेको छ ।

'रवि भन्थ्यो - "हेडलाइन कहिलेकाहीँ 'ओल्डम्यान एन्ड द सी' को मोतीभन्दा बढी भइदिन्छ ।"

रविले यस्तो बोलेपछि सबै अलिअलि हाँस्थे अवश्य ।

कमेन्ट कोही गर्दैनथ्यो । कमेन्ट गर्नलाई 'ओल्डम्यान एन्ड द सी' पढ्नुपऱ्यो !

मैले त पढेकै थिइनँ । अरुले पनि कहिल्यै कुनै कमेन्ट नगरेको देख्दा लाग्दथ्यो, उक्त ग्रन्थबाट दण्डित हुनदेखि सबैले आफूलाई जोगाइदिएकै थिए ।

त्यसमाथि एउटा 'ओल्डम्यान एन्ड द सी' भए त कुरा गरौं ! रवि त यस्तायस्ता पुस्तकको नाउँ लिन्थ्यो, जुन सुनेर मलाई लाग्दथ्यो, अब चीरहरणको परिस्थिति आयो आयो' (पृ.२०) ।

'रवि जुरूक्क उठ्यो । उसको गिलासमा रक्सी बाँकी थियो । छाडेर उठ्यो । यस पटक ऊ पनि राम्रैसित चिच्यायो - "मैले बस्न खोजेको होइन यो व्यवस्थामा । यो व्यवस्था ल्याउँदा मसँग सोधिएको थिएन, नेपालीसँग सोधिएको थिएन, तैपनि नेपाली जनताको आकाङ्क्षाले आएको व्यवस्था भनिएको छ भने बेइमान को भयो, कसरी चलिरहेको छ शासन , कसले चलाइरहेको छ र कसका लागि चलाइरहेको छ, सबैलाई थाहा छ, तैपनि यो नेपालीका लागि आएको प्रजातन्त्र रे ? जहाँ भ्रष्टाचारले नैतिक रूप धारण गरेको छ । त्यहाँ कुन कुराले कल्लाई के हुन्छ ? र पनि तँ जस्तो मानिस ... आइ एम असेम्ड अफ यु" (पृ.९९)'

'रविले ताल्चा खोल्यो । भित्र, अरु त त्यस्तै हो, उसले त्यहाँभन्दा यहाँ केही किताब जम्मा गरेछ । अङ्ग्रेजी, नेपाली र हिन्दीका पनि' (पृ.१५२) ।

'- "बट लिसन मेडम, आइ कान्ट थिन्क देम बास्टार्डस् । दे आर माइ ओन फ्रेन्डस् ।" उसले त्यसपछि सुस्तरी भन्यो - "आइ क्यान ओन्ली फिल सरी फर देम" (पृ.१६८) ।'

माथि प्रस्तुत वाक्यांशहरूले रवि शिक्षित पात्र भएको परिचय दिन्छ । रविलाई विदेशी साहित्य र साहित्यिक कृतिका बारेमा ज्ञान हुनु, उसको कृति पनि विदेशी भाषामा अनुवाद हुने तरखरमा हुनु, नेपाली, हिन्दी र अङ्ग्रेजीका पुस्तक उसको साथमा हुनु, संवादमा देश र राजनीतिक सम्बन्धी गहन र बौद्धिक शब्दावलीको प्रयोग गर्नु, बिच-बिचमा अङ्ग्रेजी शब्दहरूको प्रशस्त प्रयोग गर्नु सबै रविको शिक्षित व्यक्तित्वको लक्षण हो । यसप्रकार यस

उपन्यास रविको शिक्षित व्यक्तित्वबाट प्रत्यक्ष रूपमा प्रभावित छ । ऊ शिक्षित भएकाले नै सधैँ सत्यको बाटोमा हिँडेको छ, परिवर्तनका लागि क्रान्तिमा होमिएको छ, आफ्नो अस्तित्व गुमाएर चाकडी प्रवृत्तिमा लागेको छैन । यिनै चारित्रिक विशेषताले रविलाई शिक्षित पात्र बनाएको छ ।

### ४.४.१.२ लक्ष्मीप्रसाद शर्मा

पात्रको शैक्षिक स्तरलाई आधार मानेर लक्ष्मीको विश्लेषण गर्दा लक्ष्मी शिक्षित पात्र हो । लक्ष्मी उपन्यासको समाख्याता पनि हो । उसले जुन प्रकारले उपन्यासको घटनालाई वर्णनात्मक र पूर्वदीपनको शैलीमा व्याख्या गरेको छ त्यसमा पनि उसको शैक्षिक स्तर झल्किन्छ । उपन्यासमा लक्ष्मीको शैक्षिक अवस्थाको बारेमा औपचारिक व्याख्या नभए पनि उसको संवाद, भाषा, क्रियाकलापबाट पनि उसको शैक्षिक स्तर थाहा हुन्छ । भाषाकै कुरा गर्ने हो भने त असभ्य र अश्लील शब्द धेरै प्रयोग गरेको छ । तर उपन्यासको बिच-बिचमा देश विदेशका कुरा, साहित्यका कुरा, राजनीतिका कुरा आदिले उसको बौद्धिक क्षमता रविलाई टक्कर दिने खालको छ । रवि गहन रूपमा अध्ययन गर्छ भने लक्ष्मी सतही रूपमा दौडिन्छ । तर पनि लक्ष्मीमा बौद्धिक ज्ञान भने प्रशस्त मात्रामा छ । लक्ष्मीले प्रशस्त मात्रामा अङ्ग्रेजी शब्दको प्रयोग गरेको छ । अङ्ग्रेजी शब्दको प्रयोग गर्नु सामान्य हो तर त्यसलाई व्याकरणात्मक रूपमा मिलाएर बोल्नु शिक्षित व्यक्तिको पहिचान हो । उपन्यासमा लक्ष्मीलाई शिक्षित देखाउने केही वाक्यांश र संवादहरू यसप्रकार रहेका छन् -

> 'पहिलो प्रश्न त काठमाडौँमा यो उपस्थित भयो, म के गरूँ ? तोल्सतोईको कथा सम्झिन थालेँ 'थ्री क्वेस्चन्स' र ती 'थ्री' मध्ये पनि हाललाई एउटा मात्र, 'ह्वाट इज द राइट वर्क ...
>
> "सो, इफ यु कुड डु काइन्डली समथिङ फर मी, आइ विलबी अबलाइज्ड थ्रु आउट माई लाइफ" (पृ.५-६) ।'
>
> 'यसले एक त मेरो अज्ञानता अर्थात् चीरहरणको क्षण टरेर जान्छ । दोस्रो म पनि लगभग हेमिङवे, दोस्तोवस्की अथवा वर आऊँ भने बेकेट, कामु हेलरसेलरकै स्तरको लेखक रहेछु कि भन्ने अन्य श्रोतालाई पर्न जान्थ्यो । रविलाई होइन, तर तिनीहरूलाई मसित केही सहानुभूति हुन जान्थ्यो, म गल्तीले यस देशमा जन्मेको हुँ र त्यो भन्दा ठूलो गल्तीले यस अखबारमा नोकरी खान आइपुगेको हुँ' (पृ.२०) ।
>
> 'हिन्दीको 'कफन' कथाको पात्र सम्झिन्थेँ । त्यसपछि लाग्दथ्यो, यति खाएर म पनि रक्स्याहाहरूमाथि एउटा पावरफुल कथा वा उपन्यास लेखूँ' (पृ.४४) ।

'- "अहँ ! मैले भनेँ - "तँ ठान्दैनस् । हेप्छस् मलाई, तर ... कमअन ह्विच टपिक ... डु यु वान्ट टु डिस्कस अन, कमअन । म के ... तँभन्दा कम छु ? मैले जति तैँले पढेको छस् ? कविता ... सङ्ख्यामा धेरै छ तेरो ... तर मेरो के कम छ, तँभन्दा ? केको फुर्ती लाउँछस् ए तँ गधा मेरा अगिल्तिर, हँ ? केको घमन्ड ? मभन्दा राम्रो लेख्छु भनेर ? तर ... फुर्ती नला, मैले नलेखेर मात्रै हो, कमअन, भोलिदेखि म थाल्छु, आइ क्यान सरपास यु एनी मोमेन्ट ... के ठानेको छस् तैँले मलाई हँ, तँ ... गधाले" (पृ.४८) ?'

'मलाई थाहा थिएन, एउटाको लागि मिस्टेकन आइडेन्टिटी अर्काको लागि द केस अफ लस्ट आइडेन्टिटी बन्न जान्छ' (पृ.७५) ।

'मैले अन्त्यमा भनेको थिएँ - "फ्र्याङ्क्ली एन्ड प्याक्टिकली स्पिकिङ" (पृ.१५७) ।'

'एकपटक केही साहित्यिक र पत्रकारहरूको सानो भेटघाट थियो । सोझो भनूँ, रक्सी थियो । साँची भनूँ भने त्यसमा केही त यस्तै थिए, जस्तो म थिएँ अर्थात् :

वासांसि जीर्णानि यथा विहाय

नवानि गृह्णानि नरोऽपराणि

तथा शरीराणि विहाय जीर्णा

न्यन्यानि संयाति नवानि देहि ।

गीताको यही अर्तीबुद्धि अन्तर्गत 'नवानि देही' बनाएर पदार्पण गरेका' (पृ.१६२) ।

माथि उल्लेख गरिएका वाक्यांश, उद्धरण वा श्लोकहरूले लक्ष्मीको शिक्षित गुणको पहिचान गरेको छ । उसका संवादमा अङ्ग्रेजी शब्द र भाषाको मिश्रण पाइन्छ । साथै हेलर, बेकेट, कामु, दोस्तोवस्की, सोक्रेटस्, हेमिङ्वे जस्ता पश्चिमेली साहित्यकारहरूको बारेमा ज्ञान भएकै कारण उनीहरूको चर्चा गरेको छ । साथै हिन्दीका कथाहरू पनि उल्लेख गरेका छ । गीताको श्लोक नै साभार गर्नुले पनि उसले संस्कृत साहित्यको पनि अध्ययन गरेको थाहा हुन्छ । लक्ष्मीका यस्तै विशेषताहरूले ऊ यस उपन्यासको शिक्षित पात्र भएको छ ।

### ४.४.१.३ रोजिना रानी

रोजिना रानी 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासकी सहायक स्त्री पात्र हो । उपन्यासमा रोजिना रानी शिक्षित पात्रको रूपमा उपस्थित भएकी छ । उपन्यासमा प्रसाद राजाकी श्रीमती मात्र नभएर रानीको भूमिका समेत निर्वाह गरेकी रोजिना रानी प्रवृत्तिका आधारमा जस्तो भए पनि भाषा र संवादमा सभ्य र शिक्षित पात्रका रूपमा आएकी छ ।

उसको स्वभाव उग्र रूपको छैन । सबैसँग शालीनताका साथ प्रस्तुत भएकी छ । समाजसेवामा लाग्नु, प्रकृति र वातावरण संरक्षणमा ध्यान दिनु शिक्षित व्यक्तिको परिचय हो । उसका संवादहरूमा गहकिला शब्दको प्रयोग पाइन्छ । साथै कतिपय अवस्थामा अङ्ग्रेजी भाषाका शब्दको पनि प्रयोग भएको छ । उसलाई शिक्षित पात्रका रूपमा देखाउने केही उद्धरणहरू यसप्रकार रहेका छन् -

'-"यिनीहरूलाई केही गरूँ, त्यसको उल्टो असर भइदियो भने के गर्ने ?" रानीसाहेबले हामीतिर फर्केर भनिन् - "उल्टो अबगाल आइपर्छ । यिनीहरूको शरीर हाम्रो नियमले चल्दैन । शरीरविज्ञानको सारा सिद्धान्त फेल भइदिन्छ" ( पृ.१२३)'

'रोजिनाले भनी - "तिमीलाई म पहिलेदेखि आदर गर्थें, यु आर सिम्प्ली ग्रेट ।" ...'

'-"तिनीहरूले नभनेर रियालिटी चेन्ज हुन्छ ?" रोजिनाले भनी - "आइ नो यु फ्रम द बिगिनिङ । दे आर ओन्ली बास्टार्डस्, हु टक अगेन्स्ट यु ।" ...'

'रोजिना अलिकति उदास भई । त्यसपछि उसले भनी - "द्याट ब्लडी ह्याज स्प्वाइल्ड अमिताज लाइफ टु" (पृ.१६८) ।'

यस्ता वाक्यांशमा रोजिना रानीको बौद्धिक स्तर देखा परेको छ । उसलाई शरीर विज्ञानबारे ज्ञान छ, रवि जस्तो शिक्षित पात्रसँग अङ्ग्रेजी भाषामा संवादमा गरिरहेकी रोजिना रानी एक शिक्षित स्त्री पात्र हो । उपन्यासमा उसको भूमिका सामान्य स्त्री पात्रको नभएर दरबारीया स्त्रीको रहेको छ । तर उसको संवादमा दरबारीया घमण्ड र सान भने पटक्कै झल्किएको छैन । उसका यस्तै औपन्यासिक कलाले उसलाई यस उपन्यासको शिक्षित स्त्री पात्र बनाएको छ ।

### ४.४.१.४ शिवराम

शिवराम 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको सशक्त सहायक पुरुष पात्र हो । शिवराम 'दीप्तिमान' पत्रिकाको सम्पादक हो । पत्रिकाको सम्पादक भएर काम गर्नु पक्कै पनि शिक्षित हुनु हो । शैक्षिक स्तरका आधारमा हेर्ने हो भने शिवराम यस उपन्यासको शिक्षित पात्र हो । उपन्यासमा ऊ मार्फत वा अरु कोही पात्र मार्फत उसको शैक्षिक योग्यताको वर्णन नभए पनि शिक्षाका बारेमा शिवरामले गरेको चर्चा र उसको पदले उसलाई शिक्षित पात्र नै मान्दछ । लक्ष्मीले शिवरामको व्यक्तित्वको वर्णन गर्दा ऊ आफूलाई सबैभन्दा योग्य व्यक्ति मान्ने, मन्त्री र प्रधानमन्त्री भएर देश चलाउन सक्ने, विश्व विविध कुरा गर्ने, राजनीतिलाई फरक धारबाट विश्लेषण गर्ने व्यक्तिका रूपमा परिचित गराएको छ । शिवराम साहसी र आत्मविश्वासी पात्र हो । ऊ चलाख पनि छ । उपन्यासमा ऊ

एस.एल.सी.माथि पढेको कहीँ कतै उल्लेख छैन । तर उसका कुरा सुन्दा उसले एम.ए.पास गरेको भ्रम पर्दछ । शिवरामलाई शिक्षित देखाउने केही वाक्यांशहरू निम्न रहेका छन् ।

> 'कुरा ऊ विश्वभरिकै गर्थ्यो, देशको राजनीतिलाई गम्भीरपूर्वक विश्लेषित गर्दथ्यो, तर मानिसको अडकल थियो, ऊ एस.एल.सी. वारि कि पारिसम्म पुगेको छ । त्यसको एउटा कारण पनि छ ।'
>
> 'ऊ जहिले पनि पाठ्यक्रमको कुरा गर्दा अथवा आफ्नो विद्यार्थी जीवनका रमाइला संस्मरण सुनाउँदा एस.एल.सी. मास्तिर उक्लेको कसैलाई थाहा थिएन । आइ.ए. वा बी.ए. का कुरा कहिल्यै गर्दैनथियो । बरु सम्भव भयो भने सर्टिफिकेट आदिलाई घृणा गर्दै, यो ज्ञानप्राप्तिमा बाधक हुन्छ भन्ने दृढमान्यताका साथ विराजमान थियो ।'
>
> - "अचेलको पढाइ पनि पढाइ हो ?" शिवराम अर्थात् सम्पादक भन्थ्यो - "अनि पास हुनलाई कति जना केके गर्दछन्, हामीलाई थाहा छैन र ?"
>
> "अनि पहिलेको पढाइ कस्तो हुन्थ्यो नि शिवराम दाइ ? म कहिलेकाहीँ सोधिदिन्थेँ ।
>
> शिवराम भन्थ्यो - "पहिलेको पढाइ त भनूँ न एस.एल.सी. नै अहिलेको एम.ए. बराबर । मनी जस्तै एजुकेसनको पनि डिभ्यालुएसन भएको छ ।"
>
> उसको यस्तो विचार सुनेर पनि कोहीकोहीले अड्कल काटेका थिए, शिवराम अवश्य पनि एस.एल.सी. उत्तीर्ण छ ।
>
> तर मलाई भने कताकता लाग्दथ्यो, एस.एल.सी. पास देखिऊँ भनेर पनि ऊ यस्ता भावहरू पढ्थ्यो कि ? अर्थात् पास ऊ होस् वा नहोस् त्यति त पक्कै पास होला भन्ने आभास दिन समर्थ थियो ।
>
> एउटा कुरा भने मान्नुपर्छ । साँच्चीकै ऊ यति चलाख थियो कि ऊ पढोस्नपढोस्, केही माने राख्दैनथ्यो' (पृ.१६-१७) ।

शिवरामले शिक्षामाथि गरेको यसप्रकारको टिप्पणीले ऊ एस.एल.सी. उत्तीर्ण गरे पनि नगरे पनि औपचारिक शिक्षा लिएको शिक्षित पात्र हो । एस.एल.सी.सम्म अध्ययन गर्नु पनि शैक्षिक योग्यता नै हो । यही योग्यताको आधारमा उसले काठमाडौँमा पत्रिकाको प्रधान सम्पादक बनेर पत्रिका चलाइरहेको छ । यही उसको शैक्षिक योग्यता हो । शिवरामका यस्तै संवाद, व्यवहार र क्रियाकलापले उसलाई शैक्षिक पहुँचको व्यक्ति बनाएको छ । शिक्षित पात्रको संवादमा देश विदेशका कुरा, अर्थ राजनीतिका कुरामा सधैँ सम्मिलित हुन्छ । यसर्थ शिवराम यस उपन्यासको शिक्षित पात्र हो ।

लक्ष्मी, रवि र रोजिना रानीको औपन्यासिक कार्यले गर्दा शिक्षित पात्रका रूपमा विश्लेषण गरिएको हो । तर उपन्यासमा अन्य पात्र पनि शिक्षित देखिन्छन् तर तिनीहरूको भूमिकाले उनीहरू शिक्षित भएको विश्लेषण गर्ने आधार भने पुग्दैन । उपन्यासको 'डाक्टर' पात्र पनि शिक्षित पात्र हो । ऊ उपन्यासको अन्त्यमा मात्र उपस्थित भएको छ । उसको पेसा शिक्षित नभई वा अध्ययन नगरी सम्भव छैन । यसैले ऊ पनि एक शिक्षित पात्र हो । साथै लक्ष्मीको वर्णन अनुसार उसका छिमेकी पुष्पराज र उसको छोराछोरी पनि शिक्षित नै देखिन्छन् । विद्यालयमा अध्ययनरत सविता पनि शिक्षित पात्र हो । पद्मनाभ एक राजनीतिक नेता हो । उसका अङ्ग्रेजी भाषाका संवादले पनि उसलाई शिक्षित पात्र बनाएको छ । 'आइ विल डु फर यु' (पृ.१५७) । त्यस्तै लक्ष्मीका पत्रकार साथीहरू सिलवाल, मुकुन्द, विष्णु, विश्वम्भर सबै शिक्षित पात्रका रूपमा प्रस्तुत भएका छन् । यस उपन्यासमा विशेष गरी शिक्षित पात्रको बाहुल्यता पाइन्छ । जी.एम. पनि पेसाको आधारमा शिक्षित नै देखिन्छ । यसप्रकार उपन्यासमा पात्रहरूले आफ्नो भूमिका, संवाद, पेसा र शालीनताका साथ आफूलाई शिक्षित रूपमा परिचय दिएका छन् ।

### ४.४.२ अर्धशिक्षित पात्रको शैक्षिक स्तरको विश्लेषण

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा पात्रहरूको प्रस्तुति विभिन्न आधारमा गरिएको छ । शैक्षिक आधारमा हेर्ने हो भने कोही शिक्षित छन्, कोही अशिक्षित छन् त कोही अर्धशिक्षित छन् । शिक्षित पात्रको सभ्यता, शालीनता, बौद्धिकता र नैतिकता संवादबाट पहिचान हुन्छ । तर अर्धशिक्षित पात्रको भने यस्ता विशेषताहरू कम पाइने हुँदा विभाजन गर्न गाह्रो हुन्छ । यस उपन्यासमा अर्धशिक्षित पात्रका रूपमा आएका प्रसाद राजा, राज्यमन्त्री, वनमन्त्री, सहायक मन्त्री, भवन आदि पात्रहरू छन् जसको शैक्षिक स्तर उच्च हो वा निम्न हो भनेर उपन्यासमा कहीँ कतै पनि प्रस्ट पारिएको छैन । न त यिनीहरूको पेसाको आधारमा नै यिनीहरूको शैक्षिक अवस्थाको पहिचान हुन्छ । उपन्यासमा यिनीहरूको कहीँ प्रमुख त कहीँ सहायक भूमिका रहेको छ । उनीहरूको भूमिकाले शैक्षिक योग्यताबारे केही पनि विवरण भने दिएको छैन । तर मन्त्री, हाकिम र राजा नै बन्नका लागि पनि थोरै शैक्षिक ज्ञान हुनु आवश्यक भएकाले यी पात्रहरूलाई अर्धशिक्षित वर्गमा राखिएको हो ।

प्रसाद राजा उपन्यासमा कुनै-कुनै संवादबाट शिक्षित पात्र देखिन्छ । तर यस्ता थोरै संवाद छन् जसमा उसको बौद्धिकता झल्किएको होस् । हुन त उसले अङ्ग्रेजी शब्दको प्रयोग पनि नगरेका होइन । तर त्यो एक-दुई ठाउँ मात्र देख्न सकिन्छ ।

> 'त्यति सुन्नु थियो, प्रसाद राजाले आफ्ना सबै विनम्र, उदार र प्रजातान्त्रिक चोला फुकालेर मिल्काइदियो । ऊ चिच्चाएरै बोल्यो - "हु आर यु टु डिस ओबे

दिस ... प्रसाद राजा हँ ? यु ब्लडी बास्टार्ड ! गेट लस्ट फ्रम हेयर ..."
(पृ.१२९) ।'

'पण्डितजी,

भेट्नु बडो जरूरी छ । भरे खाने गरी घरमै आउनू

- प्रसाद (पृ.१५९)'

माथिको उद्धरण अनुसार प्रसाद राजा अङ्ग्रेजी बोल्न सक्ने र चिठ्ठी पत्र बारे ज्ञान भएको पात्रका रूपमा देखिन्छ । तर उपन्यासमा उसले प्रयोग गरेका अश्लिल शब्दहरूले उसलाई अशिक्षित स्तरको पात्रअन्तर्गत राख्दा पनि फरक नपर्ने देखिन्छ । उसका सम्पूर्ण क्रियाकलाप हेर्दा ऊ अर्धशिक्षित वर्गमा राख्न योग्य पात्र हो ।

उपन्यासमा आएका वनमन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, हाकिम जस्ता पात्रहरू पनि उनीहरूको व्यवहार र संवादका आधारमा अर्धशिक्षित वर्गअन्तर्गत पर्दछन् । उनीहरूलाई अशिक्षित वर्गमा राख्ने पनि कुनै आधार छैन । त्यसैले यस उपन्यासका थोरै पात्र मात्र यस वर्गमा पर्छन् । जसको शैक्षिक योग्यता वा स्तर मध्यम खालको रहेको छ ।

### ४.४.३ अशिक्षित पात्रको शैक्षिक स्तरको विश्लेषण

उपन्यासको विषयवस्तु अनुसार पात्रको चयन गर्दा शिक्षित पात्र जति महत्वपूर्ण हुन्छन् अशिक्षितको भूमिका पनि त्यति नै महत्वपूर्ण हुन्छ । शिक्षित र अशिक्षित बिचको वैचारिक मतभेदले उपन्यासलाई उत्कर्षमा पुऱ्याउन मद्दत गर्छ । 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा शिक्षित पात्रको तुलनामा अशिक्षित पात्रको पनि समान रूपमा उपस्थिति छ । यस्ता अशिक्षित पात्रहरू प्रायः निम्न वर्गीय परिवारको प्रतिनिधित्व गर्ने खालका छन् । सामान्य रूपमा जीवन निर्वाह गर्नका लागि अर्काको काम गरेर बस्ने यस्ता पात्रलाई स्वभाविक रूपमा शिक्षाको अवसर पनि हुँदैन । शिक्षा प्राप्त गर्न लाग्ने खर्च जुटाउन उनीहरू अशक्त छन् । यस उपन्यासमा विशेष गरी रूक्मिणी, धर्मदत्त, रानीका सुसारेहरू, गुण्डाहरू, माली, शीला, गीता आदि पात्रहरू अशिक्षित पात्रका रूपमा प्रस्तुत भएका छन् ।

रूक्मिणीले शिक्षाको अवसर पाएकी भए उसको जीवन दयनीय हुँदैन थियो । पतिको मृत्यु भइसकेपछि आफ्ना पाँच सन्तानको आवश्यकता पूरा गर्नका लागि अरुको घरमा झुठो भाँडा माझ्नु पर्ने थिएन । यदि ऊ शिक्षित भइदिएकी भए शैक्षिक योग्यता अनुसारको कामको अवसर पाउँथी । यसर्थ ऊ यस उपन्यासकी अशिक्षित पात्र हो । त्यस्तै धर्मदत्त मन्त्रीको पी.ए. हो । शैक्षिक योग्यता नभएकै कारण ऊ पी.ए. जस्तो निम्न स्तरको काम गरेर मन्त्रीको चाकडी गर्न बाध्य छ । रानीका अघिपछि लाग्ने दरबारे सुसारेहरू पनि अशिक्षित छन् । परिवारको आर्थिक अवस्था कमजोर भएकै कारण रानीको सेवामा हाजिर

भएका हुन सक्छन् । आर्थिक स्थिति कमजोर भएको ठाउँमा शिक्षाको पहुँच पनि कम हुन्छ । राजाको बगैँचा रेखदेख गरेर बस्ने माली पनि अर्काको आदेश सुनेर बस्न बाध्य छ । किनकि ऊ शिक्षित छैन । त्यस्तै प्रसाद राजाका गुण्डाहरू र लक्ष्मीले कामवासनाको सिकार बनाएका शीला, गीता, सीता जस्ता पात्र पनि अशिक्षित पात्र हुन् । यसप्रकार उपन्यासमा समाजको निम्न वर्गीय परिवारका अशिक्षित पात्रलाई वास्तविक रूपमा उभ्याइएको छ ।

यस परिच्छेदमा पात्रहरूको विश्लेषणको प्रमुख आधार उनीहरूको सामाजिक, आर्थिक र शैक्षिक स्तर रहेको छ । पात्रले उपन्यासको उद्देश्य पूरा गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले पनि पात्रको सम्पूर्ण रूपमा विश्लेषण हुनु जरूरी छ । उसका पहिचान गर्ने आधारहरू भिन्न-भिन्न हुन्छन् । यहाँ पनि अघिल्लो परिच्छेदमा पात्र वर्गीकरणका आधारमा पात्रहरूको पहिचान गरियो । र यस परिच्छेदमा पात्रलाई थप विश्लेषण गर्ने क्रममा उसको सामाजिक, आर्थिक र शैक्षिक स्तरलाई ध्यानमा राखेर व्याख्या र विश्लेषण गरिएको छ । यस क्रममा सामाजिक स्तरमा कोही मात्र उच्च छन्, कोही मध्यम छन् त कोही निम्न छन् । पात्रहरू कार्य वा स्वभावको सामाजिक रूपमा उच्च छैनन् उनीहरू त सम्पत्ति र शक्तिका आधारमा उच्च छन् । अर्कोतर्फ आर्थिक रूपमा निम्न पात्र तर शैक्षिक रूपमा उच्च भए पनि उसको सामाजिक स्तर भने उच्च छैन । समाजमा स्तर र हैसियतको निर्धारण व्यक्ति स्वयंले आफ्नो सत्ता, शक्ति र सम्पन्नताको आडमा गर्ने प्रवृत्ति यस उपन्यासका पात्रमा पनि पाइएको छ । त्यस्तै आर्थिक विभेद पनि पात्रहरूमा पाइएको छ । यहाँ सबैभन्दा ठूलो भूमिका आर्थिक रूपमा सम्पन्न हुने वा नहुने भन्ने कुराले खेलेको छ । आर्थिक रूपमा सम्पन्न पात्रले स्वतः उच्च स्तर प्राप्त गरेका छन् । अर्कातिर आर्थिक रूपमा कमजोर पात्र सामान्य रूपमा जीवन निर्वाह गर्नका लागि उच्च वर्गको सेवा गर्न बाध्य छन् । त्यस्तै पात्रको शिक्षित वा अशिक्षित गुणले उपन्यासको संवाद र सौन्दर्य पक्षमा प्रभाव पारेको देखिएको छ । शिक्षित पात्रको बौद्धिक संवाद, देश विदेशमा कुरा, ज्ञान विज्ञानका कुराले उपन्यासको महत्व बढाएको छ । त्यस्तै अशिक्षित पात्रले पनि आफ्नो भूमिका राम्रोसँग निर्वाह गरेका छन् । यसप्रकार 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका पात्रको सामाजिक, आर्थिक र शैक्षिक स्तर पहिल्याउने काम यस परिच्छेदमा भएको छ ।

यस उपन्यासका पात्रहरूमा राजनीतिक प्रभाव पनि परेको छ । यहाँका मुख्य पात्रहरू राजनीतिक, सत्ता र शक्तिकै आडमा सोझा-साझा जनतामाथि शासन गरिरहेका छन् । उपन्यासको परिवेशको चर्चा गर्दा राजनीतिक परिवेश प्रमुख रूपमा देखिएको छ । शिवराम, लक्ष्मी, प्रसाद राजा, पद्मनाभ, राज्यमन्त्री, सहायक मन्त्री, प्रधानमन्त्री, वनमन्त्री जस्ता पात्रहरू राजनीतिक छत्रछायाँमा रहेका छन् । यिनीहरूले हरेक क्रियाकलाप राजनीतिसँग जोडिएको छ । "'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा पञ्चायतकालीन शासन व्यवस्था र प्रजातन्त्र आइसकेपछिका राजनैतिक विकृति र विसङ्गतिलाई उजागर

गर्ने कार्य गरिएको छ । विशेष गरी यस उपन्यासको केन्द्रीय कथ्य पनि राजनीतिक सन्दर्भकै वृत्तभित्र घुमेको देखिन्छ । नेपालमा निर्दलीय पञ्चायती शासन व्यवस्था रहेको र नातावाद, कृपावाद एवम् मनपरितन्त्रले जरो गाडेकाले पहुँचवाला व्यक्तिहरूको मात्र प्रभुत्व रहेको पाइन्छ" (कार्की, २०६८ : ५८) । राजनीतिक चलखेललाई प्रस्तुत गर्नु नै यस उपन्यासको प्रमुख उद्देश्य हो । सोही उद्देश्य पूर्तिका लागि राजनीतिक भूमिकाका पात्रहरू उपस्थित गराइएको छ । रवि जस्तो आदर्श व्यक्ति देश र प्रजातन्त्रको लागि क्रान्तिकारी बनेर रगतको खोलो बगाउन तयार छ । तर प्रसाद राजा र लक्ष्मी जस्ता देशको ढुकुटी चुस्न पल्किएका पात्र राजनीतिक शक्तिलाई दुरूपयोग गरेर प्रजातन्त्रको लागि चलेको आन्दोलनको विरोधमा खडा भएर आन्दोलन दबाउन सम्पत्ति र शक्ति दुवै खर्च गरेका छन् । धनी झन् धनी हुँदै जाने र गरिब कहिल्यै उकासिन नसक्ने वा भनौँ माथिल्लो स्तरका व्यक्तिले दबाएर राख्ने परिवेशगत आधारमा यस उपन्यासमा पात्रहरूको चयन गरिएको छ । पात्रले प्रस्तुत गरेको सामाजिक, आर्थिक र शैक्षिक स्तरको पहिचान यस परिच्छेदको मुख्य उद्देश्य रहेको छ ।

## परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्रविधान शीर्षकको यस शोधपत्रलाई पाँचवटा परिच्छेदमा विभाजन गरिएको छ । यस क्रममा मूल शीर्षकमा आधारित रही आवश्यकता अनुसार उपशीर्षकहरूमा विभाजन गरी अध्ययन कार्यलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ । पहिलो परिच्छेद शोध परिचयमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोध विधि अन्तर्गत सामग्री सङ्कलन विधि, विश्लेषणको सैद्धान्तिक ढाँचा, शोधकार्यको सीमाङ्कन र अन्त्यमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

शोधपत्रको दोस्रो परिच्छेदमा पात्रविधानको सैद्धान्तिक आधारबारे सङ्क्षिप्त चर्चा गरिएको छ । शोध शीर्षक पात्रविधान भएकाले पहिला पात्रविधानको सैद्धान्तिक मान्यता थाहा पाउनु जरूरी हुन्छ । जसबाट पछिल्ला परिच्छेदहरूको वर्णन विश्लेषणमा सहयोग पुगेको छ । पात्रविधानको सिद्धान्त सम्बन्धी प्रस्तुत भएका विभिन्न अवधारणाहरू यहाँ समावेश गरिएको छ । सिद्धान्त पश्चात् पात्रविधान वा पात्रका बारेमा विभिन्न समालोचक र विद्वानहरूले दिएका परिभाषाहरू राखिएको छ । जसमा पूर्वीय, पाश्चात्य र संस्कृत साहित्यमा प्रस्तुत परिभाषाहरू रहेका छन् । यसले पात्रविधान सम्बन्धी अवधारणाको विकास गर्न प्रशस्त सहयोग पुऱ्याएको छ । पात्रविधान सम्बन्धी पूर्वमा र पश्चिममा के-कस्ता अवधारणाको विकास भएको छ र यसको चर्चा परिचर्चा कुन समयदेखि कस्ता साहित्यिक कृतिका पात्रबाट सुरु भएको हो भन्ने सामान्य खोज गरिएको छ । शोध शीर्षक उपन्यासको पात्रविधान रहेकाले उपन्यासका पात्र वा चरित्रको सम्पूर्ण पक्षबाट विश्लेषण गर्नका लागि पात्रलाई कुन आधारमा वर्गीकरण गरेर अध्ययन गर्न सजिलो हुन्छ भनेर अनुसन्धान गरिएको छ । यस अन्तर्गत विभिन्न विद्वान्ले पात्र वर्गीकरणका सम्बन्धमा प्रस्तुत गरेको आधारहरूको चर्चा गर्दै यस शोध पत्रका लागि मोहनराज शर्माले प्रस्तुत गरेको पात्र वर्गीकरणको आधारलाई लिइएको कुरा उल्लेख छ । मोहनराज शर्माले पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गर्न सकिने कुरा प्रस्तुत गरेका छन् । यही आधारमा तेस्रो परिच्छेदमा उपन्यासका पात्रको वर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ । साथै यस परिच्छेदमा उपन्यासमा पात्रहरूको उपस्थितिको पनि चर्चा छ । प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उपन्यासमा पात्रहरूको उपस्थिति हुन्छ । प्रत्यक्ष पात्रहरू मञ्चीय पात्रका रूपमा रहेका हुन्छन् । जसमा प्रमुख, सहायक र गौण पात्रहरू पर्दछन् । त्यस्तै अप्रत्यक्ष पात्रहरूलाई नेपथ्य पात्रका रूपमा पनि लिन सकिन्छ । यिनीहरूको उपस्थिति दृश्यात्मक हुँदैन । पात्र सम्बन्धी यिनै अवधारणाको परिचर्चा यस परिच्छेदमा

भएको छ । साथै उपन्यासका पात्रहरूलाई उनीहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाका आधारमा पनि चिनाइएको छ । राजनीतिक विषयवस्तुको प्रयोग भएकाले पात्रहरूको राजनीतिक अवस्था र क्रियाकलाप के-कस्तो रहेको छ भनी सामान्य चर्चा गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको पात्रहरूको विस्तृत विश्लेषण गरिएको छ । चरित्र विश्लेषणका तत्वगत आधारमा यस उपन्यासका पात्रहरूलाई पहिचान गराउने प्रयास गरिएको छ । सर्वप्रथम चरित्र विश्लेषणका सम्बन्धमा मोहनराज शर्माले प्रस्तुत गरेको तत्वलाई प्रस्तुत गर्दै सोही आधारमा प्रत्येक पात्रको विश्लेषण गरिएको छ । विश्लेषण कार्यलाई सहज बनाउने क्रममा प्रमुख, सहायक र गौण पात्रहरूलाई विभाजन गरेर तिनीहरूको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । उपन्यासका प्रत्येक पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा भिन्न-भिन्न व्याख्या गरिएको छ । पात्रहरूको कार्य वा भूमिकाका आधारमा धेरै महत्वपूर्ण पात्रको विस्तृत विश्लेषण छ भने कम महत्वपूर्ण पात्रको सामान्य रूपमा मात्र विश्लेषण गरिएको छ । यस आधारमा विश्लेषण गर्दा प्रत्येक पात्रको औपन्यासिक कार्यलाई बढी महत्व दिइएको छ । किनभने उपन्यासको उद्देश्य पूर्तिका निमित्त पात्रलाई दिइएको कार्य उचित रूपमा सम्पन्न हुनु जरूरी छ । पात्रको कार्यले नै उपन्यासलाई विषयवस्तुको गोरेटोमा डोऱ्याएको हुन्छ । साथै उपन्यासको घटनावलीका क्रममा आएका विभिन्न मोडहरू पनि पात्रकै कार्यका फलस्वरूप आएका हुन्छन् । यो परिच्छेद पूर्ण रूपमा चारित्रिक विश्लेषणमा आधारित छ । यसमा अन्य विषयहरू समावेश गरिएको छैन । पात्रलाई सम्पूर्ण पक्षबाट पहिचान गराएर उसको चारित्रिक विशेषताले उपन्यास सफल हुन पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा प्रयुक्त पात्रहरूको सामाजिक, आर्थिक र शैक्षिक स्तरको विश्लेषण गरिएको छ । साथै सामान्य रूपमा राजनीतिक व्यक्तित्व र उनीहरूका क्रियाकलापले उपन्यासमा खेलेको भूमिका समावेश गरिएको छ । तेस्रो परिच्छेदमा विभिन्न तत्वगत आधारमा पात्रहरूको वर्णन तथा विश्लेषण भए पनि पात्रका सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको पहिचान गरेर औपन्यासिक समाजमा उनीहरूको कस्तो स्तर छ भनेर अध्ययन गरिएको छ । यस अन्तर्गत सामाजिक स्तरमा उच्च, मध्यम र निम्न, आर्थिक स्तरमा उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग, शैक्षिक स्तरमा उच्च, मध्यम र निम्न स्तर गरी विभाजन गरिएको छ । यस विभाजित उपशीर्षकभित्र कस्ता पात्रहरू के-कति कारणले उच्च, मध्यम र निम्न छन् भनेर विश्लेषण गरिएको छ । उपन्यासभित्र पात्रले आफ्नो स्तर प्रस्तुत गर्न प्रयोग गरेका संवाद, एकालाप र उद्धरणहरूलाई पनि समावेश गरेर त्यसको पुष्टि गरिएको छ । यसरी विश्लेषण गर्दा पात्रको

चरित्रले पनि महत्वपूर्ण भूमिका खेलेको छ । उच्च, मध्यम र निम्न स्तर भएका फरक-फरक पात्रको चारित्रिक विशेषता समान देखिँदैन । कोही पात्रको सामाजिक स्तर उच्च भए पनि नैतिक रूपमा ऊ निम्न स्तरको छ । कोही शैक्षिक रूपमा उच्च छन् तर आर्थिक र सामाजिक रूपमा मध्यम वा निम्न छन् । विश्लेषण पश्चात् के निष्कर्ष आएको छ भने सामाजिक, आर्थिक र शैक्षिक रूपमा सबै पात्र समान छैनन् । यही असमानताका कारण पात्रहरू बिच विभेदको खाडलको सिर्जना भएको छ । यही विभेदले सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक सङ्घर्षको सुरुवात गरेको छ । यसका साथै उपन्यासको राजनीतिक परिवेशले पात्रहरूको कार्यव्यापारमा परेको प्रभावको पनि सामान्य चर्चा गरिएको छ । राजनीतिको छत्रछायाँमा बसेका उच्च वर्गले समाजका निम्न वर्गलाई कसरी आफ्नो अधिनमा राखेर उनीहरूको शोषण भइरहेको छ भन्ने कुराको पुष्टि हुन आउँछ । स्वभाव, क्रियाकलाप र सम्पत्तिले उच्च हुनु मात्र राम्रो होइन । यदि त्यो स्वभाव देखावटी छ भने त्यसको केही अर्थ हुन्न । नैतिक रूपमा स्तर उच्च हुनु नै महत्वपूर्ण कुरा हो ।

तात्कालीन नेपाली सामाजिक र राजनीतिक परिवेशसँग मिल्दाजुल्दा पात्रहरूको सिर्जना गरेर ती पात्र मार्फत नेपाली समाजको विकृति र विसङ्गतिलाई यथार्थ रूपले प्रस्तुत गर्नु यस उपन्यासको प्रमुख उद्देश्य हो । 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा विकृतिको केन्द्रमा लक्ष्मी रहेको छ । जो यस उपन्यासको प्रमुख पात्र हुनुका साथै समाख्याता पनि हो । प्रस्तुत उपन्यास पञ्चायतकालीन र पञ्चायतकालपछिको प्रजातान्त्रिक समयको सेरोफेरोमा घुमेको देखिन्छ । त्यस समयमा नेपालमा छाएको राजनीतिक विकृतिको भित्री यथार्थको साकार रूप यहाँ देख्न सकिन्छ । उपन्यासका पात्रहरू लक्ष्यहीन गतिमा एकोहोरो हिँडिरहेका देखिन्छन् । भविष्यभन्दा पनि वर्तमानको रसरङ्गमा रमेर आफ्ना स्वार्थ पूर्तिमा तल्लीन देखिन्छन् । उच्च वर्गका पात्रले निम्न वर्गका पात्रलाई सफलताको सिढीँ बनाएर माथि उक्लिएका देखिन्छन् । जसमा शिवराम, लक्ष्मी, प्रसाद राजा, पद्मनाभ जस्ता पात्रहरू मुख्य रूपमा प्रस्तुत देखिन्छन् । यी सबै पात्रहरूले पञ्चायतकालीन चाकडीबाजी प्रवृत्तिलाई प्रस्तुत गरेका छन् । साथै मानवताको पनि मूल्य ह्रास हुँदै गएको अवस्था छ । देशलाई भित्रभित्रै खोक्रो बनाउन राजनीतिक जालझेलले ठूलो भूमिका खेलेको छ । हाकिम, मन्त्री, प्रधानमन्त्री जस्ता पात्रले देशको ढुकुटी भित्रभित्रै भरौटेहरूलाई बाँडेर सकिरहेका छन् । समय र परिस्थितिलाई आफ्नो पक्षमा पार्नका लागि छेपाराको जस्तो रङ्ग बदल्ने कार्य भएको छ । उल्लिखित पात्रले रवि जस्तो आदर्श पात्रको अस्तित्व डगाउने प्रयास गरेका छन् । नैतिकवान् र आदर्श पात्रलाई पनि झुक्न बाध्य पुऱ्याएका छन् । भ्रष्ट समाजमा पवित्र मानिस पनि चोखो रहन सकेको छैन । उसको अथक प्रयासका बाबजुद पनि आफ्नो आदर्श जोगाउन सफल हुन सकेको छैन । रविले उपन्यासको दोस्रो अन्त्यमा बोलेको एक वाक्यले यो कुरा साबित गर्दछ । 'गलत वातावरणमा सही मान्छे गलत सावित हुन्छ'

(पृ.१७५) । उपन्यासको 'म' पात्र लक्ष्मी र उसको साथी रविले पूरै उपन्यासमा केन्द्रीय भूमिका खेलेका छन् । यी दुई विपरीत चारित्रिक विशेषताका साथ प्रस्तुत भएका छन् । लक्ष्मीले चाकडीबाजको प्रवृत्ति अपनाएर आफ्नो धूर्तता प्रस्तुत गर्दै विस्तारै सम्पन्नशाली बन्दै गएको छ तर रवि आफ्नो आर्थिक अवस्थासँग सम्झौता गरेर नैतिकता र आदर्शलाई जोगाइ बसेको छ । त्यस्तै रूक्मिणी र उसकी छोरी सविताले निम्न वर्गीय परिवारका स्त्रीको भूमिका निर्वाह गरेका छन् । गरिबीका कारण लक्ष्मी जस्तो नैतिक रूपमा पतन भएको व्यक्तिलाई आफ्नो शरीर सुम्पन पुगेका यी दुई पात्र प्रतिकूल प्रवृत्तिका साथ प्रस्तुत भएका छन् । लक्ष्मीको पैसाको मोहमा एकपटक पर्नु स्वभाविक मान्न सकिन्छ तर बारम्बार आफैं बलात्कृत हुनुलाई राम्रो रूपमा लिन सकिँदैन । लक्ष्मीले रूक्मिणी र सवितालाई मात्र वेश्या बनाएन यिनीहरू जस्तै थुप्रै योवनाहरूको यौन शोषण गरेको छ । लक्ष्मी परपीडक ग्रन्थीले ग्रस्त भएको पात्र हो । उसको विकृत मानसिकताले बारम्बार सीमा नाघेको देखिन्छ । प्रसादराजाको चाकडी गरेर सम्पन्न हुनु, उसकै आदेशमा आफ्नो थुक आफैंले चाट्नु, मौका हेरेर प्रसादराजाको जुत्ता बोकेर हिँड्न पछि नपर्नु जस्ता कार्यले चाकडीपनको चरम सीमा नाघेको छ ।

प्रसाद राजा र रोजिना रानी जस्ता उच्च वर्गका प्रतिनिधि पात्र पनि उपन्यासमा रहेका छन् । प्रसाद राजा सानोतिनो दरबारको आयोजना गरेर राज गरेर बसेको पात्र हो । राजनीतिक पहुँच र शक्ति भएको प्रसाद राजा सत्तामा पुग्ने आकाङ्क्षा राख्ने पात्र हो । जनआन्दोलन दबाउन दलबल र पैसाको खोलो बगाउने प्रसाद राजा प्रजातन्त्रको र सिङ्गो देशको अपराधी हो । यस क्रममा रवि जस्तो आदर्श पात्रले आफ्नो प्राणको ख्याल नगरी आन्दोलनमा सशक्त रूपले लाग्नुले समाजमा असल मानिसहरू पनि छन् भन्ने सन्देश दिएको छ । रोजिना रानीको समाज सेवा विकृतिजन्य र व्यङ्ग्यात्मक रहेको छ । गाउँका भोका नाङ्गा बालबालिकालाई खानेकुराको सट्टा खेलौना दिएर शान्त पार्ने प्रयास हास्यास्पद छ । दया, ममताको सट्टा उच्च वर्गीय शैली देखाउनुले ठूलाबडा स्त्रीहरूको वास्तविक चरित्र प्रस्तुत भएको छ । श्रृङ्गार पटार गरेर, झोलामा गीताको पुस्तक राखेर, मुखबाट चुरोटको धुँवा उडाएर, सोझा-सोझालाई जुवा खेलाउनुले रोजिना रानीलाई भ्रष्ट चरित्र भएकी स्त्रीका रूपमा लिन सकिन्छ । साथै जनआन्दोलनका समयमा लक्ष्मीसँगको सहवासबाट छोरो समेत जन्माउन पुगेकी रोजिना चारित्रिक रूपमा पनि विकृत छे । शिवराम पत्रिकाको सम्पादक भएर पनि पत्रिकाप्रति बफादार हुन सकेको छैन । सम्पत्तिको लोभमा उसले कर्मचारीको शोषण गरेर परिवारको आवश्यकता पूर्ति गरिरहेको छ । सम्पादक जस्तो गरिमामय पदलाई उसले न्याय गर्न सकेको छैन । माथिल्लो तहसँग भएको पहुँचबाट चलेको पत्रिका भएकाले उनीहरूको आदेश र इच्छा अनुसारका समाचार छाप्न लगाउने शिवराम देशलाई अवन्नतितर्फ धकेल्न सहयोग गर्ने पात्र हो । उपन्यासमा थोरै भूमिकाका साथ उपस्थित

सिलवाल, सहायक मन्त्री, वनमन्त्री, प्रधानमन्त्री, हाकिम, जी.एम. जस्ता पात्रहरू पनि राजनीतिक खेलका खेलाडीका रूपमा प्रस्तुत छन् । जो आफ्नै देशलाई हराउन ज्यान दिएर लागि परेका छन् । त्यस्तै अमिता, गीता, सीता, शीला, अनिता, प्रतिभा जस्ता लक्ष्मीको कुदृष्टि परेका पात्र छन् । यसमध्ये कोहीले बाध्य भएर अस्तित्व सुम्पेका छन् त कोही बहकाउमा आएर । त्यस्तै नोकरचाकर, माली जस्ता पात्रले निम्न वर्गीय पात्रको प्रतिनिधित्व गरेका छन् । छिमेकी परिवारका पुष्प, सुमिता र उनीहरूका अभिभावक सत् पात्रका रूपमा आएका छन् । समग्रमा भन्दा यस उपन्यासले समाजको विकृति र विसङ्गतिको यथार्थ रूप प्रकट गरेको छ । यस्तो यथार्थलाई सचित्र रूपमा उतार्नका लागि माथि उल्लिखित फरक-फरक परिवेशमा फरक-फरक चारित्रिक विशेषता भएका पात्रहरूको उपस्थिति गराइएको छ । यस्तो नाङ्गो यथार्थ प्रकट गर्न पात्रहरूले सशक्त भूमिका निर्वाह गरेका छन् ।

'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यास नवीन चिन्तनमा साथ नेपाली उपन्यासको क्षेत्रमा अवतरण गरेको कृति हो । विसङ्गतिवादी यथार्थको सशक्त रूपमा उद्घाटन भएको यस उपन्यासमा पात्रहरूको भूमिकालाई महत्वपूर्ण मानिन्छ । पञ्चायतकालीन र प्रजातन्त्र प्राप्तिपछिको नेपाली समाजको परिवेशलाई विषयवस्तुका रूपमा आएको उपन्यासमा पात्रहरूले कलात्मक रूपमा सङ्गतिहीनताका त्रासद स्थितिलाई प्रस्तुत गरेका छन् । देशको समसामयिक विसङ्गतिमा आफ्नो नवीन चिन्तन घोलेर पाठकसामु प्रस्तुत गर्न उपन्यासकार ध्रुवचन्द्र गौतम सफल रहेका छन् । राष्ट्रघाती प्रवृत्ति भएका पात्रले देशलाई भित्र-भित्रै घाउ दिइरहेका छन् । यस्तो अवस्थामा पीडा बोकेर देश कुन गतिमा अगाडि बढेको छ भन्ने वास्तविकता यहाँ प्रस्तुत गरिएको छ । लक्ष्मीको अश्लील संवाद, यौन क्रियाकलाप र मानसिक विकृतिबाट उपन्यासले प्रकृतवादी यथार्थलाई पनि प्रस्तुत गरेको छ । ध्रुवचन्द्र गौतमकै यसभन्दा अगाडिका अग्निदत्त+अग्निदत्त, फूलको आतङ्क, अलिखित जस्ता उपन्यासका काल्पनिक परिवेशलाई पनि यस उपन्यासको तत्कालीन नेपाली समाजको परिवेशले वास्तविक हो की भन्ने भ्रम उत्पन्न गराएको छ । गौतमका यसभन्दा अगाडिका उपन्यासमा भन्दा यस उपन्यासमा यथार्थवादको नवीन चिन्तन पाइन्छ । यथार्थ वास्तवमा तीतो हुन्छ । यो भित्री रूपमा जरा गाडेर बसेको हुँदा बाहिर यसको वास्तविक रूप थाहा हुँदैन । तर गौतमले नेपाली समाजको भित्री यथार्थको जरोसम्म उखेलेर यसलाई उदाङ्ग पारेका छन् । रवि जस्तो प्रजातन्त्रको आस्था बोकेर आन्दोलनमा होमिन गएको पात्रलाई पिठ्यूँमा छुरा रोप्नुले राजनीतिक विसङ्गतिको विकृत यथार्थलाई प्रस्तुत गरेको छ । उपन्यासको चौथो अन्त्यमा 'रविको पिठ्यूँमा रोपिएको छुरा बडेबडे विशेषज्ञले पनि झिक्न सकेनछन्' भन्ने वाक्यले प्रजातन्त्र र प्रजातन्त्रका रक्षकमाथि तीखो व्यङ्ग्य प्रहार गरेको छ । प्रजातन्त्र अगाडि समाज सङ्गतिहीन परिवेशबाट गुज्रिरहेको भए पनि प्रजातन्त्र प्राप्ति पछि यस्तो कार्य रोकिनु पर्ने थियो तर रविलाई पिठ्यूँमा छुरा रोप्ने कार्यले प्रजातन्त्र आएको हो

वा होइन भन्ने कुरा सोच्न बाध्य बनाउँछ । नैतिक पतन भएका पात्रले प्रजातन्त्रलाई पालुवामै निमोठ्ने प्रयास गरिरहेका छन् । प्रजातन्त्र प्राप्ति पछि पनि वास्तविकतामा परिवर्तन नआउनुमा भ्रष्ट नेता र उनीहरूले पालेका भाडाका गुण्डाहरूको ठूलो हात रहेको छ । प्रजातन्त्र जनताको पक्षमा हुने जनताको शासन हो । तर यसको आगमन पछि पनि मानवीय मूल्य, मान्यता, नैतिक आचरण र राष्ट्रभक्तिको कुरामा ह्रास आएको कुरा उपन्यासमा प्रमुख रूपमा प्रस्तुत गरिएको छ । प्रजातन्त्रको लागि टाउको फुटाएर जनआन्दोलनमा लागेको रविलाई बाटोको काँडा सम्झिएर चैते नेताहरूले हटाएका छन् । प्रजातन्त्र आए पनि चाकडी गर्ने प्रवृत्तिमा भने कमी आएको छैन । पहिले पञ्चायतको आडमा शासन गर्ने व्यक्ति प्रजातन्त्र आए पश्चात चैते नेता बनेर पार्टीमा प्रवेश गरेर पुनः आफ्नो सत्ता हासिल गर्न सक्षम हुनु चरम विसङ्गतिको सूचक हो ।

नातावाद र कृपावादले देशलाई खुकुलो बनाइरहेको अवस्था यहाँ सचित्र वर्णन गरिएको छ । मानिस बाहिरी रूपमा परिवर्तन भएको देखिए पनि उसको विकृत मानसिकताले सत्ता र शक्ति हासिल गर्ने दौडलाई छोड्दैन भन्ने कुरा प्रसाद राजा, पद्मनाभ जस्ता पात्रबाट प्रस्तुत गरिएको छ । उपन्यासको समाख्याता लक्ष्मीको विसङ्गतिपूर्ण क्रियाकलापले सम्पूर्ण उपन्यास ओगटेको छ । आफ्नो स्वार्थका लागि जतिसुकै बेला जहाँ पनि ढल्कन तयार ऊ आफूभन्दा अरु कोही अगाडि बढेको मन पराउँदैन । लक्ष्मीको खुट्टा तान्ने प्रवृत्ति रहेको छ । लक्ष्मीले चैते नेतासँग मिलेर गरेको राष्ट्रघातको क्रियाकलाप, नेपाली समाजका यौवनाहरूको यौन शोषण, अरुको रचना नक्कल गरेर पाएको पुरस्कार र सम्मान, चाकडी प्रवृत्ति आदि सबैले उपन्यासलाई विसङ्गत बनाएको छ । प्रतिकूल पात्रले आफू विसङ्गत छु र सङ्गतिको बाटो लाग्नु पर्छ भनेर चिन्तनसम्म पनि गरेको छैन । प्रतिकूल पात्रलाई आफ्नो स्वभाव र व्यवहारमा खेद छैन । यस्ता पात्रले निरन्तर एकै प्रकारको चरित्र प्रस्तुत गरेका छन् । समग्रमा 'उपसंहार अर्थात् चौथो अन्त्य' नेपाली समाजको वास्तविक विसङ्गतिको यथार्थ उद्घाटन गर्ने सफल उपन्यास हो । यस कार्यमा उपन्यासमा चयन गरिएका पात्रहरूको योगदान सऱ्हानीय रहेको छ ।

# सन्दर्भ सूची


अधिकारी, कोमलनाथ (अनु.) (२०२३), **साहित्यदर्पण,** काठमाडौं : रोयल नेपाल एकेडेमी ।

भण्डारी, बुद्धिप्रसाद (२०७०), **राजनीतिशास्त्र,** (दोस्रो संस्क.) काठमाडौं : एकेडेमिक प्रिन्टिङ् प्रेस ।

अब्राम्स, एम्.एच्. (सन् २००४), **अ ग्लोसरी अफ लिटलेरी टर्म्स** (सातौं संस्क.), सिङ्गापुर : हार्कोट एसिया पि.टि.इ. लिमिटेड ।

उपाध्याय, केशवप्रसाद (२०४०), **साहित्य प्रकाशन** (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

कार्की, केशरबहादुर (२०६८), **ध्रुवचन्द्र गौतमका उपन्यासमा नारी पात्र (अप्रकाशित),** स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

गौतम, ध्रुवचन्द्र (२०६७), **उपसंहार अर्थात् चौथो अन्त्य** (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), **सान्दर्भिक समालोचना** (दोस्रो संस्क.), काठमाडौं : भुँडीपुराण प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक उपन्यासमा पात्रविधान,** काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४८), **पाश्चात्य समालोचनको सैद्धान्तिक परम्परा (भाग-१)** (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

दण्डी (२०१५), **काव्यादर्श,** वाराणसी : चौखम्बा विद्या भवन ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय** (चौथो संस्क.), काठमाडौं : साझा प्रकाशन ।

नेपाल, घनश्याम (२०४४), **आख्यानका कुरा,** सिलगुढी : नेपाली साहित्य प्रचार समिति ।

नेपाली बृहत् शब्दकोश (२०६७), (सत्रौं संस्क.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, खुमनारायण र लक्ष्मणप्रसाद गौतम (२०६०), **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ,** (सम्पा.), चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

पौडेल, गोपीन्द्र (२०६५), **कथाको सौन्दर्यशास्त्र,** काठमाडौं ।

पौडेल, गोपीन्द्र (२०६८), **रत्न वृहत् नेपाली समालोचना** (सैद्धान्तिक खण्ड) (सम्पा.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

पाण्डे, ज्ञानु (२०६०) **उपन्यासकार ध्रुवचन्द्र गौतम : विषय माथिको एक अध्ययन, आख्यान पुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ** (सम्पा.) चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार** (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन ।

फोर्स्टर, ई.एम. (सन् १९५३), **एस्पेक्ट अफ द नोभेल,** लण्डन : पेन्गुइन बुक्स् ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रक्षक (२०६०), *प्रकृतवादी उपन्यासका रुपमा 'उपसंहार अर्थात् चौथो अन्त्य'* आख्यानपुरुष डा. ध्रुवचन्द गौतम अभिनन्दन ग्रन्थ (सम्पा.) चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

राई, इन्द्रबहादुर (२०६७), **नेपाली उपन्यासका आधारहरू** (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन ।

राव, सी.एन्. शङ्कर (सन् १९९०), **समाजशास्त्र,** (तेइसौँ संस्क.) नयाँ दिल्ली : एस्. चन्द एण्ड कम्पनी लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान**, आख्यान पुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ (सम्पा., चितवन : चितवन वाङमय प्रतिष्ठान ।

लामिछाने, रूपमा (२०६९), **उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको परिवेश विधान,** अप्रकाशित स्नातकोत्तर, शोधपत्र त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

.................... (२०६३), **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (दोस्रो संस्क.), काठमाडौँ, अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

.................. (२०६६), **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,** कीर्तिपुर : क्वेष्ट पब्लिकेशन ।

.................... र खगेन्द्रप्रसाद लुइटेल (२०६८) : **शोधविधि** (पाँचौ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, देवेन्द्रनाथ (२०१९), **काव्यालङ्कार (अनु.),** पटना : विहार राष्ट्रभाषा परिषद् ।

शेली, ओएम्पिएर (सन् २००७), **अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी न्यूयोर्क,** न्यूयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

श्रेष्ठ चन्द्रबहादुर र सम्झना बस्न्यात (२०६३), **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,** काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

सिंह, के.पी. (सन् १९८२), **अर्थशास्त्रको सिद्धान्त**, दिल्ली : कन्भेन्ट पब्लिकेशन ।

सुवेदी, राजेन्द्र (२०५४), **सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम,** ललितपुर : साझा प्रकाशन ।

.................... (२०६५), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

.................... र लक्ष्मणप्रसाद गौतम (२०६८), **रत्न बृहत् नेपाली समालोचना,** (सैद्धान्तिक खण्ड) (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

हार्भे, डब्लु.जे. (सन् १९६५), **क्यारेक्टर एण्ड दि नोभेल,** लण्डन ।

१